
# श्रीमद्भागवतभूमिका



डा. गुरुप्रसाद सुवेदी

CamScanner

# श्रीमद्भागवत रामानन्दी टीकाको भूमिका

## श्रीमद्भागवतभूमिका

डा. गुरुप्रसाद सुवेदी

वि. सं. २०७१

CamScanner

**प्रकाशक**
कमलमणि दीक्षित
श्रीदरबारटोल, पाटनढोका, ललितपुर

**लेखक**
डा. गुरुप्रसाद सुवेदी

**संस्करण**
पहिलो

**प्रति**
५००

**मूल्य**
२००।-

**मुद्रक**
जगदम्बा प्रेस
हात्तीवन, ललितपुर ५२५००१७-१८, ५५२९२१०-११
email:sales@jppl.com.np

**ISBN**
978-9937-2-9441-6

CamScanner

# शुभाशंसा

*डा. स्वामी रामानन्द गिरि*

श्रीमद्भागवतलाई अखिलश्रुतिसार अर्थात् सम्पूर्ण वेदको सार भनिएको छ । वेद त्यस्तो ज्ञानको भण्डार हो, जसले मानवमात्रको लागि ऐहलौकिक पारलौकिक हितको उपदेश गर्दछ । साथै इष्टप्राप्ति र अनिष्टपरिहारको अलौकिक उपाय समेत सिकाउँछ। तर कलिकालका सबै मानिसहरूका लागि कठिन साधनापूर्वक पढिने वेदको अध्ययन त्यति सहज छैन । वेदको तात्पर्यबोध त झन् कता हो कता । त्यसैले कलियुगका सर्वसाधारण व्यक्तिको हितका निमित्त ब्रह्मसूत्रका रचयिता बादरायण वेदव्यासले करुणापूर्वक सम्पूर्ण वेदको सारलाई उद्धृत गरी श्रीमद्भागवत ग्रन्थको रचना गर्नुभएको हो। यसको तात्पर्य वेदोपनिषत्प्रतिपाद्य परम ब्रह्मतत्त्व नै श्रीमद्भागवतमा भगवत्तत्त्व वा श्रीकृष्णतत्त्वका रूपमा वर्णन गरिएको छ भन्ने नै हो। त्यसैले भागवतलाई ब्रह्मसूत्रकै अर्थ पनि भनिन्छ। **अर्थोऽयं ब्रह्मसूत्राणाम्** इत्यादि । दूधमा घिउ, तिलमा तेल वा उखुमा मिस्रीको माधुर्य अप्रकटित रूपमा रहेझैं वेदमा भगवत्तत्त्व अप्रकटित रूपमा

अवस्थित छ । त्यही वेदप्रतिपाद्य भगवत्तत्त्व श्रीमद्भागवतमा स्पष्ट रूपमा सबैले सजिलै अनुभव गर्न सकिन्छ । यो नै श्रीमद्भागवतको वैशिष्ट्य हो। त्यसैले त भागवतमा आत्माराम, आप्तकाम योगीहरू पनि रमाउँछन् भनिएको हो।

**आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे ।**
**कुर्वन्त्यहैतुकीं भक्तिमित्थंभूतगुणो हरिः ॥**

*(श्रीमद्भागवत १ । ७ । १०)*

अर्थात् आफैँमा रमाउने संशयरहित ज्ञानी मुनिहरू पनि भगवान्मा अहैतुकी भक्ति गर्न रूचाउँछन् ।

**प्रायेण मुनयो राजन् निवृत्ता विधिषेधतः ।**
**नैर्गुण्यस्था रमन्ते स्म गुणानुकथने हरेः ।**

*(श्रीमद्भागवत २ । १ । ७)*

अर्थात् हे राजन् विधि र निषेधको प्रपञ्चबाट निर्वृत्त भएका निर्गुण निराकार आत्मतत्वमा रमाउने मुनिहरू पनि भगवान्को गुणानुवाद सुनेर मस्त हुन्छन्, त्यहीँ रमाउँछन् इत्यादि ।

उपनिषद्द्वारा सिद्ध हुने जीव र ब्रह्मको एकता श्रीमद्भागवतको पनि प्रतिपाद्य विषय हो । त्यो एकता भक्तिको परिणतिको रूपमा स्वतः सिद्ध हुनु भागवतको अभीष्ट हो। भक्तिसिद्धान्तका अनुपम आदर्श भएका गोपीहरूलाई अन्त्यमा ज्ञानद्वारा जीवकोश ध्वस्त हुने प्रसंग, भीष्मपितामहले आफू भेदभ्रमशून्य भएर भगवान्मा प्राप्त भएको अनुभव गर्नु आदि यसका उदाहरणहरू हुन् । उद्धवलाई उपदेश गर्दा होस् वा कपिलगीतामा होस्, ग्रन्थको उपक्रममा होस् वा उपसंहारमा सर्वत्र अद्वैत सिद्धान्तको सुमधुर उपस्थिति छ भागवतमा। त्यसैले त यसलाई सर्ववेदान्तसार भनिएको हो।

मलाई सानैदेखि श्रीमद्भागवतमा विशेष अभिरुचि थियो। वेदान्तको अध्ययनसँगै भागवत पढ्दा मलाई उपनिषद्को ब्रह्म श्रीमद्भागवतमा सरस र सरल भएर देखा परेजस्तो लाग्यो । अनि स्पष्ट भयो, **तद्रसामृततृप्तस्य नान्यत्र स्याद्रतिः क्वचित्** (श्रीमद्भागवत १२। १३। १५) अर्थात् भागवतको रसास्वादन भइसकेपछि अन्यत्र कहीँ रमाइलो लाग्दैन। त्यो मेरो प्राक्तन अभिरुचि भागवतप्रेमी जिज्ञासु साधकहरूको प्रेरणाको बलमा प्रस्फुटित भयो, श्रीमद्भागवत रामानन्दी टीकाको रूपमा। जो महेश संन्यास आश्रमबाट आठ खण्डमा प्रकाशित भइसकेको छ र पाठकहरूका हातमा आइसकेको छ । यो टीका र खासगरी विवरण तयार पार्दा मलाई श्रीमद्भागवतको विषयगाम्भीर्य र प्रतिपद मनोमोहकताको अझै बढी अनुभव हुँदै गएको छ ।

यस ग्रन्थको विवरण तयार पार्ने क्रममा तत्तत् प्रसंगमा प्रत्यक्ष वा परोक्ष रूपमा भागवतका विशिष्ट विद्वान्हरूसँग छलफल हुने गर्थ्यो। यस क्रममा हाम्रै महेश संस्कृत गुरुकुल विद्यापीठका प्राचार्य डा. गुरुप्रसाद सुवेदीसँग कुराकानी हुँदा उहाँले भागवतका कतिपय रहस्यलाई प्रकाशित गरिदिनुहुन्थ्यो र कतिपय प्रसंगमा उहाँले उठाएका जिज्ञासा र विचारले मलाई प्रभावित पारेको थियो र अरू चिन्तन गर्न प्रेरित गरेको थियो। उहाँको सूक्ष्मेक्षिकाबाट प्रभावित भई भागवत रामानन्दी टीकाको अन्तिम खण्ड प्रकाशित गर्ने बेला मैले उहाँलाई नै भूमिका लेख्न आग्रह गरेको हुँ। उहाँका पिता पं. कमलाकान्त सुवेदी वेदमाता गायत्रीका उपासक, निष्ठावान् साधक एवं शास्त्रका मर्मज्ञ हुनुहुन्छ। योग्य पिताको सत्संस्कार सत्पुत्रमा नआउने कुरै भएन । त्यो सत्संस्कार गुरुप्रसादजीमा स्पष्ट

देखिन्छ। उहाँको निरन्तर लगनशीलताले महेश संस्कृत गुरुकुल समेत गतिशील भएको मलाई लागेको छ।

गुरुकुलका दैनिक क्रियाकलापमा व्यस्त हुँदाहुँदै पनि गुरुप्रसादजीले समय निकालेर विभिन्न ग्रन्थहरूको अध्ययन र चिन्तन गरी यो श्रीमद्भागवतको विस्तृत भूमिका तयार गर्नुभएको हो। उहाँको यो श्रीमद्भागवतभूमिका साँच्चिकै ज्यादै महत्वपूर्ण छ, अनुसन्धानात्मक छ। उहाँले यस भूमिकामा गागरमा सागर भरेझैँ श्रीमद्भागवत पूरै ग्रन्थको तात्पर्यलाई भरिदिनुभएको छ। यहाँ आएको श्रीमद्भागवतको तात्पर्यनिरूपण अनि सगुण निर्गुण भक्तिको सन्दर्भ र अद्वैत सिद्धान्तसम्वन्धी प्रकरणहरू साँच्चिकै मननयोग्य छन् भने कतिपय प्रसंगमा भागवतकथाको आन्तरिक मर्मलाई उहाँले प्रतीकात्मक रूपमा स्पष्ट्याइदिँदा कथाप्रसंगको अर्को भित्री पाटो समेत प्रकाशित भएको छ।

मूलग्रन्थसँगै आठौँ भागको रूपमा प्रकाशित भएको यो भूमिकालाई अहिले श्रीमद्भागवत भूमिकाको नामबाट छुट्टै पुस्तकका रूपमा प्रकाशित गर्ने सुअवसर जुटेको छ। यो तारतम्य जुटाइदिनुभएको छ, उदारमना श्रीकमलमणि दीक्षितज्यूले। उहाँ वरिष्ठ साहित्यकार, समालोचक र नेपाली भाषासेवी हुनुहुन्छ भन्ने मलाई थाहा थियो। अहिले उहाँ साँच्चिकै गुणग्राही व्यक्ति हुनुहुन्छ भन्ने प्रमाणित भएको छ। नीतिशास्त्रमा भनिएको छ– **गुणा गुणज्ञेषु गुणा भवन्ति ॥** गुणज्ञ कमलमणिको नजरमा गुरुप्रसादका सद्गुणहरू प्रस्फुटित हुन पाए। गुरुप्रसादजीले लेखेको श्रीमद्भागवतको भूमिकाले दीक्षितजीलाई प्रभावित वनाएछ। तत्काल उहाँको मनमा यस भूमिकालाई छुट्टै ग्रन्थको रूपमा प्रकाशित गर्ने संकल्प उदाएछ। यो प्रस्ताव सुन्नेबित्तिकै तत्काल हामीले आश्रमको तर्फबाट स्वीकृति



CamScanner

प्रदान गर्‍यौं । गुरुप्रसादजीको भनाइमा यो महत्वपूर्ण दक्षिणा हो । कमलमणिजीले दक्षिणा दिनुभयो । गुरुप्रसादजीले प्राप्त गर्नुभयो । उहाँले मात्र होइन, अन्य धेरै पाठकहरूले पनि यो दक्षिणा प्राप्त गर्ने भए । वास्तवमा यो दक्षिणा त गुरुदक्षिणा नै हो । यो गुरुदक्षिणाले हामीलाई पनि गौरवान्वित बनाएको छ । वस्तुतः श्रीमद्भागवतले यस्तै ज्ञानविस्तारलाई दक्षिणाको संज्ञा दिएको छ। **दक्षिणा ज्ञानसन्देशः** (श्रीमद्भागवत ११। १९। ३९)। ज्ञानको सन्देश दिनु नै असली दक्षिणा हो।

यस्तो दक्षिणा दिने दाक्षिण्यवान् श्रीकमलमणि दीक्षितलाई हार्दिक हार्दिक साधुवाद, शुभाशीर्वाद एवम् धन्यवाद । ग्रन्थकार डा. गुरुप्रसाद सुवेदीलाई हार्दिक साधुवाद सहित शुभाशीर्वाद। यस ग्रन्थको प्रकाशनमा उत्साह थपिदिनुहुने भूमिकाका भूमिकाकार प्रा. शिवगोपाल रिसालज्यूलाई शतशः साधुवाद । यो श्रीमद्भागवतभूमिकाको अध्ययनबाट जिज्ञासु पाठकहरूले श्रीमद्भागवतका प्रतिपाद्य विषयको अनुभव गर्नेछन् भन्ने दृढ विश्वासका साथ श्रीमद्भागवतप्रेमी रसिक पाठकहरूमा आफ्नो तर्फबाट हार्दिक शुभाशंसा प्रकट गर्दछु । शंकरोतु शंकरः ।

# भूमिकाको भूमिका

*प्रा. शिवगोपाल रिसाल*

सामान्यतया भूमिका आफूमात्र उपस्थित भएको हुँदैन। कुनै आफ्नो इष्ट वा अभीष्टलाई साथमा लिएर आएको हुन्छ भूमिका । वास्तवमा भूमिकामा कसैको आश्रय वा आधार हुन्छ । कुनै ग्रन्थका सम्बन्धमा जान्नैपर्ने कुरा लेखिएको त्यस ग्रन्थको आरम्भको वक्तव्य, प्रस्तावना, प्राक्कथन, आमुख, उपोद्‌घात, मुखबन्ध, अगाडि दिइने सूचना, जानकारी वा परिचयविशेषलाई भूमिका भनिन्छ । एक प्रकारले ग्रन्थको आरम्भमा प्रस्तुत गरिने भूमिका ग्रन्थको समीक्षात्मक टिप्पणी हो, ग्रन्थ वा ग्रन्थकारप्रतिको दृष्टिकोण हो, मान्यता हो र मूल्यांकन पनि हो । त्यसैले भूमिकालाई ग्रन्थको पृष्ठभूमि, आधारशीला वा जग पनि भन्न सकिन्छ। यो भयो भूमिकाको भूमिकाको पनि भूमिका। अब लागौँ प्रस्तुत प्रसङ्गतर्फ।

श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराजले श्रीमद्‌भागवतमहापुराणको अनुवाद एवं टीका लेख्नुभएको छ, जो



CamScanner

रामानन्दीटीकाको रूपमा आठ खण्डमा महेश संन्यास आश्रम, देवघाटबाट प्रकाशित भइसकेको छ । यस ग्रन्थमा विस्तृत भूमिका लेख्नुभएको छ डा.श्रीगुरुप्रसाद सुवेदीले । गुरुप्रसादद्वारा लिखित गुरु, गुरुतर वा गुरुतम भूमिका महेश संन्यास आश्रमबाट प्रकाशित श्रीमद्भागवत रामानन्दीटीकाको अन्तिम खण्डमा प्रकाशित भइसकेको छ। यो भूमिका अहिले आएर भूमिकाका रूपमा मात्र सीमित भएन, यसले एउटा स्वतन्त्र ग्रन्थ नै बन्ने सौभाग्य पायो । यो सद्गुरुको प्रसाद हो र भूमिकाकारको पुरुषार्थको परिणति पनि हो। यसरी श्रीमद्भागवतको भूमिकालाई छुट्टै ग्रन्थको रूपमा परिवर्तन गरी पुन: प्रकाशित गर्ने र पुनर्जन्मको संस्कार सम्पादन गरिदिने गुरुतर अभिभारा लिनुभयो, उदारमना गुणग्राही वरिष्ठ साहित्यकार भाषासेवी श्रीकमलमणि दीक्षितले प्रकाशक भएर, दक्षिणा दिएर।

श्रीमद्भागवतमहापुराणका विषयमा श्रीमद्भागवतकै शब्दमा भनिएको छ –

**सर्ववेदान्तसारं यद् ब्रह्मात्मैकत्वलक्षणम् ।**
**वस्त्वद्वितीयं तन्निष्ठं कैवल्यैकप्रयोजनम् ॥**

*(श्रीमद्भागवत १२। १३। १२)*

सम्पूर्ण उपनिषद्हरूको एकमात्र सारसर्वस्व जीव र ब्रह्मको एकता सिद्ध गर्नु हो । श्रीमद्भागवतको प्रतिपाद्य विषय पनि यही अद्वितीय ब्रह्मात्मैकत्वबोध नै हो। श्रीमद्भागवतमहापुराण सगुण साकाररूपमा अवतरित लीलापुरुषोत्तम भगवान् श्रीकृष्णको लीलाचरित्रले भरिएको ग्रन्थमात्र होइन, यो त निर्गुण निराकार परब्रह्म परमात्मासँग जीवात्माको ऐक्यभाव दर्शाउने महान् दार्शनिक शास्त्र हो । तत्त्वमसि महावाक्यले लक्षित गरेको ब्रह्मात्मैक्यबोध गराएर तीव्र मुमुक्षुलाई कैवल्य प्रदान गर्ने गराउने

अद्वितीय मोक्षग्रन्थ हो । यसमा सन्देह छैन । श्रीमद्‌भागवत ग्रन्थको उपक्रम र उपसंहारबाट समेत यही कुरा सिद्ध हुन्छ ।

आजभन्दा झण्डै ६ वर्ष पहिले जावलाखेल निवासी श्रीदीपक रिमालको घरमा परमश्रद्धेय श्री १००८ डा. स्वामी रामानन्द गिरिज्यूबाट श्रीरामगीतामा प्रवचन भएको थियो । त्यस ज्ञानयज्ञमा यस पंक्तिकारले प्रसंगवश स्वामीज्यूसँग श्रीमद्‌भागवतको राष्ट्रभाषा नेपालीमा अनुवाद र विवरणात्मक टीका लेख्न याचनापूर्वक अनुरोध गरेको थियो। जसमा प्रेमी भक्त श्रीरविप्रसाद पराजुलीलगायत जिज्ञासु साधकहरूको समेत समर्थन थियो । यस महान् कार्यबाट एकातिर समग्र नेपाली वाङ्मय नै लाभान्वित हुने र नेपाली भाषाभाषी भागवतभक्तहरू उपकृत हुने, अर्कातिर स्वामीज्यूको कीर्तिपताका सर्वत्र फैलिने । यसका साथै स्वामीज्यूभित्र रहेको भक्ति, ज्ञान र विद्यासाधनालाई बाहिर प्रकट गर्ने उद्देश्यले यो अभिप्रेरणा गरिएको थियो। विशालकाय असाधारण ऐतिहासिक ग्रन्थ रामानन्दीटीकाको पृष्ठभूमि पनि हो यो । त्यसै समयमा उक्त ग्रन्थको सम्पादनकार्य गर्ने स्वीकृति दिएको थियो यस पंक्तिकारले ।

उक्त रामानन्दी टीकामा टीकाकारले हरेक श्लोकमा पदार्थ र वाक्यार्थ दिनुभएको छ । यसबाहेक व्याख्याको आवश्यकता पर्ने ठाउँमा धीत मर्नेगरी उदारतापूर्वक खोजपूर्ण विवरण प्रस्तुत गरी भक्तहरूको अनि विचारक, चिन्तक अद्वैत वेदान्तीहरूको पनि प्यासलाई शान्त गरिदिनुभएको छ। त्यसैले प्रस्तुत टीकाले आफ्नो नामलाई सार्थक बनाउने प्रयास गरेको छ । त्यहाँ मूलत: श्रीधरीटीका र आवश्यकताअनुसार बल्लभाचार्यको सुबोधिनीटीकालाई पनि आधार मानी व्याख्या गरिएको छ। त्यसैले सगुण, निर्गुण, द्वैत, अद्वैत सबै सम्प्रदायका भक्तहरूले आफ्ना



CamScanner

रुचिअनुसारका सामग्रीहरू यहाँ प्राप्त गर्न सक्दछन्। यो नै त्यस रामानन्दी टीकाको विशेषता हो।

पाँच वर्षको अन्तरालमा सबैको सामूहिक साधना, सद्भाव, सहयोग र सदाशयको परिणामस्वरूप उक्त ग्रन्थ प्रकाशित भई लोकार्पण समेत भइसकेको छ। वरिष्ठ साहित्यकार एवं अन्वेषक, मदन पुरस्कार गुठीका अध्यक्ष, सत्संगप्रेमी, उदारमना, दानवीर श्रीकमलमणि दीक्षितज्यू त्यस ग्रन्थको प्रकाशनमा समेत सहयोगी बन्नुभएको छ। महेश संस्कृत विद्यापीठका प्राचार्य विद्वान् डा. गुरुप्रसाद सुवेदीज्यूले लेख्नुभएको रामानन्दी टीकाको भूमिका प्रकाशित भयो, अन्तिम आठौँ खण्डमा। प्रायःजसो भूमिका ग्रन्थको आरम्भमा रहने गर्दछ तर यहाँ त्यसो भएन। किनभने आठ खण्ड भएको (६३६५ पृष्ठको) पूरा ग्रन्थ प्रकाशित हुन पाँच वर्ष लाग्यो। पूरा ग्रन्थ तयार भएर अन्तिम खण्ड प्रकाशित हुने समयमा मात्र भूमिका लेखियो। यसप्रकार श्रीमद्भागवतको अन्तिम खण्डमा प्रकाशित त्यो चौरासी पृष्ठ लामो विस्तृत भूमिकाले ऐतिहासिक भूमिका बन्ने सौभाग्य पायो। त्यही श्रीमद्भागवतको भूमिका अहिले प्रस्तुत ग्रन्थको रूपमा जन्मिएको छ। यसको जन्मदाता पनि श्रीकमलमणि दीक्षितज्यू नै बन्नुभएको छ, वास्तविक दक्षिणादाता बनेर।

विद्वान् डा.गुरुप्रसाद सुवेदीज्यूद्वारा लिखित प्रस्तुत भूमिकाग्रन्थ शोधपूर्ण, खोजपूर्ण, विद्वतापूर्ण शास्त्रीयप्रमाणले भरिएको एउटा अनुसन्धानात्मक प्रौढ प्रबन्धको रूपमा उपस्थित भएको छ। यहाँ पूर्वपीठिका, बत्तीलाई आलोक, अपौरुषेय वेद र पुराणको सम्बन्ध, पुराणको ऐतिहासिक परिचय, श्रीमद्भागवतको वाह्यस्वरूप, आन्तरिक संरचना, विशेषता र परम्परा सहितको विस्तृत ग्रन्थपरिचय, अनुबन्धचतुष्टय, दशलक्षणहरू, प्रत्येक

स्कन्धको तात्पर्य, श्रीमद्भागवतमा भक्ति, ज्ञान र दुवैको समन्वय, अद्वैतसिद्धान्त अनि भागवतका मर्यादा र श्रवणविधि आदि महत्त्वपूर्ण विषयहरू करीब साठी उपशीर्षकमा आबद्ध भएर देखापरेका छन् । भागवतका प्रत्येक स्कन्धको सारसंक्षेप, भागवतमा पाइने सकाम, निष्काम कर्म, सगुण, निर्गुण भक्ति, वैराग्य र ज्ञानसम्मको विस्तृत विवेचना र सूचना समेटिएको भूमिका आफैँमा एउटा स्वतन्त्र शोधप्रबन्ध बनेको छ, एउटा समीक्षात्मक स्वतन्त्र निबन्ध ग्रन्थ बनेको छ ।

यस भूमिकाग्रन्थको विशेषता भनेको प्राचार्य डा. गुरुप्रसाद सुवेदीज्यूको विद्याव्यसनको शास्त्रीय ग्रन्थाध्ययनशीलताको, प्रौढ पाण्डित्यको, सूक्ष्म अनुसन्धानको, तथ्य र सत्यको खोजीको साथै उहाँको वैचारिक सूक्ष्मता हो । यो त्यसको अभिलेख हो । कसैले भागवतमा विद्यावारिधि गर्ने हो भने प्रस्तुत ग्रन्थले असाधारण भूमिका निर्वाह गर्ने छ वा अत्यधिक सहयोग प्रदान गर्ने छ भन्न सकिन्छ ।

चौरासी पृष्ठसम्मको लामो (यहाँ १६८ पृष्ठको) आफ्नो विस्तृत र व्यापक ज्ञानराशिलाई प्रस्तुत गर्ने क्रममा भूमिकाकार सुवेदीज्यू अन्त्यका एकाध पृष्ठका एकाध अनुच्छेदमा रामानन्दी टीकाका विषयमा आफ्नो मन्तव्य यसरी व्यक्त गर्नुहुन्छ –

"शास्त्रचिन्तन र व्याख्यानको क्रममा अद्वैतवेदान्तमा गहिरिँदा उहाँले भक्तिलाई कत्ति पनि भुल्नुहुन्न भने भगवद्भक्तिमा चुर्लुम्म डुबेर आन्तरिक अनुभूति पस्किने बेला उहाँ अति भावुक पनि हुनुहुन्छ र भक्तिरसमा पूर्ण समर्पित देखिनुहुन्छ । उहाँको जीवनमा देखिने अद्वैतवेदान्तनिष्ठा र भगवद्भक्तिको आविर्भाव एक अपूर्व गङ्गा-यमुना वा गण्डकी र त्रिशूलीको सङ्गमजस्तै लाग्दछ। यो एउटा नयाँ धारा नारायणीझैँ पवित्र बनेर अधिकाधिक



CamScanner

साधकहरूलाई पवित्र पार्दै बगिरहेको छ र बगिरहनेछ पनि। यसै सन्दर्भमा भक्ति र ज्ञानलाई सँगसँगै लैजाने विशेषता भएको श्रीमद्भागवत ग्रन्थको व्याख्यान गर्न उहाँको हृदयभित्र सङ्कल्प उठ्नु र उहाँ यस कार्यमा प्रवृत्त हुनु अधिकाधिक पाठकहरूको जिज्ञासाशमन गर्न प्रकट भएको यो एउटा भगवदिच्छा नै हो।"(श्रीमद्भागवतभूमिका पृ.९५)

यहाँ भागवतका विषयमा, रामानन्दी टीकाका विषयमा र टीकाकारका विषयमा डा. सुवेदीले प्रशस्त प्रकाश पार्नुभएको छ। गुरुकै प्रसाद पाएर यति परिश्रम गरी यत्रो महान् अभिलेख तयार गरी पाठकका माझमा पस्किदिनुभएकोमा गुरुप्रसादप्रति कृतज्ञ हुनु हाम्रो कर्तव्य हो।

डा.गुरुप्रसादको गुरुतम ज्ञानगुणबाट गुणग्राही कमलमणि दीक्षितज्यू तानिनुभयो र उहाँले नै मलाई समेत तान्नुभयो। त्यसैले म डा.स्वामीज्यू, डा.गुरुप्रसादज्यू र अग्रज कमलमणिज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै अन्तर्यामी भगवान् श्रीपशुपतिनाथले हामी सबैको सदा कल्याण गरुन् भनी प्रार्थना गर्दछु। शिवमस्तु॥

*वि.सं.२०७१। ११। १६ (मातृसम्मानदिवस)*

*'शिव-मन्दिर'*

*शान्तिकुना, ललितपुर- ५*

# प्रकाशकीय

यस्तो महत्त्वपूर्ण ग्रन्थको प्रकाशक हुने सौभाग्य मलाई कसरी जुऱ्यो त्यो प्रसङ्ग आफैँमा रोचक र रोमाञ्चक छ। त्यही रहस्य खोलूँ पहिले ।

२०७० साल चैत २४ गते बेलुकीपख शिवगोपाल रिसालजी र म अरू २५/३० जना 'भक्त'हरूका साथ चितवनको देवघाट उत्रियौँ र त्रिशूलीको पुल तरी तनहूँको देवघाटधाम दाखिल भयौँ । त्यहाँ हाम्रो डेरा पऱ्यो महेश आश्रम गुरुकुलको छात्रावासमा। साँझ शिवगोपाल रिसालजी र म आदरणीय स्वामीजीको दर्शन गर्न उहाँको कक्षमा उक्लियौँ। गुरुकुलका प्राचार्य डा. गुरुप्रसाद सुवेदीजी पनि त्यहीँ हुनुहुँदो रहेछ। स्वाभाविक थियो हामीहरूबीच भागवत विमोचनकै विषयमा चर्चा शुरु भयो । "भोलि यी प्रसङ्ग उठाउन सकिन्न, त्यसैले गुरुप्रसादजी तपाईंले त्यस ग्रन्थका प्राक्कथन, संपादकीय इत्यादि उहाँहरूलाई पढेर सुनाउनोस्" भनेर स्वामीजीले आज्ञा भयो । अनि गुरुप्रसादजीले सस्वर त्यो वाचन गर्नुभयो। आफ्नो लामो

भूमिकामा पुगेपछि गुरुप्रसादजी एकैछिन थामिनुभयो। ९२ पृष्ठको त्यो भूमिका समग्र त्यहाँ वाचन हुनु सम्भव थिएन । अनि त्यसको पहिलो अनुच्छेद पढेर सुनाइसकेपछि सुवेदीजीले मलाई भन्नुभयो– "अब, तपाईंसँग म दक्षिणा माग्छु, दीक्षितजी !"

मैले केही भन्नै पाएको थिइनँ डा. सुवेदीले थप्नुभयो– मैले नगद दक्षिणा मागेको हैन दीक्षितजी! खालि तपाईंले आफैं मेरो यो लामो भूमिका एक पटक समग्र पढिदिनुस् र सानो यौटा मन्तव्य लेखिदिनुस्। त्यही हुनेछ मेरो दक्षिणा!" यस्तो आदरपूर्वकको र आस्थापूर्ण अनुरोधलाई मैले नाइनास्ति गर्ने कुरै कहाँ हुन्थ्यो? मैले आज्ञा शिरोधार्य गरेँ र भनेँ "हुन्छ, पढ्छु पैले अनि दुई चार शब्द लेखुँला । " स्वयम् स्वामीजी र शिवगोपालजीका अगाडि यसरी पढ्छु र लेख्छु भनेर वचन दिइसकेपछि मैले अन्यथा गर्नु भएन ! बाह्रखरी खारेको मान्छे म, पढ्न त के गाह्रो भो र ? पढेँ। तर पढेपछि म त कथाको कमिलो जस्तो पो भएछु ! कथा यो :

कुनै अध्ययनशालामा एक जना वटुक भागवत पल्टाएर पढ्दै रहेछ। त्यो खुला भागवतमाथि यौटा कमिलो पनि चढेछ। भागवतको खुला पृष्ठमा छापिएका अक्षरहरू हेर्दै चहार्दै माथिदेखि तलैसम्म खुरुरु झरेछ कमिलो । तर, पूरै पृष्ठ झरेर पनि उसले त्यहाँ लेखेको क्यैपनि बुझेनछ ! हो, त्यस्तै भयो मलाई पनि । गुरुप्रसादजीको त्यो गुरुगम्भीर भूमिका पूरै पढिसक्दा पनि मैले त्यसको गुदी, त्यहाँभित्रका सारतत्व केही पनि फेला पार्न सकिनँ। अब के लेख्ने ?

संस्कृतमा गति छैन मेरो। श्लोकहरू शुद्धसँग पाठ गर्न सके पनि तिनको माने आउँदैन मलाई। कसैले अर्थ लगाइदिनुपर्छ। जस्तो गुरुप्रसादजीले उद्धृत गर्नुभएको भागवतको यो यौटा श्लोक हेरूँ न ।

**शृण्वतां स्वकथां कृष्णः पुण्यश्रवणकीर्तनः ।**
**हृद्यन्तःस्थो ह्यभद्राणि विधुनोति सुहृत्सताम् ॥**

*(१ । २ । १७)*

यस श्लोकमा मैले 'कृष्ण', आफ्नो कथा र 'सुनेर' भन्ने तीन शब्द भएको बुझें । तर गुरुप्रसादजीले त्यहाँ यसलाई संक्षेपमा अर्थ्याउँदा कृष्ण र आफ्नो कथा भन्ने शब्द नै कतै प्रयोग गर्नुभएको देखिनँ । अनि म अल्मलिएँ र के रहेछ भन्ने जान्न स्वामीजीको भागवत्को पहिलो खण्ड नै खोलेर हेरेँ त्यसपछि मात्र मलाई अर्थ स्पष्ट भयो । यस्तो अवस्थामा मैले गुरुप्रसादजीको भूमिकामा मन्तव्य लेख्नु भनेको अनधिकार चेष्टा हुने देखेँ । अनि मैले त्यो लेख्ने कामलाई 'विरमन्ति मध्याः' गरेँ । त्यसपछि समस्या पऱ्यो- अब गुरुप्रसादजीको भूमिकाका बारेमा टिप्पणीका रूपमा यत्ति मात्र भन्छुः

"यस ग्रन्थमा डा. सुवेदीले 'गागरमा सागर' भरिदिनुभएको छ भन्दा अत्युक्ति हुँदैन । किनभने, उहाँले यति थोरै पृष्ठभित्र सम्पूर्ण भागवत्को सारतत्त्व समेटिदिनुभएको छ ! भागवत्का प्रत्येक स्कन्धको 'तात्पर्य' उहाँले खुलाइदिनुभएको छ । म जस्तै अरू हजारौंहजार अज्ञहरूका लागि यो अत्यन्त ठूलो प्राप्ति हो ।"

अब दक्षिणाको कुरा गरूँ । समस्या परेपछि समाधान त निकाल्नुपऱ्यो । मलाई लाग्यो गुरुप्रसादजीको इच्छा, उहाँको त्यो गरिमामण्डित कृति कसैले राम्ररी पढोस् भन्ने न हो । सो, एक जनाले होइन हजारौं जनाले अलग्गै पढ्न पाउने व्यवस्था मिलाउन सके झन् राम्रो ! त्यसो किन नगर्ने ? त्यसका लागि भागवतमा भएको त्यो भूमिकालाई निकाली त्यसलाई मात्र एउटा छुट्टै समग्र पूर्ण ग्रन्थ किन बनाउने ? यो

विचार मेरो मनमा उब्जेपछि सर्वप्रथम मैले शिवगोपालजीलाई चुहाएँ। उहाँलाई यो "आइडिया" मन पऱ्यो रे। उहाँले हाम्रा कुरा सबै स्वामीजीमा निवेदन गर्नुभएछ। स्वामीजीले पनि "राम्रो हो" भन्नुभयो रे। अनि म ढुक्क भएँ। त्यसमा गुरुप्रसादजीको समेत स्वीकृति प्राप्त भएपछि छपाइको काम अघि बढ्यो। प्रेसमा अडर गयो। अनि प्रेसले सोध्यो प्रकाशक को हो? मलाई ढुङ्ग्रो लुकाउन मन लागेन। मैले भनेँ– प्रकाशक कमलमणि दीक्षित !

# विषयसूची


| | |
|---|---|
| शुभाशंसा | क |
| भूमिकाको भूमिका | च |
| प्रकाशकीय | ठ |
| पूर्वपीठिका | १ |
| बत्तीलाई आलोक ? | २ |
| अपौरूषेय वेद र पुराणको सम्बन्ध | ४ |
| पुराणको अनादित्व | ९ |
| पुराणशब्दार्थ | ११ |
| पुराणलक्षण | १२ |
| पुराणरचनासमय | १५ |
| पुराणरचनाकार | १७ |
| पुराणसंख्या र पुराणविभाग | १८ |
| महापुराणको रूपमा श्रीमद्भागवत | २१ |
| वेदतात्पर्यको रूपमा श्रीमद्भागवत | २५ |
| भागवतशब्दको व्युत्पत्ति | २७ |
| श्रीमदभागवतको वर्तमान स्वरूप | २९ |
| श्रीमद्भागवतका पाठभेदहरू | ३१ |
| श्रीमद्भागवतका आर्षप्रयोगहरू | ३२ |
| श्रीमद्भागवतमा छन्दःप्रयोग | ३३ |
| श्रीमद्भागवतमा अलङ्कार, रस र ध्वनि | ३६ |
| स्तोत्रसाहित्यको रूपमा श्रीमद्भागवत | ३९ |
| अन्य पुराणको दृष्टिमा श्रीमद्भागवत | ४७ |
| ग्रन्थरचना सन्दर्भ | ४९ |


CamScanner

| | |
|---|---|
| अनादि भागवतपरम्परा | ५१ |
| वाङ्मयमूर्तिश्रीमद्भागवत | ५५ |
| श्रीमद्भागवतको परिचय | ५९ |
| हरिहरमा अभेद र समन्वय | ६३ |
| मङ्गल र अनुबन्धविचार | ६४ |
| अधिकारविचार | ६८ |
| साधनविचार | ७२ |
| श्रीमद्भागवतका दश लक्षणहरू | ७४ |
| सर्गविचार | ७४ |
| विसर्गविचार | ८० |
| स्थानविचार | ८२ |
| पोषणविचार | ८३ |
| ऊतिविचार | ८४ |
| मन्वन्तरविचार | ८६ |
| ईशानुकथा | ८८ |
| निरोधविचार | ९० |
| मुक्तिविचार | ९२ |
| आश्रयतत्व | ९४ |
| श्रीमद्भागवततात्पर्यविचार | ९७ |
| श्रीमद्भागवतमा भक्ति | ९७ |
| भागवतमा ज्ञानयोग | १०० |
| ज्ञान र भक्तिको समन्वय | १०१ |
| श्रीमद्भागवतमाद्वैतसिद्धान्त | १०४ |
| प्रथमस्कन्धतात्पर्य | ११० |
| द्वितीयस्कन्धतात्पर्य | ११६ |


CamScanner

| | |
|---|---|
| तृतीयस्कन्धतात्पर्य | १२१ |
| चतुर्थस्कन्धतात्पर्य | १२४ |
| पञ्चमस्कन्धतात्पर्य | १२७ |
| षष्ठस्कन्धतात्पर्य | १२९ |
| सप्तमस्कन्धतात्पर्य | १३३ |
| अष्टमस्कन्धतात्पर्य | १३५ |
| नवमस्कन्धतात्पर्य | १३७ |
| दशमस्कन्धतात्पर्य | १४१ |
| एकादशस्कन्धतात्पर्य | १५५ |
| द्वादशस्कन्धतात्पर्य | १५७ |
| श्रीमद्भागवतको श्रवणविधि र मर्यादा | १५९ |
| श्रीमद्भागवतका टीकाहरू | १६४ |
| टीकाकार श्रीधराचार्य | १६४ |
| प्रस्तुत टीकाको सम्बन्धमा | १६६ |

# श्रीमद्भागवतभूमिका

आम्नायाम्नातमद्वैतसच्चिदानन्दलक्षणम् ।
सर्वान्तर्यामिणं कञ्चिद्देवदेवमुपास्महे ॥

## पूर्वपीठिका

श्रीमद्भागवत महापुराणको सम्बन्धमा केही लेख्न खोज्नु वा यस ग्रन्थको परिचय दिन प्रयत्न गर्नु सूर्यलाई चिनाउन अरू उपायको खोजी गर्नु जस्तै हो । भागवतको परिचय भागवतबाहेक अरू कुनै भूमिका वा लेखबाट हुन सक्दैन। ग्रन्थ स्वयं प्रकाशमान छ, स्वयं परिचित छ, पूर्ण रसमय छ। यस्तो श्रीमद्भागवतको वास्तविक रसास्वादन पनि श्रीमद्भागवतबाटै हुन्छ, अन्यत्रबाट हुँदैन । **तद्रसामृततृप्तस्य नान्यत्र स्याद्रतिः क्वचित्** (भा.१२/१३/१५)। अर्थात् भागवतको रसरूपी अमृतबाट तृप्त भएको मानिस अन्यत्र कहीँ रमाउँदैन। त्यसैले अरू ग्रन्थको जस्तो भागवतको भूमिका लेख्नु जरूरी छैन, तथापि ग्रन्थ

प्रकाशित गर्दा भूमिका लेख्ने र पाठकले पनि भूमिका खोज्ने परम्परा बसिसकेको हुनाले सोही परम्परालाई निरन्तरता दिन मात्र यहाँ भागवतका सम्बन्धमा केही लेख्ने प्रयत्न गरिएको छ।

यस भूमिकामा अनिवर्चनीय परमरसमय श्रीमद्भागवतरूप आसवको स्वाद मूकास्वादन्यायले स्वयं आस्वादनीय रहेछ भनी अभिव्यक्त गर्न मात्र खोजिएको छ । यसमा कमी हुनु वा कलमद्वारा भाव प्रकट हुन नसक्नु विषयगत वैशिष्ट्य नै हो । **भक्त्या भागवतं शास्त्रं नाभ्यासेन नविद्यया** अर्थात् भक्ति भए भागवतको रहस्य खुल्छ, विद्याचातुर्यबाट मात्र श्रीमद्भागवतामृत अभिव्यक्त हुँदैन भन्ने प्रसिद्धि नै छ । यस भूमिकाका लागि केही लेख्न कलम लिँदै गर्दा बाह्य चातुर्यपूर्ण भनाइमा भागवतामृतपानलोलुप रसिकजन रमाउँदैनन्, उनीहरू त राजहंससमान मानससरोवरतुल्य निर्मल भागवतसुधातरङ्गमा मात्र रमाउँछन् भन्ने स्वयं श्रीमद्भागवतको उक्ति स्मृतिपटलमा आइरहेको छ। यहाँ त्यही मर्यादालाई पालन गर्ने प्रयत्न गरिएको छ ।

महेश संस्कृत गुरुकुल एवं महेश संन्यास आश्रमद्वारा प्रकाशित प्रस्तुत श्रीमद्भागवतको रामानन्दी टीका आफैमा अद्वितीय छ । भागवतको भित्री तात्पर्यलाई जिज्ञासुहरूका सामु प्रकट गर्न सफल छ । यसले पाठकहरूको मन जितेको छ भन्ने कुरा ग्रन्थको सबै भाग प्रकाशित हुन नपाउँदै पुस्तक दुर्लभ हुनुबाट पनि सिद्ध भइसकेको छ। क्रमशः सात भागमा प्रकाशित भइरहेको यस ग्रन्थको अन्तिम भाग प्रकाशित गर्नेबेला यहाँ भूमिकाको रूपमा यस ग्रन्थको र प्रस्तुत रामानन्दी टीकाको अन्तर्विषयका सम्बन्धमा केही चर्चा गर्न लागिएको छ ।

CamScanner

## बत्तीलाई आलोक ?

श्रीमद्भागवतलाई स्वयं श्रीमद्भागवतमा **अध्यात्मदीप** (१/२/३) वा **ज्ञानप्रदीप** (१२/१३/१९) भनिएको छ। प्रदीप वा बत्तीको काम अँध्यारोमा उज्यालो छर्नु वा नदेखिएको वस्तुलाई देखाइदिनु हो । त्यस्तै भागवतको काम आध्यात्मिक जगत्का अप्रकाशित वस्तुलाई प्रकाशित गर्नु हो । बत्तीले अँध्यारोमा हराएका अरू पदार्थहरूलाई प्रकाशित गरिदिन्छ र ऊ आफ्नै प्रकाशबाट स्वयं प्रकाशित हुन्छ । जसरी बत्तीलाई देखाउन अर्को उज्यालोको आवश्यकता हुँदैन, त्यसरी नै भागवतरूप ज्ञानप्रदीपलाई प्रकाशित गर्न अर्को ज्ञानदीप चाहिँदैन । यो पनि स्वयंप्रकाश छ । यसले आध्यात्मिक जगत्मा आलोक फैँलाउँदै अपरिचित अनेकौँ वस्तुहरूको र स्वयं ग्रन्थको समेत परिचय दिन्छ । अर्थात् भागवतग्रन्थको परिचयका लागि अन्य शब्दावलीहरू अपेक्षित हुँदैनन्। श्रीमद्भागवतभित्रै उल्लेख भएका विशेषणबोधक शब्दहरू श्रीमद्भागवतको परिचय दिन सफल छन्। जसका केही निदर्शनहरू निम्नानुसार छन्-

अखिलश्रुतिसार (१/२/३) सर्ववेदेतिहाससार (१/३/४१)
सर्ववेदान्तसार (१२/१३/१२,१५) अध्यात्मदीप (१/२/३)
ज्ञानप्रदीप (१२/१३/१९) उत्तमश्लोकचरित (१/३/४०)
सात्वतसंहिता (१/७/६) भागवतसंहिता (१/७/८)
कैवल्यैकप्रयोजन (१२/१३/१२) पुराणार्क (१/३/४४)
वृहती (१/७/९) ब्रह्मसम्मित (१/३/४०)
श्रीमद्भागवत (१२/१३/१४, १५, १७, १८)
भागवत (१/३/४०) (२/१/८) (१२/१३/९, १३) इत्यादि ।

श्रीमद्भागवतभित्र पढिएका यी श्रीमद्भागवतग्रन्थका परिचायक पदावलीहरूको तात्पर्यचिन्तन गर्दा श्रीमद्भागवत सम्पूर्ण वेदान्तहरूको सार, अन्य पुराणहरूभन्दा श्रेष्ठ र विशिष्ट किसिमको भगवत्तत्त्वप्रतिपादनपरक भक्त र भगवान्‌को लीलाचरित्र वर्णन गरिएको वेदतुल्य ज्ञानदीप हो भन्ने सिद्ध हुन्छ । यस्तो श्रीमद्भागवतग्रन्थको परिचय दिन अरू केही भन्नु बत्तीलाई प्रकाशित गर्न अरू बत्ती देखाउनुजस्तै हुन्छ तर पनि गङ्गाजल उठाएर गङ्गाजीलाई अर्घ्य र बत्ती बालेर सूर्यलाई आरती गरेझैं स्वयं भागवतीय प्रसङ्ग लिएर भागवतलाई प्रकाशित गर्न खोजिएको मात्र हो । यहाँ शङ्कराचार्यविरचित यो पद्य स्मरणीय छ -

**प्रदीपज्वालाभिर्दिवसकरनीराजनविधिः**
**सुधासूतेश्चन्द्रोपलजलचयैरर्घ्यरचना ।**
**स्वकीयैरम्भोभिः सलिलनिधिसौहित्यकरणं**
**त्वदीयाभिर्वाग्भिस्तव जननि वाचां स्तुतिरियम् ॥**

*(सौन्दर्यलहरी १००)*

अर्थात् हे भगवान् । सूर्यलाई बत्ती देखाएर आरती गर्नु, चन्द्रमाबाट उत्पन्न भएको अमृतमय सुधाबिन्दुबाट चन्द्रमालाई नै अर्घ्य दिनु, गङ्गाजीलाई गङ्गाजीकै जल उठाएर पूजा गर्नुजस्तै हजुरकै वाणीद्वारा यो हजुरको स्तुति गर्न लागिएको हो ।

## अपौरुषेय वेद र पुराणको सम्बन्ध

सनातन संस्कृतिमा वेदको स्थान सर्वोच्च छ । ज्ञानार्थक, सत्तार्थक, लाभार्थक र विचारार्थक **विद्** धातुबाट वेदशब्द निष्पन्न हुन्छ । त्यसैले वेदशब्दको अर्थ मानवसमुदायको अस्तित्वका लागि चाहिने प्राप्तिमूलक विचारणीय ज्ञान भन्ने

हुन्छ । वस्तुत: वेद अनादि ज्ञानभण्डार हो । मानवको अभ्युदय र नि:श्रेयसको उपाय वेदबाट मात्रै अवगत हुन्छ। कुनै व्यक्तिले भनेका कुरामा त्यस व्यक्तिका भ्रम, प्रमाद, विप्रलिप्सा र करणापाटवजस्ता मानवसुलभ दोषको प्रभाव पर्न सक्छ। त्यसैले वास्तविक कल्याणका लागि मानवोपदिष्ट उपाय त्यति भरपर्दो हुँदैन । वेदभने मानवविरचित नभएको वा अपौरुषेय भएकोले विश्वसनीय हुन्छ। नैयायिकहरूले वेदलाई ईश्वरविरचित भएकोले प्रामाणिक मान्छन्, तर यस्तो मान्दा वेदलाई ईश्वरसाधक प्रमाण मान्न सकिँदैन । अन्यथा ईश्वरविरचित वेद अनि वेदप्रतिपादित ईश्वर भन्दा अन्योन्याश्रयदोष आइपर्छ ।

वेद अपौरुषेय भएपनि हरेक युगमा परमात्माको नि:श्वासबाट प्रकट हुन्छ भन्ने शाश्वत मान्यता छ । श्रीमद्भागवतकै भनाइमा पनि ब्रह्माजीले समाधि अवस्थामा चित्तवृत्तिनिरोध गर्दा हृदयाकाशबाट त्रिवृत् ब्रह्म वा प्रणवको रूपमा आविर्भाव भएको नादब्रह्म नै वेद हो। **वेदबीजं सनातनम्** (१२/६/४१)। अर्थात् वेद कारणात्मना नित्य छ। यस भनाइअनुसार वेद नित्य छ र त्यसैले सनातन भनिन्छ । प्रलयकालमा पनि वेदको विलय हुँदैन। परमात्मामय वेद प्रलयमा परमात्मामा नै अन्तर्हित हुन्छ र सृष्टिको समयमा स्वाभाविक नि:श्वासको रूपमा परमात्माबाटै प्रकटित हुन्छ भन्ने कुरा शास्त्रहरूमा नै पाइन्छ–

**यस्य नि:श्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत् ।**
**निर्ममे तमहं वन्दे विद्यातीर्थं महेश्वरम् ॥**

अर्थात् जसको श्वासको रूपमा वेदहरू प्रकट भएका छन्, जसले वेदको माध्यमले सम्पूर्ण जगत्को सृष्टि गर्नुभएको छ, त्यस्ता विद्याका निधान भगवान् शिवजीलाई नमस्कार छ ।

**निःश्वसितमस्य वेदाः विक्षितमस्य पञ्च भूतानि ।**
**स्मितमेतस्य चराचरं यस्य च सुप्तं जगत्प्रलयः ॥**

*(ब्रह्मसूत्र शांकरभाष्य भामतीटीका मङ्गल- २)*

अर्थात् जुन भगवान्‌को श्वासको रूपमा वेदहरू प्रकट भए, जुन भगवान्‌ले पुलुक्क हेर्दा पञ्च महाभूतहरू पैदा भए । जुन भगवान्‌को मुस्कान नै चराचर जगत् हो । जसको निद्रा नै जगत्‌को प्रलय हो इत्यादि । युगान्त वा युगसन्धिमा तमोगुणको आधिक्यले लुप्तप्राय भएको ज्ञानमय वेदलाई वराह अवतार बनेर रसातलबाट भगवान्‌ले नै उद्धार गर्नुहुन्छ र याचना गर्ने ब्रह्माजीलाई उपलब्ध गराउनुहुन्छ भन्ने कुरा भागवतमा नै उल्लेख गरिएको छ । जस्तैः–

**वेदान् युगान्ते तमसा तिरस्कृतान् रसातालाद्यो नृतुरङ्गविग्रहः ।**
**प्रत्याददे वै कवयेऽभियाचते तस्मै नमस्ते वितथेहिताय इति ॥**

*(५/८/६)*

वेद मानवजातिका लागि कर्तव्याकर्तव्यको निर्णायक प्रमाण मानिन्छ । वेदविहित कर्तव्य धर्म हो र वेदनिषिद्ध कर्म नै अकर्तव्य हो र त्यही अधर्म पनि । त्यसैले भनिन्छ–

**वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः ।**

*(६/१/४०)*

अतः कर्तव्याकर्तव्य बुझ्न वेद बुझ्नुपर्दछ । वेद बुझ्न वेदका अङ्ग र अन्य विद्यास्थानसमेत बुझ्नुपर्दछ । महाभाष्यकार पतञ्जलिले ब्राह्मणले निष्कारण षडङ्ग वेद पढ्नुपर्दछ भन्नुभएको छ– **ब्राह्मणेन निष्कारणं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च ।** (व्याकरणमहाभाष्य पश्यशाहिनक) ब्राह्मणले विना प्रयोजन छ अङ्गसहित वेद पढ्नुपर्छ र वेदार्थ जान्नै पर्दछ । वेदका

अङ्गहरू शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष हुन् । जसको विभाग निम्नानुसार छ -

**छन्दः पादौ तु वेदस्य हस्तौ कल्पोऽथ पठ्यते ।**
**ज्योतिषामयनं चक्षुर्निरुक्तं श्रोत्रमुच्यते ॥**
**शिक्षा घ्राणन्तु वेदस्य मुखं व्याकरणं स्मृतम् ।**
**तस्मात् साङ्गमधीत्यैव ब्रह्मभूयाय कल्पते ॥**

*(पाणिनीय शिक्षा ४१, ४२)*

अर्थात् छन्दःशास्त्र वेदपुरुषका पाउ हुन् । कल्पग्रन्थ हात हुन् । ज्योतिष विद्या वेदका आँखा हुन् । निरुक्त कान हो। शिक्षाशास्त्र नाक हो। व्याकरण मुख हो, त्यसैले अङ्गसहित वेद पढेर नै ब्रह्मत्व प्राप्त हुन्छ ।

विद्यास्थानहरू १४ छन् । जस्तै –

**पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।**
**वेदा स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ॥**

*(याज्ञवल्क्यस्मृतिः १ ।३)*

अर्थात् पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, छ अङ्गसहित चार वेद यी चौध विद्यास्थान र धर्मका आधार हुन् ।

शाश्वत ज्ञानको रूपमा रहेको वेद सनातन छ, नित्य छ, त्यसैले कसैबाट विरचित होइन । तर पनि वेदका मन्त्रलाई ऋषिहरूले साक्षात्कार गरेका हुन्– **ऋषयो मन्त्रद्रष्टारः**। वशिष्ठ, विश्वामित्र, वामदेव आदि अन्यान्य ऋषिहरूद्वारा साक्षात्कार गरिएको मन्त्र र ब्राह्मणको रूपमा आबद्ध वेद मूलतः एक भए पनि द्वापरयुगमा पराशरपुत्र व्यासले चार भागमा विभक्त गरेको र ऋग्, यजुः, साम, अथर्व भन्ने संज्ञा प्राप्त भएको भनाइ छ। **व्यदधात् यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्** (१/४/१६)। यज्ञको विस्तारका लागि एउटा वेदलाई चार भागमा बाँड्नुभयो ।

अव्यक्त कालको प्रभावले युगधर्ममा परिवर्तन आएपछि वेदव्यासले वेदलाई सजिलो बनाउन चार भागमा बाँड्नुभयो र चार चेलालाई पढाउनुभयो । पैलनामक चेलालाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनिलाई सामवेद र सुमन्तुलाई अथर्ववेद पढाउनुभयो (१/४/२१-२२) । वैशम्पायनबाट वेद पढेका याज्ञवल्क्यले गुरुसँग विवाद भएपछि सूर्यलाई गुरु मानेर पढेको शुक्ल यजुर्वेदको वाजसनेय संहिता हो (१२/६/७३)।

यी वेदबाट मात्र सर्वसाधारणले वेदतात्पर्यनिर्णय गर्न नसक्ने भएपछि वेदार्थको व्याख्यानका लागि वेदव्यासले इतिहास र पुराणको रचना गरी आफ्ना चेला रोमहर्षणलाई पढाउनुभयो –

**इतिहासपुराणानां पिता मे रोमहर्षणः**

*(१/४/२२)*

वेदलाई क्षीणमेधा (मन्दबुद्धि भएका) व्यक्तिहरूले सजिलै ग्रहण गर्न नसक्ने र अर्थको अनर्थ लगाउने भएका कारण उनीहरूको हितका लागि कृपणवत्सल व्यासले पुराणहरूको रचना गर्नुभएको हो–

**त एव वेदा दुर्मेधैर्धार्यन्ते पुरुषैर्यथा ।**
**एवञ्चकार भगवान् व्यासः कृपणवत्सलः ॥**

*(१/४/२४)*

स्वयं महाभारतमा पनि इतिहास र पुराणको प्रयोजन वेदार्थोपबृंहण वा वेदको तात्पर्यव्याख्यान नै हो भनिएको छ। अन्यथा वेदको राम्रो अध्ययन गर्न नसक्ने अल्पश्रुतले वेदको तात्पर्यलाई बङ्ग्याएर अन्यथा अर्थ गर्ने भय रहन्छ । त्यसैले अल्पज्ञसँग वेद पनि डराउँछ भनिएको हो–

**इतिहासपुराणाभ्यां वेदार्थमुपवृंहयेत् ।**
**बिभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति ॥**

*(महाभारत १/ १/३६७)*

अर्थात् इतिहास र पुराणबाट वेदको अर्थलाई वुझ्नुपर्दछ। यसले मलाई अन्यथा अर्थ गरेर समाप्त गर्दछ कि ? भनेर थोरै शास्त्र पढेको मानिससँग वेद पनि डराउँछ ।

## पुराणको अनादित्व

ऐतिहासिक कालक्रम र संरचनात्मक वैशिष्ट्य हेर्दा पुराणहरूको रचना वेदभन्दा धेरै पछि भएको हो, तर पनि पुराणलाई वेदकै व्याख्यान भनिएको हुनाले विषयगत रूपमा पुराणलाई पनि वेदझैँ प्राचीन मानिन्छ। त्यसैले कतिपय सन्दर्भमा पुराण पनि वेदसँगै प्रादुर्भूत भएको उल्लेख पाइन्छ– **ऋचः सामानि छन्दांसि पुराणं यजुषा सह** (अथर्वसंहिता ७१/७/२४), **एवमिमे सर्वे वेदाः निर्मिताः सकल्पाः सरहस्याः सब्राह्मणाः सोपनिषत्काः सेतिहासाः सान्वयव्याख्याताः सपुराणाः सस्वराः** (गोपथब्राह्मण) । यस्तै ब्राह्मणग्रन्थ र उपनिषद्मा समेत पुराणलाई वेदकै पंक्तिमा परिगणित गर्नुले पुराणको स्थान लगभग वेदसमान मानिएको स्पष्ट हुन्छ । जस्तै– **ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः। इतिहासपुराणं विद्या उपनिषदः श्लोकाः सूत्राण्यनुव्याख्यानानि व्याख्यानानि** (शतपथब्राह्मण १४/६/१०/६), **अस्य महतो भूतस्य निःश्वसितमेतद् यद् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः इतिहास पुराणम्** (बृहदारण्यकोपनिषत् २/४/१०) कतिपय सन्दर्भमा त पुराणलाई पाँचौ वेदको स्थानसमेत दिइएको छ। **स होवाचर्ग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणं चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां**

वेदम् (छान्दोग्योपनिषद् ७/१/२) । मत्स्यपुराणमा भने पुराण वेदभन्दा पनि पहिले उत्पन्न भएको मानिएको छ। जस्तै–

**पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम् ।**
**अनन्तरञ्च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥**

*(मत्स्यपुराण ५३/३३)*

अर्थात् सबै शास्त्रभन्दा पहिले ब्रह्माजीले पुराणको रचना गर्नुभयो, त्यसपछि ब्रह्माजीको मुखबाट अरू वेदहरू प्रकट भए । यसप्रकार पौरस्त्य दार्शनिक जगत्मा वैदिक परम्परा जस्तै पौराणिक परम्परालाई पनि उत्तिकै सम्मान प्राप्त भएको देखिन्छ । त्यसैले वेदलाई आप्तवाक्यको रूपमा प्रमाण मानेझैं पुराणलाई पनि ऐतिह्यप्रमाणको रूपमा प्रमाणपरिगणनामा छुट्टै स्थान दिइएको छ। जस्तै–

**षट्कं पौराणिकास्त्वष्टकमभिदधिरे संभवैतिह्ययोगात् ।**

*(मानमेयोदय ६)*

यसरी सम्मानित हुँदै आएको पौराणिक परम्परा कालक्रमले यति वलवान् हुँदै गयो कि इतिहास, पुराणहरूलाई श्रुति र स्मृतिभन्दा पनि बढी स्थान दिन थालियो। त्यसैले महाभारतमा पढियो–

**धर्मे चार्थे च कामे च मोक्षे च भरतर्षभ ।**
**यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तद् क्वचित् ॥**

*(महाभारत १/५६/३३)*

अर्थात् धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थका लागि जे महाभारतमा छ, त्यो अन्यत्र छ। जो यहाँ छैन, त्यो कहीं छैन।

**यन्न दृष्टं हि वेदेषु न दृष्टं स्मृतिषु द्विजाः ।**
**उभयोर्यन्न दृष्टञ्च तत्पुराणेषु गीयते ॥**

*(स्कन्दपुराण ७/१/२/९२)*

जो वेदमा देखिँदैन र स्मृतिमा पाइँदैन, त्यो सबै कुरा पुराणमा पाइन्छ ।

त्यस्तै अङ्ग-उपाङ्गसहित अरू चारै वेद र उपनिषद् आदि सबै शास्त्र पढे पनि पुराण नपढेसम्म अल्पज्ञ नै भइन्छ भन्ने पुरांणाचार्यहरूको कथन छ–

**यो विद्यात् चतुरो वेदान् साङ्गोपनिषदो द्विजः ।**
**न चेत् पुराणं संविद्यात् नैव सः स्याद्विचक्षणः ॥**

*(विष्णुपुराण)*

यस्तै पद्मपुराणमा पनि पुराण श्रवण नगरेसम्म शास्त्रतात्पर्य खुल्न सक्दैन भनिएको छ, जस्तै–

**बहुंशास्त्रं समभ्यस्य बहून् वेदान् सविस्तरम् ।**
**पुंसोऽश्रुतपुराणस्य न सम्यग्याति दर्शनम् ॥**
**पुराणं मानवो धर्म साङ्गो वेदश्चिकित्सितुम् ।**
**आज्ञासिद्धानि चत्वारि न हातव्यानि हेतुभिः ॥**

*(पद्मपुराण ४/१०५/१३)*

अर्थात् सबै शास्त्रहरूको अभ्यास गरेर, सबै वेदहरू कण्ठ गरे पनि पुराण नपढेसम्म वेदको तात्पर्य बुझ्न सकिँदैन। पुराण, मनुप्रणीत धर्म, वेद र वेदका अङ्गहरू परमात्माका आज्ञास्वरूप हुन्। यिनीहरूलाई तर्कको बलमा खण्डन गर्न पाइँदैन। पुराणको यो वैशिष्ट्य पुराणलाई वेदतात्पर्य व्याख्यानपरक ग्रन्थ मानिएको हुनाले भएको हो ।

## पुराणशब्दार्थ

शाब्दिक व्युत्पत्तिको दृष्टिले **पुरा भवम्** अर्थात् पहिले भएको भन्ने अर्थमा **सायंचिरंप्राह्नेप्रगेऽव्ययेभ्यष्टचुटचुलौ तुट् च** (अष्टाध्यायी ४/३/२३) भन्ने पाणिनीयसूत्रद्वारा टचु (अन)

प्रत्यय र **पूर्वकालैकसर्वजरत्पुराणनवकेवलाः समानाधिकरणेन** (अष्टाध्यायी२/१/४९) र **पुराणप्रोक्तेषु ब्राह्मणकल्पेषु** (अष्टाध्यायी ४/३/१०५) भन्ने पाणिनीयसूत्रमा पुराण शव्द पढिएको हुनाले निपातनात् तुट्को अभाव र णत्व गरेपछि पुराण शव्द सिद्ध हुन्छ । अथवा **पुरा नीयते** यस अर्थमा **पुराअव्ययपूर्वक नी** धातुदेखि **ड (अ)** प्रत्यय गरेर डित्वविधानसामर्थ्यात् टिलोप गरी वर्णयोग र णत्व गर्दा पुराणशव्द वन्छ । यसको तात्पर्य पनि व्यासादिप्रणीत, वेदार्थवर्णनपरक, पञ्चलक्षणान्वित शास्त्र भन्ने हो ।

**पुरा नवं** पहिलेको नयाँ यस अर्थमा पनि पुराणशव्द सिद्ध भएको छ । **इदं वा अग्रे न च किञ्चिदासीत् इत्यादिकं जगतः प्रागवस्थामुपक्रम्य सर्गप्रतिपादकं वाक्यजातं पुराणम्** (ऋग्वेद, उपोद्घातभाष्य) । **सृष्टेरितिहासः पुराणम्** यो पुराणको सर्वत्र प्रसिद्ध परिभाषा हो । तर श्रीमद्भागवतको सम्वन्धमा भने पुराणशव्दको भिन्नै व्युत्पत्ति गर्नु उपयुक्त हुन्छ । जसअनुसार जुन पुराणले जीवात्मालाई परमात्मातिर अभिमुख गराउँछ र परमात्मामा प्राप्त हुने उपाय वताउँछ, त्यसलाई पुराण भनिएको छ । **पुराणि अन्तःकरणानि जीवहृदयानि अनति उज्जीवयति इति पुराणम्** यस्तो व्युत्पत्ति गर्दा विषयवासनाद्वारा आवृत भई मोहनिद्रामा निदाएको जीवात्मालाई ज्ञानको प्रकाश दिई जगाउने ग्रन्थ पुराण हो भन्ने अर्थ हुन्छ । यस्तो व्युत्पत्तिचाहिँ केवल **कैवल्यैकप्रयोजनम्** भनिने श्रीमद्भागवत ग्रन्थमा पूरा मिल्न जान्छ ।

## पुराणलक्षण

प्रायः अधिकांश पुराणहरूमा पुराणका पाँच लक्षणहरू भएको वताइएको छ । जस्तै–

**सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।**
**वंशानुचरितञ्चैव पुराणं पञ्चलक्षणम् ।**

*(देवीभागवत १/२/१८)*

सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशानुचरित यी पाँच लक्षणले युक्त भएको ग्रन्थलाई पुराण भनिन्छ। श्रीमद्भागवतमा चाहिँ पुराणका दश लक्षणहरू भएको वताइएको छ।

**सर्गोऽस्याथ विसर्गश्च वृत्ती रक्षान्तराणि च ।**
**वंशो वंशानुचरितं संस्था हेतुरपाश्रयः ॥**
**दशभिर्लक्षणैर्युक्तं पुराणं तद्विदो विदुः ।**
**केचित्पञ्चविधं ब्रह्मन् महदल्पव्यवस्थया ॥**

*(श्रीमद्भागवत १२/७/९-१०)*

अर्थात् सर्ग, विसर्ग, वृत्ति, रक्षा, अन्तर, वंश, वंश्यानुचरित, संस्था, हेतु र अपाश्रय यी महापुराणका दश लक्षणहरू हुन्। कसैले पाँच लक्षण मात्र मानेका छन् । प्रसङ्गवश यी दुवै लक्षणहरू मिल्न जान्छन् । पूर्वोक्त पाँच लक्षणहरू चाहिँ उपपुराणमा पनि घट्न सक्ने लक्षण हुन् । भागवतोक्त दश लक्षणहरू भने महापुराणका लक्षण हुन् भन्ने कुरा पुराणहरूमा यसरी उल्लेख गरिएको छ–

**एतदुपपुराणानां लक्षणञ्च विदुर्बुधाः ।**
**महताञ्च पुराणानां लक्षणं कथयामि ते ।**
**सृष्टिश्चापि विसृष्टिश्च स्थितिस्तेषां च पालनम् ।**
**कर्मणां वासनं वार्ता मनूनाञ्च क्रमेण च ॥**
**वर्णनं प्रलयानाञ्च मोक्षस्य च निरूपणम् ।**
**उत्कीर्तनं हरेरेव देवानाञ्च पृथग्पृथक् ॥**
**दशाधिकं लक्षणञ्च महतां परिकीर्तितम् ।**

*(ब्रह्मवैवर्तपुराण ४/१३०/७-१०)*

CamScanner

यी पूर्वोक्त पाँच लक्षणहरू उपपुराणमा पनि घट्ने लक्षणहरू हुन्। महापुराणका लक्षणचाहिँ निम्नानुसार छन्– सृष्टि, विसृष्टि, स्थिति, पालन, कर्मको वासना, मनुहरूको कथा, प्रलयको वर्णन, मोक्षको निरूपण, भगवान्को चरित्र र देवताका कथाहरू यी दश र यहाँभन्दा अरू पनि महापुराणका लक्षणहरू हुन्।

यस्तै श्रीमद्भागवतको द्वितीय स्कन्धमा पनि यस महापुराणका दश लक्षणहरू वताइएका छन्।

**अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः।**
**मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः॥**
**दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम्।**
**वर्णयन्ति महात्मानः श्रुतेनार्थेन चाञ्जसा॥**

*(२/१०/१-२)*

अर्थात् सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति, आश्रय यी दश लक्षणहरूमध्ये दशौँ आश्रयतत्त्वको प्रतिपादनका लागि अन्य नौवटा लक्षणहरू पर्यवसित छन्। यो श्रुति र तात्पर्यद्वारा सिद्ध भएको विषयलाई महात्माहरूले वर्णन गरेका छन्।

यसबाहेक पुराणहरूको रचना गर्दा पुराणविशारद वेदव्यासले आख्यान, उपाख्यान, गाथा र कल्पशुद्धिलाई समेत स्थान दिइएको कुरा विष्णुपुराणमा उल्लेख भएको छ।

**आख्यानैश्चाप्युपाख्यानैर्गाथाभिः कल्पशुद्धिभिः।**
**पुराणसंहितां चक्रे पुराणार्थविशारदः॥**

*(विष्णुपुराण ३/६/१५)*

**स्वयं दृष्टार्थकथनं प्राहुराख्यानकं बुधाः।**
**श्रुतस्यार्थस्य कथनमुपाख्यानं प्रचक्षते॥**

अर्थात् आफैँले देखेको प्रसङ्गलाई वर्णन गर्नु आख्यान हो भने सुनेअनुसारको पूर्वप्रसिद्ध प्रसङ्गको वर्णन गर्नु उपाख्यान हो इत्यादि । यी महापुराणका दश लक्षणहरू श्रीमद्भागवतमा घट्छन् । यिनीहरूको विशेष प्रतिपादन तृतीयस्कन्धदेखि द्वादशस्कन्धसम्म क्रमश: भएको मानिन्छ । यी सबै लक्षणद्वारा प्रतिपाद्य अन्तिम आश्रयतत्त्वको रूपमा श्रीकृष्णतत्त्वको प्रतिपादन भएको छ ।

## पुराणरचनासमय

अनादि वैदिक सनातन संस्कृतिका संवाहक पुराणहरूको रचनाकाल निर्धारण गर्नु त्यति सहज छैन र उक्त संस्कृतिका अनुयायीहरूले वेदतुल्य सम्मानित ज्ञानराशिलाई अर्वाचीन रचना भनेर सिद्ध गर्ने चेष्टा गर्दैनन्। तर पनि केही पाश्चात्त्य विद्वान्हरूले वेद, पुराणआदिको रचनाकालको निर्णय गर्ने प्रयास गरेका छन्। त्यसैको प्रभावमा परेका केही भारतीय विद्वान्हरूले वेदको समेत रचनाकाल तय गर्न खोजेको पाइन्छ। उनीहरूले कतिपय पौराणिक प्रसङ्ग र इतिहासको कालखण्डलाई वैदिक काल, पौराणिक काल भनी विशेषित गरेको पनि पाइन्छ। पाश्चात्त्य विद्वान्हरूको अध्ययनशैली र पौरस्त्यवाङ्मयको अध्ययनमा देखिएको अभिरुचि स्तुत्य भए पनि त्यसको देखासिकीमा उपनिषद् पुराण आदिलाई धेरै अर्वाचीन सिद्ध गर्ने र यी वाङ्मयमा रहेको आस्थालाई कम गर्ने प्रयत्न गर्नु कत्ति पनि क्षम्य छैन। उनीहरूको अपूर्ण अध्ययनको पछि लाग्ने केही व्यक्तिहरूले पुराणलाई आजभन्दा जम्मा १००० वर्ष पूर्वको भनेको पनि पाइयो। आजभन्दा करिब २ हजार वर्ष पुराना मानिएका कालिदास आदिले जुन पुराणको आधारमा महाकाव्य लेखे, ती पुराणहरूलाई त्यहाँभन्दा अर्वाचीन ठान्नु आफ्नै अल्पज्ञताको परिचय दिनु मात्र हो ।

**क्वचित्क्वचित् पुराणेषु विरोधो यदि दृश्यते ।**
**कल्पभेदादिभिस्तत्र व्यवस्था सद्भिरिष्यते ॥**

*(मत्स्यपुराण २९०/१५)*

कहीलेकहीं पुराणहरूमा कतिपय प्रसङ्गमा विरोध देखियो भने त्यसलाई कल्पभेदको रूपमा यस्तो भएको हो भनेर समाधान गर्नुपर्दछ। देवीभागवतमा भने यस्तो समस्याको समाधानका लागि भिन्न-भिन्नै कल्पमा भिन्न-भिन्नै व्यास भएको प्रसङ्ग देखाइएको छ । यो प्रसङ्ग युक्तियुक्त पनि छ । कुनचाहिँ व्यासले कुन पुराणको रचना गरे भन्ने कुराको निर्णय त्यति सजिलो नभए तापनि वर्तमान अट्ठाइसौँ द्वापरयुगका व्यासको नाम कृष्णद्वैपायन व्यास भएको र अहिले वेदविभाजन एवं पुराणको रचना गर्ने जिम्मा यिनैको भएको कुरा पुराणहरूमा प्रसिद्ध छ । व्यास जतिसुकै होऊन्, तर पुराणका रचयिता व्यास नै हुन् भन्ने पौराणिक मान्यतामा विवाद छैन । साथै सबै पुराणहरूमा पुराणप्रवक्ता व्यासको रूपमा साक्षात् भगवान् नारायण नै अवतीर्ण हुनुभएको मानिएको छ–

**विस्ताराय तु वेदानां स्वयं नारायणः प्रभुः ।**
**व्यासरूपेण कृतवान् पुराणानि महीतले ॥**

## पुराणसंख्या र पुराणविभाग

प्राचीनकालमा चारै पुरुषार्थको बीज र अन्य शास्त्रको मूल पनि पुराण नै मानिन्थ्यो । तदनुसार आरम्भमा पुराण एउटै थियो । जसमा सयकरोड श्लोकसंख्या थियो । समयको परिवर्तनसँगै यति विस्तृत ग्रन्थको रूपमा रहेको ज्यादै ठूलो पुराणको अध्ययन गर्न र तात्पर्यनिर्णय गर्न मानिसहरू असमर्थ हुँदै गए। त्यसपछि सर्वसाधारण व्यक्तिहरूको हितका लागि साक्षात् भगवान्ले व्यास बनेर हरेक द्वापरयुगमा विस्तृत पुराणलाई चार

लाख श्लोकसंख्यामा उपनिबद्ध गर्नुभयो र पृथिवीलोकका लागि अट्ठार-अट्ठार संख्याका पुराणहरू बनाएर छाडिदिनुभयो । त्यसैको सारसंक्षेप यो हाल पृथिवीतलमा उपलब्ध पुराणसाहित्य हो भन्ने नारदीय पुराणको भनाइ छ–

पुराणमेकमेवासीत् सर्वकल्पेषु भारत ।
चतुर्वर्गस्य बीजञ्च शतकोटिप्रविस्तरम् ॥
प्रवृत्तिः सर्वशास्त्राणां पुराणादभवत्ततः ।
कालेनाग्रहणं दृष्ट्वा पुराणानां महामतिः ॥
हरिर्व्यासस्वरूपेण जायते च युगे युगे ।
तदष्टादशधा कृत्वा भूर्लोके निर्दिशत्यपि ॥
अद्यापि देवलोके तु शतकोटिप्रविस्तरम् ।
अस्त्येव तस्य सारन्तु चतुर्लक्षेण वर्ण्यते ॥

श्रीमद्देवीभागवत आदि पुराणहरूमा पुराणको विभाजन निम्नानुसार गरिएको छ ।

मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम् ।
अ–ना–प–लि–ङ्ग–कू–स्कानि पुराणानि पृथक्पृथक् ॥

*(देवीभागवत १/३/२)*

**मद्वय**–मत्स्य, मार्कण्येय **भद्वय**– भविष्य, भागवत
**ब्रत्रय**– ब्रह्म, ब्रह्माण्ड र ब्रह्मवैवर्त **वचतुष्टय**- वाराह, वामन, वायु र विष्णु
**अ**- अग्नि **ना**- नारद **प**- पद्म
**लि**- लिङ्ग
**ग**- गरुड **कू**- कूर्म **स्क**- स्कन्द

श्रीमद्भागवत र विष्णुपुराणमा परिगणित पुराणहरूमा वायुपुराणको नाम लिइएको छैन र त्यसको ठाउँमा शिवपुराणको

परिगणना गरिएको छ। यी अठ्ठार पुराणबाहेक अरू उपपुराण र औपपुराणहरू पनि पाइन्छन्। तिनीहरूको संख्या पनि अठ्ठार-अठ्ठार भएको मानिएको छ। (कूर्मपुराण १/१७/२०)। (देवीभागवत ३/१/१६ ), (स्कन्दपुराण देवाखण्ड १/४८/५२), (गरुडपुराण २१५/१७/२०) मा उपपुराणहरूको चर्चा छ। जसको नाम निम्नानुसार छ–

आदिपुराण, नारसिंहपुराण, नन्दीपुराण, शिवधर्मपुराण, दुर्वासापुराण, नारदपुराण, कपिलपुराण, वामनपुराण, औशनसपुराण, ब्रह्माण्डपुराण, वरुणपुराण, कालिकापुराण, माहेश्वरपुराण, साम्बपुराण, सौरपुराण, पाराशरपुराण, मारीचपुराण, भास्करपुराण।

यस्तै औपपुराणहरूको गणना यसप्रकार गरिएको छ– सनत्कुमार, बृहन्नारदीय आदित्यपुराण, सूर्यपुराण, नन्दिकेश्वरपुराण, कौर्मपुराण, भागवतपुराण, वशिष्ठपुराण, भार्गवपुराण, मुद्गलपुराण, कल्किपुराण, देवीपुराण, महाभागवतपुराण, बृहद्धर्मपुराण, परानन्दपुराण, वह्निपुराण, पशुपतिपुराण आदि।

यी पुराणहरूको नाम र संख्याहरूको उल्लेख गर्दा विभिन्न ठाँउमा मतभेद रहेको पनि पाइन्छ। केही पुराणहरू महापुराणसँगै नाम मिल्ने गरी दोहोरिएका पनि छन्। यहाँ केवल पुराणवाङ्मय विशाल छ र वेदमूलक सनातन पुराणप्रतिपादित आर्षपरम्पराको क्षेत्र विशाल छ भन्नमात्रै खोजिएको हो। यो कुरा मत्स्यपुराणको यस श्लोकबाट स्पष्ट हुन्छ–

**अष्टादशभ्यस्तु पृथक् पुराणं यत् प्रदृश्यते।**
**विजानीध्वं द्विजश्रेष्ठास्तथा तेभ्यो विनिर्गतम्।**

*(मत्स्यपुराण ५३/६३)*

अठ्ठार पुराणहरुभन्दा बाहेक जतिपनि पुराणहरु देखिन्छन्

ती सबै पुराणहरु यिनै अठार पुराणहरुबाट लिइएका हुन् भनेर बुझ्नु पर्छ ।

## महापुराणको रूपमा श्रीमद्भागवत

देवीभागवतमा देवीभागवतलाई र अन्य पुराणहरूमा भागवतलाई महापुराण मानिएको छ । कुनचाहिँ महापुराण हो र कुनचाहिँ होइन भन्ने विवाद टुङ्ग्याउने जिम्मेवारी हाम्रो नभए पनि यस प्रसङ्गमा आएका पूर्वाचार्यहरूका मतभेद र तिनको निष्कर्षलाई यहाँ केवल सङ्केत मात्र गरिएको छ । अठार पुराणको गणना गर्ने क्रममा हरेक ठाउँमा भागवतको नाम लिइएको छ । तर भागवत भनेर दुईवटा पुराणहरू प्रसिद्ध छन्- श्रीमद्भागवत र श्रीमद्देवीभागवत । अन्य विभिन्न पुराणहरूमा र कतिपय पुराणका व्याख्याता, आचार्यहरूका बीचमा पनि यस विषयमा मतभेद रहेको पाइन्छ । श्रीमद्भागवतको लक्षण गर्दै मत्स्यपुराणमा लेखिएको छ-

**यत्राधिकृत्य गायत्री वर्ण्यते धर्मविस्तरः ।**
**वृत्रासुरवधोपेतं तद्भागवतमिष्यते ॥**

*(मत्स्यपुराणम्)*

अर्थात् जहाँ विशेषगरी गायत्रीको वर्णनसँगै धर्मविस्तार गरिएको छ र जहाँ वृत्रासुरवध आदि प्रसङ्गहरू छन्, त्यो भागवत हो । अन्य पुराणमा पनि भागवतको यस्तै लक्षण लेखिएको छ–

**ग्रन्थोऽष्टादशसाहस्रो द्वादशस्कन्धसम्मितः ।**
**हयग्रीवब्रह्मविद्या यत्र वृत्रवधस्तथा ॥**
**गायत्र्या च समारम्भस्तद्वै भागवतं विदुः ।**
**अम्बरीषशुकप्रोक्तं नित्यं भागवतं शृणु ॥**

*(पद्मपुराणम्)*

CS CamScanner

**पठस्व स्वमुखेनैव यदीच्छसि भवक्षयम् ॥**

*(मत्स्यपुराणम्)*

अठ्ठारहजार श्लोकसंख्या भएको, द्वादशस्कन्धले युक्त, हयग्रीवको कथा र वृत्रासुरवधको प्रसङ्ग भएको, गायत्रीको मन्त्रद्वारा आरम्भ गरिने ग्रन्थलाई भागवत भनिन्छ। शुकदेवद्वारा उपदेश गरिएको भागवत ग्रन्थको नित्य श्रवण गर्नुपर्दछ। यदि संसारको बन्धनबाट मुक्त हुने इच्छा छ भने आफ्नै मुखले भागवतको पाठ गर्नू इत्यादि।

यस्तै मत्स्यपुराणमा पनि भागवतको लक्षण गरिएको छ–

**अर्थोऽयं ब्रह्मसूत्राणां भारतार्थविनिर्णयः।**
**गायत्रीभाष्यरूपोऽसौ वेदार्थपरिबृंहितः ॥**
**पुराणानां साररूपः साक्षाद् भगवतोदितः।**
**द्वादशस्कन्धसंयुक्तः शतविच्छेदसंयुतः।**

*(गरुडपुराण)*

श्रीमद्भागवत ब्रह्मसूत्रको अर्थ हो । महाभारतको तात्पर्यनिर्णय हो। गायत्रीको व्याख्यारूप भएको भागवत वेदार्थको विस्तार पनि हो। सबै पुराणहरूको सार हो। साक्षात् भगवान्द्वारा उपदेश गरिएको यो ग्रन्थ सयौँ अध्यायले युक्त छ। उपर्युक्त वचनहरूका आधारमा विचार गर्दा देवीभागवतलाई भागवतपदवाच्य भनेको र देवीभागवतलाई नै महापुराणमा परिगणना गरेको पनि पाइन्छ। देवीभागवतमा गायत्रीको वर्णन भएको, देवीद्वारा वृत्रासुरवध भएको प्रसङ्ग पनि आएको, हयग्रीवको कथा पनि आएको र गायत्रीछन्दवाला मन्त्र- **सर्वचैतन्यरूपां तामाद्यां विद्यां च धीमहि। बुद्धिं या नः प्रचोदयात् ॥** (देवीभागवत १/१/१) बाट ग्रन्थारम्भ भएको हुँदा देवीभागवत नै भागवत भनिने महापुराण हो भन्ने विचार केही आचार्यहरूको छ।

तर यिनै प्रमाणको आधारमा देवीभागवतलाई महापुराण मान्ने भागवतलाई नमान्ने भन्न चाहिँ मिल्दैन । किनभने श्रीमद्भागवतमा पनि गायत्रीको वर्णन छ । सुरुमा भएको **धीमहि** पद गायत्रीकै पद हो भने त्यहाँ आएको **जन्माद्यस्य यतः** यस पदको गायत्रीको **सवितुः वरेण्यं भर्गः** यी पदसँग अर्थसाम्य छ । यस्तै **धियो यो नः प्रचोदयात्**को प्रसङ्गलाई भागवतको **सद्यो हृद्यवरुध्यतेऽत्र कृतिभिः** यस पदावलीले सङ्केत गर्छ। यस्तै श्रीमद्भागवतमा गायत्रीको अर्थ मिल्ने अरु श्लोकहरू पनि छन्। जस्तै–

**परो रजः सवितुर्जातवेदो देवस्य भर्गो मनसेदं जजान ।**
**सुरेतसादः पुनराविश्य चष्टे हंसं गृध्राणं नृषद्रिङ्गिरामिमः ॥**

*(भागवत ५/७/१४)*

अर्थात् भगवान् कर्मफलदाता, प्रकृतिदेखि पर तेजस्वरूप हुनुहुन्छ। जुन भगवान्को सङ्कल्पद्वारा यो जगत्को उत्पत्ति हुन्छ र अन्त्यमा उनै भगवान्मा यो जगत् विलीन हुन्छ, यस्ता सम्पूर्ण जीव-जगत्लाई रक्षा गर्ने, हामी सबैका बुद्धिलाई सत्प्रेरणा दिने परमतेजको शरणमा जाऔँ।

यस्तै वृत्रासुरको प्रसङ्ग पनि श्रीमद्भागवतमा नै पाइन्छ । पूर्वोक्त सबै लक्षणहरू श्रीमद्भागवतमा भइकन थप महापुराण नै हो भन्ने कुरा नारदीय पुराणको भागवतकथाको सारसंक्षेपवर्णनसम्वन्धी प्रसङ्गवाट स्पष्ट हुन्छ। जस्तै–

**श्रीमद्भागवतं नाम पुराणं वेदसम्मितम् ।**
**तत्राष्टादशसाहस्रं कीर्तितं पापनाशनम् ॥**
**सुरपादपरूपोऽयं स्कन्धैर्द्वादशभिर्युतः ।**
**भगवानेव विप्रेन्द्र विश्वरूपी समाहितः ॥**

**तत्र तु प्रथमे स्कन्धे सुतर्षीणां समागमः ।**
**व्यासस्य चरितं पुण्यं पाण्डवानां तथैव च ॥**
**पारीक्षितमुपाख्यानमितीदं समुदाहृतम् ।**

वेदतुल्य श्रीमद्भागवत ग्रन्थ कल्पवृक्षसमान छ। यस ग्रन्थमा विश्वरूपी साक्षात् भगवान्को प्रतिपादन गरिएको छ। जुन ग्रन्थको प्रथमस्कन्धमा सूत-शौनकादिको र व्यासको चरित्र वर्णन गरिएको छ। साथै पाण्डवहरूको प्रसङ्गमा परीक्षित्को कथा छ इत्यादि। यस्तै स्कन्दपुराणको प्रभासखण्डमा पनि पुराणहरूको परिगणना गर्ने क्रममा विष्णुप्रतिपादक श्रीमद्भागवत नै अष्टादशमहापुराणान्तर्गत हो भनेर बताइएको छ। श्रीमद्भागवतको माहात्म्यमा **दश सप्त पुराणानि** भनेर सत्र पुराणको रचना भएपछि भागवतको रचना भएको बताइएको हुनाले भागवत नै महापुराणअन्तर्गत भन्ने कुरा सिद्ध हुन्छ। यद्यपि कतिपय प्रमाणहरूले देवीभागवतलाई पनि महापुराणको परिगणनामा राखेका छन्। शिवपुराणको उत्तरभागमा लेखिएको छ-

**भगवत्याश्च दुर्गायाश्चरितं यत्र वर्तते ।**
**तत्तु भागवतं प्रोक्तं नतु देवीपुराणकम् ॥**

जहाँ भगवती दुर्गाको चरित्र वर्णन गरिएको छ, त्यस ग्रन्थलाई भागवत भनिन्छ। देवीपुराण छुट्टै ग्रन्थ हो, भागवत होइन। यस प्रसङ्गबाट देवीभागवतलाई नै भागवत भन्नुपर्ने तर्क पनि दिइन्छ, तर पनि प्रस्तुत श्रीमद्भागवतमा पनि विभिन्न ठाउँमा दुर्गाचरित्र पाइन्छ। जस्तै –

**दुर्गेति भद्रकालीति विजया वैष्णवीति च ॥**
**कुमुदा चण्डिका कृष्णा माधवी कन्यकेति च ॥**
**माया नारायणीशनी शारदेत्यम्बिकेति च ॥**

*(१०/२/११,१२)*

CamScanner

**विष्णोर्माया भगवती यया सम्मोहितं जगत्**
**आदिष्टा प्रभुणांशेन कार्यार्थे सम्भविष्यति ॥**

*(१०/१/२५)*

इत्यादि दुवैतिरका प्रमाणहरूको बलाबल विचार गर्दा श्रीमद्भागवतलाई महापुराणको परिगणनाभन्दा बाहिर राख्न सकिँदैन। वास्तवमा एउटै परमात्मतत्त्व श्रीकृष्ण र राधाशक्तिको रूपमा प्रकटित भएको हो–

**तस्माज्ज्योतिरभूद् द्वेधा राधामाधवरूपकम् ।**

*(गोपालसहस्रनाम, सम्मोहनतन्त्र)*

यसरी विचार गर्दा श्रीकृष्णतत्त्वलाई प्राधान्येन वर्णन गर्दा श्रीमद्भागवत र राधातत्त्वलाई देवीशक्तिको रूपमा वर्णन गर्दा श्रीमद्देवीभागवतलाई महापुराण मानिएको हो भन्न पनि सकिन्छ। राधा र कृष्णमा भेद नभएझैं शक्ति र शक्तिमान् अभिन्न भएझैं श्रीमद्भागवत र देवीभागवत दुवै अभिन्न परमात्मतत्त्वका प्रतिपादक ग्रन्थ हुन् । अतः यस विषयमा विवाद गर्नुपर्ने आवश्यकता छैन ।

## वेदतात्पर्यको रूपमा श्रीमद्भागवत

श्रीमद्भागवतलाई सर्ववेदान्तसार भनिएको छ । वेदमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन काण्डहरू छन्। चार वेदका १ लाख मन्त्रहरूमध्ये ८० हजार मन्त्रहरूले कर्मभाग, १६ हजार मन्त्रहरूले उपासनाभाग र बाँकी ४ हजार मन्त्रहरूद्वारा ज्ञानभागको वर्णन भएको छ । यसरी भिन्न-भिन्न प्रकरणद्वारा भिन्न-भिन्न विषयको प्रतिपादन हुँदा समग्र वेदको तात्पर्य के हो वा निष्कर्ष के हो ? भनेर निर्धारण गर्न कठिनाइ भएको छ। त्यसैले मीमांसाशास्त्रमा समग्र वेदको तात्पर्यनिर्धारण गर्ने प्रयत्न भएको छ ।

**माङ् माने** धातुबाट पूज्यविचार भन्ने अर्थमा मीमांसाशब्द सिद्ध हुन्छ । वास्तवमा वेदार्थनिर्णयात्मक विचार नै मीमांसा हो । यसका दुई भाग छन् । जसलाई पूर्व र उत्तर गरी छुट्याइएको छ । पूर्वमीमांसामा वेदको कर्मभागको र उत्तरमीमांसामा ज्ञानभागको विचार गरिएको छ । **आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्** (मीमांसासूत्र) अर्थात् सबै वेद कर्मपरक हुन् । वेदको तात्पर्य कर्म नै हो । क्रियापरक वाक्य नै वेद हुन सक्छ । सिद्धार्थपरक वाक्य वेद हुँदैन । त्यसैले हरेक मन्त्रहरू चाहे ती उपासनाप्रकरणका होऊन् वा ज्ञानप्रकरणका सबैको तात्पर्य कर्म नै हो । **तत्त्वमसि** इत्यादि महावाक्यहरू पनि कर्मकै सहयोगी कर्तृस्वरूपप्रतिपादक वाक्य हुन् भन्ने पूर्वमीमांसाको तात्पर्य हो ।

उत्तरमीमांसामा भने समग्र वेदको तात्पर्य जीवात्मा र परमात्माको एकता सिद्ध गर्ने ज्ञान नै हो, जसले कैवल्य सिद्ध गर्दछ भनिएको छ । तर, यो ज्ञान मलिन र चञ्चल चित्तवृत्ति भएका व्यक्तिहरूलाई प्राप्त हुन सक्दैन । त्यसैले अलग-अलग अधिकारीहरूका लागि वेदमा कर्म, उपासना र ज्ञानको वर्णन गरिएको हो । अर्थात् वेदका यी तीनै काण्डहरू अलग-अलग अधिकारीहरूका लागि हुन् । चित्तको मलदोष निवृत्तिका लागि कर्म र विक्षेपदोष निवृत्तिका लागि उपासना विहित छन् । चित्तशुद्धिपछि ज्ञानद्वारा अपरोक्ष आत्मतत्त्व साक्षात्कार हुन्छ र त्यसपछि जीवात्मा कृतकृत्य बन्न जान्छ । श्रीमद्भागवतमा ती तीनै किसिमका साधनहरूको वर्णन गरिएको छ । श्रीमद्भागवतबाट वेदोक्त कर्म, उपासना र ज्ञान तीनवटैको पूर्णता प्राप्त हुन्छ ।

## भागवतशब्दको व्युत्पत्ति

भागवत शब्दको मूल भगवत् शब्द हो । **भग अस्यास्ति** यस अर्थमा भगशब्ददेखि तद्धितको मतुप् प्रत्यय गरेर भगवत् शब्द बन्छ । यसरी बनेको भगवत् शब्ददेखि विभिन्न अर्थमा तद्धितको अण् प्रत्यय गरेर भागवतशब्द सिद्ध हुन्छ । **भगवता प्रोक्तं भागवतम् (तेन प्रोक्तम्), भगवते इदं भागवतम् (तस्मै इदम्), भगवतः आगतं भागवतम् (तत आगतः), भगवतः इदं भागवतम् (तस्येदम्), भगवति प्रापकं भागवतम्** यी व्युत्पत्तिहरूद्वारा सिद्ध हुने भागवतशब्दको अर्थ साक्षात् भगवान्‌द्वारा उपदिष्ट भएको, भगवान्‌मा पुऱ्याउने, भगवान्‌सम्बन्धी ग्रन्थ भन्ने हुन्छ । तर भागवत ग्रन्थको सम्बन्धमा भागवत शब्दको यतिमात्र अर्थ गरेर पुग्दैन । यहाँ त भगवान्‌का भक्तहरूलाई पनि भागवत भनिन्छ । उनीहरूको लीलाचरित्र वर्णन गरेको भन्ने अर्थमा पनि भागवतशब्द बनेको छ । **भगवतः भक्ताः भागवताः, तेषामिदं भागवतम्** । यी जुनसुकै व्युत्पत्ति गरे पनि श्रीमद्भागवतको सम्बन्ध केवल भगवान्‌सँग रहेको कुरा स्पष्ट हुन्छ ।

विष्णुपुराणमा भगवान् शब्दको अर्थ यसरी गरिएको छ–

**उत्पत्तिं प्रलयञ्चैव भूतानामागतिं गतिम् ।**
**वेत्ति विद्यामविद्याञ्च स वाच्यो भगवानिति ॥**

*(विष्णुपुराण)*

अर्थात् जसले प्राणीहरूको उत्पत्ति, प्रलय, आगमन, गति, विद्या र अविद्यासमेतलाई जान्दछ त्यस्तो तत्वलाई भगवान् भनिन्छ । यस्ता भगवान्‌लाई प्रतिपादन गर्ने ग्रन्थ भएको हुनाले यस ग्रन्थलाई भागवत भनिएको हो । यस प्रसङ्गमा भगवान् पदमा आउने भग शब्दको अर्थ पनि विचारणीय छ । जसको चर्चा यसरी गरिएको छ–

ग्रन्थका ३३२ साना हाँगाहरू छन् । १८ हजार पातहरू भएको यो ग्रन्थ सर्वोपरि सुशोभित छ ।

मूल ग्रन्थमा र अन्यत्र पनि ग्रन्थको श्लोकसंख्या वर्णन गर्दा श्रीमद्भागवतको श्लोकसंख्या अठ्ठार हजार भने पनि हाल त्यति संख्या पाइँदैन । वर्तमान उपलब्ध संस्करणहरूमा विभिन्न छन्दका गरी जम्मा चौधहजार दुईसय चौसठ्ठी श्लोक उपलब्ध हुन्छन् । अठ्ठार हजार श्लोकसंख्या नपुग्दा मूल ग्रन्थ कतै हराएको वा अपूर्ण भएको त होइन ? भन्ने शङ्का गरेको पनि पाइन्छ, तर त्यस्तो शङ्का गर्नु आवश्यक छैन । हाल उपलब्ध विभिन्न अक्षरसंख्या भएका सबै छन्दका सबै श्लोक र अध्यायान्त पुष्पिकावाक्यको समेत अक्षरसंख्यालाई जम्मा गरी अनुष्टुप्छन्दको श्लोकसंख्यालाई बत्तीसले भाग दिंदा र बीचबीचमा आउने उवाचहरूको समेत संख्यालाई जोड्दा जम्मा अठ्ठार हजार (डेढ श्लोक कम) हुन जान्छ । त्यसैले यो वर्तमानमा उपलब्ध पाठ पूर्णपाठ नै हो । जम्मा डेढ श्लोक कम हुनुचाहिँ सामान्य पाठभेद पनि हुनसक्छ वा दृष्टिदोष पनि भन्ने आचार्यहरूको भनाइ छ ।

विभिन्न छन्द र गद्यपद्यका जम्मा उपलब्ध श्लोकसंख्या १४२६४

यिनलाई बत्तीस अक्षरको अनुष्टुप् छन्दमा परिवर्तन गरिहेर्दा १६२६०

अध्यायान्त पुष्पिकावाक्यको अक्षरलाई गणना गरी अनुष्टुप् मान्दा ४१८

उवाचान्त वाक्यहरूलाई समेत मन्त्र मानेर प्रत्येकलाई गणना गर्दा १३२०

यसरी सबैलाई जोड्दा हुनजाने सम्पूर्ण ग्रन्थको जम्मा श्लोकसंख्या १७९९८

जसलाई गङ्गासहायले श्लोकबाट यसरी वर्णन गर्नुभएको छ–

त्रिभूमिनागा रसनन्दरामाः सार्द्धा नृपेन्द्राः भुजवाणशक्राः ।
सार्द्धाङ्गरामाद्रिमिता गजेषु नागोन्मिताः सार्द्धखतर्कशैलाः ॥

गजाग्निनन्दाश्चतुरद्रिगावस्त्यद्र्यङ्करामाः नगशैलविश्वे ।
सार्द्धाङ्कषट्पञ्च च गद्यपद्यसंख्याक्रमात्स्कन्धगतावगम्या ॥

समुद्रषड्द्रिङ्मनवोऽखिलैक्यमेषामनुष्टुब्मितयस्तु वेद्याः ।
रामाभ्रनन्दा अथ सार्द्धचक्षुशैलाब्धयः सार्द्धषडभ्रभूपाः ॥

पादोनखद्वन्द्वनृपास्त्रिनागसूर्याविपादाभ्रशराङ्कसंख्याः ।
सार्द्धाद्रिवेदाष्ट च साङ्घ्रचन्द्रपञ्चाभ्रभूम्यो मनुदिङ्मिताश्च ॥

तत्त्वाब्धिवेदा अथ साङ्घ्रवेदाद्रीन्द्राः सपादाः गुणचन्द्रतर्काः ।
सर्वैक्यमङ्घ्र्यूनखषड्द्विभूपाः उवाचवाचो गजषड्जिनाश्च ॥

खेन्द्राश्च सप्ताङ्गभुवः कुबाणाः भूताभ्रभूम्योब्धिगजा काष्ठाः।
नवेशवस्त्रीषु गुणा नवेशा गोऽम्बूनि चैक्यन्तु खद्रिगगुणाक्ष्माः ॥

प्रायेण पादान्वितपद्यमानमत्रैकमध्यायसमाप्तिगद्यम् ।
पादोननन्देन्दुचतुर्मितानि पद्यानि तेषामिति कल्पितानि ॥

जातानि सर्वस्य युतौ सहस्राण्यष्टादशाध्यर्धमिहोनमेकम् ।
तत्पाठभेदान्मम वा प्रमादादत्यन्तमल्पं न हि दोषपात्रम् ॥

*(श्रीमदभागवत अन्वितार्थप्रकाशिका टीका)*

## श्रीमद्भागवतका पाठभेदहरू

श्रीमद्भागवतका कतिपय प्राचीन पुस्तकहरूमा हेर्ने हो भने प्रशस्त पाठभेद भएको पाइन्छ । ती सबै पाठभेदलाई समेटेर अध्ययन गर्नु छुट्टै अनुसन्धानात्मक कार्य हुन जान्छ । हाल उपलब्ध विभिन्न संस्करणमध्ये धेरै संस्करणलाई विचार

CamScanner

गरी तयार पारिएको गीताप्रेसबाट प्रकाशित पुस्तकको पाठ अपेक्षाकृत शुद्ध र प्रामाणिक मानिएको हुनाले यहाँ पनि प्राय: त्यही पाठलाई आधार मानिएको छ । कहींकतै श्रीधरस्वामीको टीकामा उल्लिखित पाठलाई भने विशेष महत्त्व दिने प्रयत्न गरिएको छ ।

## श्रीमद्भागवतका आर्षप्रयोगहरू

श्रीमद्भागवतलाई वेदसमान आदरणीय ग्रन्थ मानिएको छ। वेदका कतिपय प्रयोगहरू लौकिक व्याकरणद्वारा सिद्ध हुँदैनन्, त्यस्ता शब्दहरूको सिद्धिका लागि पाणिनिले पनि छुट्टै सूत्रको रचना गर्नुपरेको थियो । त्यति गर्दा पनि सबै शब्दको सिद्धि सम्भव नभएर **बहुलं वा उभयथा** इत्यादि शब्दको सहारा लिएर काम चलाउनुपरेको थियो। अझ बाध्य भएर **षष्ठीयुक्तश्छन्दसि वा** अष्टाध्यामी यस सूत्रमा योगविभाग गरी सबै विधिहरू वेदमा वैकल्पिक हुन्छन् भन्नुपरेको थियो। त्यस्तै श्रीमद्भागवतमा पनि कतिपय शब्दहरू लौकिक व्याकरणद्वारा सिद्ध हुँदैनन् । त्यस्ता केही पदहरूलाई वैदिक व्याकरणको बहुलग्रहणको आधारमा सिद्ध गर्नुपर्ने हुन्छ । जसका केही उदाहरणहरू निम्नानुसार छन्–

सत्यं परं धीमहि, स्वर्धुन्यापोऽनुसेवया, दुर्मेधान् ह्वसितायुषः, रिरक्षुः, विवत्सामि, व्रजतीर्विरेजुः, ध्येयः पूज्यश्च नित्यदा, वर्णाश्रमविभागशः, धान्वन्तरं द्वादशमम्, अल्पमेधसः, दुहन्तीं निशि गां पथि, स्तुन्वन्ति दिव्यैः स्तवैः, त्राह्यात्मयोने, त्रयी न श्रुतिगोचरा, नाहं न यूयं यदृतां गतिं विदुः, स्वधमनि ब्रह्मणि रंस्यते नमः, इत्यभिष्टूय पुरुषम्, मा मा शुचः स्वतनयम्, मुसलं खल्वयस्मयम्, सात्वतां पतये नमः, तव परि ये चरन्त्यखिलसत्त्वनिकेततया,

समिद्भिरजुहोद् द्विजः, जुहावैतत् शिरः शत्रोः, करस्थेनाहनत् प्रभुः, त्रायते त्राति विश्वात्मा, इत्युक्त्वाऽथारुहत् स्वर्गम्, गृभीत गुणाम्, भौमप्रयुक्ता निरगन्धृतायुधाः, मृगान् कृष्णान् शुक्लदतः, इत्येवम् उत्तरामातः, न्यासः शीर्षणि संस्थितः, व्रजतीर्विरेजुः, दुग्धेमामोषधीर्विप्राः, यदूनां त्वावतां प्रभो, सत्वेन नो वरदया तनुवा निरस्य, शन्नः कृधीश भगवन्नसि दीननाथः, हि चक्रेत्मनात्मने, शेषेत्मना निजसुखानुभवो निरीहः, संरोहयित्वा भवभावनो हरिः, प्रेक्षयित्वा भुवो गोलम् इत्यादि धेरै ठाउँमा आर्षप्रयोगहरू भएको पाइन्छ। जसलाई वैदिक सूत्रहरूद्वारा सिद्ध गर्न सकिन्छ। यस्ता उदाहरणबाट पनि भागवतलाई वैदिक प्रयोगको प्रतिनिधि ग्रन्थ भनेर मान्ने गरिएको छ।

## श्रीमद्भागवतमा छन्दःप्रयोग

संस्कृत वाङ्मयका ग्रन्थहरूको संरचनागत विशेषता भनेको छन्दःप्रयोग नै हो। छन्दको निश्चित नियममा अक्षरसंख्यालाई ढालेर श्लोक उच्चारण गर्दा विशेष नियममा बाँधिनुपर्दछ। यसरी श्लोक उच्चारण गर्दा श्रोता, वक्तालाई छुट्टै मिठासको अनुभव पनि हुन्छ । श्रीमद्भागवतमा गद्यबाहेकका प्रायः सबैजसो श्लोकहरू छन्दका नियममा बाँधिएका छन्, जसका लक्षण र उदाहरणहरू निम्नानुसार छन्।

| छन्दको नाम | लक्षण-सङ्केत | उदाहरण-सङ्केत |
|---|---|---|
| अनुष्टुप् | श्लोके षष्ठं गुरु ज्ञेयं सर्वत्र लघु पञ्चमम्। द्विचतुष्पादयोर्ह्रस्वं सप्तमं दीर्घमन्ययोः ॥ | नैमिषे निमिषक्षेत्रे ऋषयः शौनकादय। |
| इन्द्रवज्रा | स्यादिन्द्रवज्रा यदि तौ जगौ गः | तन्नः परं पुण्यमसंभृतार्थम्। |

| | | |
|---|---|---|
| उपेन्द्रवज्रा | उपेन्द्रवज्रा प्रथमे लघौ सा | स वै भवान् वेद समस्तगुह्यम् । |
| उपजाति | इन्द्रवज्रा र उपेन्द्रवज्राको मिश्रण | स वा इदं विश्वममोघलील । |
| वंशस्थ | जतौ तु वंशस्थमुदीरितं जरौ | नमन्ति यत्पादनिकेतनात्मन: । |
| वसन्ततिलका | ज्ञेया वसन्ततिलका तभजा जगौ ग: | यं प्रव्रजन्तमनुपेतमपेतकृत्यम् । |
| प्रमाणिका | प्रमाणिका जरौ लगौ | हरे तवाङ्घ्रिपङ्कजम् । |
| शालिनी | मात्तौ गौ चेच्छालिनी भोगिलोकै: | एवं राजा विदुरेणानुजेन । |
| वातोर्मी | वातोर्मीयं गदिताम्भौ गतौ ग: | दृष्ट: किन्नो दृग्भिरसद्ग्रहैस्त्वम् । |
| इन्दिरा | हि नररलैर्गुराविन्दिरा मता | जयति तेऽधिकं जन्मना व्रज । |
| स्वागता | स्वागतेति रनभाद् गुरुयुग्मम् | वामबाहुकृतवामकपोलो । |
| द्रुतविलम्बित | द्रुतविलम्बितमाह नभौ भरौ | निगमकल्पतरोर्गलितं फलम् । |
| भुजङ्गप्रयात | भुजङ्गप्रयातं चतुर्भिर्यकारै: | अयं त्वत्कथामृष्टपीयूषनद्याम् । |
| स्रग्विणी | रैश्चतुर्भिर्युता स्रग्विणी सम्मता: | स्वागतं ते प्रसीदेश तुभ्यं नम: । |
| रुचिरा | चतुर्ग्रहैरिह रुचिरा जभस्जगा: | पिबन्ति ये भगवत आत्मन: सताम् |
| प्रहर्षिणी | म्नौ ज्रौ यस्त्रिदश यति: प्रहर्षिणीयम् | यज्ञोऽयं तव यजनाय केन सृष्ट: । |

| | | |
|---|---|---|
| मञ्जुभाषिणी | सजसा जगौ भवति मञ्जुभाषिणी | जगदुद्भवस्थितिलयेषु दैवतः |
| मत्तमयूरम् | वेदैरन्ध्रैर्म्तौ यसगा मत्तमयूरम् | अंशां शास्ते देवमरीच्यादय एते |
| मालिनी | नयमयययुतेयं मालिनी भोगिलोकैः | तव वरद वराङ्घ्रावासिसे हाऽखिलार्थः |
| मन्दाक्रान्ता | मन्दाक्रान्ताम्बुधिरसनगैर्मो भनौ तौ गयुग्मम् | उत्पत्त्यध्वन्यशरणउरुक्लेश दुर्गान्तकोग्रे । |
| शिखरिणी | रसैःरूद्रैश्छिन्ना यमनसभलागः शिखरिणी | पुरा कल्पापाये स्वकृतमुदरीकृत्य विकृतम् |
| नर्कुटकम् | यदि भवतो नजौ भजजला गुरु नर्कुटकम् | जय जय जह्यजामजित दोषगृभीतगुणान् । |
| शार्दूल-विक्रीडितम् | सूर्याश्वैर्मसजस्तताः सगुरवः शार्दूलविक्रीडितम् | जन्माद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट् |
| स्रग्धरा | म्रभ्नैर्यानां त्रयेण त्रिमुनियतियुता स्रग्धरा कीर्तितेयम् | गुर्वर्थे त्यक्तराज्यो व्यचरदनुवनं पद्मपद्भ्यां प्रियायाः |
| वैतालीय | षड्विषमेष्टौ समे कलास्ताश्च समे स्युर्नो निरन्तराः । न स मात्रपराश्रिताः कला वैतालीयन्ते रलौ गुरुः | प्रियरावपदानि भाषसेऽमृतसञ्जीविकयानया गिरा । |
| औपच्छन्दसिकम् | पर्यन्तेयौ तथैव शेषमौपच्छन्दसिकं सुधीभिरुक्तम् | इदमप्यच्युतविश्वभावनं वपुरानन्दकरं मनोदृशाम् |

| | | |
|---|---|---|
| पुष्पिताग्रा | अयुजि नयुगरेफतो यकारो युजि च नजौ जरगाश्च पुष्पिताग्रा | इति मतिरूपकल्पिता वितृष्णा भगवति सात्त्वतपुङ्गवे विभुम्नि । |
| आर्या | यस्या पादे प्रथमे द्वादशमात्रास्तथा तृतीयेऽपि । अष्टादश द्वितीयके चतुर्थके पञ्चदश सार्या | अजितजित: सममतिभि: । |

यसप्रकार श्रीमद्भागवतमा विभिन्न लक्षणवाला छन्दहरूको उपयोग गरिएको छ । कतिपय छन्दमा भिन्नभिन्न छन्दका लक्षणहरूको सम्मिश्रण पनि पाइन्छ । ती मिश्रित छन्दहरू हुन् । कतिपय श्लोकमा छन्दका नियमको पूर्ण पालन नभएको पनि देखिन्छ। त्योचाहिँ आर्षग्रन्थ भएकोले दोष मानिएको छैन ।

## श्रीमद्भागवतमा अलङ्कार, रस र ध्वनि

श्रीमद्भागवत ग्रन्थ साहित्यिक सौन्दर्यले युक्त भएको ग्रन्थ भन्न सङ्कोच मान्नुपर्दैन । तत्तत् प्रसङ्गमा श्रीमद्भागवतमा विभिन्न अलङ्कारको प्रयोग भएको छ । शब्दालङ्कारको रूपमा अनुप्रासको प्रयोग अत्यधिक पाइन्छ भने अर्थालङ्कार पनि पर्याप्त पाइन्छन् । जसका केही उदाहरणहरू निम्नानुसार छन्–

उपमा अलङ्कारको रूपमा दशमस्कन्धको २० औं अध्याय पूरै लिन सकिन्छ । जसमा वर्षा र शरद् ऋतुको वर्णनका क्रममा यी उदाहरण उल्लेखनीय छन् –

**निशामुखेषु खद्योतास्तमसा भान्ति न ग्रहाः ।**
**यथा पापेन पाखण्डा न हि वेदाः कलौ युगे ॥**

*(श्रीमद्भागवत, १०/२०/८)*

**खमशोभत निर्मेघं शरद्विमलतारकम् ।**
**सत्त्वयुक्तं यथा चित्तं शब्दब्रह्मार्थदर्शनम् ॥**

*(श्रीमद्भागवत, १०/२०/४३)*

उल्लेखअलङ्कारको सुन्दर उदाहरणको रूपमा निम्न श्लोकलाई लिन सकिन्छ –

**मल्लानामशनिर्नृणां नरवरः स्त्रीणां स्मरो मूर्तिमान्**
**गोपानां स्वजनोऽसतां क्षितिभुजां शास्ता स्वपित्रोः शिशुः ॥**
**मृत्युर्भोजपतेर्विराडविदुषां तत्त्वं परं योगिनां**
**वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः ॥**

*(भागवत १०/४३/१७)*

साहित्यिक रचनामा रसको पनि ठूलो महत्त्व हुन्छ। अन्य साहित्यका लक्षणग्रन्थहरूमा श्रृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, वीभत्स, रौद्र समेतका आठ रस र नवौँ रसको रूपमा शान्तरसलाई स्थान दिइएको छ। भक्तिसाहित्यमा भने भगवद्विषयक रतिलाई भक्तिरसको रूपमा व्याख्या गरी भक्तिरसलाई नै अङ्गीरस मानेर अरू रसहरू भक्तिरसका सहायक अङ्गरसको रूपमा उल्लेख गरिएको छ। विभाव, अनुभाव र व्यभिचारीभावबाट परिपुष्ट भई सुखको रूपमा अभिव्यक्त हुने स्थायीभावलाई नै रस भनिएको छ। वस्तुतः रस आत्मरूप नै हो। यहाँ श्रीकृष्णचन्द्र भगवान् परमरसको रूपमा हुनुहुन्छ। त्यसैले गोप-गोपीहरूको मात्र नभई समस्त स्थावर जङ्गमसमेतको भगवान् श्रीकृष्णमा अत्यन्त स्नेह भएको हो। यद्यपि व्यवहारमा पति-पुत्र र धन-सम्पत्तिमा पनि स्नेह गरिन्छ, तर त्यो स्नेह वस्तुतः आत्माका निमित्त भएको हो। भगवान् श्रीकृष्ण साक्षात् आत्मरूप भएको हुनाले नै उहाँमा अत्यधिक प्रेम भएको देखिन्छ। त्यसैले भनिएको छ–

**कृष्णमेनमवेहि त्वमात्मानमखिलात्मनाम् ।**
**जगद्धिताय सोऽप्यत्र देहीवाभाति मायया ॥**

*(श्रीमद्भागवत, १०/१४/५५)*

भागवतका विभिन्न प्रसङ्गमा श्रृङ्गार आदि सबै रसहरू प्रयुक्त छन् । श्रृङ्गाररसको अनुपम उदाहरण जस्तै–

**बाहूप्रसारपरिरम्भकरालकोरूनीवीस्तनालभननर्मनखाग्रपातैः ।**
**क्ष्वेल्यावलोकहसितैर्व्रजसुन्दरीणामुत्तम्भयन्रतिपतिं रमयाञ्चकार॥**

*(श्रीमद्भागवत, १०/२९/४६)*

त्यतिमात्र नभई पूर्वोक्त **मल्लानाम् अशनिः भन्ने** एउटै श्लोकमा सबै रसको यसरी प्रयोग भएको विद्वान्हरूले उल्लेख गरेका छन्–

**मल्लानाम् अशनिः** अत्यन्तै बलवान् चाणूर, मुष्टिकजस्ता पहलमानहरूको नजरमा भगवान् श्रीकृष्ण वज्रतुल्य हुनुहुन्थ्यो भन्दा **रौद्ररस** प्रकट भएको छ । **नृणां नरवरः** अर्थात् सर्वसाधारण मनुष्यहरूका लागि भगवान् श्रीकृष्ण विशेष चमत्कारी गुण, रूप, शील आदिले युक्त नपत्याइँदो स्वभावका मनुष्य हुनुहुन्थ्यो भन्दा यहाँ **अद्भुत रस** प्रकट भएको देखिन्छ । **स्त्रीणां स्मरः** अर्थात् स्त्रीहरूका लागि भगवान् श्रीकृष्ण ज्यादै सुन्दर रूप, अति मीठो बोली र साह्रै रहरलाग्दो सौकुमार्यका निधि भएका हुनाले कामदेवसमान देखिनुहुन्थ्यो भन्दा **श्रृङ्गाररस** प्रकट भएको छ। यस्तै **गोपानां स्वजनः** श्रीदामा आदि गोपबालकहरूको दृष्टिमा भगवान् कृष्णलाई ख्याल-ठट्टा गर्ने, हात्तीको दाँतलाई बोकेर आउनुभएका आफन्त जस्तै देखिनुहुन्थ्यो । अतः यहाँ **हास्य** र **सख्यरस** दुवै देखिन्छ। दुष्ट राजाहरूका नजरमा चाहिँ **शास्ता** अर्थात् दण्ड दिने अतिशय पराक्रमशाली देखिनुभयो भन्दा यहाँ **वीररस** प्रकट भएको छ । यस्तै **स्वपित्रोः शिशुः**

अर्थात् आफ्ना पिता-माता वसुदेव र देवकीको दृष्टिमा भगवान् अत्यन्तै मायालाग्दो बालक देखिनुभयो । यहाँ पितामाताको नजरमा श्रीकृष्णप्रतिको भाव **वात्सल्य र करुणरसले** परिपूरित देखिन्छ। **भोजपतेः मृत्यु** अर्थात् कंसका नजरमा आफूले पठाएका सम्पूर्ण असुरहरूलाई मारिसकेको र आफूलाई पनि मार्न आएको मृत्युजस्तै लाग्नुहुन्थ्यो। यहाँ भगवान्को स्वरूपमा **भयानक रस** आविर्भाव भएको देखिन्छ। **अविदुषां विराट्** अर्थात् तत्त्वज्ञान नभएका सर्वसाधारण व्यक्तिहरूले भगवान्लाई गोपीहरूसँग खेल्ने सामान्य तुच्छ गोपबालक सोचिरहेकोमा अहिले अचानक कंसको रङ्गमञ्चमा देख्दा विराट्रूपको जताततै आँखा, हात र मुख देखिने विराट्स्वरूपमा प्रकट हुनुभएको थियो। त्यसैले यहाँ **बिभत्सरस** देखियो। योगीहरूको नजरमा चाहिँ सर्वत्र व्यापक सच्चिदानन्दरूप अद्वितीय परमात्मा देखिनुभयो । यहाँ **शान्तरस** प्रकट भएको छ । वृष्णिहरूले चाहिँ आफ्नो कष्ट निवारण गर्ने परमदेवता सम्झेका थिए । यस किसिमले भगवान् श्रीकृष्ण अलग-अलग दृष्टिअनुसार प्रतिभासित हुनुभयो । यसप्रकार श्रीमद्भागवतमा विभिन्न रसको प्रयोग भएपनि भक्तिरस नै अङ्गी रस बनेको छ भने अन्य रसहरू भक्तिरसका सहायक अङ्गरस बनेका छन् ।

## स्तोत्रसाहित्यको रूपमा श्रीमद्भागवत

उपास्यतत्त्वको गुणकथनलाई स्तुति भनिन्छ । पौरस्त्य वाङ्मयका अन्य ग्रन्थमा जस्तै श्रीमद्भागवतमा पनि स्तोत्रसाहित्यको पर्याप्तता पाइन्छ। यहाँ साना ठुला गरी १२२ वटा स्तुति एवं वन्दनात्मक प्रसङ्गहरू आएका छन्। जसको विवरण यसप्रकार छ –

| | |
|---|---|
| सूतकृतमङ्गलाचरण | १/१/१ |
| सूतकृतश्रीशुकस्तुति | १/२/२,३ |
| अर्जुनकृतश्रीकृष्णस्तुति | १/७/२२-२६ |
| उत्तराकृतश्रीकृष्णस्तुति | १/८/९, १० |
| कुन्तीकृतश्रीकृष्णस्तुति | १/८/१८-४३ |
| भीष्मकृतश्रीकृष्णस्तुति | १/९/३-४२ |
| द्वारकास्थप्रजाकृतश्रीकृष्णस्तुति | १/११/६-९ |
| श्रीशुककृतमङ्गलाचरण | २/४/१२-१४ |
| अधिदेवकृतविष्णुस्तुति | ३/५/३८-५० |
| ब्रह्माकृतविष्णुस्तुति | ३/९/१-१५ |
| ऋषिकृतवाराहस्तुति | ३/१३/३४-३५ |
| सनत्कुमारकृतविष्णुस्तुति | ३/१५/४६-५० |
| कर्दमकृतश्रीहरिस्तुति | ३/२१/१३-२१ |
| कर्दमकृतश्रीहरिस्तुति | ३/२४/२७-३४ |
| देवहूतिकृतश्रीकपिलस्तुति | ३/२५/७-११ |
| अत्रिकृतत्रिदेवस्तुति | ४/१/२७, २८ |
| देवताकृतनर-नारायणस्तुति | ४/१/५६, ५७ |
| ब्रह्मकृतभगवत् (शिव) स्तुति | ४/६/४२-५० |
| दक्षकृतशिवस्तुति | ४/७/१३-१५ |
| विविधदेवकृतमहदेवस्तुति | ४/७/२६-४७ |

| | |
|---|---|
| ध्रुवकृतनारायणस्तुति | ४/९/६-१७ |
| प्रजाकृतपृथुस्तुति | ४/१६/२-२७ |
| धराकृतपृथुस्तुति | ४/१७/२९-३६ |
| पृथुकृतविष्णुस्तुति | ४/२०/२३-३१ |
| प्रचेत:कृतविष्णुस्तुति | ४/३०/२२-४२ |
| ऋत्विक्कृतविष्णुस्तुति | ५/३/४-१५ |
| भरतकृतसूर्यस्तुति | ५/७/१४ |
| शिवकृत संकर्षणस्तुति | ५/१७/१७-२४ |
| भद्रश्रवाकृतहयग्रीवस्तुति | ५/१८/२-६ |
| प्रह्लादकृतनृसिंहस्तुति | ५/१८/८-१४ |
| लक्ष्मीकृतकामदेवस्तुति | ५/१८/१८-२३ |
| मनुकृतमत्स्यस्तुति | ५/१८/२५-२८ |
| अर्यमकृतकूर्मस्तुति | ५/१८/३०-३३ |
| भूदेवीकृतवाराहस्तुति | ५/१८/३५-३९ |
| हनुमत्कृतश्रीरामस्तुति | ५/१९/३-८ |
| नारदकृतनर-नारायणस्तुति | ५/१९/११-१५ |
| सूर्यरूपश्रीहरिको उपासना | ५/२०/५ |
| चन्द्ररूपश्रीहरिको उपासना | ५/२०/१२ |
| अग्निस्वरूपश्रीहरिको उपासना | ५/२०/१७ |
| जलरूपश्रीहरिको उपासना | ५/२०/२३ |
| वायुरूपश्रीहरिको उपासना | ५/२०/२८ |

| | |
|---|---|
| ब्रह्मरूपश्रीहरिको उपासना | ५/२०/३३ |
| दक्षप्रजापतिकृतश्रीविष्णुस्तुति | ६/४/२३-३४ |
| देवताकृतश्रीविष्णुस्तुति | ६/९/२१-२७ |
| देवताकृतविष्णुस्तुति (गद्य) | ६/९/३१-४५ |
| वृत्रासुरकृतभगवत्स्तुति | ६/११/२४-२७ |
| चित्रकेतुकृतशेषस्तुति ३८ | ६/१६/३८- |
| हिरण्यकशिपुकृतब्रह्मस्तुति | ७/३/२६-३४ |
| ब्रह्मदिकृतश्रीनृसिंहस्तुति | ७/८/४०-५६ |
| मनुकृतश्रीविष्णुस्तुति | ८/१/९-१६ |
| गजेन्द्रकृतभगवत्स्तुति | ८/३/२-२९ |
| ब्रह्मकृतविष्णुस्तुति | ८/५/२६-५० |
| ब्रह्मकृतविष्णुस्तुति | ८/६/८-१५ |
| प्रजापतिकृतशिवस्तुति | ८/७/२१-३५ |
| महादेवकृतमोहिनीस्तुति | ८/१२/४-१३ |
| श्रीशुककृतभगवन्नमस्कार | ८/१२/४७ |
| अदितिकृतविष्णुस्तुति | ८/१७/८-१० |
| ब्रह्मकृतअदितिगर्भस्तुति | ८/१७/२५-२८ |
| बलिकृतवामनस्तुति | ८/२२/२-११ |
| प्रह्लादकृतवामनस्तुति | ८/२२/१६-१७ |
| विन्ध्यावलीकृतवामनस्तुति | ८/२२/२० |

| | |
|---|---|
| ब्रह्माकृतवामनस्तुति | ८/२२/२१-२३ |
| बलिकृतवामनस्तुति | ८/२३/२ |
| प्रह्लादकृतवामनस्तुति | ८/२३/६-८ |
| सत्यव्रतकृतमत्स्यस्तुति | ८/२४/४६-५३ |
| अम्बरीषकृतसुदर्शनस्तुति | ९/५/३-११ |
| अंशुमत्कृतसुदर्शनस्तुति | ९/८/२२-२७ |
| समुद्रकृतश्रीरामस्तुति | ९/१०/१४-१५ |
| श्रीशुककृतश्रीरामस्तुति | ९/११/२०-२१ |
| देवकृतदेवकीगर्भस्तुति | १०/२/२६-४१ |
| वसुदेवकृतश्रीकृष्णस्तुति | १०/३/१३-२२ |
| देवकीकृतश्रीकृष्णस्तुति | १०/३/२४-३१ |
| यमलार्जुनकृतश्रीकृष्णस्तुति | १०/१०/२९-३८ |
| ब्रह्माकृतश्रीकृष्णस्तुति | १०/१४/१-४० |
| नागपत्नीकृतश्रीकृष्णस्तुति | १०/१६/३३-५३ |
| कालीयकृतश्रीकृष्णस्तुति | १०/१६/५६-५९ |
| दावानलपीडितगोपकृतकृष्णस्तुति | १०/१९/९-१० |
| इन्द्रकृतश्रीकृष्णस्तुति | १०/२७/४-१३ |
| वरुणकृतश्रीकृष्णस्तुति | १०/२८/५-८ |
| गोपीगीतश्रीकृष्णस्तुति | १०/३१/१-१९ |
| नारदकृतश्रीकृष्णस्तुति | १०/३७/१४-२४ |

CamScanner

| | |
|---|---|
| अक्रूरकृतश्रीकृष्णस्तुति | १०/४०/१-३० |
| उद्धवकृतगोपीस्तुति | १०/४३/५८-६३ |
| अक्रूरकृतकृष्णरामस्तुति | १०/४८/१७-२७ |
| कुन्तीकृतश्रीकृष्णस्तुति | १०/४९/११-१३ |
| मुचुकुन्दकृतश्रीकृष्णस्तुति | १०/५१/४६-५८ |
| जाम्बवन्तकृतश्रीकृष्णस्तुति | १०/५९/२५-३१ |
| भूमिकृतश्रीकृष्णस्तुति | १०/५९/२५-३१ |
| माहेश्वरज्वरकृतकृष्णस्तुति | १०/६३/२५-५८ |
| श्रीरुद्रकृतकृष्णस्तुति | १०/६३/३४-४५ |
| नृगकृतश्रीकृष्णस्तुति | १०/६४/२६-२९ |
| यमुनाकृतबलरामस्तुति | १०/६५/२६-२७ |
| पुरवासीकृतबलरामस्तुति | १०/६८/४४-४८ |
| नारदकृतश्रीकृष्णस्तुति | १०/६९/१७-१८ |
| कारागारस्थराजकृतश्रीकृष्णस्तुति | १०/७०/२५-३० |
| कारागारमुक्तराजकृतकृष्णस्तुति | १०/७३/८-१६ |
| युधिष्ठिरकृतश्रीकृष्णस्तुति | १०/७४/२-५ |
| मुनिगणकृतश्रीकृष्णस्तुति | १०/८४/१६-२६ |
| वसुदेवकृतश्रीकृष्णस्तुति | १०/८५/३-२० |
| देवकीकृतश्रीकृष्णस्तुति | १०/८५/२९-३३ |
| बलिकृतश्रीकृष्णस्तुति | १०/८५/३९-४६ |

CamScanner

| | |
|---|---|
| बहुलाश्वकृतश्रीकृष्णस्तुति | १०/८६/३१-३६ |
| श्रुतदेवकृतश्रीकृष्णस्तुति | १०/८६/४४-४९ |
| वेदस्तुति | १०/८७/१४-४१ |
| नारदकृतभगवत्स्तुति | १०/८७/४६,५० |
| ब्रह्मादिदेवकृतश्रीकृष्णस्तुति | ११/६/७-१९ |
| उद्धवकृतश्रीकृष्णस्तुति | ११/२९/३७-४० |
| शुकदेवकृतश्रीकृष्णप्रणति | ११/२९/४९ |
| मार्कण्डेयकृतश्रीकृष्णस्तुति | १२/६/६७-७२ |
| मार्कण्डेयकृतनरनारायणस्तुति | १२/४/४०-४९ |
| मार्कण्डेयकृतशङ्करस्तुति | १२/१०/२८-३४ |
| सूतकृतभगवन्नमस्कार | १२/१२/६६-६७ |
| सूतकृतशुकनमस्कार | १२/१३/१ |
| सूतकृतसमाप्तिमङ्गल | १२/१३/१९-२३ |

तीमध्ये प्रायः सबैजसोमा सगुण एवं निर्गुण उपासना तथा वेदान्तका मर्महरूको सङ्केत छ। पहिलो मङ्गलाचरणपद्यमा नै ब्रह्मको स्वरूप र तटस्थ लक्षणसँगै अन्य विषयमा उपनिषद्का मन्त्रहरू उद्धृत भएका छन्। कतिपय स्तोत्रहरूमा त सिधै श्रुतिवाक्यको अक्षरशः उद्धरण भएको पनि पाइन्छ। जस्तै–

**आत्मावास्यमिदं सर्वं यत्किञ्चिज्जगत्यां जगत्।**
**तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम्॥**

*(श्रीमद्भागवत, ८/१/१०)*

यो श्लोक ईशावास्योपनिषद्को पहिलो मन्त्रको **ईशावास्यमिदं सर्वं** यो एक पाउवाहेक पूरै मिल्न जान्छ । वेदस्तुतिलगायत स्तुतिप्रकरणमा पनि हरेक श्लोक र प्रसङ्गमा वेदका मन्त्रहरू बोलिरहेका हुन्छन् ।

यस्तै श्रीमद्भागवतमा छ प्रेमगीत, अन्य पाँच गीत र चार गीताहरूको उल्लेख छ । छ प्रेमगीतहरू निम्नानुसार प्रसिद्ध छन्–

| | | | |
|---|---|---|---|
| वेणुगीत | १०/२१/७-२० | प्रणयगीत | १०/२९ /३१-४१ |
| गोपीगीत | १०/३१/१-१९ | युगलगीत | १०/३५/२-२५ |
| भ्रमरगीत | १०/४७/१२-२१ | महिषीगीत | १०/९०/१५-२४ |

अन्य गीतहरू

| | | | |
|---|---|---|---|
| पुरन्ध्री गीत | १/१०/२१-३० | नारदगीत | ४/१२/४१-४३ |
| रुद्रगीत | ४/२४/३३-७९ | ऐलगीत | ११/२६/७-२४ |
| भूमिगीत | १२/३/१-१३ | | |

यस्तै अध्यात्मविद्याको उपदेश दिइने भगवान्को अवतारद्वारा वा भक्तद्वारा गाइएको प्रसङ्गलाई गीता भनिएको छ । श्रीमद्भागवतमा चार ठाउँमा गीताको उल्लेख छ । जो यसप्रकार छ–

| | | | |
|---|---|---|---|
| कपिलगीता | ३/२५-३२ | नारदगीता | १०/१०/८-२२ |
| हंसगीता | ११/१३/२२-४० | भिक्षुगीता | ११/२३/१४-३०, ४३-५८ |

यसप्रकार विभिन्न स्तोत्र/गीत र नमस्कारात्मक प्रसङ्गहरूमा इष्टदेवताको नमस्कारसँगै परमप्रतिपाद्य परमात्मतत्त्वका

CamScanner

सम्बन्धमा श्रुति, स्मृतिको तात्पर्य र भक्तको भाव प्रकट भएको छ। श्रीमद्भागवतभित्रका स्तोत्रसाहित्यको अध्ययन छुट्टै महत्त्वको विषय हुन्छ। कतिपय भक्तहरूले श्रीमद्भागवतका स्तुतिअंशलाई लिएर छुट्टै ग्रन्थ निर्माण गरेका पनि छन् र धेरै ग्रन्थहरूको प्रकाशन गरेका पनि छन्। यहाँ त केवल विषयको सङ्केतमात्र गरिएको हो।

## अन्य पुराणको दृष्टिमा श्रीमद्भागवत

प्राय: सबै पुराणहरूमा आ-आफ्नो प्रशंसा गरिएको हुन्छ। त्यस्तै भागवतमा नै भागवतको महत्त्व वर्णन हुनु त्यति ठूलो कुरा भएन। तर, भागवत त्यस्तो ग्रन्थ हो, जसको महिमा अन्य पुराणहरूमा पनि गाइएको छ। श्रीमद्भागवतमाहात्म्यको रूपमा भागवतको विस्तृत महिमा पद्मपुराण (छ अध्याय), स्कन्दपुराणमा (चार अध्याय) आदिमा उल्लेख भएको छ। जो प्राय: हाल प्रकाशित पुस्तकहरूमा उपलब्ध छ। त्यस्तै कौशिकीसंहितोक्त श्रीमद्भागवतमाहात्म्य (छ अध्याय), गौरीतन्त्रोक्त भागवतमाहात्म्य (पाँच पटल) अर्को पद्मपुराण उत्तरखण्डोक्त माहात्म्य (सोह्र अध्याय) र अन्य केही प्रत्येक स्कन्ध एवम् अध्यायसँग सम्बन्ध राख्ने माहात्म्यग्रन्थ पनि पाइन्छन्। यी सबैले भागवतलाई खुलेर प्रशंसा गरेका छन्।

पद्मपुराणोक्त माहात्म्यमा कलियुगमा प्राय: असुरजस्तै बनेका जीवहरूका हितका लागि सर्वोत्कृष्ट साधन भागवत हो भन्दै भक्ति आमाका दुई वृद्ध छोरा– ज्ञान र वैराग्यलाई देखेर चकित भएका नारदले भक्ति, ज्ञान, वैराग्य तीनवटैको पुनर्जागरण र प्रचारका लागि सनकादिहरूबाट श्रीमद्भागवत सुनेको र तीनवटैलाई तारुण्य प्राप्त भएको प्रसङ्ग उल्लिखित छ–

CamScanner

**भक्तिः सुतौ तौ तरुणौ गृहीत्वा प्रेमैकरूपा सहसाविरासीत् ।**
**श्रीकृष्ण गोविन्द हरे मुरारे नाथेति नामानि मुहुर्वदन्ती ॥**

*(श्रीमद्भागवतमाहात्म्य ३/६७)*

यस्तै प्रेत बनेको धुन्धुकारीको उद्धारका लागि गोकर्णले भागवत कथा वाचन गरेको प्रसङ्गबाट लोकमा श्रीमद्भागवत प्रेतत्वनिवर्तक शास्त्रको रूपमा प्रसिद्ध हुन पुगेको छ । ज्ञान, भक्ति र वैराग्यजस्ता भावात्मक प्रसङ्गलाई लौकिक कथानकको रूपमा साधारणीकरण गर्नु यस माहात्म्यको अनुपम वैशिष्ट्य नै हो । यस्तै जीवात्माको प्रतीक आत्मदेव, अविद्याको प्रतीक आत्मदेवकी पत्नी धुन्धुली र यसबाट जन्मिएको विषयासक्त अहंकारी प्रवृत्तिको प्रतीक धुन्धुकारी, विषयोन्मुख पाँच बुद्धिवृत्तिका प्रतीक पाँच वेश्याहरू, विषयासक्तिद्वारा अहंकारी जीवको सर्वनाश हुन्छ भन्ने अर्थ बुझाउन वेश्याहरूले धुन्धुकारीलाई घाँटीमा पासो बाँधेर मुखमा आगो लगाई मारेको र सद्बुद्धिरूप गाईबाट जन्मेको विवेकरूप गोकर्णले भागवतज्ञानको उपदेश गरेपछि धुन्धुकारीले प्रेतत्वबाट मुक्त भई भगवत्सारूप्य प्राप्त गरेको प्रसङ्ग यस माहात्म्यका वैशिष्ट्य हुन् । यस्तै उद्धवजीको प्रार्थनामा भगवान् भागवतरूप अर्णव(समुद्र)मा प्रवेश गर्नुभयो अनि सबै भक्तहरूको सामु वाङ्मयमूर्ति बनी श्रीमद्भागवत ग्रन्थको रूपमा रहनुभयो भनिएको छ । यस प्रसङ्गबाट भगवत्प्राप्तिका लागि श्रीमद्भागवतको इतरसाधनभन्दा बढी महत्त्व ठहरिएको छ ।

यस्तै स्कन्दपुराणोक्त माहात्म्यमा श्रीकृष्णको स्वधामगमनपछिको अवस्थामा श्रीमद्भागवतले पृथिवीमा श्रीकृष्णलाई पुनः स्थापित गरेको प्रसङ्ग उल्लेख छ । जहाँ श्रीमद्भागवत शास्त्र छ, त्यहाँ श्रीकृष्ण नित्य विराजमान हुनुहुन्छ । जस्तै–

**श्रीमद्भागवतं शास्त्रं यत्र भागवतैर्यदा ।**
**कीर्त्यते श्रूयते चापि श्रीकृष्णास्तत्र निश्चितम् ॥**

*(श्रीमद्भागवमाहात्म्य, ३/१२)*

यस्तै कौशिकीसंहितामा पनि श्रीमद्भागवतको माहात्म्य छ । अग्निपुराण, कूर्मपुराण, गरुडपुराण, ब्रह्मवैवर्तपुराण, मत्स्यपुराण, वराह, वामन, विष्णु, शिव, स्कन्द आदि पुराणहरूमा र अन्य अधिकाधिक प्राचीन ग्रन्थहरूमा श्रीमद्भागवतको नाम उल्लेख भएको पाइन्छ ।

## ग्रन्थरचना सन्दर्भ

अन्य पुराणझैं श्रीमद्भागवतको पनि रचयिता वेदव्यास हुन् । अहिले अठ्ठाइसौँ द्वापरमा पराशरपुत्र सत्यवतीनन्दन बादरायणलाई व्यास भनिएको छ र यिनै वेदविभागकर्ता द्वैपायन व्यासलाई श्रीमद्भागवतका आविष्कर्ता समेत मानिएको छ । ग्रन्थरचनाको प्रसङ्ग यसप्रकार छ–

एकपटकको कुरा हो, वेदव्यास सरस्वती नदीको किनारमा रहेको आफ्नो आश्रममा बसिरहेका थिए । सूर्योदयका समयमा सरस्वती नदीको जलमा स्नान र आचमन गरेर ध्यानस्थ हुँदा उनले विस्तारै युगधर्ममा परिवर्तन भएको र मानिसहरूको सामर्थ्य कम हुँदै गएको देखे । कम आयु र मन्दबुद्धि भएका मानिसहरूमा क्रमशः श्रद्धा र सात्त्विकता घट्दै गएको अनि भाग्यले समेत ठगिएकाले उनीहरूले दुःख पाएको देखेर त्यस्ता प्राणीहरूको हित कसरी होला ? भन्ने चिन्ताले व्यासलाई सतायो । मानिसले आफ्नो कल्याणका निमित्त वैदिक कर्म गर्नुपर्ने भए पनि नगरेको, वेद दुरुह भएको र वेदार्थज्ञान नभएकाले मानिसहरू अलमल्लिएको ठानी त्यस्ता सर्वसाधारण

मानिसको हितका लागि व्यासले वेदलाई चार भागमा बाँडे र चार चेलाहरूलाई पढाए। अनि नियमपूर्वक वेदाध्ययन गर्न सामर्थ्य नभएका स्त्री, शूद्र र द्विजबन्धुहरूको समेत हितका लागि महाभारत र पुराणसमेतको रचना गरे। तर पनि उनको मनमा सन्तुष्टि भएन। उनले सोचे– मैले लोकोपकारका लागि धेरै काम गरें। महाभारतादि ग्रन्थहरूको रचना गरेर लोकलाई वेदार्थको प्रदर्शन पनि गरें। तर पनि म आज किन सन्तुष्ट नभएको हुँला ? किन मैले आफैँलाई अपूर्ण भएको महशुस गरिरहेको छु ? आदि। यसप्रकार चिन्ता गरिरहेको बेला नारदमुनि त्यहीँ टुप्लुक्क आइपुगे। शिष्टाचारपछि नारदमुनिले हजुर किन चिन्तितजस्तो देखिनुहुन्छ ? भनी सोद्धा वेदव्यासले आफूले पनि आफ्नो असन्तुष्टिको कारण पत्तो लगाउन नसकेको कुरा बताए। त्यसपछि नारदमुनिले व्यासको अपरितोषको कारण पत्तो लगाउँदै भने– हजुर साक्षात् भगवान्‌को अवतार हुनुहुन्छ। हजुरको जन्म नै लोकोपकारका लागि भएको हो। त्यसैका लागि हजुरले महाभारतादि ग्रन्थको रचना गर्नुभएको हो। तर पनि त्यहाँ हजुरले धर्मका नाममा लौकिक विषयको मात्रै वर्णन गर्नुभयो। अन्य सबै पुरुषार्थ र तिनका साधक वैदिक कर्महरूको प्रतिपादन गर्नुभयो, तर साक्षात् भगवान्‌को पवित्र चरित्रको वर्णन भने गर्नुभएन। जसबाट भगवान्‌मा भक्ति लागोस्। जुन ग्रन्थको अध्ययनबाट भगवान्‌मा भक्ति बढ्दैन, त्यस्तो ग्रन्थ बनाउनु व्यर्थ छ। चाहे त्यो जतिसुकै साहित्यिक सौन्दर्यले युक्त किन नहोस्। सज्जनहरू भगवान्‌का पवित्र चरित्रहरूको वर्णनमा रमाउँछन्। बरू त्यहाँ ग्रन्थरचनाका नियमहरू अपूर्ण किन नहोऊन्। त्यो निर्मल भगवच्चरित्रको कथा मानससरोवरको निर्मल जलजस्तो हो। त्यहाँ नीरक्षीरविवेकी राजहंसहरू रमाउँछन्। उनीहरू पवित्र भगवत्कथाको गाथा

नभएको वायसतीर्थ (काग रमाउने रछ्यान) जस्ता अन्य लौकिक विषयमा रमाउँदैनन् । त्यस्तो लौकिक विषयको आसक्ति बढाउने ग्रन्थको रचना गर्नुभएको हुनाले नै हजुरलाई परितोष नभएको हो । त्यसैले व्यासजी ! हजुरले समाधि अवस्थामा भगवान्को लीलाचरित्रको चिन्तन गर्नुहोस् र त्यस्तो पवित्र चरित्र वर्णन भएको ग्रन्थको रचना गर्नुहोस्, जसबाट सहजै भगवत्तत्त्वसाक्षात्कार होस् । अनि निरतिशय सुख प्राप्ति हओस् । यसप्रकार नारद मुनिले आफ्नो पूर्वचरित्रको स्मरण गर्दै भगवत्लीलावर्णनपरक ग्रन्थ रचना गर्न प्रेरणा दिएपछि वेदव्यासले सोहीबमोजिम श्रीमद्भागवतको रचना गरेका हुन् ।

## अनादि भागवतपरम्परा

श्रीमद्भागवतको भनाइअनुसार यस ग्रन्थको रचना अरू ग्रन्थझैं प्रयत्नपूर्वक भएको होइन र मूलरूपमा श्रीमद्भागवत वेदव्यासद्वारा विरचित पनि होइन। यो त अनादि दिव्य ज्ञान हो र साक्षात् भगवान्को शब्दमय अवतार पनि । श्रीमद्भागवतका गुरुपरम्परा तीन वा चार किसिमका छन्– नारायणीपरम्परा, शेषीपरम्परा, शाङ्करीपरम्परा र कार्ष्णीपरम्परा ।

### १. नारायणीपरम्परा

श्रीमद्भागवत मूलरूपमा भगवान् नारायणबाट प्राप्त भएको ज्ञान हो । जस्तै–

**कस्मै येन विभाषितोऽयमतुलो ज्ञानप्रदीपः पुरा ।**
**तद्रूपेण च नारदाय मुनये कृष्णाय तद्रूपिणा ॥**
**योगीन्द्राय तदात्मनाथ भगवद्राताय कारुण्यत-**
**स्तच्छुद्धं विमलं विशोकममृतं सत्यं परं धीमहि ॥**

*(श्रीमद्भागवत- १२/१३/१९)*

CamScanner

अर्थात् सृष्टिको सुरुवात हुनुभन्दा पहिले सृष्टि गर्न मेलो नपाएर अल्मलिएका ब्रह्माजीलाई साक्षात् भगवान् नारायणले चार श्लोकको रूपमा श्रीमद्भागवतको उपदेश गर्नुभएको हो (२/९/३०-३६) । यसरी भागवत ज्ञानको रूपमा साक्षात् भगवान् ब्रह्मामा अवतरित हुनुभयो । त्यसपछि ब्रह्माजीले नारदलाई (२/५-७ अध्याय) ,नारदले व्यासलाई (१/५-६), व्यासले शुकलाई (१/७/८) र शुकले परीक्षितलाई भागवतको उपदेश गर्नुभएको हो । यस क्रममा नारदमा र नारदबाट क्रमशः वेदव्यासमा साक्षात् भगवान् नारायण नै आउनुभएको हो । व्यासबाट शुकदेवमा, शुकदेवबाट परीक्षित् एवं सूतमा, सूतजीवाट शौनकादि ऋषिहरूमा र यसप्रकार क्रमशः आजसम्म श्रीमद्भागवतको रूपमा साक्षात् भगवान् नारायण नै अवतरित हुनुभएको छ। भागवतका रचनाकार अरू कोही होइनन्, साक्षात् नारायण नै वाङ्मयमूर्ति बनेर भागवतको रूपमा अवतरित हुनुभएको हो। यस प्रसङ्गमा अरू महत्त्वपूर्ण कुरा के छ भने भागवतको रूपमा भगवान्को अवतरणको एकमात्र कारण करुणा नै हो । भगवान् **अकारणकरुणावरुणालय** अर्थात् करुणाका सागर नै हुनुहुन्छ । भगवान् न्यायकारी भइकन पनि दयालु हुनुहुन्छ। त्यसैले भीष्मपितामह भन्छन् **–तथाप्येकान्तभक्तेषु पश्य भूपानुकम्पितम्** (१/९/१२) । यही अकारणकरुणाबाट द्रवीभूत भएर नै भागवतभगवान्को अवतरण भएको हो ।

## २. शेषपरम्परा

अर्को एक प्रसङ्गअनुसार मैत्रय ऋषिले विदुरजीलाई श्रीमद्भागवतको शेषपरम्परा वा सङ्कर्षणपरम्पराको उल्लेख गरेका छन्। जसअनुसार साक्षात् सङ्कर्षण भगवान्ले निवृत्तिधर्मा सनत्कुमारलाई यो भागवतज्ञान उपदेश गर्नुभएको हो। सनत्कुमारले सांख्यायनलाई, सांख्यायनले

पराशरलाई र बृहस्पतिलाई अनि पराशरले पुलस्त्य मुनिको समेत विशेष अनुरोधमा मैत्रेयलाई, मैत्रेयले चाहिं विदुरजीलाई उपदेश गर्नुभएको भनिएको छ। (भागवत ३/८/३–८) यो विदुरमैत्रेयसम्वाद श्रीमद्भागवतको तृतीय र चतुर्थ स्कन्धमा रहेको छ । यो श्रीमद्भागवतको साङ्कर्षणी परम्पराको चर्चा स्कन्दपुराणोक्त श्रीमद्भागवतमाहात्म्यमा पनि उल्लेख गरिएको छ । उद्धव र बृहस्पतिको सम्वादको क्रममा उद्धवले यही भागवत ज्ञानबाट आफू भगवान्‌को प्रिय भक्त हुन सकेको वताएका छन्। जस्तै–

**सांख्यायनप्रसादाप्तं श्रीमद्भागवतं पुरा ।**
**बृहस्पतिर्दत्तवान्मे तेनाहं कृष्णवल्लभः ॥**
**आख्यायिकां च तेनोक्तां विष्णुरात निबोध ताम् ।**
**बृहस्पतिर्दत्तवान्मे तेनाहं कृष्णवल्लभः ॥**

*(श्रीमद्भागवतमाहात्म्य, ३/१८-१९)*

यी दुई परम्परा भागवतमा नै उल्लिखित छन्। अन्य दुई परम्परा भने श्रीमद्भागवतमाहात्म्यग्रन्थका आधारमा भनिएको हो ।

### ३. शाङ्करीपरम्परा

कौशिकीसंहिताको श्रीमद्भागवतमाहात्म्यमा श्रीमद्भागवत श्रीशङ्करको परम्पराबाट प्राप्त भएको बताइएको छ। तदनुसार श्रीमद्भागवतलाई शैवहरूले आफ्नो ग्रन्थ मानेका छन्। त्यहाँ उल्लेख भएको कथा यस प्रकार छ–

एक दिनको कुरा हो, कैलाशमा शिव-पार्वती आनन्दपूर्वक रहनुभएको थियो। त्यसै अवस्थामा नित्य समाधिमुद्रामा रहनुभएका शिवजीलाई देखेर पार्वतीले भन्नुभयो– हे भगवन्! हजुर अजन्मा हुनुहुन्छ, आत्माराम हुनुहुन्छ, मचाहिँ हजुरकी पत्नी भइकन पनि

जन्ममृत्युको फन्दामा परिरहन्छु । मलाई पनि हजुरजस्तै अमर बन्ने र आत्मतत्त्वसाक्षात्कार गर्ने तीव्र इच्छा छ । म कसरी अमर हुन्छु ? आज्ञा होस् । शिवजीले भन्नुभयो - यदि तिमी साँच्चिकै अमर बन्न चाहन्छूयौ भने एकाग्रतापूर्वक सुन । म तिमीलाई त्यो दुर्लभ अमरविद्या बताउँछु, तर त्यसका लागि एकान्तस्थान चाहिन्छ। पार्वतीले बाहिर गएर सबैतिर हेर्दा एउटा सुगाको गलित अण्डबाहेक अरू केही नदेखेपछि यो ठाउँ एकान्त छ भनी त्यहीँ अमरविद्या सुनाउन अनुरोध गर्नुभयो। त्यसपछि शिवजीले पार्वतीलाई ननिदाउने सर्त सहित अमरविद्याको रूपमा श्रीमद्भागवत कथा सुनाउनुभयो ।

**ततोऽमरकथां शम्भुः श्रीमद्भागवताभिधाम् ।**
**महेशान्यै विधायादौ समयं च जगाद ह ॥**

(कौशिकीसंहिता ५/११)

शिवजीले प्रथमस्कन्धदेखि क्रमशः भागवत सुनाउँदै गर्दा पार्वतीले बीच-बीचमा अँ अँ भन्दै गर्नुहुन्थ्यो । एकादशस्कन्धमा पुग्दा उहाँलाई निद्रा लागेछ, त्यतिबेला नै सुगाको बच्चाले अँ अँ भन्दोरहेछ । कथा पूरा भयो, तर पार्वतीले बीचमा आफूले तन्द्राको कारण कृष्णबाट उद्धवलाई प्राप्त भएको ज्ञानको उपदेश अलि नसुनेको बताउनुभयो। त्यतिबेला पनि कसले अँ अँ भनेको हो त ? भनी शिवजीले यताउति हेर्दा सानो सुगाको बच्चा देख्नुभयो। शिवजीले त्यसलाई पक्रिन खोज्दा त्यो सुगाको बच्चा भाग्यो र व्यासको आश्रममा पुग्यो। संयोगवश व्यासले हाइ गर्दा त्यो सुगा व्यासको मुखभित्र प्रवेश गऱ्यो। त्यसपछि कुनै समयमा व्यासले अरणिमन्थन गर्न लाग्दा कारणवश व्यास स्खलित भई अरणिमा पुगेको शुक्रबाट बालकको रूपमा शुकदेवको जन्म भयो । त्यही बालक पछि शुकदेव बनेका हुन्। बालक शुक

CamScanner

सानै अवस्थामा नै वनतर्फ हिँडे । पिताले बोलाउँदा पनि वास्तै नगरेका हुनाले दिक्क मानेका व्यासले छोरा शुकलाई फिर्ता बोलाउन नारदको उपदेशबाट योगबलद्वारा भागवतको रचना गरे र छोरा शुकलाई केही श्लोक सुनाए । त्यसबाट प्रभावित भएका शुकले पूरै भागवत सुन्ने इच्छा गरेकाले व्यासले फेरि भागवत सुनाए । यसप्रकार यो भागवत सर्वप्रथम अमरकथाको रूपमा शिवजीले पार्वतीलाई उपदेश गर्नुभएको हो । त्यसैले यो शैवपरम्पराबाट प्राप्त ग्रन्थ हो भनिएको छ ।

### ३. कार्ष्णी परम्परा

स्कन्दपुराणको द्वितीय वैष्णवखण्डको भागवतमाहात्म्यमा भने साक्षात् भगवान् श्रीकृष्णले ब्रह्मा, विष्णु र रुद्रलाई श्रीमद्भागवतको उपदेश गर्नुभएको हो । त्यसैले तीन देवताले आ-आफ्नो सृष्टि, स्थिति र पालन गर्ने सामर्थ्य पाएका हुन् भनिएको छ । (श्रीमद्भागवतमाहात्म्य ३/२१-४२)

## वाङ्मयमूर्ति श्रीमद्भागवत

भागवतका जुनसुकै परम्परामा पनि श्रीमद्भागवतलाई साक्षात् भगवान्को वाङ्मयमूर्ति मानिएको छ । जसअनुसार भागवत ग्रन्थ अरू ग्रन्थजस्तो कुनै पुस्तक होइन र यसको रचना कसैले गरेको होइन। यो त साक्षात् भगवान् नारायणको वाङ्मयमूर्ति हो। श्रीमद्भागवतमा कहीँ (१२/१३/९ मा) भागवत ग्रन्थलाई **ज्ञानप्रदीप** भनिएको छ भने कहीँ (१०/३/२४ मा) भगवान् नारायणलाई पनि **अध्यात्मदीप** भनिएको छ। यसप्रकार भागवत र भगवान्लाई एकै किसिमका शब्दद्वारा प्रतिपादन गर्नुको तात्पर्य भागवत र भगवान्मा अभेदसिद्ध गर्नु हो। दुवैको लक्षणमा सच्चिदानन्दरूपता समान छ। त्यसैले भनिन्छ –

CamScanner

**श्रीमद्भागवतस्याथ श्रीमद्भगवतः सदा ।**
**स्वरूपमेकमेवास्ति सच्चिदानन्दलक्षणम् ॥**

श्रीमद्भागवतको पद्मपुराणोक्त माहात्म्यमा उल्लेख भएअनुसार भगवान् श्रीकृष्णले पृथिवीमा लीलाअवतार धारण गरेर भूभार हरण गरिसकेपछि ब्रह्मादि देवताहरूको अनुरोध स्वीकार्दै स्वधामगमनको तयारी गर्दै हुनुहुन्थ्यो । भगवान्ले आफ्नो अवतारको भूभारहरणरूप प्रयोजन पूरा भएकाले छिटै लीलावतारको संवरण गर्ने कुरा बताउनुभयो। यो कुरा भगवान्का प्रिय भक्त उद्धवले थाहा पाए र उनले एकान्तमा भगवान्सँग बिन्ती गरे-

**त्वं तु यास्यसि गोविन्द ! भक्तकार्यं विधाय च ।**
**मच्चित्ते महती चिन्ता तां श्रुत्वा सुखमावह ॥**

*(श्रीमद्भागवतमाहात्म्यम्, ३/५५)*

हे गोविन्द ! हजुरले भक्तको काम पूरा गरेर स्वधाममा जाने इच्छा गर्नुभएको छ । तर यहाँ घोर कलियुग आउँदैछ, कलियुगमा घोर दुष्ट व्यक्तिहरू हुनेछन् र उनीहरूको संसर्गले सज्जनहरू पनि विचलित हुनेछन् । पृथिवीलाई पनि भार हुनेछ। त्यस अवस्थामा यिनको रक्षा कसले गर्ला ? हे भगवन् ! हजुर भक्तवत्सल हुनुहुन्छ, त्यसैले हामीलाई छोडेर अन्यत्र सवारी नहोस्। यदि सवारी हुने नै हो भने कृपा गरेर हामीलाई पनि साथै लैजानुहोस्।

**नाहं त्वदङ्घ्रिकमलं क्षणार्धमपि केशव ।**
**त्यक्तुं समुत्सहे नाथ स्वधाम नय मामपि ॥**

*(११/६/४३)*

त्यसपछि भगवान्ले उद्धवलाई ज्ञानोपदेश गर्नुभयो। भगवान्ले भन्नुभयो-हे उद्धव! मैले तिम्रो भाव बुझेको छु, त्यसैले म यहाँबाट

अन्तर्धान भएर अन्यत्र कहीँ जानेछैन, तिमीहरूको कल्याणका लागि म श्रीमद्भागवतज्ञानको रूपमा यहीँ रहनेछु । यसबाट तिमीले मलाई यहीँ अनुभव गर्नेछौ र कुनै पनि विघ्नबाट विचलित हुनेछैनौ । त्यसपछि आफ्नो स्वरूपलाई तिरोहित गरेर भगवान् अन्तर्धान हुनुभयो र एकरूपमा वैकुण्ठ वा गोलोक धाममा गए पनि अर्को वाङ्मय रूपमा श्रीमद्भागवतरूप समुद्रमा प्रवेश गर्नुभयो। त्यसैले यो भागवत भगवान्को प्रत्यक्ष वाङ्मय मूर्ति हो। पद्मपुराणमा भनिएको छ –

**स्वकीयं यद् भवेत्तेजस्तच्च भागवतेऽदधात् ।**<br>**तिरोधाय प्रविष्टोऽयं श्रीमद्भागवतार्णवम् ॥**<br>**तेनेयं वाङ्मयी मूर्तिः प्रत्यक्षं वर्तते हरेः ॥**

*(श्रीमद्भागवतमाहात्म्यम्, ३/६१.६२)*

यस प्रसङ्गबाट पनि के थाहा हुन्छ भने भागवतका रचनाकार अरू कोही होइनन् र हुन पनि सक्दैनन्। साक्षात् नारायण नै वाङ्मयमूर्ति बनेर ब्रह्मामा अवतरित हुनुभएको हो। ब्रह्माबाट नारदमा, नारदबाट व्यासमा, व्यासबाट शुकमा आउने साक्षात् भगवान् नारायण नै हुनुहुन्छ। आजसम्म पनि भागवतको रूपमा भगवान् नै उपस्थित हुनुहुन्छ । भागवतका माध्यमले आज पनि भगवान्को प्रत्यक्ष अनुभव हुन्छ। भागवतद्वारा परमानन्दचिन्मूर्ति श्रीकृष्ण अपरोक्ष हुनुभएको छ । भगवान् आनन्दरूप हुनुहुन्छ । आनन्द कहिल्यै पनि परोक्षअनुभवको विषय हुँदैन । सुखदुःखादिलाई इन्द्रियागोचर भएपनि साक्षिवेद्य भएकोले प्रत्यक्ष नै हुने मानिन्छ। त्यस्ता परमानन्दरूप भगवान् भागवतमा प्रत्यक्ष हुनुभयो। किनभने भगवान् आफैँ भागवतको रूपमा प्रकट हुनुभएको छ।

CamScanner

श्रीमद्भागवतलाई भगवान्‌कै रूप मानेको हुनाले नै भागवतका बाह्र स्कन्धहरूलाई भगवान्‌का बाह्र अवयवहरूको रूपमा वर्णन गरिएको छ । श्रीमद्भागवतलाई भगवान्‌को वाङ्मयमूर्तिको रूपमा यसरी विभाजन गरेको पाइन्छ–

**कृष्णस्य वाङ्मयी मूर्तिः श्रीमद्भागवतं मुने ।**
**पादादिजानुपर्यन्तं प्रथमस्कन्ध ईरितः ॥**

**तदूर्ध्वं कटिपर्यन्तं द्वितीयस्कन्ध उच्यते ।**
**तृतीयो नाभिरित्युक्तश्चतुर्थमुदरं स्मृतम् ॥**

**पञ्चमो हृदयं प्रोक्तं षष्ठः कण्ठं सबाहुकम् ।**
**सर्वलक्षणसंयुक्तं सप्तमो मुखमुच्यते ॥**

**अष्टमश्चक्षुषी विष्णोः कपोलौ भ्रुकुटी परः ।**
**दशमो ब्रह्मरन्ध्रं च मन एकादशः स्मृतः ॥**

**आत्मा तु द्वादशस्कन्धः श्रीकृष्णस्य प्रकीर्तितः**

*(कौशिकीसंहितामाहात्म्यम्)*

श्रीमद्भागवत श्रीकृष्णको वाङ्मयमूर्ति नै भएकाले यहाँ पनि विभिन्न अवयवहरू रहेका छन् । भगवान्‌को पाउदेखि घुँडासम्म प्रथमस्कन्ध हो भने त्यहाँदेखि माथि कटिसम्मको भाग द्वितीय स्कन्ध मानिएको छ। तेस्रो स्कन्ध नाभि र चौथो स्कन्ध पेट हो। यस्तै पाँचौं स्कन्धलाई हृदय, छैटौं स्कन्धलाई बाहु, सातौं स्कन्धलाई मुख, आठौं स्कन्धलाई आँखा, नवौं स्कन्धलाई दुई गाला र आँखीभौं मानिएको छ। यस्तै दशमस्कन्ध ब्रह्मरन्ध्र हो भने एकादशस्कन्ध मन हो । द्वादशस्कन्धचाहिँ भगवान्‌को आत्मा नै मानिएको छ। यसप्रकार श्रीमद्भागवतका विभिन्न स्कन्धलाई भगवान्‌को अवयवकै रूपमा वर्णन गरिएको छ ।

## श्रीमद्भागवतको परिचय

श्रीमद्भागवत कर्म, भक्ति र ज्ञानको त्रिवेणी हो। शास्त्रमा मनको मलदोषनिवृत्तिका लागि कर्म, विक्षेपदोषको निवृत्तिका लागि भक्ति र परमपुरुषार्थरूप मोक्षका लागि ज्ञानको आवश्यकता रहने बताइएको छ। भागवतको प्रथमस्कन्धमा तीन तहकै वक्ता, श्रोताको चर्चा छ। सूत-शौनक, व्यास-नारद र शुक-परीक्षित्। तीमध्ये पहिला वर्गका श्रोता शौनकहरू कर्मका परिपूर्तिका लागि भागवत श्रवण गर्दछन्। भागवतबाट यज्ञको पूर्णता पनि हुन्छ र भक्ति पनि लाग्छ। त्यसपछि कर्मको रहस्य पनि बुझिन्छ। त्यसैले शुकदेवलाई शौनक भन्छन्–

**कर्मण्यस्मिन्ननाश्वासे धूमधूम्रात्मनां भवान्।**
**आपाययति गोविन्दपादपद्मासवं मधु ॥**

*(श्रीमद्भागवत १/१८/१२)*

अर्थात् फल प्राप्त गर्ने भरोसासमेत नभएको कर्ममा निरन्तर लागिरहेका हामीहरू यो यज्ञको धुँवाले धुसरित भएका छौं। यस्ता हामीहरूलाई हजुरले भगवान् श्रीकृष्णको चरणकमलबाट प्रकट भएको मादक र सुमधुर भगवत्कथारूप मधु पिलाएर आनन्दित बनाउनुभएको छ।

अर्को दोस्रो वर्गका भागवतका वक्ता नारद र श्रोता व्यास हुन्। व्यास चित्तको चञ्चलतालाई निवृत्त गर्न भागवत सुन्दछन्। अरू कर्मबाट चित्त शान्त नभएपछि चित्तको चञ्चलताको निवृत्तिका लागि उनले भागवत सुनेका हुन्। भागवतश्रवणबाट उनमा भक्ति लाग्दछ। त्यसपछि लोकोपकारको परिपूर्णता र हुन्छ नै साथै शोकमोहको पनि निवृत्ति हुन्छ। जसको परिणाममा भगवान्मा स्वाभाविक त्यस्तो भक्ति लाग्छ, जसले भगवान् नै प्राप्त हुन्छ र शोकमोहको पूर्णतया निवृत्ति पनि हुन्छ।

CamScanner

**यस्यां वै श्रूयमाणायां कृष्णे परमपुरुषे ।**
**भक्तिरुत्पद्यते पुंसः शोकमोहभयापहा: ॥**

*(श्रीमद्भागवत १/७/७)*

तेस्रो वर्गका श्रोता परीक्षित् र वक्ता शुकदेव हुन्। यी दुवैलाई र भागवतश्रवणबाहेक केही गर्नु छैन। केवल भगवद्गाथाश्रवण भगवान्को लीलास्मरणबाट आकृष्ट भएर भगवत्तत्त्वसाक्षात्कारका लागि भागवत भन्ने उत्तमवक्ता शुकदेव हुन् भने म्रियमाण अवस्थामा के गर्ने? भनी निष्प्रयोजन भागवत सुन्ने उत्तमकोटिका श्रोता परीक्षित् हुन्। यसप्रकार तीनै तहका वक्ता रश्रोता हुनुको तात्पर्य श्रीमद्भागवत कर्म, भक्ति र ज्ञान सवैको परिपोषको हो भन्ने सिद्ध हुन्छ। यस्तैश्रीमद्भागवत काण्डत्रयात्मक वेदको निष्कर्ष भएको पनि सिद्ध हुन्छ। त्यसैले भनिएको छ–

**वेदोपनिषदां साराज्जाता भागवती कथा ।**
**अत्युत्तमा ततो भाति पृथग्भूता फलाकृतिः ॥**

*(श्रीमद्भागवतमाहात्म्य २/६७)*

श्रीमद्भागवतकथा वेद र उपनिषद्को सार भएर पनि वेद र उपनिषद्भन्दा अलग फलको रूपमा प्रकट भएको हुनाले विशेष महत्त्वले युक्त अतिउत्तम ग्रन्थ हो। श्रीमद्भागवत स्वयं साधन पनि हो र साध्य पनि। श्रीमद्भागवतको माहात्म्यमा भनिएको छ–

**एतस्मादपरं किञ्चिन्मनः शुद्धयै न विद्यते ।**
**जन्मान्तरे भवेत्पुण्यं तदा भागवतं लभेत् ॥**

*(श्रीमद्भागवतमाहात्म्य १/१२)।*

चित्तशुद्धिका लागि श्रीमद्भागवतजस्तो अर्को कुनै उपाय छैन। धेरै जन्मको पुण्यपुञ्ज जम्मा भएपछि मात्र भागवत भन्ने सुन्ने अवसर मिल्छ। भागवत सुन्ने व्यक्तिको चित्तशुद्ध गराउने

र चित्तशुद्धिपछि भक्तको हृदयभित्र साक्षात् भगवान्लाई स्थापित गरिदिने दुवै काम श्रीमद्भागवतबाट हुन्छ ।

**सद्यो हृद्यवरूध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात् ।**

*(श्रीमद्भागवत १/१/२) ।*

भागवतश्रवणपछि कर्णरन्ध्रको बाटो हुँदै भक्तको हृदयभित्र भगवान् स्वयं प्रविष्ट हुनुहुन्छ त्यसपछि भक्तको हृदयमा रहेको मलिनता र चञ्चलतालाई हटाउन केही गर्नै पर्दैन । त्यहाँ मल बाँकी रहे पनि भगवान्ले स्वयं हटाइदिनुहुन्छ भन्ने श्रीमद्भागवतको उद्घोष छ ।

**प्रविष्टः कर्णरन्ध्रेण स्वानां भावसरोरूहम् ।**
**धुनोति शमलं कृष्ण सलिलस्य यथा शरत् ॥**

*(श्रीमद्भागवत २/८/५)*

यसरी अविद्या र अविद्याको कार्य निवृत्त भएपछि देखा पर्ने उपनिषत्प्रतिपाद्य नित्य, बोधसुखरूप श्रीकृष्णतत्त्वलाई श्रीमद्भागवतले प्रतिपादन गरेको छ ।

त्यसैले श्रीमद्भागवतलाई भागवतीसंहिता, सात्वतीसंहिता आदि पनि भनिन्छ । **सः संहितां भागवतीं कृत्वाऽनुक्रम्य चात्मजम्** (१/७/८)इत्यादि । संहिता भनेको मूलरूपमा वेद हो । **सम्यक् हितं प्रतिपाद्यं यस्याः** यस व्युत्पत्तिबाट सिद्ध हुने संहिता शब्दले वेदोपदिष्ट विषयकै व्याख्यान भन्ने अर्थ बुझाउँछ । त्यसैले वेदमूलक स्मृति र पुराणआदिमा समेत संहिता शब्द प्रख्यात हुन गएको हो । यस्तै पुराणहरूको अन्त्यमा पढिने वेदापरपर्याय **अध्याय** शब्दले पनि वेदार्थप्रकाशकताको सङ्केत गरेको छ ।

यस्तो भगवद्रूप भागवत ग्रन्थको रचना वेदव्यासले

गर्नुभयो भन्नुको तात्पर्य समाधि अवस्थामा वेदव्यासले जे अनुभव गर्नुभयो, त्यही प्रकट गर्नुभएको मात्र हो । त्यसैले श्रीमद्भागवतलाई समाधिभाषा वा भावभाषामा प्रकट भएको ग्रन्थ पनि मानिन्छ । यस्तो समाधिभाषाको ग्रन्थलाई बुझ्न पनि समाधान नै चाहिन्छ । सद्गुरुको कृपा र भगवद्भक्तिद्वारा आप्लावित रसिकहृदयमा मात्र भागवतको रहस्य प्रकट हुन्छ । अथवा भनौं भागवतको रूपमा साक्षात् भगवान् अवतरित हुनुहुन्छ । त्यसैले भागवतलाई भक्तियुक्त भएर मात्र पढ्न सकिने ग्रन्थ भनिएको छ–

**भक्त्या भागवतं शास्त्रं न युक्त्या न तु टीकया ।**

अर्थात् भक्ति भए भागवतको अर्थ लाग्छ, केवल तर्कको बलमा वा टीकाको भरमा भागवतको अर्थ लाग्दैन । भागवतमा भक्तिपूर्वक अनुशीलन गर्दा प्रत्येकपटक विभिन्न नवीनतम भाव र नवीनतम तात्पर्यहरू खुल्दै जान्छन् । यद्यपि भागवतमा धेरै प्रसङ्गहरू छन् तर ती सबै प्रसङ्गको तात्पर्य वेदैकगम्य परमतत्त्व श्रीकृष्णचन्द्र हुनुहुन्छ भन्ने सिद्ध हुँदै जान्छ । हरेक स्कन्ध, अध्याय, र प्रकरणमा अनि हरेक श्लोक, वाक्य, पद र अक्षरमा एउटै प्रतिपाद्य परमतत्त्व रहेछ भनी परस्पर समन्वय एवम् अविरुद्ध एकार्थको बोध भएपछि मात्र श्रीमद्भागवतको मुख्य प्रयोजन सिद्ध भएको मानिन्छ । त्यसैले यस्तो प्रसिद्धि पनि छ–

**स्कन्धेऽध्याये प्रकरणे श्लोके वाक्ये पदेऽक्षरे ।**
**एकार्थं सप्तधा जानन्नविरोधेन मुच्यते ॥**

हरेक स्कन्धमा, अध्यायमा, प्रकरणमा, श्लोकमा, वाक्यमा पदमा र अक्षरमा व्याप्त भएको एक अर्थलाई सात-सात तरिकाले बुझ्न सकियो भने मात्रै श्रीमद्भागवतको तात्पर्यमा विरोध नभएको थाहा हुन्छ र मोक्ष प्राप्त हुन्छ ।

CamScanner

## हरिहरमा अभेद र समन्वय

अन्य पुराणहरू एक-एक देवताको महत्तालाई प्रतिपादन गर्दछन्, तर श्रीमद्भागवतले सबै देवताको महत्त्वलाई उजागर गर्दै शिव, विष्णु आदिमा अभेद र समन्वय सिद्ध गरेको छ। ग्रन्थको आरम्भमा र अन्त्यमा मङ्लाचरण गर्दा सत्यं परं धीमहि भनेर परमसत्यको ध्यान गरिएको छ। कुनै देवताविशेषको नाम नलिएर सत्यको मात्र उल्लेख गर्नु पनि सर्वदेवसमन्वयको अनुपम निदर्शन हो। त्यस्तै अत्रि ऋषिको तपस्यापछि उनलाई वर दिन त्रिदेव आउँदा उनले भनेका थिए - मैले त यौटा देवताको उपासना गरेको थिएँ, वरदान दिन तीन-तीन देव कसरी आउनुभयो ? त्रिदेवले भन्नुभयो– हामी तिम्रो संकल्पअनुसार वरदान दिन आएका कार्यभेदले नामभेद भएका देवता हौँ। यस्तै मार्कण्डेयलाई दर्शन दिँदै भगवान् शिवले भन्नुभएको छ– **न ते मय्यच्युतेऽजे च भिदामण्वपि चक्षते** (भागवत १२/१०/२२) अर्थात् ममा र अच्युत भगवान्मा अणुमात्र पनि भेद छैन। यस्तै दिति-कश्यपको संवादको क्रममा भनिएको छ– भाग्यले ठगिएका देहात्मवादीहरू शिवनिन्दा गर्छन् तर शिवजी त्यस्ता देवाधिदेव हुनुहुन्छ, जसको आज्ञा ब्रह्मादि देवताले पालन गर्दछन् र जस्को मायाद्वारा यो जगत् पैदा भयो, त्यही अविद्याको पर्दालाई हटाउन जसको उपासना नगरी हुदैन (भागवत ३/१४/२६–२८) इत्यादि। भृगुद्वारा त्रिदेवको परीक्षाको प्रसङ्ग (भागवत१०/८८) मा गुणलाई लिएर हेर्दा रुद्रभन्दा विष्णु ठुला देवता भनेजस्तो देखिएपनि गुणसङ्गरहित अवस्थामा शिव र विष्णुमा अभेद देखाइएको छ। यो भागवतको विशेषता नै हो।

## मङ्गल र अनुबन्धविचार

ग्रन्थको आरम्भमा मङ्गलाचरण गर्ने शिष्टाचारानुमित श्रुतिबोधित परम्पराअनुसार श्रीमद्भागवतमा पनि नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मक तीनवटै किसिमका मङ्गलाचरणहरू गरिएको छ । सर्वप्रथम वेदव्यासले **जन्माद्यस्य यतः** इत्यादि श्लोकबाट मङ्गलाचरण गरे । शुकदेवजीले **धर्मः प्रोज्झितकैतव** इत्यादि दोस्रो श्लोकको मङ्गलाचरण गर्नुभयो । **निगमकल्पतरोर्गलितं फलम्** यो तेस्रो श्लोकको मङ्गलाचरण सूतजीको हो भन्ने सन्तपरम्परा छ । प्रथम श्लोकमा ग्रन्थको आरम्भमा गरिएको **जन्माद्यस्य यतः** यस श्लोकमा श्रीमद्भागवतका सर्गादि दशलक्षणहरूको समेत सङ्केत पाइन्छ। **जन्माद्यस्य यतः** यस पदले श्रीमद्भागवतको तेस्रो, चौथो र पाँचौ स्कन्धमा वर्णित **सर्ग-विसर्ग** र **स्थान**को सङ्केत गरेको छ। **तेने ब्रह्म हृदा य आदिकवये** यस वाक्यबाट षष्ठस्कन्धको प्रतिपाद्य विषय **पोषणात्मक भगवदनुग्रह**को सङ्केत भएको पाइन्छ । यस्तै **मुह्यन्ति यत्सूरयः** यस पदबाट सप्तमस्कन्धको **ऊति** भनिने कर्मवासनाको चर्चा भएको छ। **तेजोवारिमृदां यथा विनिमयः** यस पदबाट दशमस्कन्धको **निरोध**, **धाम्ना स्वेन सदा निरस्तकुहकं** यस पदावलीबाट एकादशस्कन्धको **मुक्ति** र **सत्यं परं** भन्ने पदबाट द्वादशस्कन्धार्थ **आश्रयतत्त्वको** वर्णन गरिएको छ। साथै **धीमहि** भन्ने पदले प्रथमस्कन्धार्थ अधिकारीको विचार र त्यही ध्यानपदार्थद्वारा साधनारूप द्वितीयस्कन्धार्थको विचार गरिएको छ। यसप्रकार मङ्गलाचरणद्वारा भागवतको विषयनिर्देश भएको छ ।

वेदव्यासले वेदतात्पर्यनिर्णयको रूपमा ब्रह्मसूत्रको रचना गरे । भागवतमा जुन वाक्य **जन्माद्यस्य यतः** बाट मङ्गलाचरण

वा ग्रन्थारम्भ भयो त्यही वाक्य ब्रह्मसूत्रमा **अथातो ब्रह्मजिज्ञासा** (१/१/१)भन्ने पहिलो सूत्रपछिको दोस्रो सूत्र हुन गयो। यसको तात्पर्य वेद, उपनिषद् र ब्रह्मसूत्रको जे रहस्य हो, त्यही भागवतको पनि रहस्य हो भन्ने नै हो। श्रीमद्भागवतको प्रथमपद्यमा समग्र ब्रह्मसूत्रको पूरै अर्थको सङ्केत गरिएको छ। **जन्माद्यस्य यतः** यस वाक्यमा ब्रह्मसूत्रका चतु:सूत्रीभित्रका **अथातो ब्रह्मजिज्ञासा** र **जन्माद्यस्य यतः** यी प्रथम र द्वितीय सूत्र समाहित छन्। **अन्वयात्** यस पदले **तत्तु समन्वयात्** (ब्रह्मसूत्र १/१/४) भन्ने तेस्रो सूत्रको तात्पर्य प्रकाशित गर्दछ। **अर्थेष्वभिज्ञः** यस पदमा **ईक्षतेर्नाशब्दम्** (ब्रह्मसूत्र १/१/५) भन्ने सूत्र समेटिएको छ भने **तेनेब्रह्महृदा य आदिकवये** यस पदावलीको तात्पर्य **शास्त्रयोनित्वात्** (ब्रह्मसूत्र १/१/३) यस सूत्रमा आएको छ। **मुह्यन्ति यत्सूरयः** यस पदावलीलाई **एतेन सर्वे व्याख्याताः** भन्ने ब्रह्मसूत्रको प्रथम समन्वयाध्यायद्वारा व्याख्या गरिएको छ। यस्तै **तेजो वारिमृदां यथा विनिमयः** भन्ने पदावलीको तात्पर्य **तदनन्यत्वमारम्भरणशब्दादिभ्यः** (ब्रह्मसूत्र २/१/१४) आदि सूत्रद्वारा प्रकट हुने भएकोले दोस्रो अविरोधाध्यायको निष्कर्ष आएको छ। यस्तै **धीमहि** पदको अर्थ तेस्रो साधनाध्यायले र **धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि**भन्ने पदावलीको अर्थ चौथोँ फलाध्यायले व्याख्या गरेको छ। यसप्रकार श्रीमद्भागवत ब्रह्मसूत्ररूप छ। फरक यत्तिमात्र छ कि– ब्रह्मसूत्रको अध्ययनका लागि अधिकार वा पूर्वतयारीको आवश्यकता हुन्छ। त्यसैले पहिलो सूत्र **अथातो ब्रह्मजिज्ञासा** भन्ने सूत्रित गरेपछि दोस्रो **जन्माद्यस्य यतः** पढियो। पहिलो सूत्रमा आएको **अथ** शब्दले रामानुजाचार्यको मतमा पूर्वमीमांसोक्त कर्मानुष्ठानपछि र श्रीशङ्कराचार्यको भनाइमा साधनचतुष्टयसम्पत्तिपछि मात्र वेदान्तमा अधिकार हुन्छ। साधनचतुष्टयहरू नित्यानित्यवस्तुविवेक,

इहामुत्रार्थफलभोगविराग, शमादिषट्कसम्पत्ति र मुमुक्षुत्व यति नभई वेदान्तचिन्तनमा अधिकार भएको मानिँदैन तर भागवतमा कुनै पूर्वसर्त छैन । यसमा सबै तहका व्यक्तिलाई समान अधिकार छ । वेदान्तवाक्यश्रवणका लागि चित्तशुद्ध गर्न अन्य शमदमादि साधनको अपेक्षा भएजस्तो यहाँ अन्य साधनको त्यति आवश्यकता पर्दैन ।

यस्तै भागवतको आरम्भमा गरिएको **सत्यं परं धीमहि** भन्ने मङ्गलाचरण र ग्रन्थको अन्त्यमा भएको त्यही मङ्गलाचरणले उपक्रमोपसंहारद्वारा एउटै परमसत्य ब्रह्मतत्त्वको प्रतिपादन भएको सिद्ध हुन्छ । यस्तै हरेक ग्रन्थको तात्पर्यनिर्णय गर्न आवश्यक छ वटा लिङ्गहरू हुन्छन् । जस्तै–

**उपक्रमोपसंहारावभ्यासोऽपूर्वता फलम् ।**
**अर्थवादोपपत्ती च लिङ्गं तात्पर्यनिर्णये ॥**

*(वेदान्तसार)*

अर्थात् उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद र उपपत्ति यी षड्विधलिङ्गहरू हुन् । दर्शनपरम्परामा चर्चा गरिने षड्विधलिङ्गहरूद्वारा पनि श्रीमद्भागवतमा भागवतका प्रतिपाद्य श्रीकृष्णतत्त्वलाई नै पौनःपुन्येन वर्णन गरेको देखिन्छ ।

हरेक ग्रन्थको आरम्भमा मङ्गलाचरणसँगै अनुबन्धचतुष्टयको उल्लेख गर्ने प्राचीन आर्षपरम्परा रहिआएको छ । तदनुसार चार अनुबन्धहरूमा सम्बन्ध, अधिकारी, विषय र प्रयोजनको चर्चा गरिन्छ । चार अनुबन्धको उल्लेख नगरेसम्म मङ्गलाचरण गरेको मानिँदैन र ग्रन्थ व्याख्येय हुन सक्दैन भन्ने पनि प्रसिद्धि छ । जस्तै-

**सम्बन्धश्चाधिकारी च विषयश्च प्रयोजनम् ।**

**विनानुबन्धं ग्रन्थादौ मङ्गलं नैव शस्यते ॥**

**विना विषयसम्बन्धौ तथैवार्थाधिकारिणौ ।**
**अव्याख्येयो भवेद्ग्रन्थः तत्स्यादेतच्चतुष्टयम् ॥**

वास्तवमा अनुबन्धद्वारा ग्रन्थको क्षेत्र र सीमा निर्धारण गरिएको हुन्छ। यहाँ पनि चार अनुबन्धहरूको सङ्केत मङ्गलाचरणमा नै गरिएको छ। **धर्म प्रोज्झितकैतवोऽत्र परमः** यहाँ **प्रोज्झितकैतवः परमः धर्मः अत्र निरूपितः** भनेर श्रीमद्भागवतको **विषय**को सङ्केत गरिएको छ । **निर्मत्सराणां सताम्** यस वाक्यावलिद्वारा **अधिकारी**को चर्चा गरिएको छ । त्यस्तै **तापत्रयोन्मूलनम्** यस पदमा तीन तापको उन्मूलन गर्नु नै श्रीमद्भागवतको **प्रयोजन** हो भनेर बताइएको छ भने ग्रन्थ र विषयको सम्बन्ध **प्रतिपाद्यप्रतिपादकभाव** रहेको छ । यसप्रकार चार अनुबन्धद्वारा यस मङ्गलाचरणमा सङ्केत गरिएका विषयहरू भागवतका खास पहिचान हुन्। शोधिनीटीकाकारले भने यिनै अनुबन्धचतुष्टयलाई यसरी सङ्केत गरेका छन्–

**मोक्षकामोऽधिकारी स्यात् वेदार्थपरिबृंहणात् ।**
**सत्त्वशुद्धिश्च विषयः पठनाच्छ्रवणादपि ॥**

**निरूपकनिरूप्यात्मसम्बन्धः स्फुट ईयते ।**
**जीवब्रह्मैक्यताज्ञानं प्रयोजनमुदीरितम् ॥**

**निःशेषानर्थहेयत्वाद् ब्रह्मात्मैक्यसुबोधनात् ।**
**श्रीमद्भागवतं शास्त्रं सर्वतोऽधिकमुच्यते ॥**

मोक्षको चाहना गर्ने व्यक्ति नै वेदार्थको व्याख्यानरूप श्रीमद्भागवतको श्रवण गर्न अधिकारी हुन्छ । श्रीमद्भागवतको पठन र श्रवणबाट चित्तशुद्धि हुनु नै यसको विषय हो । यस्तै परमात्मा र ग्रन्थको निरूप्य-निरूपकभाव सम्बन्ध छ भने जीव र ब्रह्मको एकता सिद्ध गर्नु नै यसको प्रयोजन हो । सम्पूर्ण

CamScanner

अनर्थहरूलाई समाप्त गरी ब्रह्मात्मैक्यभाव सिद्ध गर्ने भएको हुनाले श्रीमद्भागवत शास्त्र अरू सबै शास्त्रहरू भन्दा श्रेष्ठ मानिन्छ ।

## अधिकारविचार

प्रथमस्कन्धलाई अधिकारस्कन्ध पनि भनिएको छ । यसमा श्रीमद्भागवतका वक्ता, श्रोता कस्ता हुनुपर्दछ भन्ने कुराको वर्णन भएको छ । हरेक कृत्य सम्पन्न गर्न कर्तामा हुनुपर्ने पूर्वयोग्यतालाई अधिकार भनिन्छ । शास्त्रमा कुन कर्मका लागि कस्ता व्यक्ति अधिकारी हुन्छन् भनेर तोकिएको हुन्छ । वेदोक्त कर्मको निष्पादनका लागि **ब्राह्मणो बृहस्पतिसवेन यजेत पुरोधाकामः। राजा राजसूयेन यजेत स्वाराज्यकामः। जातपुत्रः कृष्णकेश अग्नीनादधीत** इत्यादि अधिकारचिन्तनपूर्वक कृत्यबोधक विधिवाक्य पाइन्छन् । त्यस्तै वेदान्तवाक्यश्रवणका लागि पनि **अथातो ब्रह्मजिज्ञासा** भन्ने सूत्रमा आएको **अथ** पदले **साधनचतुष्टयसम्पत्त्यनन्तरं ब्रह्मविचारः करणीयः** भनेर वेदान्तविद्यामा अधिकारको चर्चा गरियो तर श्रीमद्भागवतमा अन्य कुनै साधनको पूर्वसर्त छैन। त्यसैले यहाँ अथातो ब्रह्मजिज्ञासा नभनीकन जन्माद्यस्य यतः बाट आरम्भ गरियो। यसको तात्पर्य श्रीमद्भागवतद्वारा नै भगवत्प्राप्तिका निमित्त आवश्यक पर्ने चित्तशुद्धिरूप अधिकार सम्पादन हुन्छ भन्ने हो। त्यसैले भनिएको छ–

**वासुदेवकथाप्रश्नः पुरुषांस्त्रीन् पुनाति हि ।**
**वक्तारं पृच्छकं श्रोतृंस् तत्पादसलिलं यथा ॥**

*(श्रीमद्भागवत १०/१/१६)*

वासुदेवकथासम्बन्धी संवादले प्रश्नकर्ता, उत्तरदाता र

अरु श्रोताहरू सबैको हृदय पवित्र हुन्छ । अन्य शास्त्रोक्त कर्मानुष्ठानको प्रयोजन पनि चित्तशुद्धि नै हो तर चित्तशुद्धिमात्र परमप्रयोजन होइन । चित्तशुद्धिपछि भगवत्प्राप्ति भएन भने त्यो श्रम व्यर्थ नै हुन्छ ।

**धर्मः स्वनुष्ठितः पुंसां विश्वक्सेनकथासु यः ।**
**नोत्पादयेद्यदि रतिं श्रम एव हि केवलम् ॥**

*(श्रीमद्भागवत १/२/८)*

योगी याज्ञवल्क्यले पनि भन्नुभएको छ–

**इज्याचारदमाहिंसादानस्वाध्यायकर्मणाम् ।**
**अयं तु परमो लाभो यद्योगेनात्मदर्शनम् ॥**

*(याज्ञवल्क्य शिक्षा १/८)*

अन्य यज्ञ, यागादिको अनुष्ठानबाट शुद्ध भएको चित्त प्रसङ्गवशात् फेरि अशुद्ध हुने डररहन्छ तर श्रीमद्भागवतकथाबाट शुद्ध भएको अन्त:करणमा फेरि मलीनता आउने भय रहँदैन, किनभने अन्त:करणशुद्धिसँगै भगवान्मा अहैतुकी (अकारण) भक्ति र भगवत्तत्त्वसाक्षात्कार सँगसँगै हुन्छ, यो नै श्रीमद्भगवत्कथाको वैशिष्ट्य हो । भगवत्कथाश्रवणद्वारा अधिकारप्राप्तिसँगै भगवद्भक्तिलाभ, तत्त्वज्ञान र सञ्चितकर्मक्षय सँगसँगै हुने कुरा यसरी सोपानक्रमबाट बताइएको छ -

**शुश्रूषोः श्रद्दधानस्य वासुदेवकथारुचिः ।**
**स्यान्महत्सेवया विप्राः पुण्यतीर्थनिषेवणात् ।।**
**शृण्वतां स्वकथां कृष्णः पुण्यश्रवणकीर्तनः ।**
**हृद्यन्तःस्थो ह्यभद्राणि विधुनोति सुहृत्सताम् ॥**
**नष्टप्रायेष्वभद्रेषु नित्यं भागवतसेवया ।**
**भगवत्युत्तमश्लोके भक्तिर्भवति नैष्ठिकी ॥**

**तदा रजस्तमोभावाः कामलोभादयश्च ये ।**
**चेत एतैरनाविद्धं स्थितं सत्त्वे प्रसीदति ॥**
**भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।**
**क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ॥**

*(श्रीमद्भागवत १/२/१६-२१)*

पुण्यतीर्थहरूको आश्रयमा रही सज्जनहरूको सेवा गरी श्रद्धापूर्वक भगवत्कथाश्रवण गरेपछि भगवत्कथामा विशेष अभिरुचि जाग्छ । भगवत्कथा श्रवणबाट भगवान् हृदयभित्र प्रवेश गर्नुहुन्छ र अन्त:करणलाई पवित्र पार्नुहुन्छ । यसरी मनोमल नष्ट भएपछि भगवद्भक्तहरूको सेवाबाट भगवान्मा स्वाभाविक भक्ति वढ्दै जान्छ, त्यसपछि मनभित्रका काम-क्रोधादि राजस, तामस भावहरू नष्ट हुन्छन् र चित्त सत्त्वगुणमा स्थित रहन्छ अनि हृदयग्रन्थिहरू नष्ट हुन्छन्, चित्तका संशयहरू विलीन हुन्छन् । कर्मवन्धन समाप्त हुन्छ । सँगसँगै परमात्मतत्त्वसाक्षात्कार हुन्छ ।

यसप्रकारको सोपानक्रम देवर्षि नारदको पूर्वजन्ममा दासीपुत्र हुँदाको बाल्यकालीन घटनाक्रमले समेत सङ्केत गर्दछ । वेदव्यासलाई नारदमुनिले आफ्नो पूर्ववृत्तान्त वताउँदै भन्छन् – म पूर्वजन्ममा दासीपुत्र थिएँ । म सानै थिएँ । कुनै ब्राह्मणको घरमा चतुर्मास व्रतका लागि आएका वेदवादी सन्तहरूको सेवामा म पनि नियुक्त भएँ । मेरो सेवाबाट प्रसन्न भएका ती योगीहरूले ममाथि कृपा गर्नुभयो । उहाँको व्यवहारमा मेरो श्रद्धा वढ्दै गयो । भगवान्का विशेष लीला चरित्र सुन्दै जाँदा क्रमश: मेरो मन एकाग्र हुँदै गयो र भगवान्मा निश्चल हुन थाल्यो । त्यसपछि परमात्मालाई आत्मतत्त्वको रूपमा प्राप्त गरें । ममा प्रेम झन् बढ्दै गयो । हरेकसमय भगवान्को स्फुरण हुन थाल्यो । यसरी भगवत्तत्त्व साक्षात्कार भएपछि

म परमात्माभन्दा अलग नभएको र सम्पूर्ण दृश्य प्रपञ्च मेरै आत्मरूप परमात्मामा खडा भएको देख्न थालें आदि ।

**अहं पुरातीतभवेऽभवं मुनेःदास्यास्तु कस्याश्चन वेदवादिनाम् ।**
**निरुपितो बालक एव योगीनांशुश्रूषणे प्रावृषि निर्विविक्षताम् ।**

*(श्रीमद्भागवत १/५/२३)*

यो भक्तिको सोपानक्रमलाई भक्तिदर्शनका आचार्य मधुसूदन सरस्वतीले यसरी दर्शाएका छन्–

**प्रथमं महतां सेवा तद्दयापात्रता तथा ।**
**श्रद्धाथ तेषां धर्मेषु ततो हरिगुणश्रुतिः॥**
**ततो रत्यङ्करोत्पत्तिः स्वरूपाधिगतिस्तथा ।**
**प्रेमवृद्धिःपरानन्दे तस्यार्थस्फुरणं ततः ॥**
**भगवद्धर्मनिष्ठातस्तस्मिंस्तद्गुणशालिता ।**
**प्रेम्णोऽथ परमा काष्ठेत्युक्ता वै भक्तिभूमिकाः ॥**

*(भक्तिरसायन १/३४-३६)*

अर्थात् भक्तिका सोपानक्रममा १ महापुरुषहरूको सेवा, २ महापुरुषहरूको दयाको पात्र हुनु, ३ भगवद्धर्ममा श्रद्धा, ४ हरिगुणश्रवण, ५ प्रेमाङ्कुरको उत्पत्ति, ६ स्वरूपसाक्षात्कार, ७ परमानन्दरूप प्रेमको वृद्धि, ८ भगवान्को दर्शन, ९ भगवद्धर्मनिष्ठा १० भगवद्गुणशालिता र प्रेमको पराकाष्ठाको रूपमा परा भक्तिको आविर्भाव यी भक्तिका भूमिकाहरू हुन् ।

यसप्रकार भगवद्भक्तिद्वारा भक्त र भगवान्लाई जोडिदिने काम श्रीमद्भागवतले गर्दछ। यद्यपि आरम्भमा भगवान्का अनेक रूप, अनेक अवतार र अनेक अवस्थाहरू भएको देखिन्छ, तर पनि विस्तारै विचार गर्दै जाँदा यी सबै विचित्रताहरू एउटै

परमात्मामा समाहित भएका देखिन्छन् । वास्तवमा बाहिर जगदाकार भएर देखिने स्थूल प्रपञ्च पनि मायाका गुणद्वारा भगवान्मा कल्पित भएको मात्र हो। जसरी अज्ञानीहरू वायुको आधारमा रहने बादललाई अज्ञानवश आकाशमा रहेको ठान्दछन्, धूलोमा रहेको धुस्रोपनलाई बादलमा भएको सम्झिन्छन्, त्यस्तै द्रष्टा साक्षी आत्मामा अज्ञानवश दृश्य जगत्को कल्पना भएको मात्र हो । वस्तुत: साक्षी परमात्माबाहेक कुनै दृश्य प्रपञ्च छँदैछैन । अविद्याद्वारा द्वैत खडा भएको छ । तत्त्वज्ञानद्वारा अविद्यानिवृत्ति भएपछि हृदयग्रन्थि भेदन, सर्वसंशयच्छेदन भएसँगै सर्वकर्मक्षय पनि हुन्छ। त्यसपछि केही कर्तव्य बाँकी रहँदैन, ऊ कृतकृत्य हुन्छ र जीवनको पूर्ण सफलता प्राप्त हुन्छ। यही जीवनको पूर्ण सफलता नै श्रीमद्भागवतको प्रयोजन हो।

## साधनविचार

श्रीमद्भागवतको द्वितीयस्कन्ध साधनस्कन्ध हो । यहाँ भगवत्प्राप्तिका लागि आवश्यक मुख्य साधनहरूको चर्चा गरिएको छ। ती साधन हुन्- श्रवण, कीर्तन र स्मरण। अनात्मचिन्तन र सांसारिक प्रपञ्चको प्रवेश तीन ठाउँमा हुन्छ। हृदयमा, पेटमा र मुखमा। त्यसैले यी तीनै ठाउँमा भगवद्भावको स्थापना गर्न यी तीन उपायहरू शास्त्रमा बताइएका छन्– **हृदि रूपं मुखे नाम नैवेद्यमुदरे तथा**। अर्थात् जसले हृदयमा भगवान्को रूप, मुखमा भगवान्को नाम र पेटमा भगवान्को नैवेद्य राखेको हुन्छ, त्यस व्यक्तिको चित्त शुद्ध भएको हुन्छ। त्यस्ता व्यक्तिलाई भगवद्भक्ति प्राप्त हुन्छ।

श्रीमद्भागवतका अनुसार परमतत्त्वसाक्षात्कारका लागि चाहिने पहिलो मुख्य साधन श्रवण नै हो। त्यसैले भनिएको छ–

**श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यश्चेच्छताभयम् ।**

*(श्रीमद्भागवत २/१/५)*

यद्यपि जीवनमा गर्नुपर्ने कुराहरू धेरै छन् । पढ्नु, जान्नुपर्ने कुराहरू पनि धेरै छन् तर पनि आयु थोरै छ। त्यो पनि आहार-निद्रादि कृत्य र व्यवहारमा अत्यावश्यक ठानिएका पारिवारिक दायित्व पूरा गर्दागर्दै समाप्त हुन्छ। त्यसैले समयको सदुपयोग गर्नुपर्छ र वास्तविक अभयपदको प्राप्तिका लागि एकमात्र भगवान्को सम्बन्धमा कथाचरित्र श्रवण, गुणकीर्तन र स्वरूपस्मरण गर्नुपर्दछ । सम्पूर्ण सांख्य र योगको तात्पर्य पनि यही हो । आत्माराम, आप्तकाम योगीजनसमेत यही भगवद्गुणानुवादमा रमाउँछन् । त्यसैले मानवमात्रका लागि परमपुरुषार्थ भनेको भगवान्को लीलाचरित्रको श्रवण, कीर्तन र स्मरण गर्नु हो। यहाँ श्रवण भन्नाले कथा सुन्नुमात्र होइन, अद्वितीय परमात्मतत्त्वमा तात्पर्यनिश्चय गर्नु हो। अर्थात् साध्य र साधनको स्वरूपनिर्णय नै श्रवण हो । श्रवणको अङ्गको रूपमा आरम्भमा ध्येय परमात्माको ध्यान, त्यसबाट चित्तको निर्मलता र निश्चलता अनि मनन। त्यसपछि एकमात्र परमात्मा परमतत्त्व हुनुहुन्छ, उहाँले नै प्रपञ्चको सृष्टि गर्नुहुन्छ, त्यतिमात्र होइन स्वयं परमात्मा सृष्टिको रूपमा देखा पर्नुहुन्छ भन्ने कुरा सिद्ध हुन्छ । यसप्रकार श्रीमद्भागवतद्वारा प्रतिपाद्य परमतत्त्व श्रीकृष्णचन्द्र नै हुनुहुन्छ। जसलाई तत्त्वज्ञानीहरूले तत्त्व भनेर, भक्तहरूले भगवान् भनेर र योगीहरूले परमात्मा भनेर वर्णन गर्छन्। श्रीमद्भागवतद्वारा यिनै श्रीकृष्णचन्द्रको साक्षात्कार हुन्छ–

**वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।**
**ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥**

*(श्रीमद्भागवत १/२/११)*

## श्रीमद्भागवतका दश लक्षणहरू

श्रीमद्भागवतका सर्ग विसर्ग आदि दश लक्षणहरू वताइएका छन्। ती लक्षणहरूको तात्पर्य यसरी विचार गर्नुपर्दछ–यो सृष्टि कहाँबाट भयो ?, कसरी फैलिएको छ ?, कहाँ टिक्छ ?, प्राणीहरू किन लड्दैनन् ?, ग्रहहरू किन एक आपसमा ठोकिँदैनन् ?, यो सृष्टिको पोषण कसले गर्दछ ?, कर्मवासनाहरू के-कस्ता हुन्छन् ?, समयक्रमानुसार सृष्टि कसरी बढ्छ ?, भगवान्का भक्त कस्ता हुन्छन् ?, मनको निरोध कसरी गर्ने हो ?, मुक्ति भनेको के हो ? र यी सबैको आश्रय को हो ? यी सम्पूर्ण जिज्ञासाको समाधान नै श्रीमद्भागवत हो। सामान्यतया तृतीय स्कन्धदेखि द्वादशस्कन्धसम्म क्रमशः सर्गादि दश लक्षणहरूको निरूपण यसरी भएको मानिन्छ –

## सर्गविचार

सर्गको अर्थ हो सृष्टि । पञ्चमहाभूत, पञ्चतन्मात्रा, दश इन्द्रिय र अन्तःकरणसमेतको सृष्टिलाई सर्ग भनिन्छ । जस्तै–

**भूतमात्रेन्द्रियधियां जन्म सर्ग उदाहृतः। ब्रह्मणो गुणवैषम्यात्**

*(श्रीमद्भागवत २/१०/३) ।*

द्वादशस्कन्धमा पनि यस्तै सर्गको लक्षण देखाइएको छ–

**अव्याकृतगुणक्षोभान्महतस्त्रिवृतोऽहमः ।**
**भूतमात्रेन्द्रियार्थानां सम्भवः सर्ग उच्यते ॥**

*(श्रीमद्भागवत १२/७/११)*

मूल प्रकृतिमा लीन भएका गुणहरूको सञ्चलन भएपछि महत्तत्त्वको उत्पत्ति हुन्छ। त्यहाँबाट तामस, राजस र सात्त्विक

अहङ्कार बन्दछ र त्यो त्रिवृत् अहङ्कारबाट पञ्चतन्मात्रा, इन्द्रिय र विषयहरूको उत्पत्ति हुन्छ । यसैलाई सर्ग भनिन्छ ।

सृष्टिको सम्बन्धमा हरेक दर्शनमा विचार गरिएको छ । दर्शनको लक्षण नै सृष्टि र जीवजगत्को यथार्थतालाई केलाउनु हो । त्यसैले भन्ने गरिएको छ–

**सम्पूर्णाया दृश्यसृष्टेर्यद्भवेन्मूलकारणम् ।**
**तज्जिज्ञासा तदर्थञ्च प्रयत्नो दर्शनं स्मृतम् ॥**

पौरस्त्यदर्शनमा सृष्टिका सम्बन्धमा चार दर्शनका चार वादहरू प्रसिद्ध छन् । बौद्धदर्शनको संघातवाद, न्याय र वैशेषिकदर्शनको आरम्भवाद, सांख्यदर्शनको परिणामवाद र वेदान्तदर्शनको विवर्तवाद ।

**आरम्भवादः कणभक्षपक्षः संघातवादस्तु भदन्तपक्षः ।**
**सांख्यादिवादः परिणामवादः वेदान्तवादस्तु विवर्तवादः ॥**

परमाणुहरूको समूह नै सृष्टि हो, अरू केही होइन भन्ने सङ्घातवाद हो । जसअनुसार पाँच स्कन्धहरूबाट यो सृष्टि बनेको हुन्छ– रूपस्कन्ध, विज्ञानस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध र संस्कारस्कन्ध। विषयसहित इन्द्रियहरूलाई रूपस्कन्ध भनिन्छ। अहम्, अहम् (म, म) इत्याकारक आलयविज्ञानको निरन्तर प्रवाहलाई विज्ञानस्कन्ध भनिन्छ। मनमा सुखदु:खादिको वेदना र सुखदु:खादिशून्य विशेषअवस्थालाई वेदनास्कन्ध भनिन्छ। घटपटादि विशेषणविशिष्ट सविकल्पक प्रतीतिलाई संज्ञास्कन्ध र राग-द्वेष, मोह आदि भावलाई संस्कारस्कन्ध भनिन्छ । विज्ञानस्कन्धलाई नै चित्त वा आत्मा भनिएको हो । त्यसबाहेक कुनै छुट्टै आत्मा भन्ने चीज हुँदैन भन्ने सङ्घातवादीहरूको अभिप्राय हो, तर यो मत स्वीकार्य छैन किनभने परमाणुरूप स्कन्धहरूमा र समुदायमा चेतनता रहन सक्दैन । अवयव अचेतन भएपछि

सङ्घातमा पनि चेतनता कसरी आउला र ? अर्को स्थायी चेतन कर्ता त मानिएको छैन । लौकिक व्यवहारमा पनि अचेतनको समूहमा चेतनता देखिँदैन। त्यसकारण यो सङ्घातवादलाई मान्न सकिएन ।

नैयायिक र वैशेषिकहरू आरम्भवादलाई मान्दछन्। जसरी घटका समानजातीय कपालहरू मिलेर घटको आरम्भ गर्दछन्, यसैगरी कारणगत गुणबाट सजातीय कार्यहरूको उत्पत्ति हुन्छ । तन्तुगत रूपादि नै पटादिमा देखिन्छ । त्यसैले यो आरम्भवादलाई पनि मान्न सकिँदैन । कारणका गुणलाई कार्यको आरम्भक मान्ने हो भने यो सम्भव छैन। द्व्यणुकको आरम्भक परमाणुमा रहेको परिमाण द्व्यणुकको आरम्भक मान्न मिल्दैन । द्व्यणुक र त्रसरेणुबाट जसरी कार्योत्पत्ति हुन्छ त्यसरी परमाणुबाट कार्योत्पत्ति हुँदैन भनी मान्नु युक्तियुक्त देखिँदैन । यस्तै निरवयव परमाणुको संयोगबाट केही उत्पन्न भएको मान्न पनि सम्भव छैन। यसरी नैयायिक र वैशेषिकको असत्कार्यवाद वा आरम्भवादको खण्डन गरिएको छ ।

साङ्ख्यले मान्ने परिणामवाद पनि युक्तिसङ्गत लाग्दैन । **स्वकीयं स्वरूपं परित्यज्य स्वरूपान्तरेण परिणमनं परिणामः** अर्थात् कारणले आफ्नो स्वरूपलाई परित्याग गरेर कार्यको रूपमा परिवर्तन हुनु परिणाम हो। परिणामवादीहरूको मतमा जड प्रकृतिको विकार यो सम्पूर्ण त्रिगुणात्मक जगत् हो । जो जसबाट अन्वित हुन्छ, त्यसमा उसका गुणहरू आइपुग्छन् भन्ने व्याप्तिलाई लिएर घटमा मृत्तिका उपादान भएको हुँदा घटमा मृत्तिकाका गुण आएझैं सुखदु:खादि मोहात्मक जगत्मा तत्तद् गुणवाला प्रधान प्रकृति नै कारण हुन्छ भन्ने

उनीहरूको परिणामवादको तात्पर्य हो तर जडबाट चेतन उत्पन्न हुन्छ भन्न मिल्दैन। साङ्ख्यको मतमा जगत् रचयिता ईश्वरलाई मानिँदैन। लोक र वेदमा प्रसिद्ध चेतन ईश्वरविना जड वस्तुको परिवर्तन वा विकार कसरी हुन सकेको हो ? यसको उत्तर उनीहरूसँग छैन।

वेदान्तीहरू विवर्तवाद मान्दछन्। यो अरू सिद्धान्तभन्दा वढी तार्किक र युक्तिसङ्गत छ। विवर्त भनेको अतात्त्विक अन्यथाभाव हो। अर्थात् उपादानसत्ताभन्दा भिन्न सत्तावाला अन्यथाभावलाई विवर्त भनिन्छ। **स्वस्वरूपमपरित्यज्य रूपान्तरेण भानं विवर्तः** आफ्नो स्वरूपलाई परिवर्तन नगरिकन कार्यको रूपमा देखा पर्नु विवर्त हो। विवर्तको कारण अनादि वासना नै हो। अतः त्यसले कारणसँग समानता राख्नुपर्दछ भन्ने छैन। विवर्तको लक्षण गर्दै भनिएको छ–

**विवर्तस्तु प्रपञ्चोऽयं ब्रह्मणोऽपरिणामिनः।**
**अनादिवासनोद्भूतो न सारूप्यमपेक्षते ॥**

*(ब्रह्मसूत्र १/२/२१, भामतीकल्पतरुः)*

अर्थात् अपरिणामी ब्रह्मको विवर्त नै यो प्रपञ्च हो। अनादि वासनाबाट त्यत्तिकै खडा हुने प्रपञ्चले अरू कुनै समानरूपवाला वस्तुहरूको अपेक्षा गर्दैन। सिपीमा देखा पर्ने चाँदीको अधिष्ठान सिपी भएझैं सम्पूर्ण विवर्तको अधिष्ठान वा आश्रय ब्रह्म नै हो। **अधिष्ठानं विवर्तानामाश्रयो ब्रह्म शुक्तिवत्**। यो प्रपञ्च परमात्मामा आरोपित छ, परमात्माको सत्तामा देखा परेको छ, देख्दा भिन्न देखिए पनि वास्तवमा परमात्माभन्दा भिन्न होइन भन्ने विवर्तवादको मूल अभिप्राय हो। यो विवर्तवाद **यथा सोम्य एकेन मृत्पिण्डेन सर्वं मृण्मयं विज्ञातं भवति,**

**वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्** (छा.उ. ६/१/४) आदि उपनिषद्वाक्यद्वारा सङ्केत गरिएको र ब्रह्मसूत्रमा **तदनन्यत्वमारम्भणशब्दादिभ्यः** (ब्र.सू. २/१/१४) आदि सूत्रद्वारा प्रतिपादन गरिएको सिद्धान्त हो । यही कुरा श्रीमद्भागवतमा यसरी उल्लेख गरिएको छ–

**इदं हि विश्वं भगवानिवेतरो यतो जगत्स्थाननिरोधसंभवाः ।**
**तद्धि स्वयं वेद भवाँस्तथापि वै प्रादेशमात्रं भवतः प्रदर्शितम् ॥**

*(श्रीमद्भागवत, १/५/२०)*

अर्थात् यो सम्पूर्ण संसार पनि भगवान् नै हो। भगवान्भन्दा भिन्नझैं लाग्ने जीव पनि भगवान् नै हो र जगत् पनि भगवान् नै हो। श्रीधर स्वामी भन्नुहुन्छ– **ईश्वरात् प्रपञ्चः न पृथक्, ईश्वरस्तु प्रपञ्चात् पृथक्** अर्थात् यो सम्पूर्ण प्रपञ्च ब्रह्मभन्दा अलग हुनै सक्दैन । मायाको कार्यलाई कसरी ब्रह्म सिद्ध गर्ने भन्ने जिज्ञासाको समाधानमा उपर्युक्त **तदनन्यत्व** शब्द विचारणीय छ। **तस्मादनन्यत्वं तदनन्यत्वम्** अर्थात् नामरूपात्मक प्रपञ्चमा ब्रह्मसत्तातिरित्तसत्ता छैन यही नै प्रपञ्चको अनन्यत्व हो । यहाँ विवर्तवादद्वारा प्रपञ्च र ब्रह्मको अभेदसिद्ध गर्ने होइन, किन्तु भेदलाई हटाउने हो । यही विवर्तवादको प्रयोजन हो ।

उपर्युक्त वादहरूमध्ये अधिकारीभेदले सबै वादहरू उपयुक्त रहेको कुरा सर्वज्ञात्ममुनिले भनेका छन्–

**कृपणधीः परिणाममुदीक्ष्यते, क्षपितकल्मषधीस्तु विवर्तताम् ।**
**स्थिरमतिः पुरुषः पुनरीक्ष्यते, व्यपगतद्वितयं परमं पदम् ॥**

*(संक्षेपशारीरकम्)*

अर्थात् द्वैतप्रपञ्चमा आसक्त व्यक्तिहरूका निमित्त परिणामवाद र चित्त शुद्ध भएका साधकहरूलाई विवर्तवाद

CamScanner

काम लाग्छ । वास्तवमा जसको मन परमात्मामा स्थिर भएको छ, त्यस्ता व्यक्तिलाई कुनै वादको जरूरी छैन, उसले सर्वत्र परमात्मालाई देख्छ । भगवद्गीतामा **मत्तः परतरं नान्यत् किञ्चिदस्ति धनञ्जय** भनेर सिद्ध गरेको ब्रह्माद्वयवादलाई श्रीमद्भागवतमा **ब्रह्माद्वयं शिष्यते** (१०/१४/१८), **योऽवशिष्येत सोऽस्म्यहम्** (२/९/३२), **भगवद्रूपमखिलं नान्यद्वस्त्विह किञ्चन** (१०/१४/५६) इत्यादि प्रसङ्गहरूमा बताइएको छ । यस्तै बाहिर देखिएको सम्पूर्ण प्रपञ्च मायिक हो भन्ने कुरा स्वप्नको उदाहरण दिएर बताइएको छ । जस्तै– **विज्ञानमेकमुरुधेव विभाति माया, स्वप्नस्त्रिधा गुणविसर्गकृतो विकल्पः ।** (भागवत, ११/१३/३४), **नानेव भाति नाभाति स्वप्नमायामनोरथः** (भागवत ९/१८/४९) **स्रजि वाहिबुद्धिः** (४/२२/३८)। यसरी कल्पित हुनुमा भगवान्को माया नै कारण हो भन्ने भागवतको भनाइ छ । जस्तै–

**एषा माया भगवतः सृष्टिस्थित्यन्तकारिणी ।**
**त्रिवर्णा वर्णिताऽस्माभिः**

*(११/३/१६)*

**मायात उद्यदपि यत्सदिवावभाति**

*(१०/१४/२२)*

**यदिदं मनसा वाचा चक्षुर्भ्यां श्रवणादिभिः ।**
**नश्वरं गृह्यमाणं च विद्धि माया मनोमयम् ।**

*(११/७/७)*

श्रीमद्भागवतमा यो सम्पूर्ण सृष्टि परमात्मामा नै खडा भएको भन्ने देखाइएको हुनाले यो अद्वैतवेदान्तसिद्धान्त अनुकूल विवर्तवादमा आधारित देखिन्छ । यसप्रकार मायाद्वारा परमात्मामा जगत् खडा हुन्छ भन्नु श्रीमद्भागवतको विशिष्ट सर्गचिन्तन हो ।

CamScanner

## विसर्गविचार

चतुर्थस्कन्ध विसर्गस्कन्ध हो । विसर्गको तात्पर्य सर्गको विविधता हो। **विसर्गः पौरुषः स्मृतः** (भागवत २/१०/३)। अर्थात् पौरुषसर्ग नै विसर्ग हो । ब्रह्माजीबाट सृष्टिको विस्तार भएको कुरा विसर्गअन्तर्गत पर्दछ । जस्तै–

**पुरुषानुगृहीतानामेतेषां वासनामयः ।**
**विसर्गोऽयं समाहारो बीजाद्बीजं चराचरम् ॥**

*(भागवत, १२/७/१२)*

अर्थात् परमेश्वरको अनुग्रहबाट सामर्थ्य प्राप्त गरेका महत्तत्त्व आदिबाट जीवात्माहरूको तत्तद्वासनाअनुसार चराचर शरीरधारी बनेर विस्तार हुनु वा एउटा बीजबाट अर्को बीज पैदा भएझैं सृष्टि फैलिनुलाई विसर्ग भनिएको छ । प्रलयावस्थाभन्दा पहिले सङ्कलित वासनालाई फलोन्मुख बनाउन आवश्यक पर्ने विविध शरीरहरू जीवात्माहरूले प्राप्त गर्दछन्। त्यसलाई भगवान्ले आफ्नो मुस्कानबाट फैलाइरहनुभएको हुन्छ । चाहे सृष्टिको होस्, चाहे विसृष्टिको सबैको मूल परमात्मा नै हुनुहुन्छ। यो विसृष्टिमा आएको **वासनामय** भन्ने पदको विशेष महत्त्व छ। आ-आफ्ना वासनाअनुसार जीवात्माहरू तत्तत् कृत्यमा प्रवृत्त भएका हुन्छन् । यसरी सृष्टि फैलिने क्रमलाई प्रतिपादन गर्ने पौरस्त्य दर्शनमा केही वादहरूको चर्चा गरिएको छ- सृष्टिदृष्टिवाद, दृष्टिसृष्टिवाद र अजातवाद ।

जीवात्माहरूले आ-आफ्नो कर्मफलभोगका लागि संसारमा शरीर धारण गर्दछन्, त्यो सृष्टि नै देखिएको हो भन्ने सृष्टिदृष्टिवाद हो। यो वाद मन्दाधिकारीहरूका लागि आत्मतत्त्वसाक्षात्कार गर्ने आरम्भिक प्रक्रियाको अभिव्यक्ति हो। संसार परमात्माबाट उत्पन्न भएको हो । यहाँ वर्ण र आश्रमको व्यवस्था छ । स्वधर्मको

CamScanner

पालन गरेर चित्तशुद्ध भएपछि मात्र तत्त्वसाक्षात्कार हुन सक्छ भन्ने यस वादको प्रयोजन हो । कर्म, उपासना र ज्ञानद्वारा क्रमशः मोक्ष दिलाउन सृष्टिदृष्टिवादको उपदेश गरिन्छ ।

**भक्त्या सिद्ध्यन्ति कर्माणि कर्मभिस्तुष्यते हरिः ।**
**तस्मिँस्तुष्टे भवेज्ज्ञानं ज्ञानान्मोक्ष अवाप्यते ॥**

चित्तशुद्ध भइसकेका विशेष साधकहरूका लागि दृष्टिसृष्टिवादको उपदेश गरिएको छ । आ-आफ्नो वासनाअनुसार वा आ-आफ्नो दृष्टिअनुसार सृष्टि हुनु दृष्टिसृष्टिवादको मर्म हो । भगवान् श्रीकृष्णलाई जसको जस्तो भावना थियो त्यस्तै देखे भन्ने प्रसङ्ग कंसको रङ्गमञ्चमा श्रीकृष्णप्रति देखिएको भावले अभिव्यक्त गरेको छ । जस्तै–

**मल्लानामशनिर्नृणां नरवरः स्त्रीणां स्मरो मूर्तिमान्**
**गोपानां स्वजनोऽसतां क्षितिभुजां शास्ता स्वपित्रोः शिशुः ॥**
**मृत्युर्भोजपतेर्विराडविदुषां तत्त्वं परं योगिनां**
**वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः ॥**

*(भागवत १०/४३/१७)*

यो सृष्टिको विविधता छँदैछैन, परमात्माबाहेक केही भएको पनि छैन र हुनेवाला पनि छैन भन्ने कुरा अजातवादले देखाउँछ । सृष्टि देखिएर नै भय भएको हो, द्वैतप्रतीति नै भयको कारण हो । **भयं द्वितीयाभिनिवेशतः स्यात्** (भागवत ११/२/३७) **यतो भिन्नदृशां भयम्** (३/२८/३७) यही अजातवाद हो ।

वेदान्तमा प्रकारान्तरले सृष्टिलाई दुई प्रकारको मानिएको छ – ईश्वरसृष्टि र जीवसृष्टि । ईश्वरसृष्टि प्ररम्भिक सृष्टि हो भने जीवसृष्टि नै पौरुषसृष्टि वा विसर्गसृष्टि हो । विराट्रूप परमात्माको अण्डबाट ब्रह्माजीले सृष्टिको विस्तार गर्नुभयो । तर

यो सृष्टिलाई नयाँ सृष्टि मानिँदैन। पूर्वसृष्टिको अनुसरण मात्रै मानिन्छ। सृष्टिको विस्तार गर्ने क्रममा विभिन्न किसिमका सृष्टिहरूको चर्चा छ। जसमध्ये यी सृष्टिहरू प्रमुख छन्–

१. मानसी सृष्टि २. अलिङ्ग सृष्टि ३. लिङ्गभेदपूर्वक सृष्टि ४. मन्त्रजन्य सृष्टि ५. संयोगजन्य सृष्टि ६. अनपेक्षित सृष्टि र ७. सृष्टिजन्य सृष्टि।

सर्वप्रथम ब्रह्माजीले मनद्वारा सृष्टि गर्नुभयो– **अथाभिध्यायतः सर्गं दशपुत्राः प्रजज्ञिरे**। ब्रह्माजीले मरीचि, अत्रि आदि ऋषिहरूलाई मनद्वारा नै सृष्टि गर्नुभयो, यो मानससृष्टि हो। त्यस्तै स्त्री-पुरुषको लिङ्गभेद नभइकन भएको सृष्टि अलिङ्गसृष्टि हो भने स्वायम्भुव–शतरूपाको सृष्टि लिङ्गभेदजन्य सृष्टि हो। ऋषिहरूको मन्त्रणाद्वारा हुने सृष्टि मन्त्रजन्य सृष्टि हो भने स्त्रीपुरुषको संयोगबाट हुने सृष्टि संयोगजन्य सृष्टि हो। सृष्टि हुँदै जाँदा ब्रह्माजीको चाहनाविपरीत भएको रुद्रआदिको सृष्टि अनपेक्षित सृष्टि थियो। सृष्टिबाट फैलिँदै गएको सृष्टि सृष्टिजन्य सृष्टि हो। यो सबै सृष्टिको विस्तार वासनाको विविधता नै हो।

## स्थानविचार

स्थान अर्थात् स्थिति भगवान्को उत्कर्षको वर्णन हो– **स्थितिर्वैकुण्ठविजयः।** (भागवत २/१०/४) यहाँ वैकुण्ठ भनेर कुण्ठा वा प्रतिघात नहुने भगवान् र उहाँको विजय भनेर आफैँले सृष्टि गरेका प्राणीहरूलाई स्थापित गर्ने **उत्कर्ष** भनिएको हो। अर्थात् भगवान्को सृष्टिको आश्रय वा आधार नै स्थिति हो। **स्थान** वा **स्थिति** दुवैमा **स्था** धातुको उपयोग छ। करणप्रधान स्थान शब्द छ भने अधिकरणप्रधान स्थिति। यो जगत् भगवान्ले सृष्टि गर्नुभएको मात्रै नभएर भगवान्

CS CamScanner

नै जगत्को रूपमा प्रकट हुनुभएको हो । त्यससँगै प्रतीयमान प्रपञ्चको अधिष्ठान पनि भगवान् नै हुनुहुन्छ भन्ने तात्पर्य यो वैकुण्ठविजयको हो ।

यस स्कन्धले भगवान्को सर्वोत्कृष्ट सत्ताको प्रतिपादन गरेको छ। वेदमा **स दधार पृथिवीं द्यामुतेमाम्** भनेर यो सम्पूर्ण जगत्को आधार परमात्मा नै हुनुहुन्छ भनिएको छ। स्वायम्भुव मनुका पुत्र प्रियव्रतको वंशपरम्परामा ऋषभदेवका पुत्रका रूपमा जन्मिएका भरत राजाले रक्षा गरिएको भारतवर्ष भूमण्डलको जम्बूद्वीपअन्तर्गत एउटा वर्ष हो। यसबाहेक चन्द्र-सूर्यादि ग्रहहरू र अन्य लोक-लोकान्तरहरू जति छन्, यी सबै वास्तवमा परमात्माका स्थूलरूपहरू हुन्। यो भगवान्को बाह्य स्थूलरूपको वर्णन गर्नुको तात्पर्य भगवान्को व्यापकतामा मनलाई स्थिर गर्नु नै हो । त्यसैले भनिएको छ–

**श्रुत्वा स्थूलं ततो सूक्ष्मं रूपं भगवतो यतिः ।**
**स्थूले निर्जितमात्मानं शनैः सूक्ष्मं धिया नयेत् ॥**

*(५/२६/३८)*

बाह्य सांसारिक वस्तुहरू दृष्टिभेदले अलग-अलग प्रकारका हुन्छन् । इन्द्रियहरू जड छन्, त्यसैले इन्द्रियद्वारा हेर्दा प्रपञ्च पनि जड नै देखिन्छ, तर श्रद्धा र भक्तिको नजरद्वारा हेर्ने हो भने यो सबै जगत् भगवद्रूप छ। यही सर्वत्र भगवत्ताको अनुभूति गर्नु नै स्थानस्कन्धको प्रयोजन हो। प्राधान्येन स्थानको निरूपण पञ्चमस्कन्धमा गरिएको छ ।

## पोषणविचार

स्थानपछि पोषण वा पुष्टिको महत्त्व हुन्छ । त्यसैले षष्ठस्कन्धमा पोषणको प्रक्रिया बताइएको छ। पोषण वा **पुष्टि**को

CamScanner

तात्पर्य भगवान्को अनुग्रह हो। **पोषणं तदनुग्रहः**। (२/१०/४) आफ्ना भक्तहरूलाई भगवान्ले करुणापूर्वक पालन, पोषण वा रक्षा गर्नुहुन्छ भन्ने सिद्ध गर्नु पोषणस्कन्धको तात्पर्य हो। यो संसार एउटा फूलबारी हो । यसलाई देखिसकेपछि यसको रचयिता ईश्वरको सिद्धि हुन्छ। फूलबारी देखिसकेपछि त्यसको मालीलाई नदेख्नु उचित होइन। **आरामं तस्य पश्यन्ति न तं पश्यति कश्चन।** फूलबारीलाई भगवान्ले मल, जल पनि गर्नुहुन्छ र आवश्यकताअनुसार गोडमेल पनि गर्नुहुन्छ । नैयायिकहरूले **क्षित्यङ्कुरादिकं सकर्तृकं कार्यत्वात् घटवत्** भन्ने अनुमान गरेर पृथिवी र अङ्कुरादि कार्य भएको हुनाले यो कुनै न कुनै कर्ताद्वारा विरचित छ भनेर जगत्कर्तृत्वेन ईश्वरसिद्धि गर्दछन् । यदि जगत् कर्ताविना उत्पन्न भएको मान्ने हो भने चित्रकारविना चित्र किन बन्दैन ? कुमालेविना घट किन हुँदैन ?

**जगतां यदि नो कर्ता कुलालेन विना घटः।**
**चित्रकारं विना चित्रं स्वत एव भवेत्ततः॥**

यसप्रकार पोषणस्कन्धबाट यस जगत्को परिपोषण गर्ने परमात्मा नै हुनुहुन्छ भनेर परमात्मतत्त्वको सिद्धि गरिएको छ।

## ऊतिविचार

**ऊतयः कर्मवासनाः** ऊतिः अर्थात् कर्मवासना नै ऊति हो । कर्मवासनाको निरूपण ऊतिस्कन्धको विशेषता हो । **व्येञ् तन्तुसन्ताने** धातुबाट **क्तिन्** प्रत्यय गर्दा ऊति शब्द बन्दछ। राम्रा-नराम्रा विभिन्न किसिमका कर्मबाट प्रकट हुने विषयभोगसम्बन्धी वासनालाई ऊति भनिन्छ । **ऊयन्ते कर्मभिः सन्तन्यते** अथवा **ऊयन्ते कर्मभिर्बृंह्यन्ते, संश्लिष्यन्ते वा ऊतयः** अर्थात् वासनाको जन्जाल कर्महरूद्वारा फैलिने र

जेलिने गर्दछ । विषयचिन्तन भएपछि तत्तत् वस्तुमा राग वा द्वेष हुनु स्वाभाविक नै हो । त्यसबाट काम, क्रोध बन्दछ र क्रमशः सर्वनाशको यात्रा सुरू हुन्छ तर सद्वासनाले असत्वासनालाई निवृत्त गरेपछि सर्वत्र व्यापक भगवत्ताको स्फुरण हुन्छ । व्यवहारमा कोही राम्रा र कोही नराम्रा हुन्छन् । यो स्वभावभेद वासनाकृत हो। वासना दुई किसिमको छ– सद्वासना र असद्वासना । श्रीरामलाई उपदेश दिँदै वसिष्ठले भन्नुभएको छ–

**वासना द्विविधा प्रोक्ता शुद्धा च मलिना तथा ।**
**मलिना जन्महेतुः स्यात् शुद्धा जन्मविनाशिनी ॥**

*(योगवासिष्ठ)*

कश्यपका दिति र अदिति दुई पत्नी थिए। **दो अवखण्डने** अथवा **दिङ् क्षये** धातुबाट दिति शब्द बन्दछ। **द्यति खण्डयतीति दितिः।** अदितिका पुत्र देवता र दितिका पुत्र दैत्यहरू हुन्। जोड्ने प्रवृत्तिलाई अदिति र तोड्ने प्रवृत्तिलाई दिति भनिन्छ। यी दुवै बुद्धिवृत्तिका द्रष्टा साक्षी चैतन्य कश्यपको रूपमा उपस्थित छन्। **पश्यतीति पश्यकः, पश्यक एव कश्यपः** (निरुक्त)। यहाँ असद्वासनाको उदाहरण दितिपुत्र हिरण्यकशिपु हो । ऊ आफू शक्तिसम्पन्न भएर पनि असद्वासनाकै विस्तारका कारण आफ्नै कामक्रोधादि दुर्गुणबाट आफैँ आहत हुन्छ र सज्जनमा, ब्राह्मणमा, धर्ममा र आफ्नै छोरामा समेत द्वेषबुद्धि गर्दछ । परिणाममा उसको अवसान हुन्छ । सद्वासनाका प्रतिनिधिपात्र प्रह्लाद हुन्, उनी सानैदेखि सर्वत्र भगवद्भावको अनुभव गर्न सक्ने भगवान्का अनन्य भक्त हुन्। साक्षात् भगवान् नृसिंह भक्तको भावनाअनुसार उनको वचनलाई सत्य गर्न खम्बाबाट प्रकट हुनुभयो र हिरण्यकशिपुको वध गर्नुभयो। प्रह्लादको स्तुतिबाट प्रसन्न भएका भगवान्ले वर माग भन्दा प्रह्लादले वासनाको जन्जाल नफैलिनु नै

सबैभन्दा ठूलो वर हो भन्ने सोचेर यस्तो अनौठो वरदान मागे–

**यदि रासीश मे कामान् वरांस्त्वं वरदर्षभ ।**
**कामानां हृद्यसंरोहं भवतस्तु वृणे वरम् ॥**

*(श्रीमद्भागवत ७/१०/७)*

अर्थात् हे वरदाता भगवान् ! यदि हजुरले साँच्चिकै वर दिनुहुन्छ भने यस्तो वरदान दिनुहोस्- जो हाम्रो हृदयमा कहिल्यै पनि कामनाका अङ्कुर न आऊन् ।

द्वादशस्कन्धमा भने यसलाई रक्षास्कन्ध भनिएको छ –

**रक्षाच्युतावतारेहा विश्वस्यानु युगे युगे ।**
**तिर्यङ्मर्त्यर्षिदेवेषु हन्यन्ते यैस्त्रयीद्विषः ॥**

*(१२/७/१४)*

अर्थात् विश्वको रक्षाका निमित्त भगवान्ले समय-समयमा पशु, मुनष्य, ऋषि र देवताको रूपमा जन्म लिनुहुन्छ र वेदद्रोहीहरूलाई नष्ट गर्नुहुन्छ ।

## मन्वन्तरविचार

अष्टमस्कन्धमा मन्वन्तरचरित्रको माध्यमले सद्धर्मको वर्णन गरिएको छ । **मन्वन्तराणि सद्धर्मः** अर्थात् सद्धर्मनिरूपण नै मन्वन्तरस्कन्धको तात्पर्य हो । **मनूनां स्वायम्भुवादीनामन्तरमवकाशस्तदुपलक्षितः कालो वा मन्वन्तरम्** अर्थात् मनुहरूको समय र तदुपलक्षित अवान्तर कालभेदलाई मन्वन्तर भनिन्छ । श्रीमद्भागवतअनुसार मन्वन्तर छ किसिमका हुन्छन् ।

**मन्वन्तरं मनुर्देवाः मनुपुत्राः सुरेश्वरः ।**
**ऋषयोंऽशावताराश्च हरेः षड्विधमुच्यते ॥**

*(श्रीमद्भागवत १२/७/१५)*

तत्तत् मन्वन्तरका समयमा भगवान्ले विविध अवतारहरू लिनुहुन्छ । मन्वन्तर पनि एउटा कालविशेष हो । वस्तुतः कालरूपमा पनि भगवान् नै रहनुभएको छ। न्यायसिद्धान्तअनुसार कालिकसम्बन्धावच्छिन्न-कार्यत्वावच्छिन्न-कार्यतानिरुपित-तादात्म्य- सम्बन्धावच्छिन्नाधिकरणत्वावच्छिन्न- कारणत्वलाई नै काल भनिएको छ– **जन्यानां जनकः कालो जगतामाश्रयो मतः** (कारिकावली) ॥ काल एक भए पनि उपाधिभेदाले लव, निमेषादि मन्वन्तरपर्यन्तको विभाजनमा बाँडिएको हुन्छ । सबै हिसाब गर्दा एक मन्वन्तरमा ३०,६७,२०,००० वर्ष हुन्छ ।

**त्रिंशत्कोटचस्तु सम्पूर्णाः संख्याता संख्यया द्विजः ।**
**सप्तषष्टिस्तथान्यानि नियुतानि महामुनेः ॥**
**विंशतिस्तु सहस्राणि कालोऽयमधिकं विना ।**
**मन्वन्तरस्य संख्येयं मानुषैर्वत्सरैर्द्विज ॥**

*(विष्णुपुराण, १/३/२०-२१)*

यस्ता १४ मन्वन्तरहरूको एक कल्प हुन्छ। एक कल्प बराबर ब्रह्माजीको एक दिन र त्यत्ति नै बराबरको रात पनि हुन्छ । यसरी सय वर्ष पुगेपछि ब्रह्माजीको पनि आयु सकिन्छ । ब्रह्माजीको एक दिनमा धेरै मनुहरूको परिवर्तन हुन्छ । अहिलेको श्वेतवराहकल्पमा आउने चौध मन्वन्तरमध्ये स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत र चाक्षुष छ मनु बितिसके । अहिले वैवस्वतमनुको पालो छ । अब यसपछि सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि आदि अरू सात मन्वन्तरहरूको पालो आउन बाँकी नै छ। स्वायम्भुवआदि मनुहरू भगवान्को आराधना गरेर नै मन्वन्तराधिपति बनेका हुन्। कहिले भगवान्ले गजेन्द्रमोक्षका निमित्त हरि अवतार लिनुभयो भने कहिले अमृतका निमित्त देवता र दानवले युद्ध गर्ने क्रममा कच्छप अवतार लिनुभयो। यस्तै धन्वन्तरि अवतार, मोहिनी अवतार र वामनावतार भगवान्का विशेष अवतारहरू हुन् । तत्तत् मन्वन्तरको क्रममा

मनुहरूले भगवान्को आराधना गरेर सद्धर्मको रक्षा गर्नु नै सद्धर्मस्कन्धको प्रतिपाद्य विषय हो ।

## ईशानुकथा

ईशचरित्रको वर्णन नै ईशानुकथा हो । **पुंसामीशकथाः प्रोक्ताः** भगवान्को अवतारकथन ईशकथा हो भने अरू भगवान्का भक्तहरूको कथा ईशानुकथा हो । **ईशमनुगच्छन्ति इति ईशानवः तेषां कथा ईशानुकथा ।** ईशकथाको रूपमा सूर्यवंशको बीचमा भगवान् श्रीरामको चरित्र र चन्द्रवंशी राजर्षिहरूको वंशपरम्परामा भगवान् श्रीकृष्णको चरित्रको वर्णन गरिएको छ । यस प्रसङ्गमा आएका अन्य राजर्षिका चरित्र चित्तशुद्ध गर्न र भगवद्भक्ति बढाउन उपयोगी छन् । नवमस्कन्धमा भगवान् र भगवान्का भक्तहरूको पवित्र चरित्रको वर्णन गर्दै बहिरङ्ग र अन्तरङ्ग धर्मानुष्ठानको फल विशुद्ध भक्ति हो भनेर बताइएको छ । श्रीमद्भागवतको विशेषता नै भगवान्को र भगवान्का चरित्रहरूको आख्यान वर्णन गर्नु हो, यो नै भागवतको भागवततत्त्व हो । भगवान् किन अवतार लिनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा धेरै तर्कहरू भए पनि संसारका अविद्या, काम र कर्ममा भौँतारिएका मानिसहरूका लागि श्रवण, कीर्तन र स्मरण गर्न योग्य नाम र रूप लिनका लागि नै हो भन्ने भक्तहरूको निश्चय छ । कुन्तीले भनेकी छन्–

**भवेऽस्मिन् क्लिश्यमानानामविद्याकामकर्मभिः ।**
**श्रवणस्मरणार्हाणि करिष्यन्निति केचन ॥**

*(श्रीमद्भागवत १/८/३५)*

वचन र मनको गतिभन्दा पर भएका भगवान् सर्वसाधारणको वचन र मनको परिधिभित्र आउन स्वयम् अवतार लिनुहुन्छ तर त्यसमा प्रमुख कारण भक्तहरूको आग्रह नै हुन्छ। अतः भगवान्लाई सर्वसाधारणको सामु उपस्थित गराउने र भगवद्दर्शन सहज बनाउने

काम भक्तहरूले गर्ने भएकाले भक्तचरित्रको पनि उत्तिकै महत्त्व भएको हो ।

भगवान्का विभिन्न अवतारहरू छन् । तिनीहरूलाई पनि अंशावतार, गुणावतार, व्यूहावतार, अर्चावतार, आवेशावतार र स्फुरणावतार आदिको रूपमा विभाजन गरिएको छ । अवतार भनेकै अव्यक्त तत्त्व व्यक्त हुनु वा प्रकट हुनु हो । परमात्मा सामान्यतया अव्यक्तझैँ भए पनि भक्तहरूको आग्रहमा व्यक्त हुनुहुन्छ। यसरी भगवान्लाई अभिव्यक्त गराउने हुनाले भगवान्का भक्तहरूको चरित्र भगवत्प्राप्तिको साधक बनेको हो ।

भगवान्को अभिव्यक्ति पनि कलाभेदको तारतम्यबाट कम-वेशी हुन्छ । शास्त्रहरूमा भगवान्का १६ कलाहरू भएको वर्णन गरिएको छ । यद्यपि यत्किञ्चित् कलाको प्रकाश कम वेशी सबै प्राणीहरूमा पाइन्छ। त्यसमा पनि जति-जति कलाको आधिक्य हुँदै जान्छ, त्यति-त्यति भगवत्ताको स्फुरण बढ्दै जान्छ। जस्तै उद्भिज्ज वृक्ष, लतादिहरूमा भगवत्ताको एक कलामात्र हुन्छ भने स्वेदज प्राणीहरूमा दुई कला हुन्छन् । अण्डज प्राणीहरूमा तीन कला र जरायुज प्राणीहरू चार कला हुन्छन्। जरायुजमध्ये पनि मानिसमा पाँच कलाहरू हुन्छन्। यी क्रमश: अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोषप्रधान भएका मानिन्छन् । त्यसपछि छदेखि आठसम्मका कलाहरू महापुरुषहरूमा पाइन्छन् । नौ कलादेखि बढी कला भगवान्का अंशावतारमा पाइन्छन् भने सोह्रै कलाको अवतरण भगवान्को पूर्णावतार हुन्छ । यस्तो पूर्णावतार श्रीकृष्णमा भएको हुनाले भगवान् श्रीकृष्णलाई **कृष्णास्तु भगवान् स्वयम्** भनिएको हो। भगवान्को यो पूर्णावतारको चरित्र सर्वसाधारणले बुझ्न नसकिने भएकोले त्यसका लागि अधिकारको रूपमा

भगवद्भक्तहरूको चरित्रको अनुशीलन आवश्यक हुन्छ । अत: दशमस्कन्धको श्रीकृष्णचरित्रको श्रवणका लागि योग्यता प्राप्त गर्न नवमस्कन्धमा भगवद्भक्तहरूको चरित्र वर्णन गरिएको हो ।

## निरोधविचार

दशमस्कन्धलाई श्रीमद्भागवतको सबैभन्दा मुख्य भाग मानिएको छ। यसलाई श्रीधरस्वामीले निरोधस्कन्ध भनेका छन् भने केही आचार्यले आश्रयस्कन्ध पनि भनेका छन्। निरोधको अर्थ हो- रोक्नु । यहाँ प्रश्न हुन्छ **कस्य निरोधः?, केन निरोधः?, कुत्र निरोधः?, कथं निरोधः?** अर्थात् कसलाई, कसरी, कहाँ र कुन तरिकाले निरोध गर्ने ? । यसको उत्तर हो- हाम्रो विषयवासनामा अल्मल्लिने बाँदरजस्तो चञ्चल मनलाई भगवत्कथाचरित्रको अनुशीलन गरेर भगवान्मा अर्पण गर्नु नै निरोध हो। वास्तवमा मन अतिचञ्चल छ। प्राय: सबै शास्त्र र सबै दर्शनमा मनोनिरोधको महत्त्व बताइएको छ। योगसाधनामा चाहिँ चित्तवृत्तिनिरोधलाई नै सबैभन्दा बढी महत्त्व दिइएको छ तर चित्तवृत्तिनिरोध त्यति सजिलो छैन । चित्तनिग्रह आगो पिउनुभन्दा र सुमेरु पर्वत उचाल्नुभन्दा पनि बढी दुष्कर कार्य हो। वशिष्ठ ऋषि भन्नुहुन्छ–

**अप्यग्निपानान्महतः सुमेरून्मूलनादपि ।**<br>
**अपि वह्न्यशनात्साधोः विषमश्चित्तनिग्रहः ।**

*(योगवासिष्ठ)*

यद्यपि शास्त्रले बताएका यज्ञ, सदाचार, शम, दमादि साधन, दान, स्वाध्याय र उपासना आदि सबै अनुष्ठानहरूको प्रयोजन चित्तनिग्रहपूर्वक परमात्मप्राप्ति नै हो तर पनि यी सबै

साधनहरू त्यति सजिला छैनन् । साधन हुँदाहुँदै पनि साध्य चित्तनिग्रह नभएर चिन्तित भएका अर्जुन भन्दछन्–

**चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।**
**तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥**

*(श्रीमद्भगवद्गीता)*

योगशास्त्र गीता, प्रयोगशास्त्र रामायण, संयोगशास्त्र उपनिषद् आदि सबैमा योगकै चर्चा छ। चित्तवृत्तिनिरोध नै योगको मर्म हो, तर अन्य उपायहरूद्वारा चित्तनिग्रह त्यति सहज छैन। यस्तो चञ्चल चित्तवृत्तिलाई भगवान्का पवित्र लीलाचरित्रहरूले सहजै खिचिदिन्छन्। श्रीकृष्णलीलाचरित्रबाट खिचिएको मन अन्यत्र पठाउन खोज्दा पनि जाँदैन । यसरी थाहै नपाई चित्तवृत्तिलाई परमात्मामा समर्पित गरिदिनु निरोधस्कन्धको अभिप्राय र वैशिष्ट्य हो ।

द्वितीयस्कन्धमा भने निरोधको लक्षण यसप्रकार लेखिएको छ–

**निरोधोऽस्यानुशयनमात्मनः सह शक्तिभिः ।**

*(श्रीमद्भागवत, २/१०/६)*

अर्थात् जब भगवान्ले योगनिद्रा स्वीकार गरेर शयन गर्नुहुन्छ, तब जीवात्माहरू आफ्ना उपाधिसहित भगवान्मा लीन हुनु नै निरोध हो । यहाँ आत्मशब्दले जीवलाई लिइएको छ । **हरेर्योगनिद्राम् अनु शक्तिभिः उपाधिभिः सह शयनं लय एव निरोधः** । सर्वतोभावेन जीवको परमात्मामा प्राप्ति नै निरोध हो ।

यस प्रसङ्गमा कतिपय ठाउँमा निरोधलाई प्रलयको संज्ञा दिने पनि गरिएको छ। द्वादशस्कन्धमा नित्य, नैमित्तिक, प्राकृतिक र आत्यन्तिक लयको चर्चा गरिएको छ । तीमध्ये आत्यन्तिक प्रलय भनेको ब्रह्मनिर्वाणरूप मोक्ष नै हो (श्रीमद्भागवत,

१२/४/२३-३०) । साधनचतुष्टयसम्पन्न भएपछि जब अन्तरङ्ग साधनद्वारा अन्तर्मुख बनेको जीवले आफ्नो वास्तविक स्वरूपको बोध गर्दछ, तब उसका नजरमा यो सम्पूर्ण संसारको प्रलय हुन्छ । प्रतीयमान नामरूपात्पक जगत्को यथार्थतालाई विचार गरेर कल्पित नामरूपको अभावको निश्चयसँगै आश्चर्यस्वरूप केवल भगवत्ताको स्फुरण हुनु निरोधको प्राप्ति हो। भगवल्लीलाचरित्रको अनुशीलनको माध्यमले भगवदाकाराकारित चित्तवृत्ति बनेपछि निर्मल र निश्चल चित्तमा परेको चित्प्रकाश स्वात्मानुभवको रूपमा सुस्थिर भएपछि ब्रह्मनिर्वाण हुन कुनै व्यवधान हुँदैन ।

## मुक्तिविचार

मुक्ति भनेको समस्त दुःखनिवृत्त्युपलक्षित परमानन्द प्राप्ति नै हो। व्यवहारमा पनि हरेक प्राणीले दुःखनिवृत्ति र सुखप्राप्ति चाहेको हुन्छ । त्यसकारण मुक्ति सबैको स्वाभाविक इच्छाको विषय हो र सबै शास्त्रहरूद्वारा प्रतिपादन गरिने अन्तिम प्राप्तव्य पनि हो । आचार्यहरूले मोक्षलाई अपवर्ग पनि भन्दछन् । पतन, फलाशा, बन्धन, भय र मृत्यु नहुनु नै अपवर्गको लक्षण हो ।

मोक्षका सम्बन्धमा विभिन्न दार्शनिकहरूको अलग-अलग राय छ । माध्यमिक बौद्धहरूले यो सम्पूर्ण जगत् शून्यको विवर्त हो भन्दै यही भावलाई सुदृढ गर्नु नै शून्यभावरूप अपवर्ग हो भन्दछन् । जैनहरू कर्मबन्धनको ध्वंसलाई नै मोक्ष भन्दछन् । वैशेषिकहरूले चाहिँ द्रव्यादि पदार्थहरूको साधर्म्य-वैधर्म्यलाई बुझेर हुने जो तत्त्वज्ञान हो, त्यसबाट आत्माको कैवल्यरूप मोक्ष प्राप्त हुन्छ भन्दछन् । नैयायिकहरू धर्मविशेषको पालनबाट उत्पन्न तत्त्वज्ञानद्वारा मोक्ष हुन्छ भन्दै दुःख, जन्म, प्रवृत्ति, दोष र मिथ्याज्ञानको उत्तरोत्तर निवृत्ति

भएपछि हुने अपवर्गलाई मोक्ष भन्दछन् अर्थात् तत्त्वज्ञानद्वारा मिथ्याज्ञान नष्ट हुन्छ । मिथ्याज्ञान नष्ट भएपछि राग, द्वेषादि दोष हट्छ । राग-द्वेषादि दोष निवृत्त भएपछि शुभाशुभ कर्मको प्रवृत्ति पनि हुँदैन। शुभाशुभ कर्म नै निवृत्त भएपछि जन्म हुँदैन र सम्पूर्ण दुःखहरू स्वतः हट्छन् ।

**दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः**

*(न्यायसूत्र, १/१/२)* ।

सांख्य दर्शनानुयायीहरू प्रकृति र पुरुषको विवेक भएपछि प्रकृति स्वतः हट्ने र पुरुषलाई स्वभावतः कैवल्य प्राप्त हुने बताउँछन्। योगदर्शनमा चाहिँ चित्तवृत्तिनिरोधजन्य धर्ममेघपदवाच्य असम्प्रज्ञात समाधि नै कैवल्य मोक्ष हो भनिन्छ। मीमांसकहरूले वैदिककर्मानुष्ठानबाट स्वर्गप्राप्त गर्नु वा यसरी आत्मज्ञान भएपछि देहेन्द्रियादिको सम्बन्ध छुट्नु र सम्पूर्ण धर्माधर्मको उच्छेद हुनुलाई मोक्ष भन्दछन् । मोक्षलाई जे-जसरी अर्थ्याए पनि श्रीमद्भागवतअनुसार मोक्ष भनेको अन्यथास्वरूपलाई परित्याग गरेर अर्थात् जीवात्माले जीवभावलाई परित्याग गरेर पारमार्थिक सच्चिदानन्दरूप आफ्नो स्वरूपमा स्थित रहनुलाई मोक्ष भनिएको छ ।

**मुक्तिर्हित्वान्यथा रूपं स्वरूपेण व्यवस्थितिः ।**

*(श्रीमद्भागवत, २/१०/६)*

अर्थात् अन्यथारूपको परित्याग गरेर स्वस्वरूपमा स्थित रहनुलाई मुक्ति भनिएको छ । अन्यथारूप भन्नाले अविद्याद्वारा अध्यस्त कर्तृत्व, भोक्तृत्व र प्रमातृत्व भएको जीवभाव हो। यस्तो भावलाई परित्याग गरेर प्रत्यगात्मरूप आफ्नो स्वरूपमा स्थित हुनु नै **स्वरूपेण व्यवस्थितिः** हो ।

## आश्रयतत्त्व

आश्रय भनेको अधिष्ठान हो। सम्पूर्ण प्रपञ्चको अधिष्ठान परमात्मा नै हुनुछुन्छ । आश्रयको लक्षण गर्दै श्रीशुकदेवजी भन्नुहुन्छ–

**आभासश्च निरोधश्च यतश्चाध्यवसीयते ।**
**स आश्रयः परं ब्रह्म परमात्मेति शब्द्यते ॥**

**योऽध्यात्मिकोऽयं पुरुषः सोऽसादेवाधिदैविकः ।**
**यस्तत्रोभयविच्छेदः पुरुषो ह्याधिभौतिकः ॥**

**एकमेकतराभावे यदा नोपलभामहे ।**
**त्रितयं तत्र यो वेद स आत्मा स्वाश्रयाश्रयः ॥**

*(श्रीमद्भागवत २/१०/७-८)*

अर्थात् जुन परमात्मामा सृष्टि र प्रलयको प्रतीति हुन्छ । जसद्वारा यस जगत्को अध्यारोप र अपवाद प्रकाशित हुन्छन्। त्यही परब्रह्म नै आश्रय हो र सम्पूर्ण जगत्को अधिष्ठान हो । यही आश्रयतत्त्वलाई परमात्मा भनिएको छ । उपर्युक्त लक्षणमा आएका आभास र निरोध शब्दले दृश्य सृष्टिप्रपञ्चको अध्यारोप र अपवादलाई सङ्केत गरेका छन् । आभास अर्थात् अध्यारोप । **अतस्मिन् तद्बुद्धिः अध्यारोपः** । अपवाद अर्थात् अध्यासको निवृत्ति । वस्तुतः यो सम्पूर्ण प्रपञ्च मायामात्र हो । आत्मामा देखिएको नानात्व हो । जसरी आकाशमा बादल कहिले देखिन्छ र कहिले हराउँछ, त्यसरी नै ब्रह्मरूप आश्रयतत्त्वमा यो सम्पूर्ण विश्व कहिले खडा हुन्छ र कहिले हराउँछ ।

**यथा जलधरा व्योम्नि भवन्ति न भवन्ति च ।**
**ब्रह्मणीदं तथा विश्वमवयव्युदयाप्ययात् ॥**

*(श्रीमद्भागवत, १२/४/२६)*

अर्को कुरा– कुनै वस्तुलाई आँखाले हेर्दा द्रष्टा, दर्शन र दृश्य तीन किसिमका त्रिपुटीको आवश्यकता हुन्छ । तत्तत् इन्द्रियव्यापारमा इन्द्रियको अभिमानी द्रष्टा आध्यात्मिक पुरुष हुन्छ । इन्द्रियका अधिष्ठाता सूर्यादि देवताहरू आधिदैविक पुरुष हुन् । नेत्रगोलकान्तरवर्ती देहरूप आधिभौतिक पुरुषले आध्यात्मिक र आधिदैविक पुरुषलाई अलग्याएको हुन्छ। एकविना अर्काको उपलब्धि हुँदैन । अत: यी तीनवटा नै पुरुषको भेद अथवा यिनीहरूको पृथक्ता, भाव, अभाव, अध्यारोप, अपवाद यो सबैलाई बुझ्ने जो तत्त्व हो, त्यही आश्रयतत्त्व हो । त्यो तत्त्वचाहिँ अरूमा आश्रित होइन, उसको आश्रय पनि स्वयं नै हुन्छ। अन्य  नौ लक्षणहरूद्वारा लक्षित आश्रयतत्त्व नै परमलक्ष्य हो ।

**दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम् ।**

*(श्रीमद्भागवत, २/१०/२)*

हरेक वस्तुको, समयको, प्रलयको, सृष्टिको र विलयको समेत आश्रय परमात्मा हुनुहुन्छ भनेर द्वादशस्कन्धमा आश्रयतत्त्वको रूपमा श्रीकृष्णतत्त्वको निरूपण गरिएको छ ।

जुन सम्पूर्ण घट-पटादि वस्तुहरूको अस्तित्व वा भाव स्व-स्व कारणमा टिकेको हुन्छ । त्यसको पनि अस्तित्व आफ्नै कारण सत्तामा रहन्छ । वास्तवमा त्यही सत्ता नै ब्रह्म हो । सबैको सत्ता वा आश्रय ब्रह्मतत्त्वलाई श्रीमद्भागवतमा श्रीकृष्णतत्त्व भनिएको छ । श्रीमद्भागवतअनुसार श्रीकृष्णभन्दा भिन्न कुनै पनि वस्तु छँदैछैन । अरू जति दृश्यपदार्थहरू छन्, सबै कृष्ण नै हुन्, त्यतिमात्र नभएर द्रष्टा आत्मा पनि श्रीकृष्ण नै हो । तत्त्वज्ञानीहरूका लागि यो दृक् र दृश्यको भेद पनि

श्रीकृष्णमा नै टुङ्गिन्छ । यो प्रसङ्ग ब्रह्मस्तुतिको क्रममा यसरी उल्लेख गरिएको छ–

**वस्तुतो जानतामत्र कृष्णं स्थास्नु चरिष्णु च ।**
**भगवद्रूपमखिलं नान्याद् वस्त्विह किञ्चन ॥**

*(श्रीमद्भागवत १०/१४/५६)*

**सर्वेषामपि वस्तूनां भावार्थो भवति स्थितः ।**
**तस्यापि भगवान् कृष्णः किमतद्वस्तु रूप्यताम् ।**

*(श्रीमद्भागवत १०/१४/५७)*

हरेक वस्तुमा प्रवेश गर्ने भएको हुनाले त्यही कृष्णतत्त्वलाई विष्णु पनि भनिएको हो । **व्यापनाद्विष्णुः । विशन्ति सर्वाणि भूतानि यस्मिन् स विष्णुः** । अर्थात् सबै स्थावर, जङ्गम वा प्राणीमात्रमा व्यापक भएको हुनाले भगवान्लाई विष्णु भनिएको छ । उही व्यापक परमात्माले केवल इच्छाद्वारा आफूमा खडा भएका वस्तुहरूलाई पुनः आफैंमा आकर्षित गर्ने अवतारको रूपमा श्रीकृष्णावतार भएको छ। **कर्षति जनान् सच्चिदानन्दरूपविस्तारेण स्वात्मनि स्वीकरोतीति कृष्णः** । कृष्ण शब्दको अर्थ यसरी गरिएको छ–

**कृषिर्भूवाचकः शब्दो णश्च निर्वृतिवाचकः ।**
**तयोरैक्यं परं ब्रह्म कृष्ण इत्यभिधीयते ॥**

*(ब्रह्मवैवर्तपुराण, ब्रह्मखण्ड, २८)*

अर्थात् कृष्शब्दको अर्थ हुन्छ- सत्ता। परमात्माको अनन्त अखण्ड सत्तालाई कृष् भनिन्छ भने ण शब्दको अर्थ निर्वृत्ति अर्थात् आनन्द हो। अखण्ड आनन्द र अनन्त सत्ता नै कृष्ण शब्दको वाच्यार्थ हो र श्रीमद्भागवतको प्रतिपाद्य आश्रयतत्त्व पनि ।

CamScanner

## श्रीमद्भागवततात्पर्यविचार

श्रीमद्भागवतमा पौरस्त्यदर्शनका प्राय: सबै सिद्धान्तहरूको सङ्केत पाइन्छ । न्याय: र वैशेषिकको परमाणुचिन्तनदेखि सांख्यको तत्त्वचिन्तन, योगदर्शनको चित्तैकाग्रचवाद, पूर्वमीमांसाको कर्मसिद्धान्त र उत्तरमीमांसाको तत्त्वज्ञान यी सबै विषयहरू भागवतभित्र पाइन्छन् । हुन पनि भागवतलाई **निगमकल्पतरुफल** अर्थात् वेदरूपी कल्पवृक्षको रसमय फल भनिएको छ। कल्पवृक्ष भनेको जे चिताए पनि प्राप्त हुने वृक्ष हो । वेद पनि कल्पवृक्षसमान छ। त्यहाँ सबैले आ-आफ्ना दार्शनिक सिद्धान्तका सूत्रहरू प्राप्त गर्दछन् । त्यही कल्पवृक्षको फल भएकाले भागवतमा सबै दर्शनका विचारहरू नपाइने कुरै भएन, तर पनि भागवतको आफ्नै निष्कर्ष के हो ? भन्ने कुरा विशेष विचारणीय छ । हाल उपलब्ध विभिन्न टीकाहरूमा भागवतलाई आ-आफ्नो सिद्धान्तअनुकूल व्याख्या गर्ने प्रयत्न भएको छ । तर रमाइलो कुरा के छ भने– अन्यत्र विरुद्ध विचार भएका सबैले भागवतलाई प्रमाण मान्ने गर्दछन् । हुन पनि द्वैत, अद्वैत, विशिष्टाद्वैत आदि सबै सम्प्रदायले आ-आफ्नै सिद्धान्तका परिपोषक विचारहरू भागवतबाटै लिने गर्दछन् । वस्तुत: पक्षपातरहित भएर हेर्दा भागवत सबै विचारको सुमधुर समन्वय पाइने अनुपम ग्रन्थ हो । यहाँ अद्वैतवेदान्तसिद्धान्तलाई यति व्यवस्थित तरिकाले प्रतिपादन गरिएको छ कि भक्तिसिद्धान्त कत्ति पनि विचलित हुँदैन ।

## श्रीमद्भागवतमा भक्ति

भक्ति श्रीमद्भागवतको महत्त्वपूर्ण विषय हो। श्रीमद्भागवतको माहात्म्यमा ज्ञान र वैराग्यकी जननी भक्ति आमालाई सुख

दिलाउन नारद मुनिले सनकादिबाट श्रीमद्भागवत श्रवण गरेको भनिएको छ। भक्तिका परिभाषा विभिन्न हुन सक्छन्– **भजनं भक्तिः, भागो भक्तिः** इत्यादि । तर देवर्षि नारद मुनिले भक्तिको लक्षण यसरी गर्नुभएको छ– **सा त्वस्मिन् परमप्रेमरूपा अमृतस्वरूपा च ।** अर्थात् भगवान्मा हुने निरतिशय प्रेमलाई नै भक्ति भनिन्छ। मधुसूदनाचार्यले भने भक्तिको परिभाषा यसरी गर्नुभएको छ–

**द्रुतस्य भगवद्धर्मात् धारावाहिकतां गता ।**
**सर्वेशे मनसो वृत्तिर्भक्तिरित्यभिधीयते ॥**

*(भगवद्भक्तिरसायन, ३)*

अर्थात् भगवद्गुणको श्रवण आदिद्वारा द्रवीभूत भएको (पग्लिएको) चित्त सर्वेश्वर भगवान्मा तैलधारावत् अविच्छिन्नरूपमा समर्पित हुनुलाई भक्ति भनिन्छ। श्रीमद्भागवतमा पनि भक्तिको लक्षण यस्तै किसिमको गरिएको छ–

**मद्गुणश्रुतिमात्रेण मयि सर्वगुहाशये ।**
**मनोगतिरविच्छिन्ना यथा गङ्गाम्भसोऽम्बुधौ ॥**
**लक्षणं भक्तियोगस्य निर्गुणस्य ह्युदाहृतम् ।**

*(श्रीमद्भागवत, ३/२९/११-१२)*

अर्थात् गङ्गाप्रवाहको नदीमा अनवरत यात्रा भएझैं भगवान्को गुणश्रवण हुनेबित्तिकै आफ्नो चित्तवृत्तिलाई अविच्छिन्नरूपमा सबैका हृदयभित्र विराजमान भगवान्मा समर्पित हुनुलाई भक्ति भनिन्छ।

अरू जुनसुकै कर्म पनि भक्तियोगका साधक भएनन् भने पूर्ण हुँदैनन्। सबै कर्मको तात्पर्य भक्ति नै हो भन्ने भागवतको निष्कर्ष हो।

**स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे ॥**
**अहैतुक्यप्रतिहता ययात्मा सम्प्रसीदति ॥**

(१/२/६)

त्यो नै सबैभन्दा श्रेष्ठ धर्म हो, जसबाट भगवान्मा कहिल्यै नटुट्ने अहैतुकी भक्ति लाग्दछ र जसबाट परमात्मा प्रसन्न हुनुहुन्छ ।

**भक्त्याहमेकया ग्राह्यः श्रद्धयात्मा प्रियः सताम् ।**
**भक्तिः पुनाति मन्निष्ठा स्वपाकानपि सम्भवात् ॥**

(११/१४/२१)

म अनन्य भक्तिद्वारा प्राप्त हुन्छु । ममा गरिएको भक्तिले नीचभन्दा नीच व्यक्तिलाई पनि उत्पत्तिजन्य दोषबाट समेत पवित्र पार्दछ ।

**धर्मः सत्यदयोपेतो विद्या वा तपसान्विता ।**
**मद्भक्त्यापेतमात्मानं न सम्यक् प्रपुनाति हि ॥**

(११/१४/२२)

धर्म, सत्य, दया, विद्या, तपस्या आदि जुनसुकै गुणले पनि मेरो भक्ति नभएको व्यक्तिलाई पवित्र पार्न सक्दैनन् ।

**यस्य भक्तिर्भगवति हरौ निःश्रेयसेश्वरे ।**
**विक्रीडतोऽमृताम्भोधौ किं क्षुद्रैः खातकोदकैः ॥**

(६/१२/२२)

कल्याणका मालिक भएका भगवान्मा भक्ति भइसकेपछि अरू केही प्राप्त गर्न बाँकी रहँदैन । जसरी अमृतको समुद्रमा खेल्न पाइसकेपछि साना खोबिल्टाको पानी चाहिँदैन ।

कर्म गर्दा भगवान्मा र आफूमा भेददृष्टिपूर्वक अर्चा आदिमा मात्र पूजा गर्नु भक्तिको आरम्भिक अवस्था हो, तर

अभेदभावले भगवान्मा समर्पित भएर गरिने भक्ति चाँहि पवित्र भक्ति हो। सर्वथा निष्कामभावले भगवान्मा समर्पित भएर भक्ति गर्दा जुन आनन्द प्राप्त हुन्छ, त्यो आनन्द विषयासक्त भएर हिँड्दा प्राप्त हुन सक्दैन। भनिएको पनि छ–

**मय्यर्पितात्मनः सभ्य निरपेक्षस्य सर्वतः।**
**मयात्मना सुखं यत्तद् कुतः स्याद्विषयात्मनाम्॥**

*(श्रीमद्भागवत, ११/१४/१२)*

**भागवतमा ज्ञानयोग–**

यसप्रकार धेरै ठाउँमा साधनको रूपमा भक्तिलाई स्थान दिएपनि तत्तत् स्थानमा साध्यको रूपमा ज्ञानको चर्चा गरिएको छ। ज्ञान भक्ति आमाकै पुत्र हुन् अर्थात् भक्तिबाट उत्पन्न हुने भाव नै ज्ञान हो। ज्ञान, भक्ति र वैराग्यको सँगसँगै अभिवृद्धि भागवतको अभीष्ट हो। त्यसैले त उद्धवले भगवान् श्रीकृष्णसँग ज्ञान, वैराग्य र भक्तिलाई सँगसँगै मागेका छन्।

**ज्ञानं विशुद्धं विपुलं यथैतद्वैराग्यविज्ञानयुतं पुराणम्।**
**आख्याहि विश्वेश्वर विश्वमूर्तेस्त्वद्भक्तियोगञ्च महद्विमृग्यम्॥**

*(श्रीमद्भागवत, ११/१९/८)*

यहाँ ज्ञान भन्नाले भगवान्लाई आत्मतत्त्वको रूपमा अभेदपूर्वक जान्नुलाई बताइएको छ। साधनाको आरम्भमा विहित कर्मको अनुष्ठानद्वारा शान्त र सत्त्वगुणी भएको चित्तवृत्तिलाई भक्तियोगद्वारा परमेश्वरमा लगाउने काम हुन्छ। त्यसपछि उसलाई ज्ञान र वैराग्य स्वतः प्राप्त हुन्छ। त्यसैले भनिएको छ–

**यदात्मन्यर्पितं चित्तं शान्तं सत्त्वोपबृंहितम्।**
**धर्मं ज्ञानं सवैराग्यमैश्वर्यं चाभिपद्यते।**

*(श्रीमद्भागवत, ११/१९/२५)*

भक्ति नै जब दृढतामा पुग्छ र पराभक्तिको रूपमा प्राप्त हुन्छ, तब परमात्माभन्दा आफूलाई अभिन्नरूपमा बुझ्न थाल्छ। यही भक्तिको परिपाकरूप ज्ञान हो र यही भगवद्धर्मको मर्म पनि । ज्ञान पनि अनुभवसमन्वित हुनुपर्दछ भन्ने कुरा ज्ञानसँगै विज्ञानशब्दको प्रयोगबाट स्पष्ट हुन्छ। जस्तै–

**ज्ञानं परमगुह्यं मे यद् विज्ञानसमन्वितम् ।**

*(भागवत २/९/३०)*

**ज्ञानविज्ञाननिश्चयः**

*(श्रीमद्भागवत ११/७/१२)*

**ज्ञानविज्ञानसंयुक्तः आत्मभूतः शरीरिणाम् ।**
**आत्मानुभवतुष्टात्मा नान्तरायैर्विहन्यसे**

*(श्रीमद्भागवत ११/७/१०)*

**अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया ॥**

*(श्रीमद्भागवत १२/६/७)*

## ज्ञान र भक्तिको समन्वय

यसप्रकार ज्ञानको महत्त्व सर्वाधिक भएपनि भक्तिविनाको ज्ञान भने अपूर्ण नै हुन्छ, शुष्क हुन्छ भन्ने भागवतको डिण्डिमघोष हो। त्यसैले भनिन्छ–

**श्रेयःश्रुतिं भक्तिमुदस्य ते विभो क्लिश्यन्ति ये केवलबोधलब्धये।**
**तेषामसौ क्लेशल एव शिष्यते नान्यद्यथा स्थूलतुषावघातिनाम्॥**

*(श्रीमद्भागवत १०/१४/४)*

जसले कल्याणदायक भगवद्भक्तिलाई छोडेर केवल ज्ञानको प्राप्तिका निमित्त प्रयत्न गर्दछ, त्यस्ता व्यक्तिलाई केवल परिश्रममात्र हात लाग्छ । भक्तिविना ज्ञानका लागि गरिने परिश्रम त भूस कुटेजस्तै हो। त्यसैले प्रयत्नसाध्य ज्ञानका पछि

लाग्नुभन्दा सत्सङ्गद्वारा भगवत्कथाश्रवण गरेर नै भगवान्लाई प्राप्त गर्नु राम्रो हो ।

**ज्ञाने प्रयासमुदपास्य नमन्त एव**
**जीवन्ति सन्मुखरितां भवदीयवार्ताम् ।**
**स्थाने स्थिताः श्रुतिगतां तनुवाङ्मनोभि**
**र्ये प्रायशो जितजितोऽप्यसि तैस्त्रिलोक्याम् ॥**

*(श्रीमद्भागवत १०/१४/३)*

जसले ज्ञानका निमित्त प्रयत्न नगरे पनि केवल सत्सङ्ग गर्दै हजुरका भक्तहरूद्वारा उपदेश गरिएका हजुरका पवित्र लीला-चरित्रहरू सुन्दछन् र शरीर, मन र वचनले भगवत्परिचर्या गर्दै भगवल्लीलारसास्वादनमा नै आफ्नो जीवन बिताउँछन्, त्यस्ता व्यक्तिहरूले अजित (कसैद्वारा नजितिने) हजुरलाई पनि जितेका हुन्छन् ।

यहाँ यसरी अत्यन्त आग्रहपूर्वक भक्तिको महत्ता देखाउँदै गर्दा पनि तत्काल '**ब्रह्माद्वयं शिष्यते**' भनेर भक्तिबाटै ब्रह्माद्वय सिद्ध गर्नु श्रीमद्भागवतको अनौठो वैशिष्ट्य हो । भक्तिद्वारा नै भगवन्मय बनेको कुरा गोपीहरूको यो प्रसङ्गबाट पनि स्पष्ट हुन्छ ।

**ता मन्मनस्का मत्प्राणाः मदर्थे त्यक्तदैहिकाः ।**
**मामेव दयितं प्रेष्ठमात्मानं मनसा गताः ॥**

*(श्रीमद्भागवत, १०/४६/४)*

अर्थात् गोपीहरू भगवान्मा मन समर्पित गर्दागर्दै भगवान्मा नै प्राण र सम्पूर्ण शारीरिक क्रियाकलाप पनि भगवान्मा नै समर्पित गरिसकेका छन् । गोपीहरूले आफूलाई कृष्णको रूपमा अनुभव गरेको कुरा आफैँलाई पूतनाउद्धारक कृष्ण सम्झिनु, गोपीसँग क्रीडा गर्दै गरेको आफैँलाई सम्झिनु र **कृष्णोऽहं पश्यत**

**गतिं ललितामिति तन्मनाः** (श्रीमद्भागवत, १०/३०/१९) अर्थात् मैं कृष्ण हुँ, मेरो चाला हेर भन्नु आदि प्रसङ्गबाट सिद्ध हुन्छ ।

यसप्रकार भक्ति र ज्ञानको चर्चा गर्दा भागवतकारको तात्पर्य भक्तिपूर्वक ज्ञान नै हो भन्ने सिद्ध हुन्छ । जहाँ भक्तिकै प्रशंसा गरिएको छ त्यहाँ परा भक्तिलाई प्रशंसा गरिएको हो, त्योचाहिँ ज्ञान नै हो । यो कुरा श्रीधराचार्यले यसरी स्पष्ट पारेका छन् –**भक्तेरेव अवान्तरव्यापारो ज्ञानं न पृथक्** । कहीं भक्तिको प्रशंसा गर्ने क्रममा मुक्तिलाई पनि तल पारिएको छ तर त्यसको तात्पर्य नबुझ्दा विरोधाभास देखिन्छ । विरोधपरिहारका निमित्त तात्पर्यविचार गर्नैपर्छ । जस्तै–

> **भगवान् भजतां मुकुन्दो, मुक्तिं ददाति कर्हिचित् स्म न भक्तियोगम् ।**
>
> *(श्रीमद्भागवत ५/६/१८०)*

अर्थात् आफ्नो भक्ति गर्ने व्यक्तिलाई भगवान्ले बरू मुक्ति दिनुहुन्छ, सजिलै भक्ति दिनुहुन्न । यहाँ **भजतां भगवान् कर्हिचित् मुक्तिं ददाति, परन्तु भक्तियोगं न ददाति**अर्थात् भगवान्को भजन गर्नेलाई कहीँ-कतै बरू भगवान्ले मुक्ति दिनुहोला, तर त्यति सजिलै भक्तियोग दिनुहुन्न भनिएको छ । यहाँ भजन गर्ने व्यक्ति नै मुक्तिको अधिकारी भयो, त्यो भक्तिविना कसरी सम्भव हुन्छ र ? तर तत्काल पछाडि **भक्तियोगं न ददाति** भन्नुको तात्पर्य अनन्य भक्तियोगविशिष्ट ज्ञानयोगचाहिँ त्यति सजिलै प्राप्त हुँदैन जो कैवल्य निर्वाणरूप मुक्तिको कारण हो भनिएको हो । सायुज्यादि मुक्ति प्राप्त गर्ने व्यक्तिलाई पनि ज्ञानविना कैवल्य प्राप्त हुँदैन भन्ने शास्त्रीय सिद्धान्त छ । त्यो ज्ञानको महत्तालाई यहाँ पनि दर्शाउन खोजिएको छ । त्यसैकारण भक्तियोग भगवत्कैवल्यप्राप्तिका

CamScanner

लागि साधनको रूपमा अन्यत्र पनि उल्लेख गरिएको हो । जस्तै–

**यथा यथा भगवतो भक्त्या परमयाभिदा ।**
**नृपाश्चैद्यादयः सात्म्यं हरेस्तच्चिन्तया ययुः ॥**

*(श्रीमद्भागवत ७/१०/३८)*

भगवान्को अभेदात्मक भक्तिद्वारा अमुक-अमुक भक्तहरूले भगवान्लाई प्राप्त गरे। यहाँ**अभिदा**शब्दको तात्पर्य अभेददर्शनपूर्वक भगवद्भावको विज्ञान नै तादात्म्यको कारण मानिएको छ। हुनपनि भगवान्लाई अभेदरूपमा अनुभव गर्ने ज्ञानी भक्तले योगसिद्धि वा मोक्ष समेतका अरू कुनै वस्तु चाहँदैन, भगवान्सँग तादात्म्यमात्र चाहन्छ। यो कुरा अन्यत्र पनि उल्लेख गरिएको छ।

**न योगसिद्धीरपुनर्भवं वा मय्यर्पितात्मेच्छति मद्विनान्यत् ।**

*(श्रीमद्भागवत ११/१४/१४)*

**श्रीमद्भागवतमा अद्वैतसिद्धान्त–**

श्रीमद्भागवतमा अद्वैतसिद्धान्तको स्थापना यसरी गरिएको छ, जहाँ द्वैतसिद्धान्तको कत्तिपनि विरोध हुँदैन। जबसम्म साधनको रूपमा भगवान्मा भक्ति गरिन्छ, तवसम्म पूज्यपूजकभाव रहन्छ र द्वैत पनि रहन्छ । भक्तिद्वारा भगवान्मा अभिमुख भएको चित्त विस्तारै निर्विषयक बन्दै गएपछि र तदाकाराकारित हुँदै चरमवृत्तिको पनि निवृत्ति भएपछि कर्तृत्व, भोक्तृत्व, प्रमातृत्वभाव समाप्त हुन्छ र त्यसपछि स्वतः परमात्मामा प्राप्त भइन्छ। अनि स्वतः अद्वैत सिद्ध हुन्छ। यो कुरा श्रीमद्भागवतमा यसरी उल्लेख गरिएको छ –

**एवं हरौ भगवति प्रतिलब्धभावो भक्त्या द्रवद्हृदय उत्पुलकः प्रमोदात् ।**

**औत्कण्ठ्यवाष्पकलया मुहुरर्द्यमानस्तच्चापि चित्तवडिशं शनकैर्वियुङ्क्ते ॥**

**मुक्ताश्रयं यर्हि निर्विषयं विरक्तं निर्वाणमृच्छति मनः सहसा यथार्चिः ।**

**आत्मानमत्र पुरुषोऽव्यवधानमेकमन्वीक्षते प्रतिनिवृत्तगुणप्रवाहः॥**

**सोऽप्येतया चरमया मनसो निवृत्या तस्मिन्महिम्न्यवसितः सुखदुःखबाह्ये ।**

**हेतुत्वमप्यसति कर्तरि दुःखयोर्यत् स्वात्मन्विधत्त उपलब्ध परात्मकाष्ठः ॥**

**देहं च तं न चरमः स्थितमुत्थितं वा सिद्धो विपश्यति यतोऽध्यगमत्स्वरूपम् ।**

**दैवादुपेतमथदैववशादपेतं वासो यथा परिकृतं मदिरामदान्धः ॥**

*(श्रीमद्भागवत, ३/२८/३४-३७)*

अर्थात् यसप्रकार अनन्यभावले आत्माको रूपमा परमात्मामा चित्त समर्पित गर्दै जाँदा भगवान्मा अनन्य भक्ति बढ्दै जान्छ । भक्तिद्वारा उसको चित्त द्रवित हुन्छ । ज्यादै आनन्दको कारण शरीरमा रोमाञ्च हुन थाल्छ । उत्कण्ठाको कारण प्रकट भएका प्रेमका आँशुहरू निरन्तर बग्न थाल्छन् । बल्छीले पक्डेको माछोझैं आफ्नो मन भगवान्मा आकर्षित भएपछि उसको ध्यानरूप साधन पनि हट्न जान्छ । अर्थात् ध्यानाकार वृत्ति नै विलीन हुनछ । ध्यातृ-ध्येयभाव समाप्त भएको यो अवस्थामा आइपुग्दा उसको मन समेत निरालम्ब बन्दछ र ध्यातृभावबाट पनि निवृत्त हुन्छ । ध्यान गर्ने बेला प्राप्त भएको परमानन्दको अनुभवका कारण उसको चित्त विषयबाट त पहिले नै निवृत्त भइसकेको थियो । अब उसको चित्त चित्तको

रूपमा नरहेर चिद्रूपमा प्राप्त हुन्छ अर्थात् वृत्तिरूपता समाप्त भएर ब्रह्माकारतामा प्राप्त हुन्छ । जसरी तेल सकिएपछि बत्तीको ज्वाला पनि आफ्नो कारणरूप तेजमा विलीन हुन्छ, त्यसैगरी गुणप्रवाहरूप देहादि उपाधि निवृत्त भएपछि उसलाई ध्यातृ-ध्येयादि विभागरहित अखण्ड परमात्माको मात्र सर्वत्र अनुभव हुन थाल्छ । यसप्रकार योगाभ्यासद्वारा चित्तको चिद्रूपता प्राप्त भएपछि ऊ सुखदु:खरहित ब्रह्मरूप स्वमहिमामा निश्चल हुन जान्छ । यही परमात्मतत्त्वसाक्षात्कारको अवस्था हो ।

पहिले शरीरआदिमा सम्बन्ध हुँदासम्म उसले आफूलाई अज्ञानवश सुख-दु:खको अनुभव गर्ने कर्ता, भोक्ता र प्रमाता भन्ने ठान्दथ्यो भने अब यो सबै अविद्याकृत अहङ्कारका भएको देख्न थाल्दछ। जसरी मदिराको मदले उन्मत्त भएको व्यक्तिलाई आफ्नो कपडा ठीक ठाउँमा रहे-नरहेको पनि थाहा हुँदैन, त्यसैगरी वृत्तिको चरमावस्थामा प्राप्त भएको सिद्ध व्यक्तिलाई आफ्नो शरीरको कुनै परवाह नै रहँदैन । प्रारब्धवश आए-गएको, उठे-वसेको समेत बोध हुँदैन, किनभने ऊ परमानन्दरूप स्वस्वरूपमा स्थिर रहेको हुन्छ। यद्यपि प्रारब्धवश जन्मान्तरीय संस्कारका कारण उसको शरीरले सांसारिक व्यवहार गरिरहेजस्तो हुन सक्छ, तर उसलाई यी सबै कुराको कुनै प्रतीति नै हुँदैन। यो भक्तिद्वारा निष्पन्न ज्ञान र यसको परिणाममा प्राप्त अद्वैत अवस्था हो।

उपासनाको क्रममा सगुण ब्रह्ममा चित्तलाई एकाग्र बनाउँदै गएपछि परिणाममा समस्त कल्पित उपाधिरहित निर्विशेष परब्रह्ममा चित्त स्थिर हुने कुरा अन्यत्र पनि उल्लेख गरिएको छ। जस्तै–

**वशीकृते मनस्येषां सगुणब्रह्मशीलनात् ।**
**तदेवाविर्भवेत्साक्षादपेतोपाधिकल्पनम् ॥**

*(वेदान्तकल्पतरु)*

अर्थात् सगुण ब्रह्मको चिन्तनद्वारा मनलाई वशीभूत गरेपछि त्यसै मनमा उपाधि परिकल्पनाशून्य निर्विशेष निराकार ब्रह्मतत्त्वको अपरोक्षसाक्षात्कार हुन जान्छ। यसरी अद्वैतरूपमा सर्वत्र भगवद्भावको अनुभव नगरेसम्म सांसारिक चक्र निवृत्त नहुने कुरा यसरी बताइको छ–

**यावत्पृथक्त्वमिदमात्मन इन्द्रियार्थमायाबलं भगवतो जन ईश पश्येत् ।**
**तावन्न संसृतिरसौ प्रतिसंक्रमेत व्यर्थापि दुःखनिवहं वहती क्रियार्था ॥**

*(श्रीमद्भागवत, ३/९/९)*

अर्थात् जबसम्म मानिसले इन्द्रिय र विषयरूप मायाको प्रभावमा परेर आफूलाई परमात्माभन्दा भिन्न ठान्छ, तबसम्म उसलाई संसारचक्रले छाड्दैन। यद्यपि संसार मिथ्या छ, तर पनि यो कर्मफलको भोग गर्ने खेत भएकोले यहाँ अज्ञानवशात् अनेक किसिमका दुःखहरू भोग्न परिरहन्छ। यसप्रकार अद्वैत ब्रह्मतत्त्वको अनुभूति श्रीमद्भागवतको तात्पर्य हो । यसको पुष्टिका लागि उदाहरणका रूपमा विभिन्न ठाउँमा आएका यी विभिन्न प्रसङ्गहरू मननीय छन्–

**यथा ह्यवहितो बह्निर्दारुष्वेकः स्वयोनिषु ।**
**नानेव भाति विश्वात्मा भूतेषु च तथा पुमान् ॥**

*(श्रीमद्भागवत १/२/३२)*

जसरी आफ्नो कारणरूप काठमा एक भएर रहेको अग्नि प्रकट भएपछि स्थानभेदले अनेकजस्तै बन्दछ, त्यस्तै प्रपञ्चको

कारण परमात्मा मूलरूपमा एक हुनुहुन्छ र पनि प्रपञ्चको रूपमा अनेकज्यैं देखिनुहुन्छ ।

**तमिममहमजं शरीरभाजां हृदि हृदि धिष्ठितमात्मकल्पितानाम् ।**
**प्रतिदृशमिव नैकधार्कमेकं समधिगतोऽस्मि विधूतभेदमोहः ॥**

*(श्रीमद्भागवत १/९/४२)*

जसरी एउटै सूर्य अनेक आँखाद्वारा भिन्नभिन्न रूपमा देखिन्छन्, त्यसैगरी अजन्मा भगवान् श्रीकृष्ण पनि आफैँले रचना गरेका अनेकौँ शरीरधारीहरूका हृदयमा तत्तत्रूपले विराजमान हुनुहुन्छ । यस्ता परमात्मामा भेदभ्रमशून्य भएर म प्राप्त भएको छु, आदि ।

**यत्रेमे सदसद्रूपे प्रतिषिद्धे स्वसंविदा ।**
**अविद्ययात्मनि कृते इति तद्ब्रह्मदर्शनम् ॥**

*(श्रीमद्भागवत १/३/३३)*

जहाँ यी सत्, असत् दुवै रूपहरू संविद्रूप ज्ञानद्वारा हटेका छन् । यस्ता परमात्मामा यी सबै विकल्पहरू अविद्याद्वारा खडा भएका हुन् भनेर निश्चय गर्नु नै ब्रह्मदर्शन हो। यसैलाई ज्ञान पनि भनिन्छ ।

श्रीमद्भावगतको उपक्रम र उपसंहार हेर्दा भक्तिद्वारा निर्मल भएको अन्तःकरणमा स्वरूपज्ञान हुनु र ब्रह्मैकात्म्यानुभवमा स्थिर रहनु नै श्रीमद्भागवतको निष्कर्ष रहेछ भन्ने कुरा सिद्ध हुन्छ । परीक्षितलाई उपदेश दिने बेला आरम्भमा श्रीशुकदेवले धारणा र ध्यानको चर्चा गर्दै भक्तिद्वारा मनोमल विनाश गरी मनलाई निर्विषयक बनाएपछि परमप्राप्तव्य परमात्मतत्त्व प्राप्त हुने कुरा बताउनुभएको छ। जस्तै–

**तत्रैकावयवं ध्यायेदव्युच्छिन्नेन चेतसा ।**
**मनो निर्विषयं युक्त्वा ततः किञ्चन न स्मरेत् ॥**

**पदं तत्परमं विष्णो मनो यावत्प्रसीददति ॥**

*(श्रीमद्भागवत २/१/१८)*

भगवान्को एक-एक अङ्गको ध्यान गर्दैगर्दा विषयवासनाले रहित भएको मनलाई भगवान्मा पूर्णरूपमा यसरी तल्लीन गरिदिनु कि– जसबाट अरू कुनै विषयको सम्झना नै नहोस् । यसप्रकार तदाकाराकारित बनेर रहनु नै भगवान्को परमपदको अनुभूति हो ।

यस्तै परीक्षितलाई उपदेश गर्दै अन्त्यमा श्रीशुकदेव भन्नुहुन्छ-

**घटे भिन्ने यथाकाश आकाशः स्याद्यथा पुरा ।**
**एवं देहे मृते जीवो ब्रह्म सम्पद्यते पुनः ॥**

*(श्रीमद्भागवत १२/५/५)*

घैंटो फुटेपछि जसरी घटाकाश महाकाशमा मिल्छ, त्यसैगरी ब्रह्मज्ञान भएपछि शरीर नष्ट हुँदा जीव ब्रह्म नै बन्दछ । त्यसपछि जीवभाव बाँकी रहँदैन ।

**अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम् ।**
**एवं समीक्षन्नात्मानमात्मन्याधाय निष्कले ॥**

**दशन्तं तक्षकं पादे लेलिहानं विषाननैः ।**
**न द्रक्ष्यसि शरीरं च विश्वं च पृथगात्मनः ॥**

*(श्रीमद्भागवत १२/५/११–१२)*

म नै परब्रह्म हुँ । परब्रह्म नै म हुँ । यसरी आफूले आफैँलाई विचार गरेर परमात्मामा मिलिसकेपछि शरीरलाई विषालु सर्पले डसेको आफूलाई अनुभव हुँदैन । शरीर र सम्पूर्ण विश्वसमेत आफू आत्माभन्दा अलग देख्न सकिन्छ । यहाँ आत्मचिन्तन गर्दा आफू ब्रह्ममा मिलेको र ब्रह्म आफूमा

मिलेको भनी दुवैतिरबाट विचार गर्नुपर्दछ। म ब्रह्म हुँ भन्दा परोक्षज्ञानको भाव बाँकी रहन्छ, त्यसपछि ब्रह्म नै म हुँ भनेर अपरोक्ष ज्ञान भएपछि आत्मामा परिच्छिन्नता समाप्त हुन्छ। यसरी अपरिच्छिन्नभाव प्राप्त भएपछि कुनै पनि कर्तव्य बाँकी रहँदैन।

यस्तै अर्का भागवतका वक्ता सूतजीको उपसंहारवाक्यमा सम्पूर्ण वेदान्तको सार भएको श्रीमद्भागवतमा जीव र ब्रह्मको एकता सिद्ध गर्ने अद्वैतसिद्धान्तको स्थापना गरिएको छ। जसको प्रयोजन कैवल्यमोक्ष नै हो भनिएको छ। जस्तै –

**सर्ववेदान्तसारं यद् ब्रह्मात्मैकत्वलक्षणम्।**
**वस्त्वद्वितीयं तन्निष्ठं कैवल्यैकत्वलक्षणम्॥**

*(श्रीमद्भागवत १२/१३/१२)*

## प्रथमस्कन्धतात्पर्य

श्रीमद्भागवतलाई भगवान्को वाङ्मयमूर्ति मानिएको छ र हरेक स्कन्धहरूलाई पनि भगवान्को विग्रहको अवयवको रूपमा परिकल्पित गरिएको छ। तीमध्ये भगवद्रूप भागवतको प्रथमस्कन्ध भगवान्को चरणरूप हो। भगवान्का श्रीचरणमा वज्राङ्कुशादि उन्नाईस चिह्नहरू छन्। भनिएको पनि छ–

**वन्देऽम्वुजाङ्कुशयवध्वजचक्ररेखास्वस्त्यष्टकोणकुलिशांकितदक्षिणाङ्घ्रिम्।**
**विन्दुत्रिकोणधनुरम्बरमत्स्यशङ्खचन्द्रार्धगोष्पदघटाङ्कितवामपादम्॥**

अर्थात् कमल, अङ्कुश, यव, ध्वज, चक्र, रेखा, स्वस्तिक, अष्टकोण, वज्रले युक्त भगवान्को दाहिने पाउ र विन्दु, त्रिकोण, धनुष, अम्वर, मत्स्य, शङ्ख, अर्धचन्द्र, गोष्पद एवं घटचिह्नले अङ्कित देव्रे पाउलाई वन्दना गर्दछु। यसप्रकार नौ-नौ चिह्न र शोभासमेत भगवान्का पाउमा उन्नाईस प्रतीक छन्। भागवतरूप

भगवान्का प्रथमस्कन्धरूप चरणमा पनि उन्नाईस अध्यायहरू छन् । भगवान्सँगको भेटको आरम्भ चरणवन्दनाबाट सुरु भएझैं भागवतको आरम्भ पनि चरणस्कन्धबाटै हुन्छ ।

सामान्यतया संसारमा तीन तहका मानिसहरू हुन्छन् । सांसारिक कर्ममा आशक्त लौकिकहरू, सांसारिक व्यवहारबाट दिक्क भएका विरक्तहरू र संसारबाट पूर्णतया निवृत्त भएर परमात्मामा समर्पित भएका आत्माराम आप्तकाम ज्ञानीहरू । यी तीनै तहका मानिसहरूका लागि श्रीमद्भागवत उपयुक्त ग्रन्थ हो भन्ने देखाउन प्रथमस्कन्धमा तीन संवाद वा तीन प्रसङ्ग देखाइएको छ । सर्वप्रथम तीन अध्यायमा सूत र शौनकहरूको संवाद छ। त्यसपछि तीन अध्यायमा व्यास-नारदको संवाद र त्यसपछि बाह्र अध्यायमा परीक्षित्को जन्म-कर्म सम्बन्धी वृत्तान्त आएको छ । शौनकादि ऋषिहरू संसारबाट पूर्ण विरक्त भएको बताइएको छैन। उनीहरू कर्ममा आसक्त स्वर्गादि सुखको अपेक्षा गर्ने कर्मीहरू हुन् । त्यस्तै अवसरमा कर्माङ्गको रूपमा उनीहरू भागवत सुन्दछन् र विस्तारै भागवतबाट उनीहरूमा पनि मस्ती आउँछ । त्यसैले उनीहरू भागवतलाई मधु वा आसव ठान्छन् । उनीहरू भन्दछन्–

**आपाययति गोविन्दपादपद्मासवं मधु ॥**

*(श्रीमद्भागवत १/१८/१२)*

यद्यपि, उनीहरूले कर्मानुष्ठान गर्ने बेला फुर्सदको समयमा भागवत सुनेका हुन्, त्यसैले उनीहरूका निमित्त भागवत यज्ञाङ्ग भयो। यहाँ यज्ञ मुख्य भयो, भागवत गौण। यस्ता वक्तालाई पनि वक्ता भएको अभिमान हुन सक्छ। वक्ता सूत र श्रोता ऋषिहरू छन्। उनीहरूमा पनि आफू यज्ञानुष्ठानमा उत्तम कुलीन भएको अभिमान छ। तर पनि यस्ता कर्मासक्त श्रोताहरूका लागि भागवत विस्तारै केही ढिलो

आफ्नो कार्य गर्दछ। त्यसैले यिनीहरू साधारण कोटिका वक्ता-श्रोता मानिन्छन्।

त्यसपछि चौथोदेखि छैटौं अध्यायसम्ममा व्यास र नारदको संवाद छ। व्यास भगवान्का अंशावतार हुन् तर पनि उनलाई लोकोपकार वा समाजसेवाको चिन्ता छ। लोककल्याणका लागि भनेर वेदको विभाजन गर्नु, इतिहास, पुराणको रचना गर्नु र यसबाट लोकोपकार हुनु उनको अभीष्ट हो। तर जे गर्दा पनि उनलाई केही गर्न बाँकी रहेजस्तो लाग्छ। मनमा सन्तुष्टि छैन। मुहारमा प्रसन्नता पनि छैन। त्यसै क्रममा नारदमुनिसँग उनको भेट हुन्छ र नारदले यस समस्याको समाधानका लागि विशुद्ध भगवद्गुणकथनात्मक भागवतशास्त्रको रचना गर्ने सल्लाह दिन्छन्। संसारका व्यवहारबाट चिन्ताग्रस्त, अतृप्त र दुःखाक्रान्त भएपछि चिन्ताको निवृत्तिका लागि भगवच्चिन्तन वा भागवतको उपयोग गर्ने यी मध्यमवर्गका वक्ता, श्रोता हुन्। यस्ता मध्यमाधिकारीहरूका लागि भागवत चिन्तानिवृत्त गर्ने औषधि हो। भगवच्चिन्तनबाट सांसारिक चिन्ताको निवृत्ति हुन्छ। आफूमा पनि आनन्द आउँछ र अरूमा पनि त्यस्तो आनन्द वितरण गर्न सकिन्छ।

**अहो देवर्षिर्धन्योऽयं यत्कीर्तिं शार्ङ्गधन्वनः।**
**गायन् माद्यन्निदं तन्त्र्या रमयत्यातुरं जगत्॥**

*(श्रीमद्भागवत, १/६/३८)*

अहो! देवर्षि नारद धन्य छन्। जसले वीणा बजाउँदै श्रीकृष्णको कीर्ति गाउँछन् र यो भगवन्नामरूपी अमृत पिलाएर सांसारिक संतापबाट विचलित भएका व्यक्तिहरूलाई मस्ती दिन्छन् र आनन्दित बनाउँछन्।

श्रीमद्भागवतका अर्का वक्ता श्रीशुकदेवजी र श्रोता राजर्षि परीक्षित् हुन् । जसको चर्चा सातौँदेखि अठारौ अध्यायसम्म बाह्र अध्यायमा गरिएको छ । त्यहाँ राजा परीक्षित्ले यज्ञाङ्गको रूपमा भागवत सुनेका होइनन् । लोकोपकार वा लोकसंग्रहका लागि पनि होइन । उनले त केवल आफ्नो कल्याणका लागि भागवत सुने । तर यसबाट स्वतः लोकहित हुन गयो । त्यसैले शुकदेवजीले भन्नुहुन्छ –

**वरीयानेष ते प्रश्नः कृतो लोकहितं नृप ।**
**आत्मवित्संमतः पुंसां श्रोतव्यादिषु यः परः ॥**

*(श्रीमद्भागवत २/१/१)*

तपाईंको यो लोकहितकारी प्रश्न अति उत्तम छ । आत्मज्ञानीहरूले यस्तै प्रश्नको सम्मान गर्दछन् आदि । यस्तो अधिकार राजा परीक्षित्मा त्यत्तिकै आएको भने होइन । उनको आनुवंशिक पवित्रता पनि त्यसमा कारण छ । यो कुरा देखाउन परीक्षित्की प्रपितामही कुन्तीले भगवान्लाई स्तुति गरेको र उनले भगवान्लाई बिर्साउने सुख होइन, भगवान्को दर्शन दिलाउने दुःख मागेको प्रसङ्ग छ–

**विपदः सन्तु नः शश्वत् तत्र तत्र जगद्गुरोः ।**
**भवतो दर्शनं यत्स्यादपुनर्भवदर्शनम् ॥**

*(श्रीमद्भागवत, १/८/२५)*

हे जगद्गुरु ! मलाई समय-समयमा दुःख मिलोस् । जुन दुःखको कारणले हजुरको दर्शन मिल्दछ । जुन हजुरलाई प्राप्त गरिसकेपछि फेरि संसारमा जन्म लिनुपर्दैन ।

पितामही सुभद्रा र द्रौपदी भगवान्का यति ठूला भक्त हुन्, जसले भगवदिच्छाबाहेक आफ्नो इच्छालाई कहिल्यै स्थान दिएका छैनन् । महाभारतको त्यति ठुलो युद्धमा आफ्नो त्यति धेरै क्षति

हुँदा पनि उनले भगवान्सँग कुनै गुनासो गरेनन्। अरू द्रौपदीको मातृहृदय त कति महान् छ भने उनले आफ्ना छोराका टाउका काट्ने अश्वत्थामालाई बाँधिएको अवस्थामा देखेर पनि ब्राह्मण र गुरुपुत्रसमेत भएकाले उनलाई नमस्कार गर्दै बन्धनमुक्त गर्न आग्रह गरिन् र भनिन्–

**मुच्यतां मुच्यतामेष ब्राह्मणो नितरां गुरुः ।**

*(श्रीमद्भागवत, १/७/४३)*

उनको मनमा निजी पारिवारिक ममता होइन, भगवत्प्राप्तिको प्रबल इच्छा देखिन्छ । यस्तै परीक्षित्की आमा उत्तराले पनि आफ्नो गर्भमा रहेको बच्चालाई अश्वत्थामाले ब्रह्मास्त्र प्रयोग गर्दा त्यसबाट गर्भस्थ शिशुको रक्षाका लागि अरूको होइन, केवल भगवान्को शरणमा गइन् र भनिन्–

**कामं दहतु मां नाथ मा मे गर्भो निपात्यताम् ।**

*(श्रीमद्भागवत, १/८/१०)*

बरु मेरो मृत्यु होस् केही हुँदैन, तर मेरो गर्भको बच्चा सुरक्षित रहोस् । मेरो छोरो भएको हुनाले यसको रक्षा गर्नुहोस् भनेको चाहिँ होइन । यो त हजुरको वाङ्मयरूप श्रीमद्भागवतज्ञानको प्रवाहका लागि श्रोताको रूपमा निमित्त बन्ने भएको हुनाले यसको रक्षा होस् भनेको हो भन्ने उत्तराको भाव छ। यस्ती उत्तराका पुत्र परीक्षित् जसले जन्मेपछि आफ्नी आमाको गर्भभित्रै रहँदा आफूलाई रक्षा गर्ने भगवान् को हुनुहोला भनी भगवान्लाई खोजी (परीक्षा) गरिरहेको हुनाले उनी परीक्षित् भए । हरेक व्यक्तिमा हरेक समयमा भगवान्को खोजी गर्ने परीक्षित्ले राजा भएपछि पनि आफुलाई गर्भावस्थामा रक्षा गर्ने व्यक्तिलाई भेट्न पाए कति सम्मान गर्दथें होला ? भनी याद गरिरहन्थे । बाल्यकालमा अरू खेलका सामग्रीहरूको वास्ता नगरिकन केवल श्रीकृष्णको परिचर्यासम्बन्धी क्रीडा गर्ने उनको

CamScanner

वानी थियो । यो कुरा सूत र शौनकको संवादको क्रममा शौनकको प्रश्नबाट पनि थाहा हुन्छ । जस्तै–

**स वै भागवतो राजा पाण्डवेयो महारथः ।**
**बालक्रीडनकैः क्रीडन्कृष्णक्रीडां य आददे ॥**

*(श्रीमद्भागवत, २/३/१५)*

राजकाजको सिलसिलामा भगवान्‌को चर्चा सुन्दा उनी प्रसन्न हुन्थे । यस्ता परीक्षित् आफ्नो मृत्यु नजिक आएको थाहा पाएपछि केवल भगवत्प्राप्तिका लागि भागवत सुन्छन् । अतः उनी श्रीमद्भागवतका उच्चकोटिका श्रोता हुन् ।

यिनलाई श्रीमद्भागवत सुनाउने योगीश्वर शुकदेव आत्माराम, आप्तकाम हुनुहुन्छ उपनयन संस्कार नहुँदै प्रव्रजन गर्ने निःस्पृह शुकदेवलाई केवल भगवत्कथाको माधुर्यले खिचेको छ । भगवत्कथाको वैशिष्ट्य नै यस्तो छ कि यस्ता निःस्पृह योगीश्वरलाई पनि जबर्जस्ती खिचेर ल्याउँछ ।

**आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे ।**
**कुर्वन्त्यहैतुकीं भक्तिमित्थम्भूतगुणो हरिः ॥**

*(श्रीमद्भागवत १/७/१० )*

भगवत्कथा श्रवण गर्न त मुक्तपुरुषहरूले पनि रहर गर्दछन् । श्रीधर स्वामी लेख्छन्– **मुक्ता अपि लीलाशरीरं धृत्वा भगवद्भजनं कुर्वन्ति** । यसप्रकार यहाँ निःस्पृह वक्ता र श्रोता दुवै अलौकिक छन् । यिनीहरूद्वारा वर्णन/श्रवण गरिने वस्तु पनि अलौकिक छ । वक्ता, श्रोता दुवै समाहितचेता छन् । पहिला सताउने भोक-प्यासले भागवतकथा सुन्न थालेपछि पानीसमेत पिउन छोडेर बस्दा पनि पटक्कै छुँदैन । भगवत्कथारूप अमृतलाई पिइसकेपछि अरू सांसारिक भोक-प्यासले छोएको छैन । त्यसैले परीक्षित् भन्दछन्–

**नैषातिदु:सहा क्षुन्मां त्यक्तोदमपि बाधते ।**
**पिबन्तं त्वन्मुखाम्भोजच्युतं हरिकथामृतम् ॥**

*(श्रीमद्भागवत १०/१/१३)*

यसको तात्पर्य भगवत्कथा सुन्न र भन्न भक्ति र समाधान (चित्तको एकाग्रता) चाहिन्छ। केवल शास्त्राभ्यासको बलमा भने भागवतको अर्थ लाग्दैन– **भक्त्या भागवतं शास्त्रं नाभ्यासेन न विद्यया ॥**

प्रथमस्कन्धको अन्तिम उन्नाईसौँ अध्यायमा भने समग्र वक्ता-श्रोताको स्वरूपको उल्लेख गरिएको छ र सबै किसिमका अधिकारप्राप्तिको पूर्णता दृढवैराग्य हुनु हो भन्ने देखाइएको छ। यसप्रकार प्रथमस्कन्ध अधिकारस्कन्धको रूपमा रहेको छ।

## द्वितीयस्कन्धतात्पर्य

श्रीमद्भागवतको द्वितीयस्कन्ध साधनस्कन्ध हो। द्वितीयस्कन्धमा मुख्य साधन श्रवण र श्रवणाङ्गको रूपमा तत्त्वध्यान, हृत्प्रसाद र मननको निरूपण गरिएको छ। श्रवण भनेको केवल कथा सुन्नुमात्र होइन अपितु सम्पूर्ण शास्त्रको तात्पर्य अद्वितीय श्रीकृष्णतत्त्व हुनुहुन्छ भनेर निर्णय गर्नु हो। शास्त्रमा श्रवणको परिभाषा यसरी गरिएको छ– **सर्वेषां वेदान्तवाक्यानामद्वितीये ब्रह्मणि तात्पर्यावधारणानुकूला मानसी क्रिया श्रवणम्।** (वेदान्तपरिभाषा) अर्थात् सबै वेदान्तवाक्यहरूको तात्पर्यचाहिँ अद्वितीय ब्रह्मतत्त्व नै रहेछ भनी निश्चय गर्नु नै श्रवण हो। यस्तो निश्चय नभएसम्म श्रवण पूरा हुँदैन। त्यसैले यहाँ श्रवणको अङ्गको रूपमा नै ध्यान, श्रद्धा र मननको उल्लेख गरिएको हो।

तत्त्वध्यान स्थूल र सूक्ष्म गरी दुई किसिमको हुने भएकाले

दुई अध्यायमा निरूपण गरिएको छ । हृत्प्रसाद भनेको श्रद्धा हो । श्रद्धाले हृदयलाई शास्त्राचार्योपदिष्ट विषयमा अझै सुदृढ बनाउँदछ। श्रद्धा पनि श्रोतृनिष्ठ र वक्तृनिष्ठ गरी दुई किसिमको हुने भएकाले दुई अध्यायमा नै हृत्प्रसादको निरूपण भएको हो । जसमा तेस्रो अध्यायमा शौनकको प्रश्नबाट श्रोतृनिष्ठ हृत्प्रसाद र चौँथो अध्यायमा श्रीशुकदेवको मङ्गलाचरणबाट वक्तृनिष्ठ हृत्प्रसाद देखिन्छ । त्यसपछिका छ अध्यायहरूमा श्रवणाङ्ग मननको चर्चा गरिएको छ ।

मननको परिभाषा यस्तो छ– **साधकबाधकप्रमाणोपन्यासरूप्युक्तिभिः श्रुतिवाक्यार्थसमर्थनं मननम्** अथवा **श्रुतार्थनिश्चयानुकूलप्रमेयसन्देहनिवर्तकयुक्त्यनुसन्धानं मननम्** अर्थात् शास्त्र र आचार्यको उपदेशबाट सुनिएको जो विषय हो, त्यसको निश्चय गर्नका निमित्त आवश्यक पर्ने विचार र त्यहाँ आइपर्ने सन्देहलाई हटाउन उपयोग गरिने युक्तिहरूको खोजी नै मनन हो। यहाँ श्रवणाङ्गलाई पनि उत्पत्ति र उपपत्तिका भेदले दुई किसिमको मानिएको छ। यो नै प्रमेयसन्देहनिवर्तक युक्ति हो। श्रवणद्वारा प्रमाणगत सन्देहनिवृत्ति हुन्छ । मननद्वारा प्रमेयगत संशय निवृत्त हुन्छ भने निदिध्यासनद्वारा विपरीतभावनाको निवृत्ति हुन्छ। प्रमाण अर्थात् उपनिषत्को तात्पर्य कर्म, उपासना वा ज्ञान के हो ? भन्ने सन्देहको निवृत्तिका लागि श्रवण आवश्यक छ । वेदान्तवाक्य श्रवण गरेर शास्त्रतात्पर्यनिश्चय भए पनि वासनावश कर्तृत्व, भोक्तृत्व, प्रमातृत्व आउन सक्छ, त्यसका निमित्त मनन आवश्यक पर्दछ।

सृष्टि परमात्माबाट भएको हो भन्ने निश्चय हुनु उत्पत्ति हो। विभिन्न तर्क र विचारको आधारमा यो सबै सृष्टि परमात्मा नै हो, परमात्माभन्दा भिन्न छैन भन्ने निश्चय हुनु उपपत्ति

हो। अर्थात् प्रतीयमान प्रपञ्चमा अधिष्ठानसत्तातिरिक्तसत्ताकत्वाभाव छ भन्ने निश्चय गर्नु नै उपपत्ति हो । उत्पत्ति पनि जन्म, समागम र प्राकट्यका भेदले तीन किसिमको छ। उपपत्ति पनि शङ्का, समाधान र निष्कर्ष गरी तीन किसिमको हुन्छ । यही कुरा दर्शाउन श्रवणाङ्ग मननको निरूपण छ अध्यायमा गरिएको छ ।

सर्वप्रथम अधिकारीको मनमा स्वाभाविक जिज्ञासा जाग्रत् हुन्छ भन्ने देखाउन प्रथम अध्यायमा परीक्षित्ले दुई प्रश्नहरू गरेका छन् – **सर्वात्मना किं कर्तव्यम् ? म्रियमाणैश्च किं कर्तव्यम् ?** यिनै दुई प्रश्नको उत्तरको रूपमा द्वितीयस्कन्धमा पूर्वोक्त साधनको चर्चा गरियो र निष्कर्षमा **भगवानेव केवलम्** अर्थात् केवल भगवान् नै हुनुहुन्छ भन्ने निश्चय गरियो ।

यहाँ पनि यो सबै जगत् भगवान्द्वारा विरचित मात्र नभएर भगवान् नै हुनुहुन्छ भनिएको छ । अहिले देखिएको नामरूपात्मक प्रपञ्चको प्रतीति कस्तो हो भन्ने बुझ्न यसको अगाडि र पछाडिको अवस्थालाई हेर्नुपर्दछ । वस्तुत: सृष्टि हुनुभन्दा अगाडि र सृष्टिपछाडि पनि परमात्माबाहेक केही थिएन भने तत्काल प्रतीयमान प्रपञ्च पनि परमात्माबाहेक अरू केही हुन सक्दैन । यसप्रकार भएको वस्तु नदेखिनु र नभएको वस्तु देखिनुमा कारण मायामात्र हो। जसरी उपादान माटोबाट बनेको घडा कारण माटोभन्दा भिन्न हुँदैन। जसरी उपादान धागोबाट तयार भएको कपडा आफ्नो कारण धागोभन्दा भिन्न हुँदैन, त्यसरी नै अधिष्ठान ब्रह्मतत्त्वभन्दा भिन्न अध्यस्त जगत् हुन सक्दैन । अत: बाहिर देखिएको पञ्चमहाभूतात्मक प्रपञ्च पनि उपादानबाहेक अरू केही होइन। सृष्टिमा लाग्न हिच्चिकचाइरहेका ब्रह्माजीलाई भगवान्ले दिनुभएको चार श्लोकको उपदेशमा

सम्पूर्ण श्रीमद्भागवतको तात्पर्य गागरमा सागर भरेझैं भरिएर रहेको छ। दुइ श्लोक भूमिकासहित चार श्लोकको चतु:श्लोकी भागवत यसप्रकार छ–

ज्ञानं परमगुह्यं ते यद् विज्ञानसमन्वितम् ।
सरहस्यं तदङ्गं च गृहाण गदितं मया ॥

यावानहं यथाभावो यद्रूपगुणकर्मकः ।
तथैव तत्त्वविज्ञानमस्तु ते मदनुग्रहात् ॥

अहमेवासमेवाग्रे नान्यद् यत् सदसत् परम् ।
पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम् ॥

ऋतेऽर्थं यत् प्रतीयेत न प्रतीयेत चात्मनि ।
तद्विद्यादात्मनो मायां यथाऽऽभासो यथा तमः ॥

यथा महान्ति भूतानि भूतेषूच्चावचेष्वनु ।
प्रविष्टान्यप्रविष्टानि तथा तेषु न तेष्वहम् ॥

एतावदेव जिज्ञास्यं तत्त्वजिज्ञासुनाऽऽत्मनः ।
अन्वयव्यतिरेकाभ्यां यत् स्यात् सर्वत्र सर्वदा ॥

*(श्रीमद्भागवत २/९/३०-३५)*

यस प्रसङ्गमा भगवान्ले विज्ञानसमन्वित ज्ञान भनेर अनुभवमा आधारित शास्त्रीय ज्ञानको उपदेश गर्नुभएको छ। यहाँ रहस्य शब्दको अर्थ प्रेमाभक्ति र अङ्गको अर्थ साधनको रूपमा नवधा भक्ति हो। यसको तात्पर्य पनि साधनसमन्वित भक्तिपूर्वक नै तत्त्वसाक्षात्कार हुन सक्छ भन्नु हो। तत्त्वसाक्षात्कारका लागि अधिकार पनि भगवान्को कृपाविना हुन सक्दैन । भगवान्को अनुग्रह पनि साङ्ग भक्तिद्वारा मात्रै हुन्छ। यो कुरा भगवान्को **मदनुग्रहात्** भन्ने आरम्भोक्तिबाट स्पष्ट हुन्छ। भगवान् भन्नुहुन्छ, सृष्टिको आरम्भमा पनि म मात्रै थिएँ, सृष्टि हुँदा पनि ममात्रै

CamScanner

छु र सृष्टि सकिएपछि पनि म मात्रै रहन्छु। सत्, असत् अर्थात् स्थूल, सूक्ष्म र कारणदेखि पनि पर रहेको मभन्दा बाहेक अरू कुनै वस्तु छैन। अनादि, अनन्त र अद्वितीय भएको हुनाले ममात्र सर्वत्र परिपूर्ण छु। मबाहेक अरू कुनै वस्तुको सत्ता छैन। कुनै नभएको वस्तु पनि देखिन्छ, आकाशमा दुई चन्द्रमा नभएर पनि भ्रमवश देखिन्छ। कुनै चीज छ तर देखिँदैन। जस्तै ग्रहमण्डलमा भएको राहु देखिँदैन। यो सबै अन्यथाप्रतीतिको कारण माया नै हो। पशुपक्षी आदि प्राणीका शरीरहरू पञ्चमहाभूतात्मक छन्। त्यहाँ माटो छ, विचार गर्दै जाँदा माटोमा पानी छ। पानीमा आगो छ। आगोमा वायु छ। वायुमा आकाश छ। हामी चूपचाप रहँदा आकाशमा हुन्छौँ। गति उत्पन्न हुँदा वायुमा हुन्छौँ। वायुमा वेग आउँदा उष्णता हुन्छ। उष्णतामा पसिना छ। पसिनामा माटो छ। यसको तात्पर्य समग्र विश्वसृष्टि पञ्चमहाभूतमा कल्पित छ।

यी सबै पञ्चमहाभूतलाई मैले धारण गरेको छु। सबैमा म प्रविष्ट छु तर अलग पनि छु। किनभने म हुँदा सबै छन्, सबै नहुँदा पनि म छु। यो कुरा अन्वय र व्यतिरेकको सिद्धान्तबाट बुझ्नुपर्दछ। तर यहाँ प्रसिद्ध अन्वयव्यतिरेकको लक्षण पर्याप्त छैन। प्रसिद्ध लक्षण यसप्रकार छ – **तत्सत्त्वे तत्सत्त्वमन्वयः। तदभावे तदभावो व्यतिरेकः। कारणसत्त्वे कार्यसत्त्वमन्वयः। कारणाभावे कार्याभावो व्यतिरेकः** अर्थात् कारण हुँदा कार्य हुनु अन्वय हो। कारण नहुँदा कार्य नहुनु व्यतिरेक हो। तर यस्तो लक्षण यहाँ घट्दैन। किनभने कारण ब्रह्मतत्त्वको अभाव हुनै सक्दैन। प्रतियोगी अप्रसिद्ध भए तादृशप्रतियोगिक अभाव पनि अप्रसिद्ध नै हुन्छ। त्यसैले यहाँ **तत्सत्त्वे तत्सत्त्वमन्वयः। तद्भावे तदभावो व्यतिरेकः** अर्थात्

कारण हुँदा कार्य हुनु अन्वय हो अनि कारण भएर पनि कार्य नदेखिनु व्यतिरेक हो। अर्थात् अन्वय भनेको कार्यको कारणमा अनुवृत्ति हो। कारणावस्थामा कार्यभन्दा अलग रहनु व्यतिरेक हो। जाग्रदादि अवस्थामा ती अवस्थाको साक्षीको रूपमा आत्माको अन्वय छ। समाधि अवस्थामा आत्मा हुँदा पनि प्रपञ्च छैन, यो व्यतिरेक हो। यसप्रकार आत्मवस्तुको अन्वय र व्यतिरेकको युक्तिले हेर्दा प्रपञ्चको प्रतीतिकालमा पनि ब्रह्मतत्त्व नै छ र प्रपञ्च नहुँदा पनि ब्रह्मतत्त्व रहेको छ। यही अन्वयव्यतिरेकको सिद्धान्तलाई लिएर हेर्दा आत्मतत्त्वबाहेक अरू केही नभएको हुनाले उही अद्वय चिद्रूप आनन्दतत्त्वकै प्राप्ति हुनुपर्दछ। त्यसका निमित्त श्रवण नै प्रमुख साधन हो भन्ने द्वितीयस्कन्धको तात्पर्य हो।

## तृतीयस्कन्धतात्पर्य

तृतीय स्कन्धलाई सर्गस्कन्ध मानिन्छ। सर्ग वा सृष्टिमा अट्ठाइस तत्त्वहरू हुन्छन्– पञ्च महाभूत, पञ्च तन्मात्रा, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्च प्राण अनि मन, बुद्धि र अहङ्कार। यी बाहेक पञ्चपर्व (अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश) समेतलाई जोड्दा तेत्तीस संख्या हुने भएकाले तेत्तीस अध्यायमा सर्ग-स्कन्ध उपनिबद्ध भएको देखिन्छ। सर्ग पनि दुई किसिमको छ- बन्धसर्ग र मोक्षसर्ग। यसलाई भगवद्गीतामा दैवसर्ग र आसुरसर्ग गरी दुई किसिमको भनेर बताइएको छ– **द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च**। श्रीमद्भागवतको तेस्रो सर्गस्कन्धमा पहिलेका उन्नाईस अध्यायमा आसुरसर्ग वा बन्धसर्गको चर्चा छ भने त्यसपछिका चौध अध्यायमा मोक्षसर्ग वा दैवसर्गको उल्लेख गरिएको छ। आसुरसर्गअन्तर्गत तीन विभाग देखिन्छन्- काम, क्रोध र लोभ। भगवद्गीतामा यी

तीनालाई नरकका तीन ढोका भनिएको छ–

**त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।**
**कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥**

*(श्रीमद्भगवद्गीता १६/२१)*

हुन पनि कामले कर्ममा हानि हुन्छ। क्रोधले ज्ञानमा र लोभले भक्तिमा विकार ल्याउँछ। यिनै तीन विकारबाट गुणवैषम्य बन्दछ, जसबाट आसुरी सृष्टि फैलिन्छ। त्यसको निवृत्तिबाट दैवसृष्टि बन्छ। यसै प्रसङ्गलाई देखाउन जय-विजयको आसुरजन्म र त्यसको निवृत्तिका लागि भगवान्‌को आविर्भाव देखाइएको छ। असुर शब्दको अभिप्राय पनि अनौठो छ। **असुषु रमन्ते इति असुराः** । असु शब्दको अर्थ प्राण हो। प्राणात्मवाद वा देहात्मवाद नै आसुरी प्रवृत्ति हो। वस्तुतः देह मुर्दा हो। प्राणमात्र पनि आत्मा होइन। देहलाई वा प्राणलाई आत्मा मान्ने प्रवृत्ति नै मुर्दावाद हो। शिवचरित्रमा सतीले शिवतत्त्वलाई नचिन्ने देहात्मवादीलाई निन्दा गर्दा **कुणपात्मवादिनाम्** अर्थात् मुर्दालाई आत्मा ठान्ने भन्नुभएको छ। आसुर प्रवृत्ति वा देहात्मवादको लक्षण नै काम, क्रोध र लोभको आधिक्य हो। त्यही देखाउन जय र विजयको तीन जन्म भएको देखाइएको छ। लोभको आधिक्यबाट हिरण्याक्ष र हिरण्यकशिपु, कामको आधिक्यबाट रावण र कुम्भकर्ण। त्यस्तै क्रोधको आधिक्यबाट दन्तवक्त्र र शिशुपालको जन्म हुन्छ। हुन पनि व्यवहारमा लोभबाट काम, कामबाट क्रोध हुने गरेको देखिन्छ। कामले मार्छ। क्रोधले जलाउँछ र लोभले थिच्छ। कामलाई यमराजभन्दा पनि खतरनाक मानिएको छ। शङ्कराचार्य भन्नुहुन्छ–

**यमस्य कामस्य च तारतम्यं विचार्यमाणे महदस्ति लोके ।**
**हितं करोत्यस्य यमोऽप्रियः सन् कामस्त्वनर्थं कुरुते प्रियः सन् ॥**

CamScanner

अर्थात् यमराज र काममध्ये कुन खराब हुन् भनी विचार गर्दा यमराजभन्दा पनि काम बढी खराब मानिएको छ। यमराजले त अप्रिय बनेर जीवको कल्याण नै गरेका हुन्छन्, तर कामले चाहिँ सामुन्नेमा प्यारोजस्तो बनेर अहित नै गरिरहेको हुन्छ। कामबाटै क्रोध र लोभ हुन्छन्। यस्तो प्रवृत्तिको नियन्त्रणका लागि यहाँ भगवान्‌का तीन प्रतीकात्मक अवतार छन्–वराह-नृसिंह, राम र कृष्ण। हिरण्याक्षको वधका लागि भगवान्‌ले लिनुभएको वराहावतार क्रियावतार हो। **वरं च तदहः वराहः** अर्थात् श्रेष्ठ दिन वा यज्ञीय संस्कार स्थापना गर्ने सुअवसर। वराह अवतार भगवान्‌को शरीरमा यज्ञकर्मका वैशिष्ट्यहरू छन्। वराह भगवान्‌का अङ्गमा एक-एक यज्ञकर्मका प्रतीकात्मक स्वरूपहरू देखिन्छन्। कर्मद्वारा त्यागप्रवृत्ति बढ्छ र लोभमा नियन्त्रण पाउन सकिन्छ। रामावतार संयम र मर्यादाको प्रतिमूर्ति हो। संयम र मर्यादाले काममा नियन्त्रण गराउँछ। विषयभोगेच्छालाई बढ्न दिँदैन। वैराग्य ल्याउँछ। त्यसपछि मात्र ज्ञानमा अधिकारी भइन्छ। श्रीकृष्णावतार पूर्ण चिदानन्दरूप ज्ञानको प्रतिनिधि अवतार हो। ज्ञानले क्रोधादि समग्र मनोविकारलाई समाप्त पार्दै जीवात्मा र परमात्माको एकता सिद्ध गराउँछ। यही नै उक्त तीन अवतारको तात्पर्य हो।

यस्तै तृतीयस्कन्धमा आएको कपिलदेवको अवतार पनि ज्ञानावतार हो। स्वायम्भुव मनु र शतरूपा रानीका तीन छोरीहरूमध्ये माहिली देवहूति र कर्दम मुनिका पुत्रको रूपमा कपिलदेवको अवतार भएको हो। देवहूति कृष्णाकर्षिणी भगवदाकारा चित्तवृत्ति हुन् भने कर्दम ज्ञानसम्पन्न मुनि हुन्। उनका पुत्र कपिलदेव भगवान्‌को ज्ञानोपदेशक अवतार नै हो। यसरी तेस्रो सर्गस्कन्धका तेत्तीस अध्यायमा दैव र आसुर सर्गको चर्चा गरिएको छ।

## चतुर्थस्कन्धतात्पर्य

श्रीमद्भागवतको चौँथो विसर्गस्कन्धमा सृष्टिको विविधताका निमित्त आवश्यक पर्ने चार पुरुषार्थहरूको चर्चा गरिएको छ। धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थ हुन् । धर्म चित्तशुद्धि र भगवत्प्राप्तिको साधन हो, लौकिक विषयभोगको साधन होइन–

**धर्मस्य ह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ।**

*(श्रीमद्भागवत १/२/९) ।*

धर्म यज्ञसँग सम्बन्ध राख्छ। यज्ञ सप्ततन्तुरूप मानिएको छ । त्यसैले आरम्भका सात अध्यायमा धर्मरूप पुरुषार्थको वर्णन गरियो। आरम्भमा अत्रि र अनसूयाको प्रसङ्गले त्रिगुणभेद वास्तविक होइन, त्रिगुणातीत परमात्मालाई प्राप्त गर्न असूया अर्थात् दोषदृष्टि हुनु हुँदैन भन्ने प्रसङ्ग उल्लेखनीय छ । यस प्रसङ्गमा धर्मका पत्नीहरूको पनि चर्चा गरिएको छ । जो स्मरणीय छ– श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया, उन्नति, मेधा, तितिक्षा, ह्री र मूर्ति यी धर्मका पत्नी हुन् भने शुभ, प्रसाद, अभय, सुख, मोद, स्मय, योग, दर्प, अर्थ, स्मृति, क्षेम, विनय र साक्षात् नरनारायण धर्मका सन्तति हुन् ।

धर्म श्रद्धापूर्वक हुन्छ। दक्षको यज्ञलाई यज्ञफलदाता शिवले नै नष्ट गर्नु श्रद्धारहित धर्म निष्फल हुनुको उदाहरण हो। यो प्रसङ्गलाई पुष्पदन्ताचार्यले मीठो शैलीमा प्रस्तुत गरेका छन् –

**क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृता–**
**मृषीणामार्त्विज्यं शरणदसदस्याः सरगणाः ।**
**क्रतुभ्रंशस्त्वत्तः क्रतुफलविधानव्यसनिनोः**
**ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखाः ॥**

*(शिवमहिम्नःस्तोत्रम्)*

आफैँ कर्म गर्न सिपालु दक्ष अर्थात् चतुर दक्षप्रजापति स्वयं यजमान थिए । साक्षात् मन्त्रद्रष्टा ऋषिहरू पुरोहित बनेका थिए। देवताहरू नै सदस्य थिए। यस्तो यज्ञलाई पनि यज्ञफलदाता स्वयं शिवले नष्ट गर्नुभयो। यसको तात्पर्य श्रद्धारहित कर्म सफल हुँदैन, अभिचार अर्थात् विपरीत फल दिनेवाला हुन्छ। त्यसैले कर्म गर्दा श्रद्धापूर्वक गर्नुपर्दछ। स्पर्धापूर्वक गर्नु हुँदैन। कर्म गर्दा कर्तृत्वभाव लिएर होइन, केवल निमित्त बनेर गर्नुपर्दछ। श्रद्धापूर्वक गरिएको कर्म नै धर्मको साधन हुन्छ भन्ने यस प्रसङ्गको तात्पर्य हो।

अर्थ दोस्रो पुरुषार्थ हो। अर्थार्जन अर्थात् धनको कमाइ धर्मका निमित्त हुनुपर्दछ, भोगका निमित्त होइन।

**नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृतः ।**

*(श्रीमद्भागवत १/२/९)*

यस प्रसङ्गमा धर्मनिरूपणपछि पाँच अध्यायमा अर्थको निरूपण गरिएको छ। अर्थोपार्जनले पाँच विषयसँग सम्बन्ध राख्छ। ध्रुवचरित्रले अर्थार्जनको प्रयोजन बताएको छ। उत्तानपादकी पत्नी सुरुचिबाट उत्तम जन्मिए। अर्की पत्नी सुनीतिबाट ध्रुव जन्मिए। सौता आमाको वाग्वाणबाट घाइते भएका ध्रुव बाल्यकालमा नै भगवान्को प्राप्तिका निमित्त दृढसङ्कल्प बने। उनको दृढनिष्ठा नै भगवत्कृपाप्राप्ति, साठीहजार वर्षसम्मको अखण्डराज्य र ध्रुवपदवीको प्राप्तिको कारण बन्यो। बालक ध्रुवले गुरु नारदको भगवद्भक्तिका लागि प्रेरक उपदेशमात्र स्वीकार गरे। भगवद्भक्तिबाट विमुख बनाउँने गुरुवचनलाई भने स्वीकार गरेनन्। जसले सामुन्नेको सांसारिक बन्धनलाई हटाउँदैन, उल्टै बढाउन प्रेरणा दिन्छ, त्यस्तो गुरुवचन पनि स्वीकरणीय हुँदैन–

**गुरुर्न सः स्यात्, न मोचयेद्यः समुपेतमृत्युम् ॥**

*(श्रीमद्भागवत ५/५/१८)*

ध्रुवको अर्थ नित्य हो। नित्य प्रयोजनसिद्धिका निमित्त अर्थको उपयोग हुनुपर्दछ भन्ने यस कथाको तात्पर्य हो। सुनीति अर्थात् असल नीति ध्रुवको जनक हुन्छ। सुरुचि लौकिक विषयभोगको अभिलाषा हो। त्यसबाट लौकिक उत्तम पदार्थहरूको प्राप्ति भए पनि भगवत्प्राप्ति भने हुँदैन। त्यसैले बीचमा नै उत्तमको अवसान भएको देखाइएको छ ।

ध्रुवचरित्रपछि तेस्रो पुरुषार्थको रूपमा कामको वर्णन गरिएको छ । काम अर्थात् विषयभोग एकादश इन्द्रियजन्य भएको हुनाले एघार अध्यायमा पृथुचरित्रको वर्णन गरियो । ध्रुववंशी अङ्गको पुत्र वेन राजा बनेर अधर्माचरणमा लागेको हुनाले उसलाई ऋषिहरूले हुङ्कारद्वारा नष्ट गरे, तर संसारमा अव्यवस्था फैलिएको हुँदा राजाको शरीरको मन्थन गरेर भगवान्को अवतारको रूपमा महाराज पृथुको जन्म भयो । पृथुको चरित्र र पृथुलाई सनकादिबाट प्राप्त भएको उपदेशलाई हेर्दा धर्मभन्दा कामरूप पुरुषार्थको अझ बढी महत्ता भएको देखिन्छ। धर्म बाहिरी विषय हो, जो कृत्यसँग सम्बन्ध राख्छ । काम अन्तरङ्ग हो । यसले मनसँग सम्बन्ध राख्छ। हरेक इन्द्रियबाट भगवद्रसास्वादन गर्नु कामनाको परम प्राप्ति हो । विषयभोग त नरकमा बस्नेहरूले पनि गरेकै छन्, त्यस्ता विषयजन्य भोगलाई चाहनु कामनाको प्राप्ति होइन। यो कुरा पृथुले भगवान्सँग **विधत्स्व कर्णायुतमेष मे वरः** (श्रीमद्भागवत ४/२०/२४) अर्थात् भगवान्को कथा सुन्नका लागि मलाई दश हजार कान दिनुहोस् भनेर देखाएका छन् । धर्मानुष्ठानबाट मोक्षरूप कामनाको आविर्भाव हुन्छ र मुमुक्षुलाई इतरसाधनसम्पत्ति भएपछि सद्गुरुको उपदेशले

आत्मतत्त्वसाक्षात्कार हुन्छ । यो कुरा पृथुचरित्रबाट सिक्न सकिन्छ ।

त्यसपछि अन्तिम पुरुषार्थको रूपमा आठ अध्यायमा मोक्षको निरूपण गरिएको छ। पाँच अध्यायमा प्राचीनबर्हिको चरित्रबाट निर्गुण साधनाद्वारा मोक्ष हुने कुरा र तीन अध्यायमा प्रचेताको चरित्रबाट सगुण साधनाको मार्गबाट मोक्ष प्राप्ति हुने कुरा बताइएको छ। यसरी ३१ अध्यायमा चार पुरुषार्थको चर्चा गर्दै विविधसृष्टिको सविस्तार निरूपण गरिएको छ।

## पञ्चमस्कन्धतात्पर्य

पञ्चमस्कन्धको आरम्भमा प्रियव्रत राजाको चरित्रबाट मानिस निरन्तर कर्मठ बन्नुपर्छ, आफ्नो जीवनको क्रियाशीलतालाई कहिल्यै पनि हराउन दिनुहुँदैन भन्ने उपेदश पाइन्छ । वेदमा पनि सूर्य र चन्द्रमालाई आदर्श मानेर क्रियाशील बन्नुपर्दछ भनिएको छ– **स्वस्ति पन्थामनुचरेम सूर्याचन्द्रमसाविव** ॥ प्रियव्रतले पहिले त सांसारिक विषयहरूलाई परित्याग गर्न खोजेका थिए, तर पितामह ब्रह्माको उपदेशले जितेन्द्रिय र आत्मनिष्ठ बनेपछि गृहाश्रम पनि कल्याणको साधन बन्दोरहेछ भन्ने निश्चय गरे। उनको चरित्र भगवत्कृपाबाट ऐश्वर्यप्राप्तिको उदाहरण हो। उनका छोरा आग्नीध्र तपस्याको क्रममा पूर्वचित्ति अप्सरालाई देखेर कामासक्त भएका थिए। आग्नीध्र कामबन्धनमा बाँधिएका जीवसदृश थिए भने पूर्वचित्ति अप्सरा प्रकृतिसदृशी थिइन् । भगवच्चिन्तनविना पुरुषले प्रकृतिलाई नियन्त्रणमा राख्न सक्दैन भन्ने यस कथाको तात्पर्य हो । आग्नीध्र कामभोगमा वढी आसक्त भए पनि उनका छोरा नाभि भगवान्‌का भक्त थिए । उनको जीवनमा ब्राह्मणहरूप्रतिको श्रद्धा र भगवद्भक्ति वढी देखिन्छ ।

त्यसपछि जन्मिएका नाभिका छोरा ऋषभ भगवान्‌का अवतार नै थिए। **ऋषेण ज्ञानेन भातीति ऋषभः।** उनले आफ्ना सन्ततिलाई सम्बोधन गर्दै तपस्या गर्नुपर्ने, सत्सङ्गमा लाग्नुपर्ने, इन्द्रियसुखमा अल्मलिन नहुने र योगाभ्यासद्वारा हृदयग्रन्थि भेदन गर्दै परमात्मतत्त्वसाक्षात्कार गर्नुपर्ने उपदेश दिएका छन्। उनका छोरा भरतको जीवन उत्तिकै आदर्शमय छ, तर गण्डकीको किनारमा साधना गर्न बस्दा मृगशावकमा दया गर्छु भन्दा उसैमा आसक्त भएपछि जन्मान्तरमा मृग नै बन्नुपरेको प्रसङ्गले वासनाको प्रवाह कति प्रबल हुँदो रहेछ भन्ने कुरा देखाएको छ। जन्मान्तरमा जडभरत बनेर विषयासक्तिबाट टाढा रहन प्रयत्न गरे पनि योग्य पात्रमा ज्ञान दिन कञ्जुस्याइँ गर्न हुँदैन भन्ने कुरा रहूगणसँगको संवादबाट देखिएको छ। यस प्रसङ्गमा भूमण्डलका जम्बू, प्लक्ष, शाल्मली, कुश, क्रौञ्च, शाक, पुष्कर द्वीप र यिनलाई घेर्ने लवण, इक्षु, सुरा, घृत, दधि, दुग्ध र शुद्धोदकको समुद्रको वर्णनले भगवान्‌को व्यापक सुन्दर स्वरूप प्रस्तुत भएको छ। यसरी पचास करोड योजन विस्तीर्ण खगोल र यस्तै भूगोल, पाताल एवं नरकको वर्णन गर्नु तत्-तत् वस्तुको वर्णनमा तात्पर्य होइन। स्कन्धको आरम्भमा नै राजा परीक्षित्‌को जिज्ञासाको समाधान गर्दै शुकदेवजीले भन्नुभएको छ कि– भगवान्‌को गुणमय स्थूलरूपमा मन लागेपछि निर्गुण सूक्ष्मतम परमात्मामा कसैगरी विचलित हुँदैन। त्यसैले यसरी भगवान्‌को स्थूलरूपको वर्णन गरिएको हो। भगवान्‌को स्थूलरूपको ध्यान गरेपछि सूक्ष्मरूपमा मन प्रविष्ट हुन्छ। यस्तै यस पृथिवीका द्वीप, समुद्र एवं द्वीपभित्रका उपद्वीप, वर्ष र खण्डहरू अनि सूर्यादि ग्रहमण्डलसँगै नरकको वर्णन केवल भगवत्स्वरूपको प्रतिपादनका निमित्त गरिएको हो भन्ने कुरा स्कन्धको यो उपसंहारपद्यबाट स्पष्ट हुन्छ–

**भूद्वीपवर्षसरिदद्रिनभःसमुद्रपातालदिङ्नरकभागणलोकसंस्था ।**
**गीता मया तव नृपाद्भुतमीश्वरस्य स्थूलं वपुः सकलजीवनिकायधाम॥**

*(श्रीमद्भागवत ५/२६/४०)*

यहाँ वर्णन गरिएको खगोल, भूगोलको चर्चालाई लिएर कतिपय विद्वान्हरूले वर्तमान खगोल, भूगोलको परिस्थिति र परिवेशसँग तुलना गर्दै समालोचनात्मक दृष्टिले हेरेको पनि पाइन्छ, तर भागवतमा स्वयं शुकदेवजीले यो वर्णन वस्तुको वर्णनमा आधारित नभई भगवच्चिन्तनमा सम्बन्ध राख्दछ भन्नुभएको छ। यी कथाहरू सांसारिक विषयबाट मनलाई विरक्त बनाई भगवदभिमुख बनाउनुसँग तात्पर्य राख्दछन् भन्दै साक्षात् शुकदेवले नै यी कथाको वस्तुवर्णनमा तात्पर्य छैन भन्नुभएको छ । जस्तै–

**कथा इमास्ते कथिता महीयसां विताय लोकेषु यशः परेयुषाम्।**
**विज्ञानवैराग्यविवक्षया विभो वचो विभूतिर्न तु पारमार्थ्यम्॥**

*(श्रीमद्भागवत १२/३/१४)*

## षष्ठस्कन्धतात्पर्य

षष्ठस्कन्धमा देवता र दानव सबैमाथि भगवान्ले अहैतुकी कृपा गर्नुभएको देखाइएको छ । यस क्रममा अजामिलको प्रसङ्गबाट अज्ञानवशात् भगवान्को नाम लिने व्यक्तिलाई पनि भगवान्ले अनुग्रह गर्नुभएको देखाइएको छ । अजा अर्थात् अविद्यामा मिलेको जीवात्माले नीच शूद्रकन्यामा रमण गर्नु र विषयासक्त बनी विषयमदले विह्वल हुनु तर पनि पूर्वसंस्कार वा सद्गुरुको कृपाले छोराको नाम नारायण रहनु, मरणासन्न अवस्थामा नारायणको नाम लिँदा भगवान्का दूतहरूले अकस्मात् यमदूतहरूको पासो काटिदिनु अनि उसले विषयबाट विरक्त

भई भगवान्को भजन गरेर जीवन सफल बनाउनु यी सबै भगवद् अनुग्रहका अनुपम उदाहरणहरू हुन् । यस्तै देवताहरूले गुरु बृहस्पतिलाई अपमान गर्नु, विश्वरूपलाई पुरोहित वरण गरेर उनैको वध गर्नु, त्यसपछि जन्मिएको वृत्रासुरलाई इन्द्रले मारे पनि उसलाई भगवान्ले अपनाउनु भगवान्को अहैतुकी कृपाको नमुना हो । भगवान्ले कुनै जाति, धर्म, समुदाय वा आफ्नो पराइ नभनीकन सबैलाई अपनाउनुहुन्छ, किनभने सबै प्राणीहरू भगवान्कै आश्रयमा छन् । जो जस्तोसुकै होस्, उसलाई भगवान्ले सधैँ कृपा गर्नुहुन्छ । भगवान् केवल भक्तिबाट प्रसन्न हुनुहुन्छ भन्ने यस प्रकरणको विशेषता हो । त्यसैले भनिन्छ–

**भक्त्या तुष्यति केवलं न च गुणैः भक्तिप्रियो माधवः ।**

यस प्रकरणमा आएको अजामिलको प्रसङ्गले भगवन्नामको महत्त्वलाई प्रकट गरेको छ । नामले नामीलाई प्राप्त गराउँछ, नाम र नामीको अभेदसम्बन्ध छ, किनभने शब्द र अर्थको अभेदसम्बन्ध मानिएको छ । शब्दशास्त्रको सिद्धान्तलाई हेर्ने हो भने त झन् शब्द नै अर्थको रूपमा देखा पर्ने गरेको हुन्छ । यद्यपि अजामिलले भगवान्को नाम जानेर जपेको होइन, तर पनि उसले आफ्नो छोरोलाई पुकार्दा भगवन्नामको उच्चारण हुन गयो । जसरी होस् नाम त भगवान्कै थियो । त्यसैले यो भ्रम भए पनि संवादीभ्रम नै हो । जानेर वा नजानेर भगवान्को नाम लिँदा सम्पूर्ण पापहरू नष्ट हुन्छन् र उसको अन्तःकरण शुद्ध हुन्छ । चित्तशुद्धि भएपछि परमात्मतत्त्वसाक्षात्कार हुन कुनै कठिनाइ पर्दैन ।

**यथागदं वीर्यतममुपयुक्तं यदृच्छया ।**
**अजानतोऽप्यात्मगुणं कुर्यान्मन्त्रोऽप्युदाहृतः ।**

*(श्रीमद्भागवत, ६/२/१९) ।*

जसरी शक्तिशाली औषधीलाई नजानेर प्रयोग गरे पनि उसले आफ्नो काम गरिछाड्छ, यस्तै भगवान्‌को नाम नजानेर लिए पनि उसले आफ्नो काम गरिछाड्छ । विष्णुपुराणमा पनि भगवन्नामको महिमा यसरी बताइएको छ–

**हरिर्हरति पापानि दुष्टचित्तैरपि स्मृतः ।**
**अनिच्छयाऽसि संस्पृष्टो दहत्येव हि पावकः ॥**

*(विष्णुपुराण)*

भगवान्‌को नाममा पापदहन गर्ने यति प्रबल सामर्थ्य छ कि त्यति पाप जीवनभर प्रयास गरेर पनि कसैले गर्न सक्दैन ।

**नाम्नोऽस्ति यावती शक्तिः पापनिर्हरणे हरेः ।**
**तावत्कर्तुं न शक्नोति पातकं पातकी जनः ॥**

जानेर वा नजानेर छोए पनि आगोले पोल्छ नै, त्यस्तै भगवन्नामले चित्तशुद्धि र पापनाश गर्छ नै। यो कुरा अजामिलको प्रसङ्गपछि आएको यमराज र यमदूतको संवादबाट स्पष्ट हुन्छ। यहाँ केवल भगवन्नाम एकपटक लिँदैमा मोक्ष भइहाल्छ भन्दा **ऋते ज्ञानान्न मुक्तिः** भन्ने श्रुतिवाक्यसँग विरोध हुने आशङ्का उठ्न सक्छ। तर यसको समाधान के हो भने – भगवन्नामबाट चित्त शुद्ध भएपछि स्वतः ज्ञान हुन्छ । यसरी आत्मतत्त्वसाक्षात्कार भएपछि मोक्ष प्राप्त हुन्छ । यमदूतको आक्रमण र भगवान्‌का दूतहरूले यमबन्धन काटिसकेपछि अजामिलले पश्चात्तापपूर्वक आफूलाई अविद्याले गाँजेको, अब आगामी दिनमा यो बन्धनमा नफस्ने र शरीरादिमा अहङ्कार, ममकार आदि मिथ्याबुद्धि परित्याग गरी भगवत्कीर्तनद्वारा शुद्ध भएको अन्तःकरणलाई भगवान्‌मा समर्पण गर्ने निश्चय गरेको छ । यसरी भगवन्नामसङ्कीर्तनबाट चित्त शुद्ध भएर भगत्तत्त्वसाक्षात्कार भएपछि मोक्ष हुन्छ भन्ने कुरा यस प्रकरणबाट सिद्ध भएको देखिन्छ ।

CamScanner

यहाँ भगवान्को अनुग्रह प्राप्त गर्ने तीनवटा महत्त्वपूर्ण साधनहरूको चर्चा गरिएको छ। भगन्नामश्रवण, भगवन्नामकीर्तन र भगवन्नामको स्मरण । अजामिलले सर्वप्रथम भगवन्नाम उच्चारण गऱ्यो, यो नामकीर्तन भयो। नामबाट नामीको याद हुँदा नामस्मरण पनि भयो। यसपछि उसलाई जन्मान्तरमा आफूले गरेका सम्पूर्ण कल्मषहरूको सम्झना भयो र सँगै अभिमान पनि नष्ट भयो । यो भगवान्को अनुग्रह थियो । भगवान्को अनुग्रह र आफ्नो निष्ठा भएपछि भगवत्प्राप्ति हुन कुनै व्यवधान रहँदैन ।

अजामिलको प्रसङ्गपछि अनुग्रह कसरी हुन्छ भन्ने कुरा दक्षको प्रसङ्गबाट देखाइएको छ। त्यसपछि वृत्रासुरको प्रसङ्गबाट भगवान्को अनुग्रह देवता र दैत्यले अविशेषेण कसरी प्राप्त गर्दछन् भन्ने देखाइयो । वृत्रासुरले गरेको भगवान्को स्तुति-प्रसङ्गबाट उसको हृदयभित्र भगवान्प्रति निर्मल र पवित्र भावना छ भन्ने कुरा थाहा हुन्छ। इन्द्रको वज्रबाट उसको मृत्यु भए पनि ऊ भगवान्मा नै प्राप्त हुन्छ, किनभने ऊ पूर्वजन्मदेखि नै भगवान्को अनन्य भक्त थियो। कोही भगवान्को नजिक र टाढा हुँदैन । इन्द्रले देवताका राजा भएर पनि मदका कारण गुरु बृहस्पतिलाई अपमान गर्दा दु:ख पाए, तर दैत्य भए पनि वृत्रासुरले अहङ्कारको अवशेषलाई समाप्त गरेर भगवान्लाई प्राप्त गर्ने अवसर पायो। यस्तै दितिको भगवन्निष्ठाबाट वायुहरू पुत्रको रूपमा प्रकट भए र देवताको सम्मान पाए । यो भगवान्को अनुग्रहको परिणाम हो। यद्यपि भगवान् सर्वत्र व्यापक हुनुहुन्छ, सर्वत्र भगवत्ता अनुस्यूत छ । वेदान्तसिद्धान्तअनुसार ब्रह्मसत्तातिरिक्त सत्ता छैन। यति हुँदाहुँदै पनि भक्तिसिद्धान्तमा अनुग्रहको विशेष महत्त्व छ। भगवान्ले प्राणीहरूलाई अनुग्रहको

वृष्टि गरिरहनुभएको छ। आफ्नै व्यवहारले त्यो अनुग्रहवर्षाबाट लाभ लिनु जीवात्माको कर्तव्य हो।

## सप्तमस्कन्धतात्पर्य

सप्तमस्कन्धमा ऊति वा कर्मवासनाको निरूपण गरिएको छ। भगवान् सम भइकन देवताहरूको पक्ष लिएको र दानवहरूको विपक्षमा रहेको पनि देखिन्छ। सम भगवान्मा विषमता कसरी आयो ? भन्ने जिज्ञासाको समाधान गर्दै शुकदेवजी भन्नुहुन्छ– भगवान् स्वयं निर्गुण, अजन्मा र प्रकृतिदेखि पर भएर पनि मायाको गुणलाई स्वीकार गरेर व्यवहार गरेजस्तो गर्नुहुन्छ। सत्त्व, रज र तमोगुण आत्माका होइनन्, प्रकृतिका गुण हुन्। प्रकृतिकै गुणको तारतम्यका कारण देवत्व, दानवत्व बन्दछ र आफ्नै स्वभावअनुसार वासनाको विस्तार हुने गर्दछ। जसरी पानी एउटै भए पनि सुन्तला, कागती, आँप आदि विभिन्न वृक्षहरूमा प्रवेश गरेपछि तदनुसार अमिलो, गुलियो आदि विभिन्न स्वादको बन्दछ। जसरी बिजुलीको शक्ति एउटै भए पनि प्रकट हुने पात्रका भेदले चिसो पार्ने, तातो बनाउने, घुमाउने, बन्द गर्ने, उज्यालो दिने, नदिने विभिन्न काम हुन्छन्, त्यसैगरी वासनाका भेदहरू पनि आफ्नो तत्तत् गुणानुकूल अन्तःकरणरूप यन्त्रमा प्रविष्ट भएर विभिन्न वासनाहरूको विलास खडा हुन्छ। अतः भगवान्मा विषमता होइन, आफ्नो वासनाको विषमताले फलभेद भएको हुन्छ।

निरन्तर वैकुण्ठमा रहने जय-विजयको गुप्तवासना नै सनकादिको सामुन्ने क्रोधको रूपमा प्रकट भयो। यद्यपि यो वासना आसुरजन्मको कारण भयो, तर पनि सन्तहरूको समागम निष्फल नहुने भएकोले सनकादिको त्यो शापप्रसङ्ग

जय-विजयको लागि अनुग्रह नै थियो । त्यसैले उनको हृदयमा रहको सुषुप्त वासना प्रकट भयो र भगवत्कृपा प्राप्त हुने अवसर मिल्यो । प्रह्लादको चाहिँ गर्भावस्थामा नै नारदमुनिको सदुपदेशका कारण असद्वासना समाप्त भएर सद्वासनाको अभिवृद्धि भयो । परिणाममा प्रह्लाद त मुक्त भए नै साथमा अरू दानव बालकहरूलाई पनि मुक्त बनाइछोडे । प्रह्लाद भन्छन्– म एक्लै मुक्त भएर के गर्ने ? अरू सबै पनि मुक्त हुनुपर्दछ र मेरो पिता पनि पवित्र हुनुपर्दछ । यो उदारता प्रह्लादको सद्वासनाको प्राकट्य हो । वासनानिवृत्तिपछि भने जन्ममृत्युरूप संसार स्वतः निवृत्त हुने भएकाले भगवान्लाई गाली दिने शिशुपालको पनि भगवत्सायुज्यप्राप्ति भयो । यसको अभिप्राय सद्वासनाद्वारा असद्वासनाको निवृत्ति गर्नुपर्दछ । भगवद्वासनाद्वारा अन्य सबै वासनाको निवृत्ति गराउनुपर्छ ।

भगवद्वासना सुस्थिर गर्ने धेरै उपाय छन् । कामादि दुर्गुण पनि भगवदभिमुख भए भने भगवद्वासना सुस्थिर गर्न र इतर वासनानिवृत्त गर्न सहायक नै हुन्छन् भने प्रह्लादको जस्तो अनन्य भक्तिद्वारा भगवान्मा चित्त सुस्थिर भयो भने त झन् के भन्नु ।

त्यसपछि आउने त्रिपुरासुरको प्रसङ्गमा पनि दुर्वासनाको मूल त्रिपुरासुर र सद्वासनाको मूल भगवान् भएको देखाइएको छ। त्रिगुणातीत परमात्माले नै कृपा गरेर त्रिगुणमय देहाभिमानरूप पुरीलाई नष्ट गरिदिनुहुन्छ र त्यसपछि मात्रै जीवात्माको मुक्ति हुन्छ भन्ने त्रिपुरासुरवधप्रसङ्गको तात्पर्य हो । सप्तमस्कन्धमा आएको वर्णधर्म र आश्रमधर्मको निरूपण पनि अति महत्त्वपूर्ण छ । जसमा भनिएको छ कि– आफ्नो जीवननिर्वाहका लागि आवश्यक पर्ने वस्तु नै आफ्नो हो । बाँकी वस्तुमा आसक्ति

गर्नु नै कष्टलाई निम्त्याउनु हो । जब आत्मालाई परमतत्त्वको रूपमा बुझ्न सकिन्छ, त्यसपछि तुच्छ वासनाका पछि लागेर शरीरपोषणको वाहनामा संसारमा किन भौतारिरहनुपर्छ र ?

**आत्मानं चेद्विजानीयात् परं ज्ञानधूताशयः ।**
**किमिच्छन् कस्य वा हेतोर्देहं पुष्णाति लम्पटः ॥**

यसप्रकार यस स्कन्धमा भगवान्को सर्वत्र अनुग्रह हुने र आ-आफ्ना गुणगत वैषम्यका कारण तत्तत् फलभोग गर्नुपर्ने चर्चा गर्दै घटपदादि आकृतिमा सद्वस्तुको जसरी अन्वय छ, त्यसैगरी सर्वत्र भगवत्ताको अनुग्रह पनि छ भन्ने देखाइएको छ ।

## अष्टमस्कन्धतात्पर्य

अष्टमस्कन्धमा सद्धर्मको निरूपण गरिएको छ । सद्धर्म कारणरूप प्रकृति र प्रकृतिका चौबिस अवयवमा रहने भएकोले चौबिस अध्यायमा नै वर्णन गरिएको हो । विपत्ति परेको बेला भगवान्को सम्झना गर्नु, सुख परेको बेला सम्पत्तिमा नमात्तिनु र आफूसँग भएको वस्तु यत्किञ्चित् पनि लोभ नगरिकन दान गर्न सक्नु अनि आफ्नो वचनको पालनामा दृढनिष्ठा राख्नु यो नै सद्धर्म हो । गजेन्द्रमोक्षको प्रसङ्गमा हात्तीले पहिलो जन्ममा इन्द्रद्युम्न राजा हुँदा अगस्त्य मुनिको अपमान गर्‍यो । फलस्वरूप मुनिको शापबाट ऊ हात्ती हुन पुग्यो । तर पनि उसमा जन्मान्तरीय संस्कारवशात् कष्ट परेको बेला भगवान्को याद आयो र उसले गोहीको आक्रमणबाट छुट्न भगवान्को स्तुति गर्‍यो । यस प्रसङ्गबाट के कुरा सिद्ध हुन्छ भने भगवान्को भक्तिमा लागेको व्यक्तिको कहिलेकहीं कर्ममा विचलन भए पनि पतन हुँदैन । अतः विपत्ति परेको बेला मात्र होइन सर्वदा भगवान्को स्मरण गर्नुपर्दछ भन्ने सद्धर्मस्कन्धको मर्म हो ।

दुर्वासाको शापबाट ऐश्वर्यरहित बनेका देवताहरू

ब्रह्माजीको शरणमा जान्छन् र ब्रह्माजीसमेत भगवान् विष्णुको शरणमा जान्छन् र त्यसपछि उनीहरू भगवत्कृपाका पात्र हुन्छन्। भगवत्कृपा प्राप्त गर्ने क्रममा आउने बाधा-व्यवधानलाई भगवान्ले नै हटाइदिनुहुन्छ भन्ने कुरा समुद्रमन्थनको क्रममा निस्केको विषलाई शिवजीले पिइदिनुभएको प्रसङ्गबाट सिद्ध हुन्छ। समुद्रमन्थनकै क्रममा प्रकट भएकी लक्ष्मीले केवल भगवान् नारायणको गलामा वरमाला लगाइदिनुले लक्ष्मीप्राप्तिका लागि पनि केवल लक्ष्मी वा द्रव्यको पछि लाग्नुहुँदैन। लक्ष्मीनारायणकै शरणमा जानुपर्दछ भन्ने निष्कर्ष प्राप्त हुन्छ। देवता र दानव दुवैले मिलेर अमृतमन्थन गरे। धन्वन्तरिको रूपमा भगवान्ले अमृतकलश उपलब्ध गराइदिँदा पनि आ-आफ्नो स्वभावअनुसार दैत्यहरूमा राग-द्वेष भई नै रह्यो। देवताहरूले चाहिँ भगवान्को शरणमा गएकाले अमृतरूप फलको उपभोग गर्न पाए। यस प्रसङ्गबाट सत्यनिष्ठामा लाग्ने व्यक्तिलाई मात्रै अमृतत्व प्राप्त हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

यसपछि देवासुरसङ्ग्राममा दानवहरूले हारे पनि बलि दानवकुलमा एक आदर्श दानवीर व्यक्तिका रूपमा प्रकट भए। उनले भगवान्लाई सर्वस्वदान मात्र गरेनन्, दिन्छु भन्ने अभिमान बोक्ने आफ्नो अहंतालाई समेत समर्पण गरिदिए। भगवान् उनको सामु याचना गर्न आउने वामन नै हुनुहुन्थ्यो। यस प्रसङ्गबाट माग्नेवाला छोटै हुन्छ भन्ने र दानी व्यक्तिको उचाइ सर्वोत्कृष्ट हुन्छ भन्ने सिद्ध भएको छ। बलिमा दान गर्नैपर्दछ र आफ्नो वचन पूरा गर्नुपर्दछ भन्ने धर्मनिष्ठा थियो। यसै निष्ठाको परिणाममा भगवत्कृपा प्राप्त भयो। यस्तै सत्यव्रतमा शरणागतको रक्षा गर्नुपर्दछ भन्ने निष्ठा थियो। यसको परिणाममा उनले भगवत्कृपा प्राप्त गरे र जन्मान्तरमा मन्वन्तराधिपति बने। आरम्भमा माछोको रक्षा गर्ने क्रममा आफू उसको रक्षक

भन्ने ठानेका सत्यव्रतलाई भगवान्ले क्रमश: माछोको आकृति ठूलो हुँदै गएको देखाएर भगवत्तत्त्व व्यापक र असीमित हुन्छ भन्ने देखाइदिनु भयो। यस प्रसङ्गबाट एउटा सानो मूर्ति आदिमा भगवद्दर्शन गर्नु आरम्भिक प्रक्रिया हो, वस्तुत: भगवत्ता सर्वत्र व्यापक छ, कुनै प्राणीको रक्षा गर्ने हामी को हुन सक्छौँ र ?, हामी सबैलाई रक्षा गर्ने त भगवान् मात्र हुनुहुन्छ भन्ने भाव प्रकट भएको छ । यसप्रकार सद्धर्मस्कन्धमा स्वायम्भुव मनुको मोक्ष, गजेन्द्रको उद्धार, समुद्रमन्थन, अमृत वितरण, दैत्यको पराजय, बलिको आत्मसमर्पण र सत्यव्रतको दृढनिष्ठासमेतद्वारा भगवत्तत्त्वसाक्षात्कारका लागि आफूमा कर्तृत्वभाव नराखी आरम्भमा निष्कामभावले भगवत्परिचर्यात्मक कर्म गर्नुपर्ने रहस्य बताइएको छ ।

## नवमस्कन्धतात्पर्य

श्रीमद्भागवतको सप्तमस्कन्धमा कर्तृत्वभावपूर्वक गरिने सामान्यधर्म र अष्टमस्कन्धमा भगवत्कृपापूर्वक सम्पन्न हुने सद्धर्मको वर्णन गरियो। सद्धर्मप्राप्तिपछि नवमस्कन्धमा विभिन्न राजर्षिहरूको चरित्र वर्णन गरिएको छ । यहाँ सूर्यवंश र चन्द्रवंशको परम्परामा राजर्षिहरूको चरित्र वर्णन गर्नुले मानव समाजलाई आफ्नो आदर्श व्यक्तिको रूपमा चन्द्र-सूर्यको निरन्तर क्रियाशीलतालाई आदर्श मान्नुपर्ने देखिन्छ । भगवान् सूर्य द्वादशात्मा हुनुहुन्छ। पुराणपुरुष हुनुहुन्छ र नारायणको रूपमा पनि रहनुभएको छ । सम्पूर्ण प्राणीहरूको आत्माको रूपमा सम्पूर्ण क्रिया र कर्मको मूल द्वादशात्मा भगवान् सूर्य नै हुनुहुन्छ। जस्तै–

**एक एव हि लोकानां सूर्य आत्मादिकृद्धरिः ।**
**सर्ववेदक्रियामूलमृषिभिर्बहुधोदितः ॥**

**कालो देशः क्रिया कर्ता करणं कार्यमागमः ।**
**द्रव्यं फलमिति ब्रह्मन् नवधोक्तोऽजया हरिः ॥**

*(श्रीमद्भागवत, १२/११/३०-३१)*

भगवान् सूर्यले १२ महिनामा अलग-अलग स्वरूप धारण गरेर अलग-अलग ऋषिहरूको आश्रयमा बालखिल्य ऋषिहरूद्वारा स्तुति गरिँदै नभोमण्डलमा यात्रा गर्ने कुरा द्वादशस्कन्धको आदित्यव्यूहविवरणको क्रममा उल्लेख गरिएको छ । यिनै द्वादशात्मा सूर्यको वंशवर्णन १२ अध्यायमा गरिएको छ। त्यस्तै चन्द्रवंशको पनि वर्णन १२ अध्यायमा नै गरियो। सूर्य तेजका अधिष्ठाता देवता हुनुहुन्छ। जोश-जाँगर, तर्क-वितर्क र उत्साह सूर्यसँग सम्बन्ध राख्ने गुणहरू हुन् । चन्द्रमा मनको देवता हुनुहुन्छ। भगवान्को मानसतत्त्व नै चन्द्रको रूपमा प्रकट भएको कुरा वेदमा उल्लिखित छ– **चन्द्रमा मनसो जातः**। चन्द्र र सूर्य जीवात्माका दक्षिणायन र उत्तरायण गतिका अधिष्ठाता देवता पनि हुन्। यी भगवान्का दुई नेत्र पनि मानिन्छन्। साक्षात् भगवान् नारायणको इच्छाले सृष्टि हुन थालेपछि उहाँको नाभिकमलबाट प्रकट भएका ब्रह्माजीले मरीचि आदि दश मानसपुत्रहरू जन्माउनुभयो। मरीचिका पुत्र कश्यप थिए। कश्यपकी अदिति पत्नीबाट भगवान् सूर्य जन्मिनुभयो । सूर्यका पुत्र श्राद्धदेव हुन्। उनले श्रद्धा पत्नीबाट इक्ष्वाकु आदि पुत्रहरू जन्माए। यस प्रसङ्गले सूर्यवंशी सबै राजर्षिहरूमा पाइने श्रद्धाको विशिष्ठ भावलाई सङ्केत गर्दछ। इक्ष्वाकुका वंशमा शर्याति राजा भए, जसकी छोरी सुकन्याले च्यवनसँग विवाह गरिन् र आदर्श नारीधर्मको अनुपम नमुना देखाइन्। वृद्ध र जराजीर्ण कलेवर भएका आफ्ना पति च्यवनको निष्कपट भावले सेवा गरेर देवतालाई पनि प्रसन्न पारिन्। आफ्नो तपोबलले स्वर्वैद्यहरूलाई समेत प्रभावित र श्रद्धावनत बनाउँदै आफ्ना पतिलाई समेत

CamScanner

यौवनावस्थामा पुऱ्याइन् । यिनैको वंशमा आएका नभगका छोरा नाभागले आफ्नो पिताको सेवा नै सम्पत्ति ठाने । अरू दाजुभाइसँग अंश माग्न झगडा गरेनन्। नाभागका छोरा अम्बरीष भगवान्का ठूला भक्त थिए, जसले आफ्नो जीवन भगवत्सेवामा समर्पित गर्दै सांसारिक वैभवलाई लोष्ठवत् सम्झिने गर्दथे। उनको दृष्टिमा सांसारिक वैभव स्वप्नतुल्य थियो । एकदिन यिनीसँग निहुँ खोजेर रिसाएका दुर्वासाले क्रोधजन्या कृत्या प्रकट गरी दुःख दिन खोजे पनि यिनलाई भगवत्प्रदत्त सुदर्शनचक्रले सुरक्षित गऱ्यो । उल्टै सुदर्शनचक्रको आक्रमणबाट दुर्वासा भाग्न बाध्य भए। ब्रह्मा, शिव र साक्षात् भगवान् नारायणबाट पनि सुरक्षित हुन नसकेका दुर्वासा अन्त्यमा उनै अम्बरीष भएको ठाउँमा आए र उनले भगवान्को सुदर्शनचक्रलाई स्तुति गरेपछि मात्रै शान्ति प्राप्त भयो । यस प्रसङ्गबाट भगवत्समर्पणभाव र सर्वत्र भगवद्दर्शनरूप सुदर्शनको आश्रयमा रहने भक्तलाई कतैबाट भय नहुने कुरा सिद्ध हुन्छ। यिनकै वंशमा आएका शशाद, सौभरि, मान्धाता, त्रिशङ्कु, हरिश्चन्द्र, सगर, भगीरथ आदि राजर्षिहरूमा कर्तव्यनिष्ठा, भगवत्परायणता, सेवाभाव, दृढवैराग्य आदि सद्‌गुणहरू देखिन्छन् । यिनीहरूमध्ये कतिपयमा भक्तिको, कतिपयमा कर्मको र केहीमा ज्ञानको विशेषता देखिन्छ । यी सबै भक्ति, कर्म, ज्ञानधाराबाट भगवत्साक्षात्कार हुने भएकोले सूर्यवंशमा साक्षात् भगवान् श्रीरामको जन्म भएको हो। भगवान् श्रीरामले आदर्श चरित्र स्थापित गर्दै समाजमा मर्यादा कायम गर्नुभयो र आफूले संसारका सुख-दुःखको अनुभव गरेझैं गर्दै समाजलाई चरित्रशिक्षा दिनुभयो । पितृभक्ति, भ्रातृप्रेम, कर्तव्यनिष्ठा, प्रतिज्ञाको पालन, स्वदेशप्रेम, एकपत्नीव्रतको पालनजस्ता अपरिगणित गुणगणले भगवान् श्रीरामलाई आदर्शपुरुषको रूपमा स्थापित गरिदिएको छ । अरूलाई अर्ती दिएर होइन, आफूले आचरणमा उतारेर

अरूलाई राम्रो बाटोमा ल्याउनुपर्छ भन्ने सबैभन्दा ठूलो आदर्श भगवान् श्रीरामको चरित्रबाट प्राप्त हुन्छ ।

**एकपत्नीव्रतधरो राजर्षिचरितः शुचिः ।**
**स्वधर्मं गृहमेधीयं शिक्षयन्स्वयमाचरत् ॥**

*(श्रीमद्भागवत, ९/१०/५५)*

यस्तै इक्ष्वाकुवंशका अर्का राजा निमि र निमिको वंशमा हुने विदेहराज जनकहरूको जीवन झन् दृढ ज्ञाननिष्ठाको प्रकाशक देखिन्छ ।

भगवान्कै नाभिकमलबाट जन्मिएका ब्रह्माजीका अर्का मानसपुत्र अत्रिका छोरा चन्द्रमा चन्द्रवंशका प्रवर्तक मानिन्छन् । चन्द्र, बृहस्पति र ताराको प्रसङ्ग सुन्दा अनौठो लाग्ने कथा भए पनि यो प्रसङ्ग गम्भीर आध्यात्मिक भाव प्रकट गर्ने, वेदमा समेत सङ्केत गरिएको प्रसङ्गको उपबृंहण वा विस्तार हो । चन्द्रमा मनका देवता हुन् भने बृहस्पति ज्ञानका अधिष्ठाता । बृहस्पतिकी पत्नी ताराबाट जन्मिएका बुध बुद्धिसँग सम्बन्ध राख्छन् । बुधकै पत्नी इलारूप बुद्धिवृत्तिबाट पुरुरवा अर्थात् धेरै किसिमको आवाज गर्ने वा विभिन्न चिन्तन गर्ने चञ्चल चित्तको उदय हुन्छ, जसले उर्वशीका पछि लागेर विचित्र व्यवहार गरेको देखिन्छ ।

यसै वंशमा जन्मिएका गाधिपुत्र जमदग्निले साक्षात् भगवान्को अवतारको रूपमा परशुरामलाई पुत्रको रूपमा प्राप्त गरे । **जमत् अग्निः** अर्थात् बल्दो ज्ञानरूप अग्निले आफ्नै आमा रेणुका अर्थात् रजोगुणको समाप्ति गर्न समेत नहिच्किचाएको र अपरोक्ष आत्मतत्त्वको साक्षात्कार भएपछि रजोगुणजन्य दोषको प्रभाव नहुने कुरा परशुरामले आमालाई फेरि बचाएको प्रसङ्गबाट देखिन्छ ।

गर्भभित्र छँदा रक्षा गरेको स्मृति पनि ताजै छ। उहिले एकक्षणको भोक-प्यास नखप्ने राजा परीक्षित् भगवत्कथारूप अमृत पान गर्न पाउँदा त्यसै तृप्त भएका छन् र भगवत्कथा सुन्ने दृढ अभिलाषा राख्दछन्। उनी भन्दछन्–

**नैषातिदुस्सहा क्षुन्मां त्यक्तोदमपि बाधते।**
**पिबन्तं त्वन्मुखाम्भोजच्युतं हरिकथामृतम् ॥**

*(श्रीमद्भागवत, १०/१/१३)*

भगवत्कथाश्रवणका लागि अत्यन्त उत्सुक र अभिमुख भएका राजा परीक्षित्लाई शुकदेवजी भगवान् श्रीकृष्णका पवित्र लीलाचरित्रहरू सुनाउनुहुन्छ। पृथिवीका राजाहरू जब अभिमानी बन्दछन्, पृथिवीलाई अंश लगाउन थाल्दछन् र तेरो र मेरो भनेर झगडा गर्दछन्, तब पृथिवीलाई भारको अनुभव हुन्छ। हाम्रो नजरमा पृथिवी जड देखिए पनि हरेक जडभित्र रहने चैतन्यांशलाई विचार गरेर हेर्ने हो भने हाम्रो शरीरमा झैं पृथिवीमा पनि जड र चेतनको सम्मिश्रण भएको पाइन्छ। चेतनाधिष्ठिता भाराक्रान्ता पृथिवी ब्रह्माको शरणमा जानु, ब्रह्मादि देवताहरूले क्षीरसागरमा भगवान्को स्तुति गर्नु र भगवान्ले पृथिवीको भार हरण गर्न पृथिवीमा अवतार लिने आश्वासन दिनु श्रीकृष्णावतारका पृष्ठभूमिहरू हुन्। वसुदेव-देवकीको विवाहको अवसरमा उग्रसेनको पुत्र दुष्ट कंसद्वारा आकाशवाणी सुनेर देवकीको वध गर्ने प्रयत्न गर्नु, वसुदेवले सान्त्वना दिँदै कंसलाई उक्त पापकर्मबाट निवृत्त गराउनु, कंसले आफ्ना पिता उग्रसेनलाई स्वयम् अपदस्थ गरी राज्यसिंहासनमा रहनु, देवकीको गर्भबाट उत्पन्न छ बालकलाई कंसले मार्नु, भगवान् श्रीकृष्णको जन्मभन्दा पहिलेका पूर्वप्रसङ्ग हुन्। यहाँ वसुदेव विशुद्ध सत्त्वगुणात्मक हुनुहुन्छ–**विशुद्धसत्त्वं वसुदेवसंज्ञितम्**। देवकीचाहिँ सम्पूर्ण सात्त्विक गुणहरूको

आश्रय अथवा शुद्ध बुद्धिवृत्तिरूप हुनुहुन्छ । त्यसैले भनिन्छ– **देवकी सर्वदेवता ।** कृष्णोपनिषद्मा चाहिँ भगवान् श्रीकृष्णलाई जन्म दिने वसुदेव वेदरूप अनि देवकीलाई ब्रह्मपुत्रा भनिएको छ। कामक्रोधादि दुर्गुणको पुञ्ज कलि नै कंसको रूपमा उपस्थित छ । भगवत्तत्त्वको साक्षात्कारभन्दा पहिले षड्भावविकारहरूको निवृत्ति हुनुपर्ने सन्देश कृष्णजन्मभन्दा पहिलेका छ बालकहरूको अवसानसम्बन्धी प्रसङ्गबाट प्राप्त हुन्छ । सांसारिक पिँजराभित्र रहेर पनि भगवान्लाई प्राप्त गर्न सकिने कुरा कंसको जेलमा भगवान् प्रकट हुनुले सङ्केत गर्दछ । परम आनन्द प्रकट गर्ने नन्दबाबा र दयामयी यशोदा माताले भगवान् श्रीकृष्णलाई पुत्रभावमा सेवा गर्नुहुन्छ । भगवान्को यो वात्सल्यप्रधान लीला अनुपम छ ।

श्रीकृष्णावतारसँगै पूतना, शकटासुर, तृणावर्त आदिको वधसम्बन्धी प्रसङ्गले भगवत्तत्त्वसाक्षात्कार हुँदा अविद्या, देहाभिमान र कामनाको निवृत्ति हुनुसँग सम्बन्ध राख्छ। भगवान्लाई दूध पियाउने क्रममा आमाले विश्वरूपको दर्शन पाउनुको तात्पर्य उपनिषद्मा प्रतिपादित एकविज्ञानद्वारा सर्वविज्ञानको सिद्धान्त हो। भगवान् नामरूपातीत भइकन पनि यहाँ नाम र रूपलाई स्वीकार गर्नुभएको छ । अभोक्ता भइकन पनि मृद्भक्षणादि लीला गर्नुभएको छ । इन्द्रियहरूद्वारा असकृत् भगवद्रसपान गर्न लोलुप भएका गोपीहरूको घर-घरमा गएर नवनीतरूप सुकोमल उनीहरूको भावलाई ग्रहण गर्नुभएको छ । गोपीहरू विभिन्न बहाना बनाउँदै यशोदाका सामुन्ने गएर कृष्णले नौनी चोरेको, आफ्नो घरमा गएर चकचक गरेको, आफूलाई हैरान पारेको, असमयमा बाच्छाहरू खोलिदिएको आदि विभिन्न किसिमका सिकायत गर्दछन् । तर यशोदा त यश दिने

यस्तै नहुष र ययातिको चरित्रबाट विषयभोगको दुष्परिणाम देखाइएको छ। ययातिपुत्र यदुका वंशमा साक्षात् भगवान् श्रीकृष्ण अवतरित हुनुभएको छ भने अर्का छोरा पुरुको परम्परामा पाण्डवहरूको जन्म भएको छ । जब-जब पृथिवीमा अधर्मको वृद्धि हुन्छ र धर्मको ह्रास हुन्छ, तब-तब साक्षात् भगवान् अवतरित हुनुहुन्छ । वास्तवमा भगवान्को अवतारको प्रयोजन भनेको आफ्ना भक्तहरूमाथि कृपा र सर्वसाधारण संसारका मानिसहरूका लागि आफ्नो पवित्र चरित्रको श्रवण र स्मरण गरी भगवासगरबाट पार तर्ने अवसर दिनु हो ।

## दशमस्कन्धतात्पर्य

श्रीमद्भागवतको द्वितीयस्कन्धमा साधनाको चर्चा गर्दै श्रवणलाई मुख्य साधना मानिएको छ भने सँगसँगै हृत्प्रसाद र मननको पनि उत्तिकै महत्त्व बताइएको छ। दशमस्कन्धको आरम्भमा परीक्षित् राजाको भगवत्कथा श्रवण गर्ने उत्सुकता र आग्रहले परीक्षित्को मनमा भगवदभिमुख हृत्प्रसादरूप साधन दृढ भएको देखिन्छ। उनी भगवत्कथालाई सबै तहका मानिसहरूको निमित्त उपयोगी ठान्दछन् । भगवत्कथा मुक्तात्मा ज्ञानीहरूका लागि नित्य गान गरिने विषय हो भने संसारलाई अलि नरुचाउने अर्थात् संसारलाई रोग ठान्ने साधकहरूका निमित्त यो अति कामलाग्दो औषधी हो । यो औषधि शुकदेवजस्ता तृष्णारहित, आसक्तिरहित वैद्यले दिएको हुनाले रोगनिवृत्त गर्न अचुक साधन ठहरिएको छ। कतिपय औषधिहरू खाँदा तीतो लाग्ने हुन्छन् तर भगवत्कथा त्यस्तो छैन। सुन्दा कानलाई र सम्झिँदा मनलाई अति आनन्द दिन्छ। भगवत्कथामा सांसारिक मानिसहरूको पनि मन रमाउने गर्दछ। त्यतिमात्र नभएर आफ्नो त भगवान्सँग पुर्ख्यौली सम्बन्ध छ। त्यहाँभन्दा पनि बढी आफूलाई

यशोदा नै हुनुहुन्छ, उहाँ मुस्कुराएर यो उच्च प्रेमभावलाई आफ्नो हृदयमा समेट्नुहुन्छ । कहिलेकहीं भगवान्ले आफ्नै घरमा दधिपात्र फुटाउनुहुन्छ । यशोदाले प्रेमवश भगवान्लाई बाँधिदिनुहुन्छ। संसारका बद्ध जीवात्माहरूलाई मुक्त गर्न भगवान् स्वयम् आफैं आमाको बन्धनमा बाँधिनुहुन्छ । नन्दबाबाले फुकाइदिनुहुन्छ । न त भगवान्मा बन्धन, न त मोक्ष, तर यहाँ यस्तै हुन्छ । यो भगवान्को अनौठो लीला देख्दा साँच्चै आश्चर्य लाग्छ । त्यसैले त भावुक भक्तहरू भन्ने गर्दछन् – हे साधकहरू हो ! तिमीहरू उपनिषद्को जंगलमा ब्रह्मलाई खोज्दाखोज्दै अलमल्लिएका छौ भने हामीले भनेको मान । यहाँ आऊ । गोपीहरूको गोठ-आँगनमा खोज । यहाँ त उपनिषद्को रहस्यपूर्ण ब्रह्म परमात्मा गोपीहरूद्वारा ओखलमा बाँधिएको छ ।

**परमिममुपदेशमाद्रियध्वं निगमवनेषु नितान्तखेदखिन्नाः ।**
**विचिनुत भवनेषु वल्लभीनामुपनिषदर्थमुलूखले निबद्धम् ॥**

एउटी गोपीले अर्की सखीलाई बोलाउँदै भन्छिन्– ए सखी ! आज मैले अनौठो कुरा देखें । नन्दबाबाको घरमा त धुलोले धुस्रिएको वेदान्तसिद्धान्त पो नाचिरहेको छ ।

**शृणु सखि कौतुकमेकं नन्दनिकेतनाङ्गणे मया दृष्टम् ।**
**धूलीधूसरिताङ्गो नृत्यति वेदान्तसिद्धान्तः ॥**

वृन्दावनमा रमाउने भगवान् श्रीकृष्णले ममताको प्रतिमूर्ति वत्सासुर, दम्भको प्रतिमूर्ति बकासुर र भोगविना नष्ट नहुने पापको प्रतिमूर्ति अघासुरलाई वध गर्नुहुन्छ । इन्द्रियवृत्तिरूप गाईको हरण गर्न चाहने चतुर्मुखी ब्रह्माको गर्वलाई नष्ट गर्दै संसारको अभिन्ननिमित्तोपादान कारण एकमात्र म हुँ भन्ने देखाएर आफैं गाई-बाच्छा बनिदिनुहुन्छ । देहाध्यासरूप धेनुकासुरको वध अनि भोगासक्तिरूप भोगी कालीयको दमनपछि

भगवान्ले कार्यलाई कारणमा लीन गरेझैं **मुखादग्निरजायत** भन्ने श्रुतिअनुसार अग्निलाई आफ्नै मुखमा स्वीकार गर्नुहुन्छ। बलहीन व्यक्तिले परमात्मालाई प्राप्त गर्न सक्दैन । वलरामले प्रलम्बासुरलाई वध गर्नुहुन्छ । त्यसपछि दावाग्निद्वारा दग्ध वनमा वर्षा, शरद् ऋतुको परिवर्तनपछि विशुद्ध वृन्दावनजस्तो साधकको हृदयमा भगवान्ले रासक्रीडाद्वारा रसविस्तार गर्नुहुन्छ।

भगवान् वस्तुतः रसमय हुनुहुन्छ। उपनिषद्मा बताइएको छ–

**रसो वै सः। रसं ह्येवायं लब्ध्वाऽनन्दी भवति।**

परमानन्दरूप परमात्मालाई प्राप्त नगरेसम्म जीवात्मालाई आनन्द मिल्दैन। गोपीहरू भगवान्लाई प्राप्त गर्ने यस्तै जीवहरू हुन् । कृष्णोपनिषद्मा गोपीहरूलाई वेदका मन्त्रहरू भनिएको छ । अर्को प्रसङ्गमा भगवान्को रामावतारको क्रममा भगवान् रामलाई अतिसुन्दर स्वरूपमा देखेर मोहित भएका वनवासी तपस्वी मुनिहरू भगवान्को निर्देशानुसार यस जन्ममा गोपी वनेका हुन्। वास्तवमा गोपीहरू आनन्दचिन्मयरसानुभूतिस्वरूपा छन् । उनीहरू सामान्य स्त्री होइनन् । सम्पूर्ण पुरुषार्थलाई परित्याग गरेर भगवान्मा समर्पित भएका छन्। त्यसैले भगवान् कृष्णको वंशीनादवाट मुग्ध भई आफुछेउ आएका गोपीहरूलाई श्रीकृष्णले तिमीहरू घरै जाऊ भन्दा उनीहरू भन्दछन्–

**मैवं विभोर्हति भवान् गदितुं नृसंशम्**
**सन्त्यज्य सर्वविषयाँस्तव पादमूलम्।**
**भक्ता भजस्व दुरवग्रह मा त्यजास्मान्**
**देवो यथादिपुरुषो भजते मुमुक्षून्॥**

*(श्रीमद्भागवत १०/२९/३१)*

CamScanner

उनीहरू भगवान्को भगवत्तालाई बुझेर भगवान्मा पूर्णतः समर्पित भएका छन्। उनीहरू भन्दछन्– हे भगवन्! हामी सबै विषयलाई परित्याग गरेर हजुरका शरणमा आएका छौँ। अरू शास्त्रको उपदेश, लौकिक मर्यादा र धर्माचरण हजुरको प्राप्तिका निमित्त गरिन्छन्। जब हजुरलाई नै हामीले प्राप्त गर्‍यौँ भने अब ती साधनहरूको हामीलाई के आवश्यकता ? भगवत्प्राप्ति हुन लागेपछि अन्य कृत्यहरू सबै छुटिसकेका छन्। गोपीगीतको प्रसङ्गमा उनीहरू भन्दछन् – हजुर केवल नन्दपुत्र हुनुहुन्न। हजुर त साक्षात् ब्रह्माजीको प्रार्थनानुसार भूभार हरण गर्न जन्म लिनुहुने पूर्ण ब्रह्म परमात्मा हुनुहुन्छ। त्यसैले हामी हजुरलाई प्राप्त गर्न उत्सुक भएका हौँ–

**न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक्।**
**विखनसार्थितो विश्वगुप्तये सख उदेयिवान् सात्वतां कुले ॥**

*(श्रीमद्भागवत, १०/३१/४)*

यसप्रकार गोपीहरू भगवान्मा समर्पित छन् तर पनि भक्त र भगवान्मा कत्ति पनि दूरी रहनु हुँदैन, भक्त र भगवान्को बीचमा आवरण बाँकी हुनुहुँदैन भन्ने देखाउन भगवान् श्रीकृष्णले गोपीहरूको वस्त्रापहरणलीला गर्नुभएको छ। यो आवरणभङ्गको रहस्य हो। यसपछि गोपीहरू पूर्णतया भगवान्मा समर्पित भएका छन्। गोपीहरू शरीरद्वारा कहीँ बसे पनि भगवान् श्रीकृष्णको वंशीनाद सुनेपछि उनीहरूको मन भगवान्मा समर्पित हुन्छ र एकआपसमा भगवान्को सुन्दर स्वरूपको यसरी वर्णन गर्दछन् -

**बर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारम्,**
**बिभ्रद्वासः कनककपिशं वैजयन्तीं च मालाम्।**

**रन्ध्रान् वेणोरधरसुधया पूरयन्गोपवृन्दै–**
**वृन्दारण्यं स्वपदरमणं प्राविशत् गीतकीर्तिः ॥**

*(श्रीमद्भागवत, १०/२१/५)*

CamScanner

अर्थात् हे गोपी हो! हेर न हेर, यो श्यामसुन्दरको मुकुटमा कति सुन्दर मयूरको पङ्ख सुशोभित छ। यहाँ बर्हापीड भन्दा बर्ह शब्दको विशिष्ट अर्थ छ– **बर्हति, बृहति इति बर्हः।** जुन धातुबाट ब्रह्म बन्दछ, त्यही वा त्यस्तै धातुबाट बर्ह बन्दछ। यो बर्हापीड ब्रह्ममुकुट नै हो। एकपटक श्यामसुन्दर भगवान्ले गोवर्द्धन पर्वतको समीपमा त्रिभङ्गललित सुन्दरस्वरूपमा खडा भएर वंशी बजाउन थाल्नुभएछ। त्यतिखेरै भगवान्को कालो-कालो स्वरूपलाई देखेर बादल ठानी राधारानीको नजिकमा रहने मयूर उड्दै आइपुगेछ र भगवान् श्रीकृष्णको वंशीको तालसँगै नाच्न थालेछ। नाच्दा-नाच्दा उसले श्रीकृष्णलाई वृषभानुनन्दिनी राधारानी भएको ठाउँमा पुऱ्याएछ। तबसम्म भगवान्को वंशीनाद पनि रोकिएको थिएन र मयूरको नृत्य पनि रोकिएको थिएन। जब भगवान्को नजर अकस्मात् राधारानीको नजरमा भेट हुनपुग्यो तब भगवान् स्वयं भावविभोर हुनुभयो। स्थावरजंगम सब निश्चेष्ट भए। श्रीकृष्णले वंशीमा प्राण भर्न बिर्सिनुभयो। सँगै मयूरको नृत्य पनि बन्द भयो। त्यतिखेर अकस्मात मयूरको एउटा पङ्ख भुँइमा खसेको रहेछ। केही क्षणपछि सचेष्ट भएर हेर्दा भगवान्ले त्यो मयूरको पङ्ख देख्नुभयो र त्यसलाई राधारानीको विचित्र प्रेमको प्रतीक सम्झेर शिरमा धारण गर्नुभयो। अनि भगवान् बर्हापीड बन्नुभयो। मयूर गर्भधारणका लागि पनि कामक्रीडा नगर्ने अकाम पक्षी हो। भगवान्ले आफ्नो शिरमाथि मयूरको पङ्ख सजाएर आफूमा अकामता सिद्ध गरिदिनुभएको छ र यसबाट भगवान्को मुहारमा विचित्र सुन्दरता छरिएको छ।

भगवान्ले स्वेच्छामय, लीलामय, मायामय नटवरवपु बनेर भक्तहरूलाई आफूमा आकर्षित गरिरहनुभएको छ। **नटवत् वरवत् वपुः यस्य** नटको जस्तो वा वरको जस्तो सुन्दर वेष धारण

गर्नुहुने भगवान् नटवरवपु हुनुभयो। **वम् अमृतं पुष्णातीति वपुः** अर्थात् भगवान्को शरीरबाट अमृतवृष्टि भइरहेको छ। भगवान्का कानमा कर्णिकारको फूल सुशोभित छ । यो कर्णिकार वा करवीरपुष्प कति सौभाग्यशाली छ, भगवान् शिवको शिरमा चढ्न नपाएको उसलाई पीडा छ । अनि भगवान् कृष्णको तपस्या गरेर भगवान्को कृपा प्राप्त गरेको छ । भगवान्को शरीरमा परिधानको रूपमा रहेको वस्त्र पनि सुनौलो छ। त्यो श्यामशरीरमा पीताम्बरले चमक छरेको छ। यो वस्त्र वेदको आविर्भाव हुने बेला भगवान्मा कल्पित आवरण हो । वेदले बनाएको भेद हो, त्यो पनि केवल भगवान्लाई चिनाउनका लागि ।

**रन्ध्रान् वेणोरधरसुधया पूरयन्** अधरसुधाद्वारा भगवान्ले वंशीलाई परिपूरित गर्नुभएको छ । भगवान्ले लिनुभएको वंशी साक्षात् भगवान् शिवको अवतार हो– **वंशस्तु भगवान् रुद्रः ।** (श्रीकृष्णोपनिषत्)। भगवान् श्रीकृष्णको माधुर्यलीलाप्रधान जन्म भएपछि भगवान् श्रीकृष्णसँगै अतिनजिक रहेर माधुर्यलीलाको आस्वादन गर्न रहर गर्नुहुने भगवान् शिव वंशीको रूपमा अवतरित हुनुभएको छ र भगवद्रसास्वादनका लागि जीवनलाई कसरी पूर्णरूपमा समर्पित गर्नुपर्दछ भन्ने आदर्श देखाउनुभएको छ। वंशी त्यस्तो वाद्य हो, जसले आफूलाई पूरै सुकाएको हुन्छ, तपाएको हुन्छ र भित्र खाली पारेको हुन्छ । भगवत्प्राप्तिका निमित्त जन्म-जन्मान्तरका कठिन तपस्या, साधना र पूर्णतया वासनाको निवृत्ति हुनुपर्दछ भन्ने सङ्केत प्राप्त हुन्छ । यस्तै वंशी भित्र पूरा खाली हुन्छ । अतिकति पनि विषयवासनाको, कामनाको लेश हृदयमा रहेसम्म भगवद्रसानुभूति हुन सक्दैन । कृष्णलीलाको अभिन्न अवयव नै वेणुरव हो । जब

CamScanner

भगवान् अधरसुधाद्वारा वेणुरवलाई परिपूरित गर्नुहुन्छ, तव भक्तजनको मन स्वतः भगवान्‌तर्फ अभिमुख हुन्छ । त्यतिमात्र होइन जव भगवान्‌ले वंशीध्वनि प्रवाहित गर्नुहुन्छ, तव ब्रह्मा, इन्द्र र सनकादिहरू पनि निश्चेष्ट बन्दछन् । भगवत्ताको पूर्ण अनुभव गर्दछन्– **शक्रसर्वपरमेष्ठिपुरोगाः कश्मलं ययुरनिश्चिततत्त्वाः ।** (श्रीमद्भागवत १०/३५/१५) वेणुध्वनिको विलक्षण प्रवाहले सम्पूर्ण संसारलाई आफूमा खिचेर लिएर आउँछ र त्यसपछि मात्र श्रीकृष्णको सर्वाकर्षकत्व सिद्ध हुन्छ ।

एकपटकको कुरा हो– भगवान् श्रीकृष्ण गोवर्द्धन पर्वतको काखमा सिलामाथि बसेर राधारानीको नाम लिइरहनुभएको थियो, अर्कोतिर राधारानी भगवान् श्रीकृष्णको नाम लिइरहनुहुन्थ्यो। भगवान् श्रीकृष्णको आँखाबाट आँशु बगिरहेका थिए। शरीरमा रोमाञ्च भइरहेको थियो। सर्वविस्मृतिको अवस्था थियो। भगवान् श्रीकृष्णमा आएको यो प्रेमाभिव्यक्तिलाई देखेर ब्रह्मादि देवताहरू विचलित भए। साक्षात् सरस्वती पनि विचलित हुनुभयो। नजिक आएर प्रार्थना गर्नुभयो। हे भगवन्! हजुरको यो प्रेमको पराकाष्ठाबाट हामी मोहित भयौँ। हामी हजुरमा समर्पित हुन चाहन्छौँ। हजुरको प्रेममामृत सुधासागरमा विलीन हुन चाहन्छौँ। हामीलाई स्वीकार गर्नुहोस् । भगवान् श्रीकृष्णले पुर्लुक्क आँखा हेर्नुभयो, तर त्यो सरस्वतीको प्रार्थनालाई स्वीकार गर्नुभएन । उल्टै सरस्वतीलाई हप्काउँदै भन्नुभयो– मेरो परमप्रेमानुभूतिमा बाधा गर्ने तिमी को हौ ? यहाँबाट भागिहाल । त्यसपछि भगवान्‌ले पुनः एकाग्रताका साथ राधामन्त्र जप गर्न थाल्नुभयो । यसरी आफूलाई भगवान्‌ले स्वीकार नगरेपछि सरस्वतीलाई दिक्दार लाग्यो । उहाँको मनमा आफूले पनि भगवान्‌को अधरामृत पान गर्ने दृढ इच्छा थियो । त्यसैले उहाँले व्रजभूमिमा बाँस

भएर जन्म लिनुभयो । आफूलाई काटिन दिनुभयो । सुक्न दिनुभयो । सन्तप्त हुन र छिद्र बनाउन दिनुभयो । किनभने उहाँलाई प्रियतमको अधरामृतप्राप्तिको एकमात्र दृढ अभिलाषा थियो । यही वेणु हो । यही बाँसुरी हो, जसलाई पछि भगवान् श्रीकृष्णले स्वीकार गर्नुभयो । भगवान्ले आफ्नो अधरामृतमा स्पर्श गरिदिँदा वंशीबाट सुन्दर नाद प्रकट भयो । त्यो वंशीनाद सम्पूर्ण प्राणीहरूको मनलाई हरण गर्नेकिसिमको थियो । त्यसैल भनियो– **इति वेणुरवं राजन् सर्वभूतमनोहरम् ।** (श्रीमद्भागवत, १०/२१/६)

वेणुमा आएका अक्षरहरूको अर्थ गर्दै वल्लभाचार्यले लेख्नुभएको छ– **वश्च ईश्च वी, द्वौ ब्रह्मानन्दविषयानन्दौ अणू यस्मात् स वेणुः** अर्थात् जब भगवान्ले आफ्नो अधरसुधाले वंशीलाई परिपूरित गरिदिनुभयो, त्यसपछि त्यहाँबाट त्यस्तो नाद प्रकट भयो जसले ब्रह्मानन्द र विषयानन्दलाई अणुतुल्य बनाइदिन्थ्यो । आज भगवान् श्रीकृष्णले त्यही वंशीनाद गरिरहनुभएको छ । यो वंशीनाद सुनेर गोपीहरू कृतकृत्य भएका छन् । समर्पित भएका छन् ।

त्यसपछि यज्ञकर्मफलको पूर्णता भगवदर्पणभाव नै हो भन्ने कुरा यज्ञपत्नीहरूमाथि भगवान्ले गर्नुभएको अनुग्रहबाट सिद्ध हुन्छ । गोपीहरू भगवान्मा समर्पित हुनु, भगवान्ले प्रेमलाई अझै प्रगाढ बनाउन गोपीहरूको बीचबाट एकाएक हराउनु अनि भगवद्विरहव्यथाबाट व्याकुल भएका गोपीहरूको भाव बुझेर उनीहरूका सामु भगवान् प्रकट हुनु रासलीलाभन्दा अगाडिका प्रसङ्ग हुन् । रासलीला भगवान् श्रीकृष्णको विशिष्ट अन्तरङ्ग लीला हो । राधाकृष्ण भगवान्को नित्यलीला हो ।

राधाविना श्रीकृष्ण हुनुहुन्न र श्रीकृष्णविना राधाको

अस्तित्व छैन । अचिन्त्य, अनन्त शक्तिमान् भगवान् नै राधा हुनुहुन्छ । श्रुतिमा पनि भनिएको छ – **परास्य शक्तिर्विविधैव श्रूयते । स्वाभाविकी ज्ञानबलक्रिया च ॥** अर्थात् भगवान्का परा, अपरा वा अन्तरङ्गा बहिरङ्गा शक्तिहरू छन् । त्यही भगवान्को परा वा अन्तरङ्गा अक्ति नै आह्लादिनी शक्तिको रूपमा राधारानी हुनुहुन्छ । **राध्यते आराध्यते यया सा राधा** अर्थात् भगवान्की आराधिका शक्ति नै राधा हुनुहुन्छ । राधाको उपासनाबाट समस्त कामना पूर्ण भएको हुनाले भक्तहरूले राधालाई यसरी परिभाषित गर्दछन् । **राध्नोति ददाति सकलान् कामान् इति राधा ।** देवीभागवतमा राधातत्त्वलाई यसरी बताइएको छ–

**कृष्णाप्राणाधिका देवी तदधीनो विभुर्यतः ।**
**रासेश्वरी तस्य नित्यं तया हीनो न तिष्ठति ॥**

अर्थात् राधारानी भगवान् श्रीकृष्णका लागि प्राणभन्दा पनि प्रिय हुनुहुन्छ, किनभने श्रीकृष्ण राधाको अधीनमा हुनुहुन्छ । रासेश्वरी राधारानी सधैँ भगवान्को नजिकमा रहनुहुन्छ । राधाविना भगवान् रहन सक्नुहुन्न । स्वयं भगवान्ले पनि भन्नुभएको छ–

**दाहशक्तिर्यथा वह्नेस्तथैषा मम वल्लभा ।**
**अनया सह विच्छेदं क्षणमात्रं न विद्यते ॥**

अर्थात् जसरी अग्निमा दाहिका शक्ति छ, त्यसैगरी ममा मेरी प्रियतमा राधा छिन् । यिनको र मेरो बिछोड एकक्षणमात्र पनि हुन सक्दैन । एउटै कृष्णतत्त्व राधा र कृष्णको रूपमा प्रकट भएको कुरा अन्यत्र पनि उल्लेख गरिएको छ । **तस्माज्ज्योतिर भूद्द्वेधा राधामाधवरूपकम् ।** यद्यपि श्रीमद्भागवतमा श्रीशुकदेवले स्पष्टतया राधानामको उल्लेख गर्नुभएको छैन । तथापि प्रकारान्तरले विभिन्न ठाउँमा उहाँले श्रीराधाको नाम लिनुभएको

देखिन्छ । श्रीराधानामको ग्रहण गर्नासाथ प्रेमनिह्वल हुने भयले श्रीशुकदेवले स्पष्ट नाम नलिनुभएको हो भन्ने भावुक भक्तहरूको भनाई छ । भागवतमा भगवान् श्रीकृष्ण गोपीहरूको बीचबाट अन्तर्धान हुँदा राधासँगै रहेको कुरा यस श्लोकबाट स्पष्ट हुन्छ–

**अनया राधितो नूनं भगवान् हरिरीश्वरः ।**
**यन्नो विहाय गोविन्दः प्रीतो यामनयद्रहः ॥**

*(श्रीमद्भागवत, १०/३०/२८)*

अर्थात् यी गोपीले अवश्य पनि भगवान्‌को आराधना गरिछन् क्यार । भगवान्‌ले हामीलाई छोडेर यिनलाई मात्र साथमा लिएर जानुभएछ । यहाँ आएको आराधिका राधा नै हुनुहुन्छ । अर्को ठाउँमा भगवान् श्रीकृष्णको राधाका साथ स्वधाममा नित्य रमण हुने कुरा यसरी बताइएको छ–

**निरस्तसाम्यातिशयेन राधसा स्वधामनि ब्रह्मणि रंस्यते नमः।**

*(श्रीमद्भागवत, २/४/१४)*

राधारानीसँग भगवान् श्रीकृष्णको रसविस्तारको नित्यलीला नै रासलीला हो । रासलीलाको प्रसङ्गमा आउने वृन्दावन, शरद ऋतु, रात्रिको समय र त्यहाँको मनोवृत्ति यी सबै अप्राकृत छन् । भगवान् योगेश्वरका पनि ईश्वर हुनुहुन्छ । आत्माराम हुनुहुन्छ, रासक्रीडाको माध्यमले कामदेवको मदलाई समेत भङ्ग गर्नुभएको छ । जसरी बालकले प्रतिबिम्बसँग क्रीडा गर्दछ, त्यसैगरी भगवान् स्वयंले स्वयंमा क्रीडा गर्नुभएको छ। अत: यो रासलीलाको प्रसङ्गले लौकिक धर्ममर्यादा र आदर्शलाई उल्लंघन गरेको छैन । वास्तवमा रासलीला भगवान्‌ले भक्तहरूका सामु आफ्नो रसलाई विस्तार गर्नुभएको विशेष लीला हो। भगवान्‌को चिद्भावको प्रकाश र आनन्दभावको विकास रासलीलामा भएको छ ।

CamScanner

रासलीलाको प्रसङ्गपछि भगवान् श्रीकृष्णको अवतारप्रयोजन पूर्ण गर्न सहयोग गर्ने उद्देश्यले नारदले कंसलाई श्रीकृष्णको परिचय दिनुभएको छ । कंसभित्र रहेको दुर्भावलाई छिटो प्रकट गराउने उद्देश्यले नारदले श्रीकृष्णको परिचय दिनु नै सद्गुरुको भूमिका निर्वाह गर्नु हो । त्यसपछि कंसद्वारा प्रेरित अक्रूरले भगवान् श्रीकृष्णलाई मथुरामा लगेपछि धोवी रजक, सूचीकार र सुदामा मालीसँग भगवान् श्रीकृष्णको भेट भयो । रजक रजोगुणको प्रतीक हो भने सूचीकार र सुदामा सत्त्वगुणका प्रतिनिधि हुन् । सत्त्वको आधिक्यले रज र तमलाई दमित गर्नुपर्दछ । त्रिवक्रा कुब्जाको गन्धानुलेपनलाई स्वीकार गरी उसलाई सीधा बनाउनु कुण्डलिनी जागरण गर्नु नै हो। योगद्वारा कठिन साधनापूर्वक गरिने कुण्डलिनी जागरण भक्तिमार्गमा भगवदभिमुख चित्तवृत्ति भएपछि सहजै सिद्ध हुन्छ। धनुर्भङ्गप्रसङ्गले उपनिषद्मा प्रतिपादित यो प्रसङ्गको सम्झना दिलाउँछ–

**प्रणवो धनुः शरो ह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते ।**
**अप्रमत्तेन बेद्धव्यं शरवत्तन्मयो भवेत् ॥**

यहाँ लक्ष्यप्राप्तिसँगै साधनको परित्याग गर्नुपर्छ भन्ने कुरा पनि यो धनुर्भङ्गको प्रसङ्गले सङ्केत गर्दछ। त्यसपछि कुवलयापीडको वधसँगै चाणूर, मुष्टिक आदि मल्लहरूलाई उद्धार गरेपछि कंस स्वतः निस्तेज बन्दछ र उसको पनि मृत्यु हुन्छ। अभिमानरूप कंसको वधसँगै मथुरावासी आनन्दित हुन्छन्।

भगवान् श्रीकृष्णले लोकशिक्षाका लागि पिता-मातालाई जेलबाट मुक्त गर्नुभयो र पुत्रको कर्तव्य पूरा गर्नुभयो। उग्रसेनलाई राज्यमा स्थापित गर्नु, वात्सल्यभावले आफूलाई पुत्र ठान्ने नन्द आदिलाई आश्वासन दिनु, उपनयन संस्कार गर्नु, सान्दीपनी गुरुको गुरुकुलमा गई विद्याध्ययन गर्नु आदि प्रसङ्गले लोकसङ्ग्रहको भगवदुद्देश्य पूरा गर्दछन् ।

CamScanner

कंसका पत्नीहरू अस्ति र प्राप्ति जरासन्धका छोरीहरू हुन् । जरा अर्थात् अविद्याको सन्धिबाट यो जगत्प्रपञ्च वा अध्यास खडा हुन्छ । जसको परिणाममा अस्ति र प्राप्तिभाव उदाउँछ। भगवद्गीतामा आसुरी सम्पदाको चर्चा गर्दा यो प्रसङ्ग उठाइएको छ–

**इदमस्तीदमपि मे भविष्यति पुनर्धनम्।** इत्यादि ।

जरासन्धसँग १७ पटकसम्म युद्ध गरी भगवान्ले दुष्टहरूको वध गरेको प्रसङ्गले १७ कलायुक्त जीवको जीवभावनिवृत्तिप्रसङ्गसँग साम्य राख्दछ । साक्षात् लक्ष्मीको अवतार रुक्मिणीसँग विवाह, त्यसपछि प्रद्युम्न आदिको जन्म, शम्बरासुरको उद्धार, अन्य अष्टमहिषीसँग विवाह र भौमासुरको उद्धारसँगै १६ हजार राजकुमारीहरूसँग विवाह गर्नु भगवान्का विशिष्ट लीलाहरू हुन्। वेदका १ लाख मन्त्रहरूमध्ये १६ हजार मन्त्र उपासनामा विनियुक्त छन् । जसले भगवद्भक्तिको माध्यमले चित्तवृत्तिलाई भगवदाकाराकारित बनाउन सहयोग गर्दछन् । यस प्रसङ्गमा आएका अन्य विविध लीलाहरूले जीवमात्रका लागि भगवान् एकमात्र आश्रयणीय हुनुहुन्छ भन्ने सङ्केत गर्दछन् । भगवान् भक्तिप्रिय हुनुहुन्छ भन्ने कुरा सुदामाको पावन चरित्रबाट स्पष्ट हुन्छ । सगुण एवं निर्गुणरूपमा रहने परमात्मा जगत्का एकमात्र अधिष्ठान हुनुहुन्छ र उहाँ नै वन्दनीय हुनुहुन्छ भन्ने वेदस्तुतिको तात्पर्य हो। सम्पूर्ण वेदशास्त्रको तात्पर्य नै परमात्मा हो । व्यवहारमा परमात्माबाहेक प्रतीत हुने भेदप्रपञ्चको निराकरण गर्दा उहाँ नै बाँकी रहनुहुन्छ। यसरी स्वात्मानुभवमा सुस्थिर रहनु नै जीवनको पूर्ण सफलता हो। यही शास्त्रसिद्धान्त हो र यही कृष्णावतारको तात्पर्य पनि। यसप्रकार दशमस्कन्धका ९० अध्यायमध्ये जन्म प्रकरण, त्यसपछि क्रमशः तामसलीला, राजसलीला, सात्विकलीला अनि सर्वविधगुणसमन्वय र गुणातीत अवस्थाको निरूपण गरिएको छ ।

## एकादशस्कन्धतात्पर्य

श्रीमद्भागवतको एकादशस्कन्धलाई मुक्तिस्कन्ध भनिएको छ। मुक्ति भनेको समस्त दु:खनिवृत्त्युपलक्षित परमानन्द प्राप्ति नै हो। मुक्ति कसरी प्राप्त गर्ने भन्ने निश्चय गर्नु यस स्कन्धको विषय हो। श्रीमद्भागवतको एकादशस्कन्धमा ३१ अध्याय रहेका छन्। पाँच अध्यायमा भक्ति तथा भक्तहरूको लक्षण बताउँदै जीवहरूले मायामाथि विजय प्राप्त गरेर कसरी मुक्ति प्राप्त गर्ने ? भन्ने उपाय बताइएको छ। अविद्याका पाँच ग्रन्थिहरू हुन्छन्– अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश। त्यसैले यहाँ अविद्यानिवृत्तिको सन्दर्भ पाँच अध्यायमा उल्लेख गरियो। आरम्भमा भूभार हरण गर्न अवतार लिनुहुने भगवान्ले आफैंद्वारा फैलाइएको यदुवंशको विस्तार नै भूभारको अर्को कारण हुने हो कि ? भन्ने ठानर आफ्नै इच्छाले ब्राह्मणको शापको वहानामा यदुवंशलाई उपसंहार गर्ने विचार गर्नुहुन्छ। यसको तात्पर्य साधकले आफ्ना चित्तमा खडा हुने दुर्वृत्तिहरूलाई सद्वृत्तिको उपयोग गरेर नष्ट गर्नुपर्दछ र त्यसपछि सद्वृत्तिलाई पनि उपराम दिंदै आफू आफ्नो स्वरूपमा स्थित हुनुपर्दछ भन्ने नै हो। भगवान् श्रीकृष्णलाई पुत्रको रूपमा प्राप्त गरे पनि वसुदेवलाई भगवदानन्दको अनुभव भएको छैन। त्यसैले उहाँलाई मायानिवृत्तिका निमित्त नारदमुनिवाट उपदेशको आवश्यकता हुन्छ। नारदमुनिले विदेहराज र नवयोगीश्वरको संवादबाट मायालाई कसरी जित्ने ? भन्ने उपाय बताउनुभएको छ। असत्वस्तुमा आत्मभाव गरेर चित्त विचलित हुने र सर्वत्र भयको अनुभव हुने संसारको नियति हो। यसलाई परित्याग गरेर सर्वतोभावेन भगवान्मा समर्पित हुँदा परमशान्ति प्राप्त हुन्छ। भगवद्धर्म पनि यही हो कि – सर्वत्र भगवद्भाव गर्नु। भेदबुद्धिपूर्वक गरिएका भगवद्भाव

राजस र तामस ठहर्छन्, तर जसले पूर्णतया निःस्पृह भएर सम्पूर्ण जगत्लाई मायामय ठान्दै हर्षशोकविहीन बनी सांसारिक दायित्व पूरा गर्दछ, त्यो उत्तम भागवत हो । भगवान्को माया त जानिनसक्नु छ । त्यसबाट पार तर्न सद्गुरुको शरणमा जानुपर्दछ । भगवन्निष्ठामा दृढ हुनुपर्दछ । भगवन्निष्ठा पनि यही हो कि – सम्पूर्ण जगत्मा अनुस्यूत भएको परमात्मा नै हाम्रो पनि प्रेरक हो भनेर बुझ्नु । यो अद्वैतनिष्ठालाई नै यहाँ भगवन्निष्ठाको रूपमा वर्णन गरिएको छ ।

**स्थित्युद्भवप्रलयहेतुरहेतुरस्य यत्स्वप्नजागरसुषुप्तिषु सद्बहिश्च।**
**देहन्द्रियासुहृदयानि चरन्ति येन सञ्जीवितानि तदवेहि परं नरेन्द्र॥**

*(श्रीमद्भागवत, ११/३/३५)* ।

त्यसपछि चौबीस अध्यायसम्म भगवान् श्रीकृष्णले उद्धवलाई उपदेश दिनुभएको ज्ञानको माध्यमले प्रकृतिका चौबीस तत्त्वबाट मुक्त हुने उपाय बताइएको छ । यस प्रसङ्गमा कर्ममार्गमा सृष्टिको तानाबाना बुन्दाबुन्दै अलमल्लिएका ब्रह्मालाई भगवान्ले विवेकशील हंसको रूपमा उपदेश दिनुभएको प्रसङ्ग हंसगीता हो । हरेक इन्द्रियद्वारा विषयको ग्रहण गर्दा पनि आफ्नो स्वरूप त यथावत् छ नि ? । त्यसो भए गुण र विषयको अन्योन्य सम्बन्ध भयो भनेर किन विचलित हुने ? अनि देह-गेहादिमा किन बहिर्मुख बन्ने ? वास्तवमा यो सम्पूर्ण जगत् मनको विलास त हो ? अगुल्टो घुमाउँदा देखिने काल्पनिक चक्रजस्तो हो। प्रपञ्चको यथार्थलाई यसरी केलाउँदै स्वस्वरूपमा दृढ हुनु नै अविद्यानिवृत्तिको महत्त्वपूर्ण उपाय हो ।

**ईक्षेत विभ्रममिदं मनसो विलासं दृष्टं विनष्टमतिलोलमलातचक्रम्।**
**विज्ञानमेकमुरुधेव विभाति माया स्वप्नस्त्रिधा गुणविसर्गकृतो विकल्पः॥**

*(श्रीमद्भागवत ११/१३/३४)* ।

यससँगै ज्ञान, भक्ति र कर्मयोगको तात्पर्य अनि मनोविलास नै प्रपञ्चको हेतु हो भन्ने देखाउने भिक्षुगीत, सत्त्वादिगुणको वृत्ति र साङ्ग क्रियायोगको वर्णनसँगै परमार्थतत्त्वको निरूपण गर्दै भगवान् श्रीकृष्ण र उद्धवको संवाद पूर्ण हुन्छ। त्यसपछिका दुई अध्यायमा भगवान्ले आफैँ खडा गरेको यो जगद्रूप नाटकलाई आफैँ उपसंहार गर्नुहुन्छ वा अभिनयलाई पूरा गर्नुहुन्छ, यो ब्राह्मी मुक्ति हो। यही मुक्तिस्कन्धको तात्पर्य हो।

## द्वादशस्कन्धतात्पर्य

सम्पूर्ण प्रपञ्चको आश्रय वा अधिष्ठान परमात्मा हुनुहुन्छ भनेर सिद्ध गर्नु आश्रयस्कन्धको तात्पर्य हो । द्वादशस्कन्धमा भगवान्को स्वधामगमनपछि पृथिवीमा शासन गर्ने राजाहरूको वंशपरम्परा बताउँदै समयको प्रभावले कलि अर्थात् कलहको आधिक्य भएपछि समाजमा धर्मको ह्रास र अधर्मको विस्तार हुँदै जान्छ । त्यसपछि साक्षात् भगवान्ले कल्कि अवतारको रूपमा अवतरित भएर दुष्टहरूलाई समाप्त गर्दै पुनः सत्ययुगको स्थापना गर्नुहुन्छ भन्ने बताइएको छ । यस प्रसङ्गबाट समयको गति र त्यसबाट स्वाभाविक रूपमा मानिसमा पर्ने प्रभावको सङ्केत मिल्छ। तर युग भनेको समयको गतिमात्र नभएर मानिसहरूको प्रवृत्ति पनि हो । मानिसमा आउने सरलता, उदारता र उच्च चिन्तन सत्ययुगको अंश हो । कर्मनिष्ठा बढ्नु धर्मको एक तृतीयांश घट्नु त्रेता हो । धुमधामसँग कर्मकाण्डहरू गर्नु, परिवार र घरजम बढ्नु, आंशिक अधर्मको वृद्धि हुनु द्वापर हो भने मानिसमा आलस्य, दयाहीनता र तुच्छता कलियुगको भाव हो। वेदमा त युगधर्मलाई यसरी उल्लेख गरिएको छ–

**कलिः शयानो भवति सञ्जिहानश्च द्वापरः ।**
**उत्तिष्ठँस्त्रेता भवति कृतं सम्पद्यते चरन् ॥**

निरन्तर कर्तव्यपरायण व्यक्ति सधैं सत्ययुगकै अनुभव गरिरहन्छ। कलियुग त सुताहा अल्छीका लागि हो। समयचक्रको प्रभाव स्वाभाविक भए पनि त्यसलाई निराकरण गर्ने उपाय छ, त्यो हो भवन्नामसङ्कीर्तन ।

राजा परीक्षित्‌लाई शुकदेवले म मर्छु भन्ने पशुबुद्धिलाई परित्याग गर्न र आफूलाई परम आत्माको रूपमा अनुभव गर्न उपदेश दिनुभएको छ। जसरी घटाकाश, मठाकाशको भेद छैन, घैंटो फुटेपछि आकाश आकाश नै रहन्छ, त्यसैगरी वासनामय सूक्ष्मशरीर नष्ट भएपछि जीव ब्रह्म नै बन्दछ। म ब्रह्म हुँ भनेर आत्मालाई परमात्मामा एकीभाव बनाएपछि न त शरीरसँग सम्बन्ध रहन्छ, न त कुनै सर्पले डसेको वा आफू मरेको अनुभव हुन्छ। शुकदेवको उपदेशबाट राजा परीक्षित्‌लाई ज्ञान प्राप्त भयो। उनी मुक्त भए। भागवतश्रवणको मुख्य प्रयोजन मुक्ति नै हो। अर्थात् वासनामय शरीरको बन्धनबाट पूर्णतया निवृत्ति र अपरोक्ष आत्मतत्त्वको साक्षात्कार। श्रीमद्भागवतको विशेषता नै जीवभावको निवृत्ति गराउनु र परमात्मतत्त्व साक्षात्कार गराउनु हो। यही सूतोपदेशको सार हो (भागवत १२/६/३०)

मायामय प्रपञ्च त सामुन्ने छँदैछ, त्यतातिर दृष्टि दिन खोज्दा अलमल्ल परिन्छ। भगवान् नरनारायणको दर्शनपछि पनि माया देख्न चाहने मार्कण्डेयले अलमल्लिनुपऱ्यो। तर मायाको पछि होइन, अधिष्ठान परमात्माको पछि लाग्नुपर्दछ भन्ने मार्कण्डेयको प्रसङ्गबाट थाहा हुन्छ। परमात्माबाटै वेद र वेदार्थको उपबृंहणबाट पुराणहरू रचना भएको अनि सर्वोत्कृष्ट पुराण श्रीमद्भागवत भएको उल्लेख गर्दै सूतजीले शौनकादिहरूलाई श्रीमद्भागवतको उपसंहार गर्दा **सत्यं परं धीमहि** यही मङ्गलाचरण गर्नुभएको छ। यसबाट श्रीमद्भागवतको उपक्रम र उपसंहारले परमसत्यरूप परमात्मालाई प्रतिपादन गरेको

कुरा सिद्ध हुन्छ। श्रीमद्भागवतले नयाँ दृष्टि दिन्छ, सर्वत्र भगवद्भाव विकसित गराउँछ र अन्त्यमा परमसत्यरूप परमात्माको प्राप्ति गराउँछ । जीवन सफल बन्छ र जन्ममृत्युको चक्रबाट सदाका लागि मुक्ति मिल्छ ।

## श्रीमद्भागवतको श्रवणविधि र मर्यादा

श्रीमद्भागवत भगवद्रूप ग्रन्थ हो। जीवनको परमपुरुषार्थरूप कैवल्यको सिद्धिका निमित्त श्रीमद्भागवतको विनियोजन हुन्छ तर यस ग्रन्थको स्वयम् अध्ययन गरेर उक्त प्रयोजन पूर्ण नहुन सक्छ । विशेषगरी द्वितीयस्कन्धमा **श्रोतव्यः कीर्तितव्यश्च** भनेर कीर्तनभन्दा पहिले श्रवणको महत्त्व बताएजस्तै श्रीमद्भागवत ग्रन्थको श्रवणमा विशेष महत्त्व छ। नारदजस्ता भगवद्भक्तहरूले पनि श्रीमद्भागवतको श्रवण गर्नुपरेको र परीक्षित्ले पनि श्रीशुकदेवजस्तो विरक्त योगीका श्रीमुखबाट भागवत श्रवण गरेको प्रसङ्गबाट के सिद्ध हुन्छ भने- श्रीमद्भागवतबाट यथार्थ लाभ लिन योग्य विरक्त सद्गुरुका श्रीमुखबाट नै भागवतको श्रवण गर्नुपर्दछ । श्रीमद्भागवत अरू पुस्तकजस्तै लाइब्रेरीमा गएर स्टडी गर्ने ग्रन्थ होइन । यो त गुरुको सन्निधिमा बसेर गुरुमुखबाट श्रवण गर्ने र जीवनभर अध्ययन गर्नुपर्ने ग्रन्थ हो। भागवत्श्रवणका पनि केही निश्चित विधिहरू छन्। तोकिएका महिना, पक्ष, दिनहरू पनि छन् । वृहस्पतिको नाक्षत्रिक गतिका आधारमा पुराणचक्र जुराउने प्रचलन पनि छ । ज्ञानप्राप्तिका लागि सधैं सुन्न मिल्ने भए पनि कलियुगको विशेष परिस्थितिलाई ध्यानमा राख्दै तोकिएको अवसरमा सात दिनमा नै भागवत सुन्नुपर्दछ भन्ने शास्त्रीय विधि छ । सप्ताहश्रवण गर्दा कहाँ विश्राम गर्ने भन्ने पनि निश्चित नियमहरू छन् ।

**आदिदैत्यवधं यावत्प्रथमेऽहनि कीर्तयेत् ।**
**द्वितीये भरताख्यानं तृतीये मन्थनं तथा ॥**

**चतुर्थे कृष्णसम्भूतिः पञ्चमे तूद्वहादिकम् ।**
**षष्ठे तूद्धवसंवादः सप्तमे तु समापयेत् ।**

शुभेच्छा आदि ज्ञानका सात भूमिकाजस्तै यी सात विश्रामस्थलहरू छन् । प्रथमदिनमा आदिदैत्य हिरण्याक्ष वा देहाभिमान गलित हुनुपर्दछ यही प्रथम भूमिकारूप शुभेच्छा हो। दोस्रो दिनमा भरताख्यानले सुविचारणालाई सङ्केत गर्दछ। तेस्रो दिनमा समुद्रमन्थन र अमृतप्राप्तिको प्रसङ्गले दैवी सम्पदा र आसुरी वृत्तिका बीच समन्वय सहकार्य र मनोवृत्तिको विलयलाई सङ्केत गर्दछ, यही तनुमानसा हो । चौथो दिनमा कृष्णजन्मरूप परमानन्दावाप्ति हुनुपर्छ, यही सत्त्वापत्ति हो । पाँचौ दिनमा विश्राम गर्नुपर्ने रुक्मिणी र श्रीकृष्णको विवाहप्रसङ्गले विषयमा असंशक्तिलाई देखाएको छ । छैटौं दिनमा कृष्ण र उद्धवको संवादले पदार्थाभाविनी अर्थात् ब्रह्मदृष्टि सिद्ध गर्दछ भने सातौ दिनमा भागवतसमाप्तिसँगै तुर्यगा अर्थात् स्वयं तुरीय ब्रह्रूप सिद्ध हुने अवस्था बन्नुपर्दछ । धुन्धुकारी बसेका बाँसका ग्रन्थिहरू प्रत्येक दिन एक-एक गरी फुट्दै गए र सातौ दिनमा उसलाई नोक्ष प्राप्त भयो भन्नुको तात्पर्य पनि यस्तै हो ।

साप्ताहिक विश्रामका लागि यस्तै अर्को पाठविधि अधिक प्रचलित छ ।

**मनुकर्दमसम्वादपर्यन्तं प्रथमेऽहनि ।**
**भरताख्यानपर्यन्तं द्वितीयेऽहनि वाचयेत् ॥**

**तृतीये दिवसे कुर्यात्सप्तमस्कन्धपूरणम् ।**
**कृष्णाविर्भावपर्यन्तं चतुर्थे दिवसे वदेत् ॥**

**रूक्मिण्युद्वाहपर्यन्तं पञ्चमेऽहनि शस्यते ।**
**श्रीहंसाख्यानपर्यन्तं षष्ठेऽहनि वदेत्सुधीः ॥**

**सप्तमे तु दिने कुर्यात्पूर्तिं भागवतस्य वै ।**
**एवं निर्विघ्नतासिद्धिर्विपर्यय इतोऽन्यथा ॥**

यस्तै कामनाभेदले विश्रामका विभिन्न स्थानहरू पनि वर्णित छन्। शास्त्रोक्त अपूर्व सिद्धिका लागि सात दिन लगाएर श्रवण गर्ने भनिए पनि मननको रूपमा चाहिँ श्रीमद्भागवतलाई सधैं सेवन गर्न उपयुक्त हुन्छ। त्यसैले भनिएको छ–

**सदा सेव्या सदा सेव्या श्रीमद्भागवती कथा।**
**यस्याः श्रवणमात्रेण हरिश्चित्तं समाश्रयेत्॥**

*(श्रीमद्भागवतमाहात्म्य ३/२५)*

आफ्नो कामनाअनुसार भागवतश्रवण गर्ने तरिका पनि छन्। जसका केही उदाहरण निम्नानुसार छन् –

१. सर्वकामनासिद्धिका लागि **गायत्रीमन्त्रद्वारा** सम्पुटित गरी पाठ गर्नुपर्छ।

२. भय या पीडाको निवृत्तिका लागि **महामृत्युञ्जयमन्त्रद्वारा** सम्पुटित गर्नुपर्छ।

३. सन्ततिप्राप्तिका लागि **देवकीसुतगोविन्द**..... आदि मन्त्रद्वारा सम्पुटित पाठ गर्नू।

४. पत्नीप्राप्तिका लागि **कात्यायनी महामाये** ...मन्त्रद्वारा सम्पुटित गरी पाठ गर्नू।

५. श्रीकृष्णभक्तिका लागि **कृष्णाय वासुदेवाय**..मन्त्रद्वारा सम्पुटित पाठ गर्नू।

६. शत्रुपीडानिवृत्तिका लागि

**गोविन्द द्वारकावासिन् कृष्ण दामोदरप्रिय।**
**कौरवार्णवमग्नानां किं न जानासि केशव॥**

यस मन्त्रद्वारा सम्पुटित गरी भागवत पाठ गर्नू।

७. पुत्रसुखका लागि **नन्दस्त्वात्मज उत्पन्ने** .. यस मन्त्रद्वारा सम्पुटित पाठ गर्नू।

CamScanner

८. वंशवृद्धिका लागि नवमस्कन्धको मात्र अनुष्ठान गर्न सकिन्छ।

९. पितृउद्धार र अन्य कामनापूर्तिका लागि अष्टमस्कन्धको मात्र अनुष्ठान गर्ने प्रचलन पनि छ।

१०. कष्टनिवृत्ति र दु:स्वप्नदोषनिवृत्तिका लागि गजेन्द्रमोक्षको पाठ गर्ने गरिन्छ।

११. बालग्रहदोष हटाउन श्रीकृष्णकवचको अनुष्ठान गर्नुपर्दछ र

१२. ज्वरपीडा हटाउन ज्वरस्तुतिको अनुष्ठान गर्नुपर्दछ।

१३. गर्भस्तम्भनका लागि **पाहि पाहि महायोगिन्** इत्यादि मन्त्रले अभिमन्त्रित रक्षासूत्र बाँधिन्छ।

१४. शत्रुसाधनका लागि नारायणकवच, रुद्रगीत आदिको अनुष्ठान गरिन्छ।

यस्तै कामनाविशेषले विभिन्न तरिकाले भागवतको उपयोग गर्न सकिने भएपनि मुख्यरूपमा श्रीमद्भागवत कैवल्यैकप्रयोजन भएकोले यसको विनियोजन लौकिक विषयप्राप्तिका लागि गर्नु उपयुक्त हुँदैन । पूर्णतया विषयबाट निवृत्त हुन नसकेका व्यक्तिहरूलाई पनि विस्तारै सदाचार, सच्चरित्रको अनुशीलन गर्दै विषयमा दोषदृष्टि एवं भगवद्भक्तिको प्राकट्यका लागि सर्वसाधारणका सामु भागवतको उपयोग गर्न उपयुक्त हुन्छ तर केवल धनार्जन गर्न वा सप्ताह लगाएँ भनेर धाक देखाउन भागवतको उपयोग गर्न हुँदैन । भागवत श्रवण गरिसकेपछि जीवनमा सत्त्वगुणको आविर्भाव र अन्तर्मुखी प्रवृत्ति, भगवद्भक्ति, विषयवैरस्य आदि लक्षणहरू अनिवार्य देखिनुपर्छ। अन्यथा श्रवणको सार्थकता सिद्ध हुँदैन।

यस्तै भागवत सुनाउँदा पनि केही मर्यादाहरूको पालन अनिवार्यरूपमा हुनुपर्दछ । भागवत भन्ने वक्ताले भागवतको मूल विषयलाई छोडेर बाहिरको कथा ल्याउनु वा भागवतको विषयलाई बिर्सिएर केवल लोकरञ्जनमा दृष्टि दिनु भागवतापराध हो। भागवतमा प्रतिपादित विषयहरूलाई पुष्टि गर्न अन्य पुराणहरूको प्रमाण दिनसमेत निषेध गरिएको छ । वेद र उपनिषद्को सार भएकोले वेद, उपनिषदर्थव्याख्यानपरक स्मृतिप्रस्थान गीता एवं न्यायप्रस्थान ब्रह्मसूत्रबाहेक अन्य प्रमाणहरूको उद्धरण गरेर भागवतको अर्थलाई समर्थन गर्ने चेष्टा गर्नु हुँदैन । खासगरी भागवत अध्ययन गरेर भागवतभित्रको रसास्वादन गर्न जान्ने सद्गुरुबाट आज्ञा लिएर र स्वयं पनि लौकिक विषयासक्तिबाट टाढा रहेर मात्र भागवत वाचन गर्नु उपयुक्त हुन्छ । त्यसैले भनिएको छ–

**लोकवित्तधनागारपुत्रचिन्तां व्युदस्य च ।**
**कथाचित्तः शुद्धमतिः स लभेत् फलमुत्तमम् ॥**

*(श्रीमद्भागवतमाहात्म्य, ६/३७)*

अर्थात् कथामा मन लगाउने शुद्धचित्त भएको वक्ताले लौकिक व्यवहार, धन-सम्पत्ति, घर र परिवारको चिन्तालाई पूरै परित्याग गरेर कथावाचन गरेमात्र उत्तम फल प्राप्त हुन्छ। यस्तै कथावक्ताका अन्य लक्षणहरू पनि बताइएका छन्–

**विरक्तो वैष्णवो विप्रो वेदशास्त्रविशुद्धिकृत् ।**
**दृष्टान्तकुशलो धीरो वक्ता कार्योऽतिनिस्पृहः ॥**

**अनेकधर्मविभ्रान्ताः स्त्रैणाः पाखण्डवादिनः ।**
**शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पण्डिताः ॥**

*(श्रीमद्भागवतमाहात्म्य, ६/२०-२१)*

अर्थात् विषयमा वैराग्य भएको, भगवान् विष्णुको भक्त, वेदशास्त्रको तात्पर्यलाई व्याख्या गर्न सक्ने, दृष्टान्त दिन सिपालु,

धीर एवं आसक्तिरहित व्यक्ति मात्र भागवतको वक्ता हुन सक्छ । अनेक सम्प्रदायमा भौँतारिएका, विषयसुखमा आसक्त, पाखण्डीहरूलाई पढेलेखेकै भए पनि भागवत कथा भन्ने अधिकार हुँदैन ।

## श्रीमद्भागवतका टीकाहरू

श्रीमद्भागवतका असंख्य टीकाग्रन्थहरू प्रकाशित भएका छन्। हालसम्म संस्कृतमा नै लगभग ४० वटा प्राचीन टीकाहरू उपलब्ध छन् । तिनीहरूमध्ये श्रीधराचार्यविरचित भावार्थदीपिका, वंशीधरकृत भावार्थदीपिकाप्रकाश, श्रीराधारमणदास गोस्वामीप्रणीत दीपिनीटीका, श्रीमद्वीरराघवाचार्यविरचित भागवतचन्द्रिका, श्रीमद्विजयध्वजतीर्थरचित पदरत्नावली, श्रीमज्जीवगोस्वामीविरचित क्रमसन्दर्भ, श्रीमद्विश्वनाथचक्रवर्तिविरचित सारार्थदर्शिनी, श्रीमच्छुकदेवविरचित सिद्धान्तप्रदीप, श्रीमद्वल्लभाचार्यनिर्मित सुबोधिनी, श्रीपुरुषोत्तमचरणगोस्वामीविरचित सुबोधिनीप्रकाश, गोस्वामिगिरिधरलालविरचित बालप्रबोधिनी एउटै पुस्तकमा प्रकाशित टीकाग्रन्थ हुन्। यस्तै गङ्गासहायकृत अन्वितार्थप्रकाशिका, रामप्रतापविरचित सुबोधिनीआदि संस्कृतका टीकाग्रन्थ हुन् भने हिन्दी, नेपाली र अन्य भाषामा असंख्य टीकाग्रन्थहरू उपलब्ध छन् । ती सबै टीकाहरूमध्ये श्रीधराचार्यविरचित भावार्थदीपिका मूल ग्रन्थको अभिप्रायलाई स्पष्ट गर्ने भनेर सबै विद्वान्हरूद्वारा आदर गरिएको टीकाग्रन्थ हो ।

## टीकाकार श्रीधराचार्य

श्रीमद्भागवतका जतिसुकै टीका भए पनि श्रीधरी टीकाको धेरै ठूलो महत्त्व छ र खासगरी श्रीमद्भागवतको तात्पर्य केवल श्रीधरी टीकाबाट मात्र प्रकाशित हुनसक्छ भन्ने मान्यता पनि

छ । श्रीधरी टीकाको सम्बन्धमा यस्तो आख्यान प्रसिद्ध छ– श्रीमद्भागवतका टीका लेख्ने र व्याख्या गर्ने धेरै आचार्यहरू थिए । उनीहरूले आ-आफ्नो सम्प्रदायअनुसार व्याख्या लेखेका थिए र आ-आफ्नो सम्प्रदाय अनुकूल व्याख्या गर्ने गर्दथे । तर उनीहरूको भन्दा श्रीमद्भागवतका टीकाकार श्रीधरको ख्याति सबैतिर फैलिएको थियो । श्रीधरको ख्याति फैलिएको कुरा कतिपय द्वैतवादीहरूलाई मन परेको थिएन, किनभने श्रीधरी व्याख्या उनीहरूको सिद्धान्तअनुकूल थिएन । अद्वैतीहरूका लागि पनि उत्तिकै मान्य थियो । त्यसैले द्वैतवादीहरूले भन्न थाले- श्रीधरी टीका वेदव्यासको अभिप्रायअनुकूल छैन, यहाँ जबरजस्ती अद्वैतसिद्धान्तको वर्णन गरिएको छ । यस्तो टीका हामीलाई मान्य छैन। यो विवाद फैलँदै काशीका विद्वान्हरूको सामुन्नेमा पुग्यो । धेरै प्रयत्न गर्दा पनि उनीहरूले यो विवाद समाधान गर्न सकेनन् र भने– हाम्रा इष्टदेव भगवान् विश्वनाथ हुनुहुन्छ, यो विवादको निर्णय पनि उहाँले नै गर्नुहुन्छ । त्यसपछि भागवतका सबै टीकाग्रन्थहरू भगवान् विश्वनाथको मन्दिरभित्र छुट्टाछुट्टै राखियो र ढोकामा ताल्चा लगाइयो । भोलिपल्ट ताल्चा खोलेर हेर्दा त्यहाँ अलि तल राखिएको श्रीधरी टीकाको पुस्तक सबैभन्दा माथि रहेको र त्यहाँ भगवान् विश्वनाथको हस्ताक्षरद्वारा यस्तो लेखिएको पाइयो–

**व्यासो वेत्ति शुको वेत्ति शेषमैत्रेयनारदाः ।**
**श्रीधरः सकलं वेत्ति श्रीनृसिंहप्रसादतः ॥**

त्यसपछि सबै सम्प्रदायका अनुयायीहरूले पनि नतमस्तक भएर श्रीधरी टीकालाई अङ्गीकार गर्न थाले। कथानकमा सत्यता जेजस्तो भए पनि श्रीधरी टीका सबै सम्प्रदायका लागि उत्तिकै अनुकूल र उत्तिकै मान्य भएको पाइन्छ । त्यसपछिका सबै टीकाकारहरूले श्रद्धापूर्वक श्रीधरको नाम लिएर नै उहाँको अभिप्रायअनुकूल व्याख्या गर्ने गरेको पाइन्छ । त्यसपछिका

गङ्गासहायद्वारा लिखित अन्वितार्थप्रकाशिका, बालप्रबोधिनी, सुबोधिनी इत्यादि टीकाहरू मूल ग्रन्थका अनुकूल व्याख्या हुन् भने चूर्णिका केवल भावमात्र उल्लेख गर्ने टीका हो ।

## प्रस्तुत टीकाको सम्बन्धमा

शङ्कराचार्यप्रतिपादित अद्वैतवेदान्तसिद्धान्तमा दृढनिष्ठा राख्ने शाङ्करी यतिपरम्पराका प्रखर व्यक्तित्व **श्री १००८ डा. स्वामी रामानन्द गिरि** प्रस्तुत रामानन्दी टीकाका लेखक हुनुहुन्छ । निरञ्जन एवं दक्षिणामूर्ति पीठका पीठाधीशश्रोत्रिय, ब्रह्मनिष्ठ **अनन्तश्रीविभूषित स्वामी महेशानन्द गिरिजी** महाराजबाट संन्यासदीक्षा प्राप्त गर्नुहुने स्वामीज्यू अद्वैतदर्शनका विशिष्ट व्याख्याता हुनुहुन्छ। संन्यस्त भइकन पनि संस्कृत विद्या र वैदिक सनातन धर्म, संस्कृति, राष्ट्र र राष्ट्रियताको संरक्षण संवर्द्धनका लागि आफूलाई समर्पित गर्ने स्वामीजी वर्तमान युगका एक उज्ज्वल प्रकाश हुनुहुन्छ । संस्कृत विद्याको संरक्षण संवर्द्धनका लागि समर्पित हुँदै पवित्र तीर्थ देवघाटधाममा गुरुकुलको सञ्चालन गरी वेद-वेदाङ्गको शिक्षा दिएर उहाँले आफ्नो कीर्तिकलेवरलाई युगान्तस्थायी बनाउनुभएको छ । व्याकरणशास्त्रका प्रवर्तक पाणिनि र अद्वैत वेदान्तसिद्धान्तका व्याख्याता शङ्कराचार्यलाई मुख्य आदर्श मान्ने स्वामीज्यूले आफ्ना विद्यार्थीहरूलाई समेत यस्तै प्रेरणा दिने गर्नुहुन्छ । स्वामीज्यूले समय-समयमा दोहोऱ्याउने गरेको यो श्लोक मननीय छ–

**शास्त्रं शारीरमीमांसा देवश्चन्द्रार्धशेखरः ।**
**आचार्याः शङ्कराचार्याः सन्तु जन्मनि जन्मनि ॥**

अर्थात् जति-जति जन्म लिनुपरे पनि ठिकै छ, तर हरेक जन्ममा शङ्कराचार्यजस्ता गुरुको सान्निध्य पाइयोस् । सद्गुरुबाट ब्रह्मसूत्र पढ्न पाइयोस् र चन्द्रशेखर शिवजीको पूजा गर्ने मौका मिलोस् । यही मेरो कामना छ ।

CamScanner

यस्तो शुभसङ्कल्प लिने स्वामीज्यूले गुरुकुलसँग सम्बद्ध व्यक्तिलाई मात्र नभएर मातृभूमिलाई नै ठूलो गुन लगाउनुभएको छ । यसबाहेक समय-समयमा विभिन्न ठाउँमा विभिन्न रूपमा उहाँले अध्ययन, अध्यापन, प्रवचन, व्याख्यान आदिद्वारा धेरैभन्दा धेरै जिज्ञासुहरूलाई लाभान्वित बनाउनुभएको छ भने उहाँबाट प्रेरणा पाएर आध्यात्मिक मार्गमा प्रवृत्त भएका साधकहरूका लागि उहाँ एक आदरणीय आदर्श पुरुष नै हुनुहुन्छ ।

यस रामानन्दी टीकामा स्वामीज्यूले हरेक पदको तात्पर्य खुलाउन पदार्थ एवं समष्टि वाक्यको अभिप्राय प्रकट गर्न वाक्यार्थ गर्नुभएको छ । विवरणमा स्वामीज्यूको अध्ययन र गम्भीर शास्त्रचिन्तनको निष्कर्ष देखा परेको छ । कहीं दर्शनका कर्कश विषयहरूलाई प्रस्फुटित गर्न स्वामीज्यू प्रयत्नरत देखिनुहुन्छ भने कहीं व्याकरणका नियमहरूको आधारमा शब्दतात्पर्य खोल्दै गरेको पाइनुहुन्छ। खासगरी शङ्कराचार्य प्रतिपादित अद्वैतवेदान्तसिद्धान्तका सङ्केतहरू भएका ठाउँमा स्वामीज्यूले विशेष विवरण दिनुभएको छ भने भक्तिसिद्धान्तलाई पनि उत्तिकै स्थान दिनुभएको छ । अतः यस टीकाबाट सवै तहका पाठकहरूले समानरूपमा लाभ लिने देखिन्छ ।

शास्त्रचिन्तन र व्याख्यानको क्रममा अद्वैतवेदान्तमा गहिरिंदा उहाँले भक्तिलाई कत्ति पनि भुल्नुहुन्न भने भगवद्भक्तिमा चुर्लुम्म डुबेर आन्तरिक अनुभूति पस्किने बेला उहाँ अति भावुक पनि हुनुहुन्छ र भक्तिरसमा पूर्ण समर्पित देखिनुहुन्छ । उहाँको जीवनमा देखिने अद्वैतवेदान्तनिष्ठा र भगवद्भक्तिको आविर्भाव एक अपूर्व गङ्गा-यमुना वा गण्डकी र त्रिशूलीको सङ्गमजस्तै लाग्दछ। यो एउटा नयाँ धारा नारायणीझैं पवित्र बनेर अधिकाधिक साधकहरूलाई पवित्र पार्दै बगिरहेको छ र बगिरहनेछ पनि। यसै सन्दर्भमा भक्ति र ज्ञानलाई सँगसँगै लैजाने विशेषता भएको श्रीमद्भागवत ग्रन्थको व्याख्यान गर्न उहाँको हृदयभित्र सङ्कल्प

उठ्नु र उहाँ यस कार्यमा प्रवृत्त हुनु अधिकाधिक पाठकहरूको जिज्ञासाशमन गर्न प्रकट भएको यो एउटा भगवदिच्छा नै हो । यही भगवदिच्छालाई पूर्ण गर्न यत्रो ठूलो ग्रन्थको प्रकाशनसम्बन्धी दायित्व वहन गरेर महेश संस्कृत गुरुकुल एवं महेश संन्यास आश्रमले एउटा ऐतिहासिक महत्त्वपूर्ण कार्य सम्पादन गरेको छ । दानवीर भक्तहरूको उदारतापूर्ण सहयोग जुटाएर यो ग्रन्थको प्रकाशनको अभिभारा वहन गरेकोमा गुरुकुल र आश्रमप्रति पाठकहरू कृतज्ञ हुनु स्वाभाविकै हो, तर पुस्तक प्रकाशन सँगसँगै पाठकहरूमा बढेको पुस्तकप्राप्तिको अभिलाषा शान्त हुन सकेन । प्रथम संस्करणको प्रकाशनकार्य पूर्ण नहुँदै पाठकहरूको उत्सुकताले प्रकाशित पुस्तकहरू सकिए। अत: फेरि यस्तै सहयोग जुटाएर पुन: प्रकाशन गर्नुपर्ने दायित्व संस्थाको काँधमा आइपरेको देखिन्छ ।

भागवत **उपसंहार र कृतज्ञताज्ञापन** स्वयं वर्णनातीत महत्त्व भएको साक्षात् भगवान्‌को वाङ्मयस्वरूप पावनतम ग्रन्थ। हामीजस्ता व्यक्तिले भागवतामृतको आस्वादन गर्ने अवसर पाउनु कति सौभाग्यको कुरा। त्यसमा पनि पूज्य स्वामीज्यूको लेखनीबाट प्रकट भएको व्याख्यानात्मक टीकाग्रन्थ स्वयं गम्भीरार्थपूर्ण छ। यसको सम्बन्धमा भूमिकाका लागि केही भाव प्रकट गर्न पाउनु हाम्रा लागि ज्यादै ठूलो सौभाग्यको विषय हो । यस्तो अवसर पाउनु भगवान्‌को ठूलो अनुग्रह नै हो भन्ने हामीलाई लागिरहेको छ । यो अवसर प्रदान गर्नुहुने स्वामीज्यूमा हार्दिक आभार प्रकट गर्दछु। श्रीमद्भागवतभित्र प्रवेश गरेर केही भाव प्रकट गर्न खोज्दा धेरै कुराहरू प्रकट गर्न सकिँदो रहेनछ । यो त विषयगत वैशिष्ट्य नै रहेछ । अहिले यहाँ जे भयो, यस्तै भयो । यहाँ केही मननका लागि उपयोगी विषय भए त्यो सद्गुरुको कृपाबाट प्राप्त भएको हो। यसका निमित्त मेरा उभयजन्मप्रदाता परमपूज्य गुरुवर **श्री पं.कमलाकान्त सुवेदी**का

श्रीचरणमा वन्दना गर्दछु। साथै मलाई भागवताम्ममा अवगाहन गर्न सघाउने स्वामी अखण्डानन्द सरस्वतीजी महाराजमा पनि कृतज्ञताका कुसुमहरू समर्पित गर्दछु। यस भूमिकामा केही अपूर्ण वा अन्यथा भएको भए त्यो मेरो भ्रमप्रमादादि मानवीयदोपका कारणले हुन गएको त्रुटि हो भन्ने स्वीकार गर्दछु र अच्युत भगवान्लाई वन्दना गर्दछु। भगवान्को नामले सम्पूर्ण अपूर्णलाई पनि पूर्ण गर्दछ भन्ने दृढताका साथ श्रीमद्भागवतका सम्पूर्ण अध्येताहरूका हृदयभित्र रहने परमात्माका सामु यी भूमिकाका शब्दकुसुमहरू सर्पण गर्दछु।

त्वदीयं वस्तु देवेश तुभ्यमेव समर्पितम् ॥

...गुरुकुलका दैनिक क्रियाकलापमा व्यस्त हुँदाहुँदै पनि गुरूप्रसादजीले समय निकालेर विभिन्न ग्रन्थहरूको अध्ययन र चिन्तन गरी यो श्रीमद्भागवतको विस्तृत भूमिका तयार गर्नुभएको हो। उहाँको यो श्रीमद्भागवतभूमिका साँच्चिकै महत्त्वपूर्ण छ, अनुसन्धानात्मक छ। उहाँले यस भूमिकामा गागरमा सागर भरेझैं श्रीमद्भागवत पूरै ग्रन्थको तात्पर्यलाई भरिदिनुभएको छ। यहाँ आएको श्रीमद्भागवतको तात्पर्यनिरूपण अनि सगुण निर्गुण भक्तिको सन्दर्भ र अद्वैत सिद्धान्तसम्बन्धी प्रकरणहरू धेरै मननयोग्य छन् भने कतिपय प्रसंगमा भागवतकथाको आन्तरिक मर्मलाई उहाँले प्रतीकात्मक रूपमा स्पष्ट्याइदिंदा कथाप्रसंगको अर्को भित्री पाटो समेत प्रकाशित भएको छ।...

शुभाशंसावाट

ISBN 9937-2-9441-6
9 789937 294416